दिदीबहिनी कपमा सरस्वती सर्वोत्कृष्ट । १५

'चार सय चालिसको बिजुली' दर्शकमाझ । ९



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित



वर्ष २८ अंक ५ काठमाडौं | ११ फागुन २०७६ आइतबार फाल्गुण कृष्णपक्ष औंसी | नेपाल संवत् ११४० | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Sunday, February 23, 2020 | पृष्ठ १२+४+८ | १० रुपैयाँ



प्रधानमन्त्री केपी शर्मा ओलीको जन्मघर तेह्थुमको आठराई गाउँपालिका-४ इवाको तीनसल्लेमा शनिबार सुरक्षा दिन पुगेका सशस्त्र प्रहरी । १२ वर्षको उमेरमा छाडेको यही घरमा ओलीले आइतबार आफ्नो ६९ औं जन्मदिन मनाउने कार्यक्रम छ । समाचार पृष्ठ २

तस्बिर : चन्द्र कार्की/कान्तिपुर

भित्र

समाचार । २
विदेशीलाई भिसा र श्रम स्वीकृति निःशुल्क

समाचार । ३
अन्तःशुल्क स्टिकरको स्टक सर्किँदै

अर्थ वाणिज्य । ११



सरकारले लिएपछि बूढीगण्डकीमा अवैध उत्खनन

कोरियामा कोरोना त्रास

थेगु सहरमा मात्रै २ सय २९ संक्रमित, जहाँ करिब ७ हजार नेपाली छन्

गोकुल थोकर (सोल)

दक्षिण कोरियाको राजधानी सोलदेखि ३ सय किलोमिटर दक्षिणको ख्याङसान क्षेत्रमा पर्छ थेगु सहर । यही सहरमा काम गर्ने आङपासाङ शेर्पा केही दिनयता निकै बेचैन छन्, कारण सहरमा फैलिइरहेको कोरोना भाइरसको संक्रमण ।

कोरियाको चौथो ठूलो सहर थेगुमा विभिन्न कम्पनीहरू छन् । कामका लागि कोरिया पुगेका विभिन्न देशका कामदारको यहाँ उल्लेख्य उपस्थिति छ । तर थेगुमा केही दिनयता ह्वात्तै फैलिएको कोरोना संक्रमणका कारण ती कामदार त्रासमा बसिरहेका छन् ।


थेगुमा शनिबार मात्रै २ सय २९ जनामा भाइरसको संक्रमण पुष्टि भएको छ । योसँगै कोरियामा कोरोना संक्रमितको संख्या ४ सय ३३ पुगेको छ । थेगु नजिकैको छाङदोको छाङदो थेनाम अस्पतालमा दुई जनाको मृत्यु भएको छ भने ९ जना अस्पतालका कर्मचारी र १ सय २ जना भाइरसबाट संक्रमित भएका छन् । थेगु र छाङदोमा मात्रै ३ सय ५३ संक्रमित छन् ।

भाइरसको संक्रमण फैलिएपछि थेगु आसपासका कम्पनीले कामदारलाई बाहिर निस्कन प्रतिबन्ध लगाएका छन् । थेगुमा झन्डै २५ लाख मानिस बसोबास गर्छन् । थेगु र आसपासका क्षेत्रमा ७ हजार नेपाली ईपीएसमार्फत काम गरिरहेका छन् । भाइरसको संक्रमण बढ्दै जाँदा सहरमा दैनिक उपभोग्य सामानको अभाव हुन थालेको थेगुमै काम गरिरहेकी पार्वती वाइबाले बताइन् । 'हामी आज धेरै दिनपछि तरकारी किन्न निस्किएका थियौं । भनेजस्तो सामान नै नपाउने । पाउरोटीहरू पनि छैनन् । जे भेट्टायो त्यही लिएर आयौं । पहिलाजस्तो बजारमा सामान नै छैन,' उनले गुनासो गरिन् । **बाँकी पृष्ठ १४**

बाँस्कोटामाथि छानबिनबारे मतभेद



'उहाँले राजीनामा दिएर बाटो खुला गर्नुभएको छ, संसद्, सीआईबी र अख्तियारले छानबिन गरून्'



'प्रश्न उठिसकेपछि पार्टीभित्र पनि एक किसिमको विषय बन्नुपर्छ, यसलाई छलफलको विषय बनाऔं'

बिनु सुवेदी (काठमाडौं)

सेक्युरिटी प्रेस खरिदसम्बन्धी कमिसन विवादमा मुछिएपछि राजीनामा दिएका सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बाँस्कोटामाथि पार्टीले पनि छानबीन गर्ने कि नगर्ने भन्नेबारे नेकपाका दुई अध्यक्षबीच मतभेद भएको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा शनिबार बसेको नेकपा सचिवालय बैठकमा बाँस्कोटाले ७० करोडको डिल गरेको अडियो प्रकरणबारे राज्यले मात्रै छानबिन गर्ने कि पार्टीले पनि गर्ने भन्नेबारे दुई अध्यक्षबीच मत बाझिएको हो ।

'शनिबारको बैठकमा दुई एजेन्डा थिए,' नेकपा सचिवालय स्रोतले भन्यो, 'पहिलो एमसीसी अध्ययनसम्बन्धी कार्यदलका संयोजक झलनाथ खनालले कार्यदलको प्रतिवेदन प्रस्तुत गर्ने र दोस्रो गोकुल बाँस्कोटा प्रकरणबारे छलफल गर्ने । दोस्रो विषयमा नेताहरूबीच चर्काचर्की नै भयो ।'

कमिसन डिल गरेको अडियो सार्वजनिक भएपछि बाँस्कोटाले राजीनामा दिएको प्रधानमन्त्रीले बैठकलाई जानकारी गराएका थिए । लगत्तै अर्का अध्यक्ष दाहालले बाँस्कोटाबारे धेरै प्रश्न आएकाले यसलाई पार्टीमा छलफलको विषय बनाएर छानबिन गर्नुपर्ने बताएका थिए । 'प्रश्न उठिसकेपछि पार्टीभित्र पनि एक किसिमको विषय बन्नुपर्छ, यसलाई छलफलको विषय बनाऔं,' दाहाललाई उद्धृत गर्दै स्रोतले भन्यो । दाहालको भनाइमा वरिष्ठ नेताहरू झलनाथ खनाल र माधवकुमार नेपाल, उपाध्यक्ष वामदेव गौतम तथा सचिवालय सदस्य रामबहादुर थापा सहमत देखिए । तर प्रधानमन्त्री ओलीले बाँस्कोटाको विषय सरकारको कुरा भएको र अहिले विभिन्न निकायले छानबिन गरिरहेको भन्दै त्यसलाई बैठकमा तन्काउन नहुने बताएका थिए ।

'अध्ययन र छानबिनका लागि उहाँले राजीनामा दिएर बाटो खुला गर्नुभएको छ, संसद्, सीआईबी, अख्तियारजस्ता निकायले छानबिन गरून् भन्नुभएको छ,' ओलीलाई उद्धृत गर्दै स्रोतले भन्यो, 'त्यो विषयमा अरू कुरा गरेर के अर्थ हुन्छ र ?' ओलीको भनाइमा सचिवालय सदस्य ईश्वर पोखरेलले सहमति जनाए भने महासचिव विष्णु पौडेल मौन बसे । **बाँकी पृष्ठ १४**

एमसीसी संशोधन पक्षमा अधिकांश

अध्यक्षद्वयले एजेन्डा प्रस्तुत गरेपछि एमसीसी अध्ययन कार्यदलका संयोजक खनालले ३३ पृष्ठ लामो अध्ययन प्रतिवेदनको सार प्रस्तुत गरेका थिए । 'मैले बैठकमा अध्ययन प्रतिवेदनको ब्रिफिङ गरेको छु, एमसीसी सम्झौता जस्ताको त्यस्तै अनुमोदन गर्नु हुन्न भन्ने हाम्रो निष्कर्ष हो,' खनालले कान्तिपुरसँग भने, 'दुई अध्यक्षसहित सचिवालय सदस्यहरूले अध्ययनका लागि एक-दुई दिन समय माग्नुभएको छ, कसरी जाने भन्ने निर्णय अर्को सचिवालय बैठकले गर्ला ।' अधिकांश सचिवालय सदस्यको मत एमसीसी सम्झौताका केही बुँदा संशोधन गरेर अनुमोदन गर्नुपर्छ भन्ने छ । 'प्रतिवेदनको सुझाव के-कति मान्ने या मान्दै नमान्ने भन्नेबारे निर्णय भएको छैन, आज प्रतिवेदनको कपी सबै सदस्यलाई दिइएको छ, उहाँहरूले अध्ययन गरेपछि निर्णय हुन्छ,' खनालले भने । प्रतिवेदनको एकसरो अध्ययन गरिसकेका दाहालले एमसीसी सम्झौतालाई परिमार्जनसहित अनुमोदन गरिने बताइसकेका छन् भने ओलीले पछिल्लो समय यसबारे कुनै धारणा व्यक्त गरेका छैनन् । दाहालले शनिबार नवलपुर पुगेर प्रधानमन्त्री पनि सम्झौता परिमार्जनसहित अनुमोदन गर्न तयार रहेको बताएका छन् ।

गौतमको प्रश्न

'राष्ट्रिय सभा सदस्य बनाउने कुरा कहाँ पुग्यो ?'




पृष्ठ १४

'मृत्युदण्डबाट उम्कें' अब के गर्ने ?

जनकराज सापकोटा (काठमाडौं)

उनी करिब डेढ दशकपछि घर फर्केका हुन् । एक महिना पुग्न लाग्यो तर उमेश यादवले अझै खलबलिएको जिन्दगीको लय मिलाउन सकेका छैनन् । २००६ को जुनमा वैदेशिक रोजगारीका लागि साउदी पुगेका उनले एक पाकिस्तानी नागरिकको हत्यामा मृत्युदण्डको सजाय पाएका थिए । १३ वर्षभन्दा बढी समय जेल बसे । मृतक परिवारले माफीनामा दिएपछि उनले कैद माफी पाए । गत माघ



उमेश यादव

८ मा स्वदेश फर्के । काठमाडौं ओर्लेको पाँच दिनपछि जनकपुर पुगेका उनले त्यसयता प्रत्येक दिन अनौठोसँग बिताइरहेका छन् ।

उमेशलाई परिवारसँगको साथ छुट्टेका दिन भेटिएजस्तो भइरहेको छ । नहोस् पनि किन, २४ वर्षको उमेरमा साउदी हान्निँदा ठूलो छोरा कमलेश तीन वर्ष र कान्छो जितेष १७ दिनका मात्रै थिए । १३ माघमा उनलाई लिन जनकपुरस्थित विमानस्थलमा पत्नी, छोराहरू र आफन्त माला लिएर आएका थिए । बुबाको उपस्थितिविना १५ वर्ष बिताएका जेठा छोरा कमलेशले कान्तिपुरसँगको कुराकानीमा धेरैपछि बुबालाई देख्दा आफ्नो आँखा आँसुले भरिएको सुनाए । उनले भने, 'मलाई त सानैमा बुबालाई देखेको धमिलो सम्झना थियो तर भाइले त बुझ्ने भएर पहिलोपटक बुबा देखेको थियो ।'

धनुषाको माचीभिटकैयास्थित घरमा कुरिरहेका वृद्ध बाआमासँग केही समय बिताएर अहिले उमेश धनुषाकै महेन्द्रनगरस्थित सालोको घरमा ओत लागिरहेका छन् । उनले फेरिएको गाउँ, फेरिएको समय र हुर्किएका छोराहरूको कुरा सुनाए अनि भने, 'सबै कुरा नयाँ-नयाँ लागिरहेछ ।' नलागोस् पनि किन कामदारका रूपमा साउदी पुगेको एकाध महिनामै उनी हत्याको आरोपमा जेल परेका थिए । जेलका कोठामा करिब १४ वर्ष एक्लै-एक्लै उदासीमा बिताएका थिए ।

१८ वर्षको उमेरमा ८ कक्षा पढ्दापढ्दै भागेर भारतको गुजरातमा काम गर्न गएका उमेशको जीवनमा प्रवासी कामदारको अनुभवको हिस्सा धेरै छ । त्यसपछिका सात वर्ष उनले गुजरातमै पसिना बगाए । घर फर्केपछि बिहे गरे । दुई छोराको बुबा बने, अनि तिनैको भविष्य सम्झेर साउदी हान्निए ।

त्यतिबेला साउदी जान उनले स्थानीय साहुबाट ऋण काढेर काठमाडौंस्थित एक मेनपावरलाई एक लाख ४० हजार रुपैयाँ बुझाएका थिए । मासिक ५ सय रियाल तलबमा उनले गर्नुपर्ने काम थियो, निर्माण क्षेत्रमा दैनिक आठ घण्टा बेल्चा चलाउनु, सामान ओसार्नु तर काम सुरु गरेको १२ औं दिनमा अप्रत्याशित घटना भइदियो । **बाँकी पृष्ठ १४**





छोटकरी

चिनियाँ कामदार नफर्कंदा राजमार्ग विस्तार रोकियो

पूर्वी नवलपरासी (कास)- नयाँ वर्ष मनाउन घर गएका चिनियाँ कामदार नफर्कंदा पूर्वपश्चिम राजमार्गअन्तर्गत बुटवल-नारायणगढ सडक खण्डको विस्तार रोकिएको छ । चीनमा कोरोना भाइरस संक्रमण फैलिएकाले आउजाउमा कडाइ गरिँदा कामदार नफर्किएका हुन् ।

चिनियाँ ठेकेदार कम्पनी चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसनले जिम्मा पाएको ११४ किलोमिटर सडक विस्तारमा ४० चिनियाँ कार्यरत छन् । तीमध्ये नयाँ वर्ष मनाउन चीन गएका १५ उच्च अधिकारी फर्किएका छैनन् । चिनियाँ ठेकेदार कम्पनीका इन्चार्ज लिन हुंग ताओसहित व्यवस्थापन हेर्ने र निर्णायक तहका सबै अधिकारी उतै छन् । नेपाल आए पनि १४ दिन क्वारेन्टाइनमा बिताउनुपर्ने भएकाले केही ढिलो हुने भन्दै लिनले पत्र पठाएका छन् ।

राजमार्गको दाउन्ने-गैंडाकोट सडक खण्डका प्रमुख सुजन अधिकारीले कम्पनीका अधिकारीहरू फिल्डमा नहुँदा काम रोकिएको बताए । राजमार्ग किनारका रूख काट्नेबाहेक फिलिङ, कल्भर्ट निर्माण र ठूला पुल निर्माणको काम रोकिएको छ । 'मुख्य व्यक्ति र प्राविधिक नआएसम्म नेपाली पक्षले मात्र सकिँदैन,' अधिकारीले भने ।

११४ किलोमिटर राजमार्ग फराकिलो बनाउन १७ अर्बमा ठेक्का लगाइएको छ । बजार क्षेत्रमा ६ लेन र जंगलमा ३ देखि ४ लेनमा राजमार्ग विस्तार भइरहेको छ । साढे दुई महिनाअघि सुरु भएको सडक विस्तार सक्ने समय ३९ महिना बाँकी छ ।

'चिकित्सा पर्यटन विकास गर्न सहकार्य आवश्यक'

काठमाडौं (कास)- नेपालमा चिकित्सा पर्यटनको सम्भावना रहेको विज्ञहरूले बताएका छन् । उनीहरूले चिकित्सा पर्यटन विकासका लागि स्वास्थ्य क्षेत्रको स्तरोन्नति, प्राविधिक सहकार्य, प्रशिक्षण तथा फेलोसिप कार्यक्रमको आवश्यकता पनि औंल्याएका छन् ।

जोर्नी प्रतिस्थापन शल्यक्रियाका विषयमा भारत अहमदावादको शाल्बी अस्पतालको अनुभव सुनाउन काठमाडौंमा शनिबार आयोजित कार्यक्रममा नेपाल मेडिकल टुरिज्म अर्गनाइजेसनका अध्यक्ष तथा एक्स्प्लोर हेल्थकेयर प्रालिका प्रबन्धक निर्देशक कृष्ण पाण्डेले चिकित्सा पर्यटनको विकासका लागि अन्तर्राष्ट्रिय अस्पतालहरूसँग सहकार्य र लगानीको खाँचो रहेको बताए ।

शाल्बीका वरिष्ठ शल्य चिकित्सक डा. कल्पेश शाहले नेपालका अस्पतालसँग सहकार्य, समन्वय गरी अति विशिष्ट सेवा विस्तार गर्न आफूहरू उत्सुक रहेको जानकारी गराए ।

शाल्बीका निर्देशक डा. भरत गज्जरले पनि नेपालका चिकित्सक, स्वास्थ्यकर्मीलाई निःशुल्क तालिम, अस्पतालको क्षमता वृद्धिका लागि प्राविधिक लगानीका लागि आफूहरू इच्छुक रहेको बताए ।

विदेशी विज्ञलगायतलाई भिसा र श्रम स्वीकृति निःशुल्क

गृह र श्रम मन्त्रालयको असहमतिका बीच अर्थमन्त्रीको प्रस्तावमा मन्त्रिपरिषद्को निर्णय

मातृका दाहाल
होम कार्की (काठमाडौं)

सरकारले विकास सहायता, पूर्वाधार/आयोजना तथा प्राविधिक मिसनमा आउने विदेशीलाई निःशुल्क प्रवेशाज्ञा, श्रम स्वीकृति र कार्य सहमति दिने 'विवादास्पद निर्णय' गरेको छ । गृह र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको असहमतिका बीच अर्थमन्त्री युवराज खतिवडाले विदेशी विज्ञ, परामर्शदाता, कर्मचारी, स्वयंसेवक तथा कामदारलाई शुल्क नलिने प्रस्ताव मन्त्रिपरिषद् बैठकबाट पारित गराएका हुन् ।

मन्त्रिपरिषद् बैठकले माघ २० गते पारित गरेको निर्णयमा विकास सहायता र प्राविधिक मिसनमा आउने विदेशीका पति/पत्नी वा १८ वर्षमुनिका छोराछोरीलाई पनि निःशुल्क भिसा र श्रम स्वीकृति दिने उल्लेख छ । अर्थ मन्त्रालयले मन्त्रिपरिषद्को निर्णयअनुसार भिसा र श्रम स्वीकृति निःशुल्क गर्न र त्यस्ता विदेशीबाट आउने निवेदनअनुसार नै निर्णय गर्न माघ २९ गते गृह, संघीय मामिला तथा सामान्य प्रशासन, परराष्ट्र र श्रम मन्त्रालयलाई पत्र पठाएको छ । मन्त्रिपरिषद्को नयाँ निर्णयले राजस्व पनि गुम्ने भएको छ भने अर्कातिर प्रक्रियासमेत सरल बनाइएकाले कुनै नियोग वा मिसनको सिफारिसका आधारमा विदेशीले भिसा सजिलै पाउने जोखिम बढेको छ ।

गृह मन्त्रालयका प्रवक्ता केदारनाथ शर्माले भिसा र श्रम स्वीकृति निःशुल्क गर्ने भनी मन्त्रिपरिषद्बाट भएको निर्णय कार्यान्वयनका लागि पत्र आइसकेको बताए । 'मन्त्रिपरिषद्ले यस विषयमा निर्णय गर्नुअघि हामीले आफ्नो कार्यक्षेत्रमा पर्ने विषयमा राष्ट्रिय हित र संवेदनशीलतालाई ध्यानमा राखेर सुझाव र राय दिएका थियौं,' प्रवक्ता शर्माले कान्तिपुरसँग भने, 'यो विषयमा मन्त्रिपरिषद्ले नै निर्णय गरिसकेकाले यसमा हाम्रो कुनै टिप्पणी र धारणा छैन ।' उनले पहिले सुरुको सम्झौताका निर्णय गर्न राय दिएको पनि जानकारी दिए ।

मन्त्रिपरिषद्बाट निर्णय हुनुअघि अर्थले चारवटै मन्त्रालय, अध्यागमन विभाग र श्रम विभागका सहसचिवहरूसँग छलफल गरेको थियो । छलफलका क्रममा गृह र श्रम मन्त्रालयले अर्थको प्रस्तावमा असन्तुष्टि जनाएका थिए । अर्थ मन्त्रालयका प्रवक्ता

सहायता र मिसनसँग भएका सम्झौताअनुसार मात्रै स्वीकृति दिनुपर्छ

– केदारनाथ शर्मा
प्रवक्ता, गृह मन्त्रालय





अर्थ मन्त्रालयमार्फत भएका सम्झौता र त्यसमा प्रत्यक्ष संलग्नलाई मात्र छुट

– उत्तरकुमार खत्री
प्रवक्ता, अर्थ मन्त्रालय

उत्तरकुमार खत्रीले पटके निर्णयबाट जथाभावी रूपमा दिइँदै आएका भिसा सुविधा रोक्न नयाँ व्यवस्था ल्याउनु परेको दाबी गरे । विकास सहायता, नियोग वा प्राविधिक मिसनअन्तर्गत द्विपक्षीय तथा बहुपक्षीय विकास सहायता र प्राविधिक मिसनसँग प्रत्यक्ष रूपमा संलग्नलाई मात्रै यो सुविधा दिन लागिएको दाबी खत्रीको छ । कूटनीतिक नियोग, विकास सहायता वा मिसनअन्तर्गत आएका व्यक्तिलाई हिजो पटके निर्णय गरेर यो सुविधा दिइन्थ्यो,' उनले कान्तिपुरसँग भने, 'त्यसलाई रोक्न र छुट्टै कार्यविधि बनाएर व्यवस्थित गर्न नयाँ प्रावधान ल्याउनु परेको हो, यसले मुलुकलाई फाइदा नै गर्छ ।' अर्थका प्रवक्ता खत्रीले तोकिएका विदेशीले मात्रै निःशुल्क श्रम स्वीकृति र भिसा पाउने दाबी गरे ।

अध्यागमन विभागका महानिर्देशक ईश्वरराज पौडेलले मन्त्रिपरिषद्बाट भएको निर्णयलाई गलत अर्थ लगाएर विदेशीले निःशुल्क भिसा र श्रम स्वीकृति लिन सक्नेप्रति आफूहरू सचेत र सजग रहेको बताए । 'अर्थ मन्त्रालयले सम्झौता गरेका विदेशी विकास सहायता तथा मिसनसँग सम्बन्धित फ्रेमवर्क एग्रिमेन्ट बाहेकलाई यस्तो सुविधा दिँदैनौं,' उनले भने, 'मन्त्रिपरिषद्को पछिल्लो निर्णयलाई देखाएर शुक्रबार मात्रै एक जना विदेशी निःशुल्क भिसाको आवेदन लिएर आएका थिए, हामीले फर्काइदियौं ।' नेपालको भिसा प्राप्ति र श्रम स्वीकृतिको प्रक्रिया झन्झटिलो भएको भन्दै विदेशीहरूले सहज र सरल बनाइदिन यसअघि आग्रह गर्दै आएको पनि उनले बताए ।

यसअघि दातृ निकायसँग विभिन्न समयमा भएका वित्तीय सम्झौतामा निःशुल्क प्रवेशाज्ञाको प्रावधान छैन । तर त्यस्ता सम्झौताअनुसार आएका विदेशीलाई कर, महसुल तथा शुल्क छुट गरिँदै आएको थियो । 'ग्राटिस भिसा' का नाममा उनीहरूलाई अर्थ मन्त्रालयको सिफारिसमा औचित्य र आवश्यकता हेरी गृह मन्त्रालयले त्यस्तो छुट दिने गरेको थियो । कूटनीतिक नियोगका पदाधिकारी र कर्मचारीले पाउँदै आएको सुविधा अन्य विदेशीले पनि लिन सक्नेछन् ।

साउनयता मात्रै गृह मन्त्रालयले पर्यटक भिसामा आएर गैरकानुनी रूपमा काम गरिरहेका अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, दातृ निकाय, परामर्शदाता तथा विकास/सहायतासम्बन्धी परियोजनासँग आवद्ध १ सय ९२ जनालाई जनही ५० हजार रुपैयाँका दरले जरिवाना गरेको थियो ।

श्रम नियमावली २०७५ को दफा १० अनुसार ६ महिनासम्मका लागि श्रम स्वीकृति र कार्यसहमति लिन प्रत्येक विदेशी नागरिकले १५ हजार रुपैयाँ र ६ महिनामाथिको स्वीकृति लिन २० हजार रुपैयाँ शुल्क बुझाउनुपर्छ । यसैगरी अध्यागमन नियमावली २०५१ मा विदेशी नागरिकले 'वर्किङ भिसा' लिन प्रतिमहिना ७५ डलर, मल्टिपल भिसा लिन थप ६० डलर र अध्यागमन प्वाइन्टबाट 'सिंगल इन्ट्री' मा थप २० डलर शुल्क बुझाउनुपर्ने व्यवस्था छ । मन्त्रिपरिषद्को यो निर्णयले श्रम र अध्यागमन कानुनअनुसार प्राप्त हुने राजस्व गुम्नेछ ।

सरकारले कूटनीतिक नियोगका पदाधिकारी तथा कर्मचारीसहित रातो र नीलो राहदानी वाहक विदेशीलाई मात्रै 'ग्राटिस भिसा' का नाममा यस्तो सुविधा दिँदै आएको थियो । तर अमेरिकाको अन्तर्राष्ट्रिय विकास नियोग (यूएसआईडी), जापानको अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका), अर्थ मन्त्रालयले हरेक वर्ष सम्झौता गर्ने विकास सहायतासम्बन्धी परियोजना, नेपालमा कार्यरत विदेशी निर्माण कम्पनीका सञ्चालक, ठेकेदार तथा कामदारले पनि गैरकानुनी रूपमा ग्राटिस भिसा लिँदै आएका छन् ।


पछिल्लो निर्णयअनुसार विदेशी विज्ञ एवं परामर्शदाताले सम्बन्धित दातृ निकायको सिफारिस भई आए ग्राटिस भिसा लिन छुट्टै अन्तर्वार्ता पनि दिइरहनुपर्ने छैन । विदेशीले विद्युतीय माध्यमबाट समेत कार्यस्वीकृतिको स्वघोषणा गरे पुग्छ । मन्त्रिपरिषद् निर्णयअघि श्रम स्वीकृति र भिसा लिन सम्बन्धित व्यक्ति स्वयं उपस्थित हुनुपर्थ्यो ।

श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले विदेशी नागरिकको श्रम इजाजत व्यवस्थापनसम्बन्धी निर्देशिका-२०७५ अनुसार विदेशी नागरिकलाई गृह मन्त्रालयको सिफारिसमा श्रम इजाजत दिँदै आएको छ । अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको हकमा समाज कल्याण परिषद्सँग भएको साधारण सम्झौतामा उल्लिखित देशीय प्रतिनिधि तथा आयोजना सम्झौतामा उल्लिखित विदेशी नागरिकले पनि श्रम स्वीकृति लिनुपर्ने निर्देशिकामा उल्लेख छ । 'श्रम ऐन र नियमावलीले पनि श्रम इजाजतको दस्तुर निःशुल्क दिनुपर्ने विषय कतै उल्लेख गरेको देखिन्न,' विभागका एक अधिकारीले भने, 'यस विषयमा श्रम मन्त्रालयसँग थप छलफल गर्नुपर्छ ।'

श्रम मन्त्रालयका अधिकारीले पनि ऐनभन्दा माथि गएर निर्णय गर्दा अन्योल बढेको बताए । विकास सहायता तथा प्राविधिक मिसनका क्रममा छोटो समयका लागि आउने विदेशीलाई श्रम र भिसामा केही खुकुलो प्रावधान बनाउन सकिने भए पनि निःशुल्क व्यवस्था नै ल्याउनु गलत भएको ती अधिकारीको भनाइ छ । 'श्रम ऐनको भावना प्रतिकूल हुनेगरी निर्णय गरिनु हुँदैन,' उनले भने, 'मन्त्रिपरिषद्को पछिल्लो निर्णयले गृह, श्रम र अर्थ मन्त्रालयबीच समन्वय नै भएको देखिएन ।'

श्रमका ती अधिकारीले विकास सहायता र प्राविधिक मिसनमा आउने विदेशीका आश्रित पति/पत्नी वा १८ वर्षमुनिका छोराछोरीलाई पनि निःशुल्क भिसा र श्रम स्वीकृति दिने निर्णय गैरकानुनी र मुलुकको हितविपरीत रहेको बताए । 'ग्राटिस भिसा पाएका विदेशीका छोराछोरीलाई समेत निःशुल्क भिसा दिने उल्लेख छ, यो गलत हो । अहिलेसम्म यस्तो छुट दिने अभ्यास थिएन । यो निर्णय श्रम ऐनविपरीत छ,' उनले भने, 'श्रम स्वीकृतिको शुल्कलाई अनिवार्य नै गर्नुपर्छ, विदेशीलाई निःशुल्क दिने श्रम स्वीकृतिको उद्देश्य वा नियत के हो, स्पष्ट पारिनुपर्छ ।'

पुस्तकको कर हटाऊ : त्रिवि



काठमाडौं (कास)- त्रिभुवन विश्वविद्यालयले पुस्तक आयातमा लगाइएको कर हटाउन प्रधानमन्त्री तथा कुलपति केपी शर्मा ओलीलाई आग्रह गरेको छ । त्रिवि उपकुलपति धर्मकान्त बाँस्कोटाले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई पत्राचार गरेर पुस्तकमा कर लगाउने निर्णय पुनरावलोकन गर्न आग्रह गरेका हुन् ।

सरकारले आर्थिक वर्ष २०७६/७७ को बजेटबाट विदेशमा मुद्रण भई आयात हुने पुस्तकमा १० प्रतिशत भन्सार महसुल लगाउन थालेको हो । भन्सार महसुलका कारण विदेशी पाठ्यपुस्तक नपाइने र महँगो हुने गरेको विद्यार्थीले गुनासो गर्दै आएका छन् । विश्वविद्यालयका अधिकांश पाठ्यपुस्तक विदेशबाट आयात हुन्छन् । १० प्रतिशत कर लगाउने सरकारी निर्णयका कारण चालु आर्थिक वर्षको ६ महिनामा पुस्तक आयात ३४ प्रतिशतले घटेको राष्ट्र बैंकको तथ्यांक छ । 'विश्वविद्यालयको पाठ्यक्रमसँग सम्बन्धित केही पुस्तक मात्र नेपालमा पाइन्छन्, विद्यार्थी र शिक्षक विदेशमा प्रकाशित पुस्तकमा भर पर्नुपर्ने बाध्यता छ,' उपकुलपति कार्यालयले पठाएको पत्रमा भनिएको छ, 'थप कर लागेपछि पुस्तक महँगो हुने र त्यसले विद्यार्थी तथा शिक्षकको पठनपाठनमा असर पर्ने गरेको छ ।'

कर लगाइएपछि विद्यालय तहदेखि उच्च शिक्षाको पाठ्यपुस्तक बजार खुम्चिएको छ । मेडिकल, इन्जिनियरिङलगायत उच्च शिक्षाका प्राविधिक धारका अधिकांश पुस्तक विदेशबाटै आयात हुने गर्छन् । त्रिवि पाठ्यक्रम विकास केन्द्रका प्रमुख पारसनाथ यादवले स्नातकोत्तर तहका पुस्तकका लागि विदेशी प्रकाशनमै भर पर्नुपर्ने अवस्था रहेको जनाए । मुलुकमा सञ्चालित अन्य विश्वविद्यालयका विद्यार्थीले समेत करका कारण पुस्तक महँगो हुने गरेको गुनासो गरेका छन् । व्यवसायीले पुस्तकमा लगाइएको कर हटाउन सरकारलाई आग्रह गर्दै आएका छन् ।



ओलीलाई पर्खदै दौंतरी

चन्द्र कार्की (आठराई, तेह्रथुम)



प्रधानमन्त्री केपी शर्मा ओली आफ्नो जन्मघर तेह्रथुमको आठराई-४ इवाको तीनसल्लेमा आउने भएपछि स्वागतको तयारीमा खटिएका बालसखा र स्थानीय । *तस्बिर : कान्तिपुर*

आफ्नो जन्मदिनको अवसर पारेर जन्मथलो आठराई गाउँपालिका-४ इवा आउन लागेका प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेट्न दौंतरी पर्खिरहेका छन् । ओलीले यहाँ मदन भण्डारी मार्गको शिलान्यास गर्ने कार्यक्रमको तयारी पूरा भएको छ । आठराईको सुकेपोखरीबाट ओलीको जन्मथलो इवा हुँदै जननेता भण्डारीको जन्मस्थान ढुंगेसाँघुबाट ताप्लेजुङको दोभान जोड्ने करिब एक सय किलोमिटर सडकको शिलान्यास गर्दै जन्मदिन पनि मनाउन ओली जन्मघर आउन लागेको नेकपा आठराईका इन्चार्ज भीम घिमिरेले बताए ।

नेकपाका जिल्ला अध्यक्ष तथा प्रदेश सांसद लक्ष्मण तिवारीका अनुसार उक्त सडकको सुकेपोखरी-प्रमाणी मावि खण्ड कालोपत्र यही वर्ष सुरु हुने र बाँकी खण्डको निर्माण अगाडि बढाउने तयारी छ । ओलीको जन्मघर इवामा विशेष कार्यक्रम आयोजना गरिएको छ । घिमिरेका अनुसार आठराई क्षेत्रका ७० वर्षभन्दा माथिका चार सय जना ज्येष्ठ नागरिकलाई सम्मान गर्नुका साथै गाउँपालिकाका विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गर्ने कार्यक्रम पनि छ । 'आइतबारका लागि गाउँपालिकामा स्थानीय बिदा दिएका छौं,' गाउँपालिका अध्यक्ष मानबहादुर लिम्बूले भने । आठराईका विभिन्न ठाउँमा स्वागतद्वार बनाइएको छ । जन्मघर इवाबाट प्रधानमन्त्री ओलीले विशेष सम्बोधन गर्ने कार्यक्रम पनि छ ।

'केपी शर्मा ओली ट्रस्ट नेपाल तेह्रथुम' ले प्रधानमन्त्रीको जन्मथलो आसपासमा झन्डै ४०० रोपनी जमिन खरिद गरेको छ । प्रधानमन्त्रीको इच्छाअनुसार उक्त जमिनमा कृषि विद्यालयसहितको अनुसन्धान केन्द्र निर्माणको घोषणा गर्ने गाउँलेको अपेक्षा रहेको स्थानीय प्रेम फोम्बोले बताए ।

आफू जन्मिएको घरमा प्रधानमन्त्री ओली तेस्रोपटक आउन लागेका हुन् । आठराईका बासिन्दा स्वागतको तयारीमा छन् । उनी आएका बेला कृषि विश्वविद्यालय, कृषि अनुसन्धान केन्द्र, सुविधासम्पन्न अस्पताललगायत स्थापनाका लागि माग गरिने स्थानीय तुलसी संग्रौलाले बताए । नेकपा जिल्ला कमिटीले जिल्लाको विकास निर्माणको अवस्था र आयोजनाको विवरण समेटेर ज्ञापनपत्र बुझाउने तयारी गरेको छ । यो गाउँमा जन्मेर ओली १२ वर्षको हुँदासम्म बसेका थिए ।

आठराई क्षेत्रका चोक-चोकमा र पाँचथरबाट तेह्रथुम प्रवेश गर्ने सीमा तमोर नदीको माझीटारदेखि नै स्वागतद्वार निर्माण गरिएका छन् । आठराईवासीले शनिबार र आइतबार घरघरमा दीपावली गर्ने कार्यक्रम तय गरेको जनप्रतिनिधिले बताएका छन् । ओलीको भ्रमण तय भएपछि जन्मघर र आसपासका क्षेत्रमा सेना, सशस्त्र, नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धान विभागका सुरक्षाकर्मी पुगेका छन् ।

प्रधानमन्त्रीको जन्मघर नजिकै हेलिप्याड बनाइएको छ । गाडीका लागि पार्किङस्थल छुट्याइएको छ । क्यान्टिङ र शौचालय निर्माणको काम पनि धमाधम निर्माण भइरहेको छ । ओलीको जन्मघरसम्म पुग्ने कच्ची सडकको स्तरोन्नति गरिएको छ ।

गाउँलेले सिँचाइ माग्ने

आनन्द गौतम (कुम्यायक, पाँचथर)

कुम्यायक गाउँपालिका-१ का ७८ वर्षीय हुकुमबहादुर कार्की आइतबार गाउँपालिकाको केन्द्र याशोक बजार आउँदै छन् । प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेट्न उनी यहाँ आउन लागेका हुन् । छिमेकी जिल्ला तेह्रथुमको आठराईमा जन्मिएका ओली कार्कीका दौंतरी वा पहिला भेटेका व्यक्ति पनि होइनन् । उनले भेट्न नपाए पनि कोही सुनाइदिने भए उनको एउटा प्रस्ताव छ- 'खानेपानी आयो, अब सिंचाइ पनि दिनुपऱ्यो ।'

कार्कीको जस्तै प्रस्ताव उनका ८० वर्षीय काका भुवनसिंहको पनि छ । उनले भैंसी, गाइगोरु र बाख्रा पालेका छन् । बिहानभरि घाँस काट्ने उनी चौपायालाई पानी खुवाउन दिन बिराएर तमोर नदीसम्म पुऱ्याउँछन् । पुऱ्याएर फर्काउँदा दुई घण्टा बढी समय लाग्छ । नलगे चौपायालाई पानी खुवाउने समस्या छ । मौका पाए उनले पनि सुक्खाका कारण आफूले भोगेका समस्या प्रधानमन्त्रीलाई सुनाउने चाहना राखेका छन् ।

यी वृद्धको चाहना हरियाली गाउँ हेर्ने हो । 'पहिले पहिले यहाँ पानी छताछुल्ल थियो, भूकम्पपछि मरुभूमि जस्तो भयो,' हुकुमबहादुरले भने, 'सरकारलाई त हारगुहार मागनुपऱ्यो नि ।' पानी भए सुक्खाग्रस्त भनिएको कुम्यायकका पाखामा तीन बाली लाग्छ । हिउँदे र बर्खे धान, गहुँ, तोरी, फापर, मकै फल्छ । सिँचाइ नभएकाले अहिले वर्षमा एक बाली पनि लगाउन मुस्किल छ ।

पानीको समस्या रहेको यहाँ खानेपानीका लागि भने सरकारले लिफ्टिङ खानेपानी योजना ल्याएको छ । जन्मघर टेक्ने मेसोमा ओलीले उक्त आयो जनाको उद्घाटन पनि गर्दैछन् । ओलीसँगै खानेपानीमन्त्री बिना मगर, यही जिल्लाबाट निर्वाचित भौतिक पूर्वाधार तथा यातायातमन्त्री वसन्तकुमार नेम्बाङ, प्रदेश १ का अर्थमन्त्री इन्द्र आङ्बो र प्रदेशका मुख्यमन्त्री शेरधन राई पनि आउने कार्यक्रम छ । खानेपानीको समस्या निदानका लागि यहाँ लिफ्टिङ प्रविधिमार्फत तमोर नदीको पानी गाउँमा ल्याएर वितरण भइरहेको छ । सातवटा स्टेसन भएको यो पम्पिङ आयोजनाले तमोरको पानी लुमुघाटदेखि १७ किलोमिटरमाथिको कुम्मायक मन्दिर छेउसम्म ल्याएको छ । यसको लागत ५१ करोड ३० लाख छ । 'तल खोलाको पानी माथि लगेर बाँड्दा हुँदैन होला जस्तो लागेको थियो,' हुकुमबहादुरले भने, 'खानेपानी त धारामा झर्न थालेको छ । अब यसरी नै सिँचाइका लागि पानी झारिदिए भने हामीलाई राहत हुने थियो ।'

आफूहरूका लागि पनि नौलो योजना सफलतापूर्वक उपभोक्ताको घरमा पुग्दा प्रविधिको प्रयोगले हुँदो रहेछ भन्ने आशा जागेको आयोजनाका प्राविधिक ज्ञानु रिजाल बताउँछन् । खानेपानी अभावले बढिरहेको बसाइँसराइ रोकिने आयोजनाको दावी छ तर खेतीपाती गर्न नपाए खानैको समस्या हुने भएकाले अबको सर्त सिँचाइ भएको यहाँका बासिन्दा बताउँछन् । गाउँपालिकाको १, ३, ४ र ५ नम्बर वडामा पम्पिङमार्फत खानेपानी आयोजना पुऱ्याइएको छ ।

यो २०७२/७३ बाट निर्माण सुरु भएको आयोजना हो । उद्घाटनको चरणसम्म पुग्दा पनि केही काम भने बाँकी रहेको आयोजनाले जनाएको छ । यो आयोजनाबाट प्राविधिक सिकाइ पनि भएको प्राविधिकहरू बताउँछन् । 'केही जटिलता थिए तर उपभोक्ताको घरमा पुग्यो,' निर्माण व्यवसायी लोकेन्द्र राजभण्डारीले भने, 'बाँकी काम थोरै मात्रै छ, चाँडै पूरा हुन्छ ।'

यसकारण ई-पासपोर्ट रद्द

'बालुवाटारमा फ्रेन्च र जर्मन कम्पनीका स्थानीय एजेन्टको भेटघाट बढेको एक सातामै ई-पासपोर्टको बोलपत्र रद्द गरिएको थियो ।'

सेक्युरिटी प्रेस प्रकरण

देवेन्द्र भट्टराई (काठमाडौं)

'ई-पासपोर्ट छपाइको अन्तर्राष्ट्रिय बोलपत्र अन्तिम घडीमा आएर किन खारेज भयो ?' गत कात्तिक २१ गते मध्यरातमा ५० लाख थान ई-पासपोर्ट छपाइ प्रक्रिया रोकिएपछि राहदानी विभागका मुख्य अधिकारीलाई सबैले यही प्रश्न गरे ।

ती अधिकारीको जवाफ थियो, 'मलाई केही थाहा छैन, माथि सोध्नुहोस् ।'

यो 'माथि' बढीमा परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली, सचिव शंकर बैरागी वा राहदानीका महानिर्देशक रामकाजी खड्कासम्म होला भन्ने अनुमान थियो । त्यही रनाहामा परराष्ट्रमन्त्री ज्ञवालीलाई 'राहदानीको बोलपत्र किन र कसरी रद्द भयो ?' भनेर सोधिएको थियो । मन्त्रीको जवाफ थियो, 'यो नेपाल सरकार, मन्त्रिपरिषद्ले गरेको निर्णय हो । सबै विषय पछि तपाईंहरूलाई बताउँछौं । नेपालले आफ्नै सेक्युरिटी प्रिन्टिङ प्रेस लिने प्रक्रिया निष्कर्षमा पुग्न लागेको छ । आफ्नै प्रेस हुने भएपछि हामी अलिक फरक ढंगले जानुपर्ने भयो । त्यसैले यो संख्या (५० लाख) का लागि टेन्डर गरिराख्नु पर्दैन । प्रेस आउने भन्ने सोचले रिएडजस्ट मात्र गरेको हो ।'

मन्त्री ज्ञवालीले भनेको 'रिएडजस्ट' के थियो, त्यो पनि थाहा हुन सकेन । यस बीचमा सतहमा देखिने र नदेखिने काण्ड धेरै भए, विजय मिश्रको नाम चिरपरिचितझैं बन्यो । राज्यसत्ताका विश्वासिला र मुख्य जिम्मेवार पात्र सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बाँस्कोटा पदच्युत भए, सुरक्षण मुद्रण केन्द्रका कार्यकारी निर्देशक विकल पौडेल संसदीय समितिसामु 'नाजवाफ' बने । यही बीचमा जर्मनीको भेरिडोस, फ्रान्सको इन-ग्रुप, पोल्यान्डको सरकारी कम्पनी पीडब्लूपीडब्लू एसएस, स्विट्जरल्यान्डको केबीए नोटासिस, जापानको कोमोरी कोअपरेसनले नेपालमा सेक्युरिटी प्रेस स्थापना प्रक्रियामा जोडिएर देखिने अथवा नदेखिने गरी प्रस्ताव सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा आइपुगे । तर, यी सबै प्रस्ताव के, किन, कसरी आइपुगे अथवा यीबीचको तुलनात्मक उपलब्धि के हुन सक्ला भन्ने निधोमा नपुगी गत पुस ७ गतेको मन्त्रिपरिषद्ले एउटा निर्णय गऱ्यो । मुख्यसचिव लोकदर्शन रेग्मीको हस्ताक्षरमा सार्वजनिक भएको निर्णयमा लेखिएको थियो, 'फ्रान्सेली र जर्मनी सरकारका तर्फबाट प्राप्त प्रस्तावमध्ये सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले उपयुक्त प्रस्ताव स्वीकृत गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ को उपनियम ५(ख) बमोजिम जी-टू-जी विधिबाट सुरक्षण मुद्रणसम्बन्धी उपकरण खरिद गर्ने ।'

स्विस कम्पनी केबीए नोटासिससँग जोडिएर तत्कालीन सूचना तथा सञ्चार प्रविधिमन्त्री बाँस्कोटाले ७० करोड रुपैयाँ कमिसन लिन खोजेको प्रमाण बाहिर आएपछि पुराना सन्दर्भ अहिले तानिएका छन् । विशेषत: ई-पासपोर्टको बोलपत्र रद्द गर्नैपर्ने बाध्यकारी अवस्था किन आइपऱ्यो ? 'त्यसबेला स्पष्ट भइसकेको थियो, जब प्रधानमन्त्री केपी शर्मा ओलीले ५० लाख ई-पासपोर्ट छाप्नुको कुनै तुक नरहेको भन्दै परराष्ट्र मन्त्रालय, राहदानी विभागका प्रमुख पदाधिकारीलाई कात्तिक ६ को साझमा बालुवाटार बोलाएर झाँको झारेका थिए,' त्यसबेला प्रधानमन्त्रीको खप्की खाएका परराष्ट्रका एक अधिकारी भन्छन्, 'जी-टू-जीका नाममा जर्मन र फ्रेन्च कम्पनीमा कमिसनको डिल अघि बढिसकेको संकेत पाइसकेका थियौं ।' उनका अनुसारमा बालुवाटारमा फ्रेन्च र जर्मन कम्पनीका स्थानीय एजेन्टको भेटघाट बढेको एक सातामै ई-पासपोर्टको बोलपत्र रद्द गरिएको थियो ।



सेक्युरिटी प्रेसका उपकरण खरिदसम्बन्धी प्रस्ताव पेस गरेका फ्रेन्च र जर्मन कम्पनीका प्रतिनिधिसँगको मिलेमतोबारे जानकारी दिँदै संसद्को लेखा समितिकी सदस्य धर्मशिला चापागाईं । *तस्बिर : देवेन्द्र/कान्तिपुर*

प्रधानमन्त्रीले ठाडो र सन्देहास्पद तर्क राखेर त्यसबेला कर्मचारीको 'सातो लिएका' थिए । असंलग्न आन्दोलनको बाकु सम्मेलनमा जानु अघिल्लो रात कहींकतै ई-पासपोर्ट प्रक्रिया अघि बढिहाल्ला कि झैं गरेर हतारमै उनले 'प्रायोजित' जिज्ञासा राखेका थिए, 'ई-पासपोर्ट छाप्न कम्तीमा १० वर्ष पुरानो कम्पनी किन चाहियो ?' बोलपत्र प्रक्रियामा राखिएको प्रस्तावित सेक्युरिटी प्रिन्टिङ कम्पनीको अनुभव कम्तीमा १० वर्ष पुरानो हुनैपर्ने सर्तमा आपत्ति जनाएर प्रधानमन्त्रीले अर्को चरणमा जी-टू-जीबाट जर्मनी सरकारको भेरिडोस कम्पनीलाई प्रतिस्पर्धामा आउने बाटो खोलिदिएका थिए । संसद्को सार्वजनिक लेखा समितिमा बुझाइएको कम्पनी विवरणअनुसार भेरिडोस सन् २०१५ मा मात्रै स्थापना भएको हो ।

८ महिनापछिको संकट

राहदानी विभागका अनुसार २०६७ मंसिरमा सुरु भएको एमआरपी प्रणालीमा ६४ लाख पासपोर्ट वितरण भइसकेको छ । अब झन्डै ६ लाख एमआरपी कपी विभागमा छ जसले बढीमा ८ महिनासम्म मात्रै थेग्छ । 'अब ई-पासपोर्ट छपाइ वा सेक्युरिटी प्रेस स्थापनाको सम्भावना तत्काल नरहेपछि ८ महिनापछि आइपर्ने संकट हटाउने तयारी गर्नुपर्ने देखिएको छ,' लेखा समिति सदस्य सांसद धर्मशिला चापागाईंले भनिन्, 'यसबारे परराष्ट्र मन्त्रालय गम्भीर नभए झैं देखिएको छ ।'

राहदानी विभागसम्बद्ध अधिकारीका अनुसार जस्तै आपतकालीन अवस्थामा नियमानुसार अब ओभरथर कम्पनीलाई समय थप गरेर वा 'ग्रेस पिरियड' मानेर एमआरपी उत्पादनमा थप अधिकार दिन सकिने अवस्था छैन ।

अरूभन्दा पनि राम्रै काम गरिरहेका राहदानी विभागका कर्मचारीसमेत कहिले ई-पासपोर्ट त कहिले सेक्युरिटी प्रेसको बाहिरी 'चलखेल'का कारण अनाहकमा बदनामी खेपिरहेका छन् । 'यी सबै चलखेलमा राहदानी विभाग र यहाँका कर्मचारीको कुनै भूमिका छैन भन्ने बुझ्ने-बुझाउने बेला पनि भएको छ,' ती अधिकारीले भने, 'अन्यथा केही कारणले एक/दुई पासपोर्टमा गल्ती भेटियो भने पनि सेवाग्राहीले करोडौं रुपैयाँ कमिसनको खेलमा यहाँका कर्मचारी लागे भन्नेछन् ।'

'एमसीसीबाट तर्सिनु पर्दैन'

नवलपरासी (कास)- नेकपा अध्यक्ष पुष्पकमल दाहालले एमसीसी सम्झौताबाट तर्सिनुपर्ने वा ठाडै अस्वीकार गर्नुपर्ने अवस्था नरहेको बताएका छन् । उनले नेकपाको कार्यदलले आफू र अर्का अध्यक्ष प्रधानमन्त्री केपी शर्मा ओलीलाई बुझाएको प्रतिवेदन अध्ययन गरेर चाँडै राष्ट्र हितमा सम्झौता लागू हुने गरी सहमति गर्ने पनि जानकारी दिए ।

पूर्वी नवलपरासीको रजहरस्थित प्राकृतिक चिकित्सालय भवन उद्घाटनका लागि आएका दाहालले पत्रकार भेटघाटमा एमसीसी सम्झौताबाट दीर्घकालीन राष्ट्रिय हितमा असर नदेखियोस् भनेर नेकपाले कार्यदल बनाएको जानकारी दिए ।



एमसीसीबाट नेपालमा अनुदान आउने गरी सम्झौता भइसकेपछि सबै दल र नागरिक समाजका प्रतिनिधि उत्साहित भएको उनले दाबी गरे । 'एमसीसी सम्झौता कार्यान्वयन गर्दा नेपालको हितमा हुन्छ/हुँदैन भन्नेमा हामी चनाखो छौं,' उनले भने ।

अध्यक्ष दाहालले सहयोग त्यसै गुमाउने वा सम्झौता हुबहु लागू गर्नुपर्छ भन्ने भन्दा पनि त्यसभित्रका बुँदाहरू राष्ट्रहितमै होऊन् भनेर छलफल हुनु र सबैको चासो रहनुलाई सकारात्मक रूपमा लिनुपर्ने बताए ।

उनले ५५ अर्ब रुपैयाँ अनुदान विकास निर्माणमा लगाउँदा नागरिकको पनि सहमति लिने जिम्मेवारी आफूहरूको भएको दावी गरे ।

अध्यक्ष दाहालले सरकारले कुनै भ्रष्टाचारीलाई पनि छुट नदिने बताएका छन् । सेक्युरिटी प्रिन्टिङ प्रेस खरिद प्रकरणमा पूर्वसूचना तथा सञ्चारमन्त्री गोकुल बाँस्कोटा मुछिएकोतर्फ लक्षित गर्दै उनले अनुसन्धान सुरु भएको जानकारी दिए । 'केही समय धैर्य गर्नुहोस्,' उनले भने, 'दोषी पुष्टि भए छुट हुँदैन ।'



अन्त:शुल्क स्टिकर सकिँदै

काठमाडौं (कास)- अन्त:शुल्क स्टिकरको टेन्डरसम्बन्धी सरकारको निर्णयमा प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिले छानबिन थालेसँगै छपाइ प्रक्रिया लम्बिने भएको छ । स्टक रित्तिए राजस्व संकलन प्रभावित हुनेछ ।

आन्तरिक राजस्व विभागका अनुसार वर्सेनि करिब ४ अर्ब थान स्टिकर चाहिन्छ । विभागका अनुसार हाल अन्त:शुल्कबापत प्राप्त हुने राजस्व वार्षिक करिब १ खर्ब ६ अर्ब छ । केहीको स्टिकर दुई-तीन महिनामा रित्तिने विभागले जनाएको छ । स्टक सकिँदै गए पनि विकल्प खोजिएको छैन ।

आन्तरिक राजस्व विभागले गत असोजमा नेपाली व्यवसायीले भाग लिन नपाउने गरी २ वर्षका लागि करिब ८ अर्ब थान स्टिकर छपाइको टेन्डर आह्वान गरेको थियो । नेपालीले भाग लिन नमिल्ने सर्त राखिएकाले व्यवसायीले उजुरी दिएपछि लेखा समितिले छानबिन गरेको थियो । समितिले गत कात्तिकमा टेन्डरमा नेपालीले भाग लिन पाउने प्रावधान राख्न अर्थ मन्त्रालयलाई निर्देशन दियो । लेखाको निर्देशन सरकारले कार्यान्वयन नगर्ने अड्कल गरेर व्यवसायीहरू अदालत गए । त्यसपछि अदालतले टेन्डर प्रक्रिया रोक्न आदेश दियो । विभागको टेन्डर सूचनामा आवेदक कम्पनीले स्टिकर छापेर अरू देशमा आपूर्ति गरेको र १० वर्षमा ५ अर्ब थान स्टिकर छापेको हुनुपर्ने मापदण्ड उल्लेख छ । स्टिकर, पासपोर्ट वा बैंक नोट छापेको १० वर्षको अनुभव हुनुपर्ने, तीनवटा देशमा अर्बौंको काम गरेको हुनुपर्नेलगायत सर्त पनि त्यसमा छ । अर्थ मन्त्रालयका एक अधिकारीले स्टिकरको स्टक सकिए के गर्ने भनेर उपाय खोजिरहेको बताए । मुद्रण विभागले स्टिकर छाप्दै आएकामा असुरक्षाको कारण देखाउँदै केही वर्षदेखि विदेशीलाई दिने गरिएको छ । सुरक्षण मुद्रण उद्योग दर्ता गर्न र छपाइका लागि नेपालका निजी कम्पनीले भाग लिन पाउने गरी मापदण्ड तयार गर्न २०७२ मंसिर ६ गते उद्योग विभागका महानिर्देशकको संयोजकत्वमा गठित कार्यदलको सुझावलाई गुपचुप राखिएको छ ।





छोटकरी

हेटौंडामा प्रदेश सुरक्षा भेला

मकवानपुर (कास)- हेटौंडामा वाग्मती प्रदेशस्तरीय सुरक्षा भेला सुरु भएको छ । हेटौंडा-२ चौकीटोलस्थित होटल एभोकाडोमा शनिबार भेला सुरु भएको हो । भेलामा वाग्मती प्रदेशका १३ जिल्लाका प्रमुख जिल्ला अधिकारी, राष्ट्रिय अनुसन्धान प्रमुख, प्रहरी प्रमुख, सशस्त्र प्रहरीलगायत सहभागी छन् । आइतबारसम्म सञ्चालन हुने भेलामा वाग्मती प्रदेशको सुरक्षाको वर्तमान अवस्थाबारे विश्लेषण गर्दै आगामी योजना तयार गर्ने पार्ने बताइएको छ । पहिलो दिन चारवटै सुरक्षा निकाय र संघीय सरकारअन्तर्गत गृह मन्त्रालयका महाशाखा प्रमुखहरूले सुरक्षाको वर्तमान अवस्था र चालिएका कदमबारे प्रतिवेदन पेस गरे ।

राष्ट्रपतिलाई भीमेश्वरको महाप्रसाद

दोलखा (कास)- दोलखा भीमसेनको शिलामा 'पसिना' आएपछि परम्पराअनुसार लगिएको महाप्रसाद राष्ट्रपति विद्यादेवी भण्डारीले ग्रहण गरेकी छन् । भीमेश्वर मन्दिरका गुठियारहरूले शिलामा आएको पसिना पुछेको कपास र पुजा सामग्री राष्ट्रपति कार्यालयमा शुक्रबार सुँझ पुऱ्याएका थिए । किस्तीमा बिछ्याइएको रातो रुमालमाथि चाँदीको भाँडोभित्र कपास, करुवामा जल, विभिन्न रङका टीका र फूल राखिएको थियो । राष्ट्रपति भण्डारीले कपास हातमा लिँदै टीका लगाएपछि भनिन्, '२०७४ सालमा ल्याइएको कपासका टुक्रा अझै सुरक्षित छन् ।' १९९० सालयता शिलामा पसिना आएपछि राष्ट्रप्रमुखलाई यसरी नै महाप्रसाद ल्याउने परम्परा छ । भीमेश्वर नगरपालिका-२ का वडाध्यक्ष विराजमान श्रेष्ठसहितको टोलीले महाप्रसाद बुझाएका थिए । बिहीबार बिहान शिलामा 'पसिना' आएको थियो ।

हिरण्यलाललाई सम्मान

मकवानपुर (कास)- परराष्ट्रविद् एवं मानवअधिकार संगठनका संस्थापक सदस्य हिरण्यलाल श्रेष्ठलाई यस वर्षको मानवअधिकार सम्मान प्रदान गरिएको छ । एम्नेस्टी इन्टरनेसनल समूह ६७ हेटौंडाले



हरेक वर्ष प्रदान गर्दै आएको इन्द्रबहादुर श्रेष्ठ स्मृति मानवअधिकार सम्मान-२०७६ श्रेष्ठलाई प्रदान गरिएको हो । शनिबारको २०औं वार्षिक साधारणसभा तथा अधिवेशनको अवसरमा वाग्मती प्रदेशका सभामुख सानुकुमार श्रेष्ठले नगद १० हजारसहित सम्मान गरे ।

भरतपुर-लुम्बिनी कार च्याली

चितवन (कास)- पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले भरतपुर महानगरपालिकाले शनिबार लुम्बिनीसम्म कार च्याली गरेको छ । नारायणी नदी किनारमा मेयर रेनु दाहालले उद्घाटन गरेको कार च्याली बजार परिक्रमा गरेर लुम्बिनीतर्फ लागेको थियो । १५६ वटा कारसहितको च्यालीलाई लुम्बिनी सांस्कृतिक नगरपालिकाका पदाधिकारी, होटल व्यवसायीलगायतले स्वागत गरेका थिए । भरतपुर महानगरपालिकाले भ्रमण वर्ष सफल पार्न वर्षभरि गर्ने ३२ वटा कार्यक्रम तयार गरेको छ । महानगरले भरतपुरभित्र सात पर्यटकीय क्षेत्र र २९ गन्तव्य तयार गरेको छ । कार च्याली सोही कार्यक्रमअन्तर्गत सम्पन्न गरेको मेयर दाहालले बताइन् । लुम्बिनी सांस्कृतिक नगरपालिकासँग भरतपुरले भगिनी सम्बन्ध कायम गरेको छ ।

अधिकृत-जवान संयुक्त मेस

भक्तपुर (कास)- महानगरीय प्रहरी वृत्त जगातीले अधिकृत एवं जवानबीच संयुक्त मेसको सुरुवात गरेको छ । महानगरीय प्रहरी कार्यालय रानीपोखरीका प्रमुख डीआईजी विश्वराज पोखरेलले उपत्यकाका तीनै जिल्लाका प्रहरी इकाइमा मेस सुधार अभियान थालेका हुन् । विगतमा एउटै काम, उही बर्दी भए पनि तीन प्रकारका मेस भएकाले त्यसलाई परिमार्जन गर्दै लगेको डीआईजी पोखरेलले बताए । डीआईजी पोखरेलले वृत्त प्रमुख डीएसपी चक्रराज जोशी र अन्य प्रहरी कर्मचारीलाई सम्मान गरेका छन् ।



काठमाडौं महानगरपालिका-३१ तीनकुनेस्थित जागृति नगरमा अतिक्रमित घरटहरा भत्काइँदै । प्रदेशसभा सदस्य गणेश दुलाल र वडाध्यक्ष नारायणप्रसाद भण्डारीसहितको टोली शनिबार उक्त स्थानमा पुगेको थियो । सरकारी जग्गा अतिक्रमण गरेर बनाइएको संरचना हटाउन सूचना जारी गरे पनि स्थानीयले अटेर गरेका थिए । *तस्बिर : दीपक केसी/कान्तिपुर*

तीन वर्षमा पनि स्वीकृत भएन ईआईए प्रतिवेदन

नागमतीमा ड्याम बनाउने योजना अलपत्र

दीपेन्द्र विष्ट (काठमाडौं)

वन तथा वातावरण मन्त्रालयले तीन वर्षदेखि वातावरणीय प्रभाव मूल्यांकन (ईआईए) प्रतिवेदन स्वीकृत नगर्दा सुक्खायाममा नागमती बाँधबाट वाग्मतीमा पानीको बहाव बढाउने योजना अलपत्र परेको छ । प्रतिसेकेन्ड ४ सय लिटर पानीको बहाव बढाउन निर्माण गर्ने भनिएको नागमती ड्याम शिवपुरी-नागार्जुन निकुञ्जको मध्यभागमा निर्माण गर्ने योजना छ ।

सहरी विकास मन्त्रालयले वातावरण प्रभाव मूल्यांकन प्रतिवेदन पठाएको तीन वर्ष भइसके पनि वन तथा वातावरण मन्त्रालयले स्वीकृत गरेको छैन । जसका कारण आयोजना नै अलपत्र परेको वाग्मती सिँचाइ युनिटका प्रमुख नारायणप्रसाद सुवेदीले जानकारी दिए । 'ईआईए रिपोर्ट पास भए मन्त्रिपरिषद्ले रूख काट्न स्वीकृत दिन्थ्यो,' उनले भने, 'सहरी, सिँचाइ तथा जलस्रोत मन्त्रालयले पनि अन्य कामका लागि अनुमति दिन सक्थे, सबै काम अड्किंदैनथे ।'

नागमतीमा ९५ मिटर उचाइको बाँध निर्माण हुनेछ । वाग्मतीमै पानी ल्याउन बनाइएको अर्को धापड्यामको काम भने ८० प्रतिशत सकिएको छ । केही दिनअघि वन मन्त्रालयका सचिव विश्वनाथ ओलीले दुवै ड्याम क्षेत्रको निरीक्षण गरे पनि त्यसको अन्तिम निष्कर्षमा मन्त्रालय पुग्न सकेको छैन ।

नागमतीभन्दा माथि समुद्र सतहभन्दा २१ सय मिटरमा धाप ड्याम निर्माणाधीन छ । उक्त ड्यामबाट प्रतिसेकेन्ड ४० लिटरका दरले पानीको बहाव वाग्मतीमा बगाइनेछ । 'धापसँगै नागमती ड्यामको ईआईए रिपोर्ट स्वीकृत भएको भए हालसम्म ६० प्रतिशत भन्दा बढी काम सम्पन्न हुन्थ्यो,' सुवेदीले भने, 'स्वीकृत/अस्वीकृत केही पनि भएन, चाँडो निर्णय आइदिए राम्रो हुन्थ्यो, त्यो अघि बढ्न सकेन ।'

वन तथा वातावरण मन्त्रालयका प्रवक्ता सिन्धुप्रसाद ढुंगानाले नागमतीको ईआईए प्रतिवेदन मन्त्रालयमा पुगेकोबारे आफूले अध्ययन नगरेको बताए । 'ईआईए प्रतिवेदन हेर्ने शाखा नै अर्कै भएकाले त्यो विषयमा मलाई थाहा भएन,' उनले भने । बाँध निर्माण गरेर वर्षाको पानी जम्मा गर्नेबारे सम्भाव्यता अध्ययन र विस्तृत अध्ययन सम्पन्न भइसकेको छ । अस्ट्रेलियन परामर्शदाता कम्पनी एन्टुरा र टीएमएस नेपालले अध्ययन गरेका हुन् । यसले ८० लाख घनमिटर पानी जम्मा गर्ने क्षमता राख्नेछ । जसले करिब ५० हेक्टर जमिन ओगट्नेछ । ड्याम निर्माणको क्रममा साना-ठूला गरी करिब ३०/३५ हजार रूख काटिनेछन् । आयोजनाले पाँच वर्षभित्र ड्याम निर्माण सम्पन्न गर्ने लक्ष्य राखेको छ ।

शिवपुरीमा सिमसार क्षेत्र भएकाले वाग्मतीमा ठूलो मात्रामा पानी बगाउन सकिने अधिकारसम्पन्न वाग्मती एकीकृत विकासका आयोजना प्रमुख लीला ढकालले बताए । उनका अनुसार एसियाली विकास बैंक (एडीबी) ले आर्थिक सहयोग गरिरहेको छ । आयोजनाले २०७३ देखि परम्परागत शैलीको हरित उद्यान निर्माण पनि अघि बढाएको छ ।

इजरायल पुगेर दोरम्बाको सम्झना

टीकाप्रसाद भट्ट (रामेछाप)

रामेछापको दोरम्बामा मारिने २२ जना माओवादी कार्यकर्तामा बाबुराम तामाङ पनि थिए । जसलाई माओवादीले जिल्ला जनसरकार प्रमुखको जिम्मेवारी दिएको थियो । बाबुरामकी पत्नी कान्छीमाया नाजी शासक हिटलरले मारेका यहुदीहरूको स्मरणमा बनाइएको इजरायलको स्मृति पार्कमा भरखरै पुगिन् । र, दोरम्बालाई पुनः स्मरण गरिन् । सम्झनाका हिसाबले इजरायल र दोरम्बा उनलाई उस्तै लाग्यो । नाजी शासकको बर्बरतामा मारिएका परिवारको सम्झनामा बनाइएको स्मृति पार्कको भित्तामा शिलालेख छ । दोरम्बामा पनि त्यसरी नै राखिएको छ । अझ दोरम्बामा त उनका पतिसहित मारिएका सबै २२ जनाकै सालिक ठडिएको छ । पीडितहरू त्यही स्थानमा पुगेर मारिएका आफन्तलाई सम्झन्छन् । उनी पनि वर्षको एकपटक सालिक भएको ठाउँमा पुग्छिन् । पतिप्रति श्रद्धाभाव व्यक्त गर्छिन् र मन गह्रुँगो बनाउँदै फर्कन्छिन् ।



५७ वर्षीया कान्छीमायाका दुवै छोरा हाल विदेशमा छन् । छोरीको विवाह भइसक्यो । अन्य द्वन्द्वपीडितसरह १० लाख रुपैयाँ क्षतिपूर्ति पाए पनि उनीसँग सीप छैन । पढेलेखेकी छैनन् । उनी बेथानमा एक्लै बस्छिन् । नेकपाका केन्द्रीय सदस्य कमलप्रसाद चौलागाईले उनलाई यसपटक इजरायलको यात्रा गराएका हुन् । दोरम्बापीडित परिवारको प्रतिनिधित्व गर्दै उनी पहिलोपटक जहाज चढेर इजरायल पुगिन् । २४ जनाको टोलीमा दुई जना द्वन्द्वपीडितलाई समावेश गराइएको थियो । 'हामीमात्र द्वन्द्वपीडित होइन रहेछौं,' उनी मन बुझाउँछिन् । फरकचाहिँ के हो भने पीडित परिवारको अवस्था त्यहा र यहाँ बेग्लै छ ।

'यहाँ सरकार र पार्टीले द्वन्द्वपीडितलाई सम्झेको छैन,' कान्छीमाया भन्छिन्, 'विदेशमा पीडित परिवारको आयआर्जन गर्ने व्यवसाय हेर्ने । विगतको घटना बिर्सन उनीहरूले सिर्जनात्मक काम गरेका रहेछन् । सरकारले सहयोग गरेको छ । यहाँ उद्योगधन्दा छैन, रोजगारीमा सरकारले हेरेको छैन ।' कुखुरा, गाई र ठूला फलफूलका फार्मको समेत अवलोकन गरेर उनी फर्किएकी छन् । 'सबै रोजगारी र कमाइमा रमाएका छन्,' उनमा थप आँट भरिएको छ, 'राज्यले चाहे हामी पनि गर्न सक्ने रहेछौं भन्ने लाग्यो ।' तत्कालीन शाही नेपाली सेनाले २०६० सालमा दोरम्बामा २२ जना माओवादी कार्यकर्ताको हत्या गरेको थियो ।

द्वन्द्वकालमा मारिएका बाबुराम तामाङकी पत्नी कान्छीमाया । *तस्बिर : कान्तिपुर*

विवादले विश्वविद्यालय बन्द

चितवन (कास)- सत्तारुढ नेकपाका विद्यार्थी संगठनको दुई गुटबीच विवाद बढ्दै जाँदा कुटाकुटकै अवस्था आएपछि रामपुरको कृषि तथा वन विज्ञान विश्वविद्यालय बन्द भएको छ । 'जनयुद्ध' दिवस मनाउने सन्दर्भमा फागुन १ गतेदेखि तत्कालीन एमाले समर्थक अनेरास्ववियु र माओवादी केन्द्र समर्थक अखिल क्रान्तिकारीबीच सामाजिक सञ्जालमा सुरु भएको विवाद कुटाकुट र पार्टी कार्यालय तोडफोडसम्म पुगेको थियो ।

झडपमा उत्रेका दुई संगठन पक्षधरहरूले मिलाप भएको भन्दै संयुक्त विज्ञप्ति निकालेका छन् । तर विश्वविद्यालय प्रशासनले फागुन ७ को निर्णय भन्दै फागुन ८ देखि फागुन १७ गतेसम्म परीक्षा र पठनपाठन नहुने सूचना निकालेको छ । विवाद र झडप बढ्दै जाँदा साबिकको एमाले पक्षधर विद्यार्थी नेता विश्वविद्यालयले परीक्षालगायतका कार्यक्रम बन्द गरोस् भन्ने चाहनामा थिए ।

विश्वविद्यालयमा अहिले मत्स्य विज्ञान संकायको स्नातक तह तेस्रो र सातौं सेमेस्टरको परीक्षा सञ्चालन भइरहेको थियो । 'विश्वविद्यालयको कृषि संकाय र पशु विज्ञान, पशु चिकित्सा तथा मत्स्य विज्ञान संकाय रामपुरमा केही दिनयता असहज परिस्थिति सिर्जना भई नियमित पठनपाठन एवं परीक्षा सञ्चालनमा असर परेको हुँदा फागुन ८ देखि १७ सम्म ती संकायका सम्पूर्ण पठनपाठन र परीक्षा सञ्चालन हुनेछैन,' विश्वविद्यालयका प्रशासक बुद्धि ढुंगानाले जारी गरेको सूचनामा उल्लेख छ । यसअघि माघ १२ गतेदेखि २३ गतेसम्म ज्यालादारीमा कार्यरत कर्मचारीले करारमा नियुक्त गर्न माग गर्दै ताला लगाएपछि विश्वविद्यालयको पठनपाठन र परीक्षालगायत कामकारबाही ठप्प भएको थियो ।

'जनयुद्ध' दिवस तत्कालीन माओवादी केन्द्र समर्थक विद्यार्थीले मनाएपछि एमाले समर्थक विद्यार्थी संगठनका नेतासँग सामाजिक सञ्जालमा सुरु भएको घोचपेच र विवादले उग्ररूप लिएको थियो । फागुन ६ गते सत्तारुढ पार्टीको एकीकृत विद्यार्थी संगठन अनेरास्ववियुका केन्द्रीय सदस्य देव पाठकमाथि विश्वविद्यालय परिसरमै आक्रमण भएको थियो । उनी तत्कालीन एमालेको विद्यार्थी संगठनका नेता हुन् । त्यसै दिन नेकपाको भरतपुरमा रहेको पार्टी कार्यालयमा तोडफोड भएको थियो । अनेरास्ववियुका चितवन संयोजक प्रकाश आचार्य र सह-संयोजक वसन्त आचार्यले संयुक्त विज्ञप्ति निकालेर विश्वविद्यालयमा सहज वातावण बनाउन अपिल गरेका थिए । रामपुर इकाईका अनेरास्ववियु र अखिल क्रान्तिकारीका अध्यक्ष सन्तोष खतिवडा र विवेक पौडेलले बुधबार संयुक्त विज्ञप्ति निकालेर संगठनका नाममा विवाद, बेमेलर झैझगडा हुन नदिने प्रतिबद्धता जनाएका थिए ।

ENJOY DOLBY ATMOS SOUND BIG Movies
NOW SHOWING
AAMA : 8:15 AM, 2:00 PM, 3:45 PM
SHUBH MANGAL ZYADA SAAVDHAN : 9:00 AM, 1:00 PM, 4:30 PM, 6:30 PM, 9:00 PM, THE CALL OF WILD : 10:45 AM
SENTI VIRUS : 8:30 AM, 11:00 AM, 1:30 PM, 4:00 PM, 6:15 PM, 7:30 PM
BHOOT PART ONE: THE HAUNTED SHIP : 11:30 AM, 8:45 PM
NLIC City Centre Kamalpokhari, Kathmandu
4011643/45, 01-2112233 www.bigmovies.com.np facebook/bigmoviesnepal Wednesday & Thursdays At Rs. 185 * Conditions apply

QFX cinemas NOW SHOWING
For booking and updated info: Kathmandu: 01-4442220 Narayanghat: 056-522079 Nepalgunj: 081-411330 Pokhara: 061-522630/47 Birtamode: 023-543083 Butwal: 071-541506 Biratnagar: 021-512644 qfxcinemas.com

Showing Time 8:20, 11:20, 2:20, 5:20
JAWAANI JAANEMAN
MALANG UNLEASH THE MADNESS
• Bhoot • Part one The Haunted Ship • आमा • साङ्लो
• Shubh Mangal Zyada Sabdhan • सेन्टी भाइरस • लभ डाइरिज

GUNA GROUP गुण सिनेमा हल प्रा. लि.
लभ डायरीज
• Aama • Sentivirus • Sanglo • Love Diaries
• Selfy King • Suva Mangal Jyada • Savdhan • Bhoot

तपाईको आज

मेष	यात्रामा सफल	तुला	विद्यामा सफलता
वृष	कार्य सिद्धि	वृश्चिक	आलस्यता
मिथुन	पुण्य आर्जन	धनु	पराक्रम बढ्ने
ककर्ट	अस्वस्थता	मकर	धन आर्जन
सिंह	मित्र भेट	कुम्भ	भाग्य वृद्धि
कन्या	रोग भय	मीन	केही लाभ

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल फागुन १२ गते सोमबार तदनुरुप २४ फरवरी २०२० फाल्गुन शुक्लपक्ष प्रतिपदा तिथि रात्रिको ९:५१ बजेसम्म उप्रान्त द्वितीया तिथि, शतभिषा नक्षत्र दिनको ३:२४ बजेसम्म उप्रान्त पूर्वाभाद्रपदा नक्षत्र, शिव योग प्रातः ७:३२ बजेसम्म उप्रान्त सिद्ध योग, किंस्तुघ्न करण प्रातः ८:५४ बजेसम्म उप्रान्त बब करण, कुम्भ राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

KANTIPUR HD

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	भजन
७:००	कान्तिपुर समाचार
८:००	ग्राडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	इट्स माई सो (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	फिल्म टनिक (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	हियर्ज दु लाइफ (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	हवाट द फ्लप (रिपिट)
१:३०	सुमनसँग (रिपिट)
२:००	कान्तिपुर समाचार
२:३०	रजतपट (रिपिट)
३:००	इट्स माई सो (रिपिट)
४:००	कान्तिपुर समाचार
४:३०	हियर्ज दु लाइफ (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्युज
६:३०	बलियो घर (रिपिट)
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	हवाट द फ्लप
१०:००	बलियो घर (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपीटेड
१:००	कान्तिपुर न्युज रिपीटेड
१:३०	बलियो घर (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट ९)
२:३०	हिअर्ज दु लाइफ (रिपिट)
३:००	कल कान्तिपुर रिपीटेड
४:००	हवाट द फ्लप (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

०५:००	भक्ति अनुष्ठान (अच्युत सुवेदी)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०७:३०	अपांग आवाज (डीएचआरसी नेपाल)
०८:००	डेमलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	वीस चू अल द बेस्ट (महेश)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	सफर (राजेश)
९०:००	स्पोर्टस् डायरी
९०:०५	फुल अन (दीपाञ्जली)
९१:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
९१:०५	आजका नारी (रस्मिला)
९२:००	कान्तिपुर डायरी
९२:१०	न्यू रिलिज (महेश)
९३:००	डिस्ट्रिक डायरी
९३:०५	के छ नेपाल (स्मीता)
९४:००	इन्टरनेसनल डायरी
९४:०५	के छ नेपाल (स्मीता)
९५:००	कान्तिपुर डायरी
९५:१५	हेल्थमा पृथ्वी (रिता राई)
९६:००	हेल्थ एन्ड इजुकेसन डायरी
९६:०५	स्वर (किरण)
९७:००	डिस्ट्रिक डायरी
९७:०५	साथीसँग मनका कुरा
९७:५५	बाल गीत
९८:००	म्यासेज अफ इटर्नल किंडम
९८:३०	कान्तिपुर डायरी
९९:००	म्युजिक बक्स (दीपाञ्जली)
२०:००	सेक्चुरिटी एन्ड क्राइम डायरी
२०:०५	चार्ट बस्टर (महिमा)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेनी
२२:००	साझा सवाल
२३:००	गजल (शुभ)
००:००	चार्ट बस्टर (रिपिट)
०१:००	यात्रा जीवनको (दिनेश/अम्बिका/शुभ)
०२:००	नेपाली गीतहरू लगातार
०३:००	हिन्दी गीतहरू लगातार
०४:००	भजनहरू लगातार

अस्पताल र विविध

रक्तसञ्चार केन्द्र	४२०५३४४
वीर अस्पताल	४२०१९८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
कान्ति बाल अस्पताल	४४१५४५०
प्रसूति गृह	४२५३०७६
ठेकु अस्पताल	४२५३२९६
पाटन अस्पताल	५५२२७७८
शहीद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र	४३७९३२०/४३७९३७४
मानसिक अस्पताल	५५०२१३३
नेपाल आँखा बैंक	४४२३६८४
नेपाल आँखा अस्पताल	४२५०६२९
तिलगंगा आँखा अस्पताल	४४२३६८४
नेपाल अर्थोपेडिक अस्पताल	४२९१०२५
भक्तपुर अस्पताल	६६९०६०६
नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल	४२९१००८
काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल	४४०६१५०
काठमाडौं मोडेल अस्पताल	४२४०८७/६
नेपाल मेडिसिटी अस्पताल	९१३४/४२९०६६/४२९०६५५
बी एण्ड बी अस्पताल	५५३३२०६
मेडीकेयर लेपनल अस्पताल	४४६०७६०
मेडीकेयर लेपनल अस्पताल (ग्लब्युलेन्स)	४४६०७६०
कान्तिपुर हस्पिटल	४९१९५५०/८५८
७ हस्पिटल एण्ड रिसर्च सेन्टर	४४०६२५
नर्भिक, थापाथली	४२५८५५०
वन्योथा अस्पताल (प्रा.) लि.	४२८६४२८/४२८१६६६
लाइफ केयर अस्पताल	४२२७०३५
मितेरी अस्पताल	६६३१७३६/६६३७०१६
क्यान्पिटल हस्पिटल (प्रा.) लि.	४२४४०२२
भक्तपुर रेडक्रस	६६१२२६६
नेशनल किड्नी सेन्टर	४३६३४५२/४३६०८८९
नेपाल मेडिसिटी	४२५०७५५/४२५०६६६
मानसिक अस्पताल	४४८०१५०
हृयात्मस अस्पताल	४३७०४०४/४३७०६०४
ईशान बाल नर्सिङ होम तथा प्रसूति गृह	४३५४३७/४३८९०६२
ओजस्वी अस्पताल र रिसर्च इन्टिच्यूट	४२५८५५२/४२५८५५१
मनमोहन मेमोरियल अस्पताल	४४१९६०५/४४२०८२३
मरोसा अस्पताल प्रा.लि.	४४६४०६८/४४८२८९१
सामुदायिक मानसिक स्वा. से. केन्द्र	०१ ६२१२५४४
जनजीवी हस्पिटल	४३६३३०१-०५
मध्यपुर अस्पताल	०१-५०२३३८/५०२३३०५/५०२३३०२
दिनाचक अस्पताल तथा प्रसूति गृह	४३८३५५२/४३८०८४८
केन्द्रीय पशु चिकित्सालय	४२६१३८२/४२२२०६६/४२६८९२३
हेल्पिङ हेन्ड्स सामुदायिक अस्पताल	४४०३५१८/४४०८४५५
शहीद मेमोरियल अस्पताल	४६०२०३४/०१६२०८६०२
स्पार्क हेल्थ सेवा अस्पताल	४२७३०२४/४२७०२२३
ओजा समाज अस्पताल	४३२३५२२
स्टार अस्पताल	५५५०१९७/५५५०१९८/५५५२२७७
अल्का अस्पताल	५५५५५५५
नाजारिक सामुदायिक अस्पताल	६६३७००००/५६३२९८४
हिमाल अस्पताल/ग्लब्युलेन्स	४४१५०७६/४४१९६७०
स्पाइनल इन्जरी पुनर्स्थापना केन्द्र	०१९-६६०८४०/६६०८४८
काठमाडौं अस्पताल	४२२२२२२
अन्तराष्ट्रिय मेत्री बाल अस्पताल	४४१९५३७/४४१५४६१
बी.पी. स्मृति अस्पताल	४३८७०२४/४३८०२०६
सुमेरु अस्पताल	५२७५३७०/५२७५३८८/९९
वेलकेयर हस्पिटल	४३३६२३५/४३२६९८४
ग्लरेण्ट हस्पिटल	४७८२२४४/४७८३०२४
काठमाडौं नाक कान घाँटी अस्पताल	४२४५५५४/४२२६७३०
ग्रान्डी इन्टरनेशनल हस्पिटल	५५४२२६६/५५५२२६७
ग्रिन सिटी हस्पिटल	४३५२२४८/४३५०४५२
शुभेक्षा इन्टरनेशनल हस्पिटल	४२८५४३७/४२८५४३५
कान्तिपुर जनरल हस्पिटल	४३८५२१०/४३८५०११
निःशुल्क मोतिया दातव्य	४२५५५४०/४२५५५१९
दीर्घायु गुरु हस्पिटल	४४६२५२३/९८४४८५५५७
गणेशमान सिंह मेमोरियल अस्पताल	०१-५५३०८८५/५५२३४२०, ५५४४२४४/५५५८८६४
७ समाज डेण्टल हस्पिटल	०१-४४७३४४४/४४८०८८०

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१२४५/४२६१७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६५४८२१
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन	४४२८०३५
सुमेरु एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९७५१०४४५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०५४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अज्ञावाल सेवा केन्द्र	४४२४८७५

शववाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२९३
एशुपति आर्यघाट सेवा केन्द्र	४४२२२९२
देव कर्नर निःशुल्क सववाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	५०४/४२३८०८६
नेपाल मिटर दवाबसी संघ	४२२४३७४

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५५-२२२२ (Ncell)

फूल चोर्न लुछाचुँडी

मन्दिर परिसरको चौरमा अंगुरले शिवलिंगको आकृति बनाइएको थियो । शुक्रबार राति नै अंगुर र त्यहाँका फूलसमेत चोरिएको छ ।



शिवरात्रिको अवसरमा शुक्रबार फूलले सजाइएको साँढेको प्रतिमा (१), राति नै फूल चोरी भएपछि शनिबार कुरूप देखिएको उक्त प्रतिमा (२ र ३) । तस्बिर : इलिट जोशी, अंगद ढकाल, लीला श्रेष्ठ/कान्तिपुर

लीला श्रेष्ठ (काठमाडौं)

शिवरात्रिमा पशुपति आउने भक्तजनलाई आकर्षित गर्न सजाइएको फूलले शुक्रबार पशुपति परिसर झकिझकाउ थियो । यही दृश्य सामाजिक सञ्जाल र सञ्चारमाध्यममा आएपछि घरमै बस्ने पनि लोभिए । शिवरात्रिमा मन्दिर दर्शन गर्न पुगेका झनै मोहित बने । यही दृश्य शनिबार आफ्ना छोराछोरीलाई देखाउन लैजाने पनि थिए । तर, सजाइएको भोलिपल्ट नै लुछाचुँडी गरेको देखेपछि त्यहाँ पुग्ने दुखित मात्रै भएनन्, निराश बनेर फर्किए ।

फूलको सजावटले झकिझकाउ पशुपति हेर्न बालबच्चासहित चाबहिलकी प्रतिभा ढुंगाना शनिबार पुनः पशुपति पुगेकी थिइन् । 'हिजो फूलै फूलले सजिएको संरचना देखेर लोभिएको थिएँ,' शुक्रबार तीन घन्टाभन्दा बढी लाइन बसेर पशुपतिनाथको दर्शन गरेकी उनले भनिन्, 'आज यही देखाउन बच्चालाई पनि लिएर आएँ तर एकैरातमा कुरूप भएछ । मान्छे धर्म गर्न मन्दिर आएको होइन, फूल चोर्न आएका रहेछन् । बरु बाँदरले केही गरेको छैन ।'

शनिबार मध्याह्न पशुपति पुग्दा कोही फूल लुछ्दै थिए त कोही फूल थाप्न हतारिँदै थिए । कोही भने पशुपतिनाथ मन्दिर परिसरलाई सजाइएको फूल चुँडेको भन्दै गाली गरिरहेका थिए । पशुपति क्षेत्र विकास कोषबाट खटिएकी सुरक्षाकर्मीले पश्चिम गेटमा सजाइएको फूल लुछ्ने मान्छेको हातमा लट्ठीले हान्दै थिइन् । तर, कसैले टेरेका थिइनन् । कोषले भारतीय दाताको सहयोगमा विद्युतीय बत्ती र फूलको सम्मिश्रण गरेर पशुपतिलाई मनमोहक बनाएको थियो । भक्तजन प्रवेश गर्ने मूलद्वारलाई थरीथरीका फूलले सजाएर आकर्षक बनाएको थियो ।

भारतको ग्लेज ट्रेडिङ इन्डियाले थाइल्यान्ड, अस्ट्रेलिया, कोरियालगायतका मुलुकबाट दुई करोड रुपैयाँ खर्चेर फूल ल्याएको कोषका सूचना अधिकारी प्रेमहरि ढुंगानाले बताए । एक सयभन्दा बढी कामदार त अर्किड, जरबरा, कन्वारी, सयपत्री, गुलाब, गोदावरी, लिली, क्यामेसन, एसिया टिक, देल्ही, जेप्सीलगायत विभिन्न जातका फूल सजाउनै खटिएका थिए ।

एक भारतीय दाताले महाशिवरात्रि पर्वका लागि मन्दिर सजावटको इच्छा गरेकाले कोषका सदस्य राजु खत्रीको संयोजकत्वमा समिति नै गठन गरिएको थियो । कोषले भक्तजनलाई आकर्षित गर्न थरीथरीको सजावट बनाएको थियो । भुइँमा राखिएका गमलादेखि झुन्ड्याएर राखिएका फूलसमेत चोरी भएको छ । मन्दिर परिसरको चौरमा शिवलिंगको आकृति अंगुरले सजाइएको थियो । शुक्रबार राति नै अंगुर र त्यहाँका फूलसमेत चोरिएको छ ।

'पशुपतिका बाँदरलाई पछि पार्दै मन्दिर दर्शनका लागि आएका दर्शनार्थीले राक्षसी व्यवहार देखाए,' कोषकी एक सुरक्षाकर्मीले भनिन्, 'फूल टिप्दै गरेको हातमा लट्ठीले हान्दा पनि लुटेरै लगे ।'

'हामीलाई सद्बुद्धि दिनुस्'

यसपालिको महाशिवरात्री पर्वमा पशुपति परिसरलाई फूल र प्रकाशले सजाउने सोचियो । अनि तत्काल प्रश्न तेर्सियो- बाँदरबाट कसरी जोगाउने होला ? त्यही पीरमा बसिरहेको थिएँ । आज बिहानै मन्दिर क्षेत्र पुग्दा निकै नमज्जा लाग्यो । दिक्क पनि लाग्यो- किन हामी यसरी सुन्दरतालाई लुछ्न उद्यत हुन्छौं भनेर । जुन बाँदरको चिन्ता गरेको हो ती ठाउँका फूल सुरक्षित छन्, तर हामी मान्छेको हात पुग्ने ठाउँका फूल चाहिँ छैनन् । केही समयअघि तीनकुनेमा दुबो चोरेका हामी झन् फूलैफूल भएको ठाउँमा त कसरी पो चुप लाग्न सक्थ्यौं र ? फूलले त सजाउने तर शिवरात्रिपछाडि कसरी व्यवस्थापन गर्नुहुन्छ भनेर सोधिएको प्रश्नमा जवाफ थियो- पहिले फूलको सौन्दर्यको आनन्द लिऊँ । सौन्दर्यको आनन्द लिनुभन्दा पहिल्यै फोहरमा किन मस्तिष्क खर्च गर्नु ? अब थाहा भयो हाम्रा यी दुबै पीर त लिनै नपर्ने खालका रहेछन् । भगवान् श्रीपशुपतिनाथसँग प्रार्थना गर्दछु- हामीलाई सद्बुद्धि दिनुहोस् ।

- (पशुपति क्षेत्र विकास कोषका सदस्यसचिव प्रदीप ढकालको फेसबुक स्टाटस)

रिक्सावालाका ती दिन

सीमा तामाङ (काठमाडौं)

ठमेल क्षेत्रमा रिक्सा चलाइरहेका विष्णु अछामीको गुजारा सहजै चलिरहेको थियो । जब भूकम्प आयो, ३२ वर्षदेखिको उनको रिक्सा-नाता खलबलिएको छ । 'अहिले त खर्च धान्न पनि गाह्रो छ । परिवार भएकालाई झनै समस्या,' उनले भने, 'विगतमा पर्यटक पनि प्रशस्तै चढ्थे । आम्दानी राम्रै हुन्थ्यो ।'

बाह्य पर्यटक नै रिक्सा चालकका लागि आम्दानीको मुख्य स्रोत थिए, कुनै बेला । तर, पछिल्लो समय रिक्सा व्यवसाय सामान ओसारपसारमा मात्रै सीमित हुँदै गएको उनको अनुभव छ । रिक्सा चलाउन सुरु गरेको दिन सम्झँदै उनी भन्छन्, 'पहिले बाह्य पर्यटकको भिड हुन्थ्यो, डलर पाइन्थ्यो । डलर बोक्दा पनि प्रहरीले सोधखोज गर्थ्यो । अहिले त आन्तरिक पर्यटक समेत रिक्सा चढ्न चाहँदैनन् ।' सहरको भित्री भागमा ठूला गाडी छिर्न नपाउने भएपछि सामान ओसार्नमात्रै रिक्साको प्रयोग हुने गरेको छ ।

रामेछापका यादव थापा पनि ६ वर्षदेखि रिक्सा चलाइरहेका छन् । भूकम्पपछि पहिलेजस्तो पर्यटक नभएको उनको भनाइ छ । 'भूकम्पपछि राम्रा संरचना पनि छैनन् । आएका पर्यटक मोबाइलमै नक्सा हेर्दै जान्छु भन्छन् ।' पहिले दैनिक पाँच सय रुपैयाँसम्म कमाइ हुने भए पनि अहिले सय रुपैयाँ कमाउन पनि गाह्रो हुने उनले बताए ।

हेटौंडाका नकुल खनाल पनि १२ वर्षदेखि रिक्सा चलाइरहेका छन् । अहिले ग्राहक घटेकाले दुई घन्टामात्र चलाउँछन् । बिहान ४ बजेदेखि ६ बजेसम्म रिक्सा चलाएबापत दैनिक दुई सय रुपैयाँ कमाउने गरेको उनले बताए । 'दिनभर रिक्सा चलाए पनि पैसा कमाईदैन,' उनले भने, 'त्यसैले दुई घन्टा चलाएर अर्कोलाई भाडामा दिन्छु ।' सिन्धुपाल्चोकका गोविन्द पाण्डेको पनि समस्या उस्तै छ । उनी पनि २० वर्षदेखि रिक्सा चलाइरहेका छन् । 'पहिले यस्तो भिड थिएन, पर्यटक रिक्सा चढ्न लालायित हुन्थे,' उनले विगत सम्झिए, 'ठमेल क्षेत्रमा रिक्साको बेग्लै सान थियो । ती दिन कहाँ गए कहाँ ।'

चालकले नयाँ रिक्साको दुई सय र पुरानाको एक सय पचास रुपैयाँ भाडा रिक्सा व्यवसायी संघलाई बुझाउनुपर्ने हुन्छ । भित्री सहरमा मात्र गुड्ने रिक्साको धोबीचौरमा दुई वटा ग्यारेज छ । पहिले ५०० रिक्सा गुड्ने भए पनि अहिले मुस्किलले २०० गुड्ने संघका अध्यक्ष राजेश मानन्धरले बताए । भित्री सहरमा मात्र गुड्ने अनुमति भएकाले पनि रिक्सा कम हुँदै गएको उनको भनाइ छ । 'भित्री सहरमा मात्र गुड्न पाउँछन्,' उनले भने, 'मुख्य सडकमा गुड्न नपाउँदै ट्राफिक प्रहरीले समाउँछ ।' पैसा कमाउने प्रलोभनमा केही चालकले लुकीछिपी मुख्य सडकमा रिक्सा गुडाउने गरेको उनले सुनाए । 'बाह्य पर्यटक बोकेको खण्डमा दुःख दिँदैन तर सामान तथा आन्तरिक पर्यटक बोकेमा प्रहरीले समेत दुःख दिन्छ,' उनले भने ।

काठमाडौंको ठमेल, इन्द्रचोक, वसन्तपुर, नयाँसडकलगायत भित्री सहरमा मात्रै रिक्सा गुडाउन पाइन्छ । रिक्साका लागि परमिट नहुँदा मुख्य सडकमा गुड्न नपाइने चालकको गुनासो छ । एउटा रिक्सा चालकले मुस्किलले मासिक तीन हजार कमाउने गरेको अध्यक्ष मानन्धरले बताए । संघीय तथा स्थानीय सरकारले प्रदूषण कम गर्न वातावरणमैत्री सवारीसाधनलाई जोड दिए पनि रिक्सा व्यवसायमा ध्यान नदिएको चालकहरूले गुनासो गरे । 'अहिले सरकारी निकायले वातावरणमैत्री सवारीसाधनलाई जोड दिइरहेको छ,' मानन्धरले भने, 'तर पुरानो वातावरणमैत्री रिक्साप्रति ध्यान पुगेको छैन ।' रिक्सा व्यवसायको मुख्य समस्या पार्किङ र मुख्य सडकमा गुड्न नपाउनु रहेको उनले बताए ।

ठमेल पर्यटन विकास परिषद्का उपाध्यक्ष राजुमान डंगोलले ठूला सवारीसाधन नचल्ने ठमेल क्षेत्रका लागि रिक्सा अपरिहार्य रहेको बताए । ठमेलको पर्यटक प्रहरीसँग समन्वय गरेर रिक्सा चालकलाई ड्रेसको व्यवस्था गर्ने संघले योजना बनाएको छ । 'केही रिक्सा चालक मद्यपान गरी चलाउँछन्,' उनले भने, 'दिनभरको भाडा एकैपटक उठाउने गरी महँगो भन्छन् ।' ठमेलदेखि ठहिटीसम्म पनि दुई सय रुपैयाँ भाडा माग्न थालेपछि मानिस कम चढ्ने गरेको उनले बुझाइ छ ।



फाइल तस्बिर

आगो नियन्त्रणको नमुना अभ्यास

ललितपुर (कास)- आगलागी नियन्त्रण र उद्धारको तरिकाबारे ललितपुरमा शनिबार प्रशिक्षण अभ्यास गरिएको छ । ललितपुर महानगरपालिका-१६ को युवा तथा विपद् व्यवस्थापन समिति र सशस्त्र प्रहरी बल जुद्ध वारुणयन्त्र काठमाडौंको संयुक्त आयोजनामा अभ्यास गरिएको हो । पाटन धपगाल बजारस्थित १६ नम्बर वडा कार्यालयमा नमुना आगलागी गराई घाइतेको उद्धार, व्यवस्थापन र उपचार विधिबारे जानकारी गराइयो ।

सिलिन्डरमा ग्यास लिक भएर आगो बालिरहेको अवस्थामा काठमाडौं जुद्ध वारूणयन्त्रका फायर कमान्डर नरेशराज कुँवरले ब्यांकेटले सिलिन्डर बेरेर आगो निभाएका थिए । उनले फायर एक्टिङगुइसर चलाउने विधिबारे पनि सर्वसाधारणलाई जानकारी गराए । 'ग्यास लिक भएर आगो बल्दा सिलिन्डर पड् किँदैन,' कुँवरले भने, 'तरिका जानेपछि सजिलै निभाउन सकिन्छ ।' विद्युतीय उपकरण क्षमताको आधारमा प्रयोग नगर्दा, बेलाबेलामा परीक्षण नगर्दा, पुराना तार नफेर्दा, तार कार्पेटमुनिबाट अव्यवस्थित राख्दा, टेपले राम्ररी नकस्दा आगलागीको जोखिम हुने गरेको उनले बताए ।



अदालतको आदेश मिचेर पर्खाल

प्रशान्त माली (ललितपुर)

ललितपुर महानगरपालिकाले सर्वोच्च अदालतको अन्तरिम आदेशविपरीत पुल्चोकस्थित मदन स्मारक स्कुलको खेल मैदान मासेर पर्खाल लगाएको छ । अदालतले २०७६ जेठमा मुद्दाको अन्तिम टुंगो नलागेसम्म विद्यालय हाताभित्रको खुला क्षेत्रमा कुनै संरचना निर्माण नगर्नु/नगराउनु भनी आदेश दिएको थियो । दरबार टोल विकास संस्थाका तर्फबाट वामदेव ज्ञवालीले खुल्ला क्षेत्रको संरक्षण माग गर्दै अदालतमा रिट दायर गरेका थिए ।

पुल्चोक नःटोल-पाटन ढोका सडक विस्तार गर्ने नाममा विद्यालयको खेलमैदान साँघुरो हुने गरी नगरपालिकाले ३५ लाखमा नयाँ पर्खाल लगाएको हो । नयाँ पर्खालले विद्यालयको सात आना जग्गा सडकमा परेको छ । ललितपुर महानगर-२० का वडाध्यक्ष चन्द्र महर्जनले विद्यालयको जग्गामा संरचना नबनाउनु भनी दिएको अदालतको आदेशबारे आफूहरूलाई जानकारी नभएको जिकिर गरे । 'मौखिक रूपमा कसैले भनेर हुँदैन,' उनले भने, 'लिखित रूपमा आए मात्र काम रोक्न मिल्छ ।'

विद्यालयको जग्गामा अनधिकृत पर्खाल लगाएको भन्दै स्थानीय बासिन्दाले विरोध जनाएका छन् । उनीहरूले महानगरविरूद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, जिल्ला प्रशासन कार्यालय ललितपुरलगायतका नियामक निकायमा उजुरी दर्ता गरेका छन् । सर्तकता केन्द्रले छानबिन गर्न प्रहरी निरीक्षक कृष्णप्रसाद अधिकारीको संयोजकत्वमा छानबिन

> सर्वोच्चले विद्यालयको जग्गामा कुनै संरचना नबनाउन गत जेठमा आदेश दिएको थियो

टोली गठन गरेको छ । टोलीले ललितपुर महानगर-२० सँग स्पष्टीकरणसमेत लिइसकेको छ । २० नम्बर वडा कार्यालयले दोस्रो नगरसभाबाट पारित गरी नगर विकास योजना पुस्तिकामा समावेश गरी काम सुरु गरेको र सवारी चाप हटाउन उक्त सडक विस्तार गर्न आवश्यक रहेको स्पष्टीकरण दिएको छ । स्पष्टीकरणमा गाइडेड लायन्ड डेभलप्मेन्ट मापदण्डअनुसार सडकको पूर्वतर्फ मिश्रित बसोबास उपक्षेत्र परेकाले विद्यालयको एकतफी मात्र जग्गा लिनुपरेको भनिएको छ ।

स्कुलको २० रोपनी ११ आना जग्गा सरकारले घोषणा गरेको खुला क्षेत्रअन्तर्गत पर्छ । महानगरका प्रवक्ता राजु महर्जनले अदालतको आदेश महानगरले लगाएको पर्खालसँग सम्बन्धित नभएको तर्क गरे । 'विद्यालयको जग्गामा व्यावसायिक पसल कवल बनाउन रोक लगाएको हो,' उनले भने ।

विद्यालयले २०६४ मा पूर्वपट्टिको १३ हजार ६ सय वर्गफिट जग्गा व्यापारिक भवन बनाउन ललित मण्डप ट्राभल एन्ड टुर्सलाई २५ वर्षका लागि भाडामा दिएको थियो । २०६८ मा विद्यालय, टुर्स र क्लासिक डाइमन्सबीच सहमति भएर डाइमन्सलाई दिने निर्णय भयो । त्यतिबेला ठेकेदारले भवन बनाउन लाग्दा सडकको जीएलडी मापदण्डअनुसारको सडक चौडा नभएको भन्दै नक्सापास स्वीकृतिमा रोक लगाएको थियो । अहिले जनप्रतिनिधिसमेत सडक चौडा गरी कम्प्लेक्स बनाउन लागिएको भन्दै उजुरी परेको छ ।

सम्पादकीय

द्रुत मार्गको विलम्बित चाल

मुलुकको विकासमा महत्त्वपूर्ण योगदान दिने अपेक्षा गरिएको काठमाडौं-तराई मधेस द्रुत मार्गको निर्माण गति भने सुस्त छ । राष्ट्रिय गौरव नाम दिएर मुलुकले प्राथमिकतामा राखेको ठूलो लगानीको यस आयोजनाको ताल अन्य सामान्य निर्माण कार्यको जस्तै छ । मन्त्रिपरिषद्को २०७४ वैशाख २१ को निर्णयले सेनालाई द्रुत मार्ग निर्माण व्यवस्थापनको जिम्मेवारी दिएको थियो । त्यसपछि भौतिक मन्त्रालयले २०७४ साउन २७ मा आयोजना हस्तान्तरण गरेको थियो । सुरुमा सेनाले जिम्मा लिँदा आयोजना २०७८ सालसम्म सक्ने लक्ष्य थियो । त्यसमा सेनाले २०८०/८१ सम्म सक्ने गरी समयावधि बढाउन लगायो । तैपनि यही गतिमा अघि बढ्ने हो भने संशोधित समयसम्ममा पनि निर्माण सम्पन्न हुने देखिँदैन ।

यो आर्थिक वर्षको ५ महिना बाँकी भए पनि यसपालिका लागि छुट्टचाइएको आधा बजेट मात्रै खर्च गर्न सकिने रक्षा मन्त्रालयले जनाइसकेको छ । १५ अर्ब रुपैयाँमध्ये ७ अर्ब मात्र खर्च गर्न सकिने मन्त्रालयको अनुमान छ । गत आर्थिक वर्षमा पनि १५ अर्ब रुपैयाँ बजेट छुट्टचाइएकोमा त्यसको एक तिहाइ मात्र खर्च भएको थियो । विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) पारित हुन ढिलाइ भएकाले समस्या आएको सेनाको दाबी छ । गत वर्ष माघमा बनाएको प्रतिवेदन यो भदौमा पारित भएको हो । रुख कटान, जग्गा अधिग्रहण र मुद्दामामिला अझै बाँकी छन् । हालसम्म रुख कटान र जग्गा अधिग्रहणका काम ९७-९८ प्रतिशत मात्रै सकिएका छन् । खोकना आसपासको जग्गामा समस्या छ । पुरातात्त्विक स्थानको महत्त्वमा असर नपुऱ्याउने गरी डीपीआर परिमार्जन गरेर भए पनि यस्ता सवाल शीघ्र टुंग्याइनुपर्छ ।

ललितपुरको खोकना र बाराको निजगढ जोड्ने द्रुत मार्गको लम्बाइ ७२ दशमलव ५ किमि हुनेछ । यो बाटो सञ्चालनमा आएपछि काठमाडौं-निजगढ दूरी १ घण्टामा छोटिनेछ । अहिले निजगढबाट काठमाडौं आउन छोटो मार्ग प्रयोग गर्दा औसत पाँच घण्टा लाग्छ । सेनाले तीव्र गतिमा काम भएको दाबी गर्दै आए पनि निर्माणमा सबैभन्दा कठिन भनिएका पुल र सुरुङको काम अझै अघि बढेको छैन । यस मार्गमा ८७ पुल हुनेछन्, तीमध्ये १६ वटा विशेष । पुलको दूरी मात्रै १०.५९६ किमि हुनेछ । सुरुङ मार्ग ३ वटा हुनेछन्, जम्मा ६.४१ किलोमिटर । पुल र सुरुङका लागि बल्ल ठेक्का दिने तयारी भइरहेको सेनाले जनाएको छ । अहिले ५५ किमि सडक खण्डमा मात्रै चट्टान एवं पहाड काट्ने र फिलिङ गर्ने काम भइरहेको छ । चार लेनको सडकको चौडाइ पहाडमा २५ मिटर र तराईमा २७ मिटर हुनेछ ।

राष्ट्रिय प्राथमिकताको आयोजनाकै प्रगति लक्ष्यबमोजिम नहुनु विडम्बनापूर्ण छ । समयमै काम नसकिँदा मुलुकको विकासमा मात्र असर पुग्दैन, यसको लागत पनि बढ्दै जान्छ । सुरु लागत अनुमान १ खर्ब ११ अर्ब रहेको परियोजनाको संशोधित अनुमानबारे अहिले फरकफरक तथ्यांक छ । आर्थिक वर्ष २०७६/७७ को 'बजेटको अर्धवार्षिक समीक्षा प्रतिवेदन' मा संशोधित अनुमान १ खर्ब ७५ अर्ब रुपैयाँ भनिएको छ । तर राष्ट्रिय योजना आयोगद्वारा प्रकाशित 'राष्ट्रिय गौरवका आयोजनाहरूको संक्षिप्त परिचय' मा यसको संशोधित अनुमान २ खर्ब १३ अर्ब उल्लेख छ । सही तथ्यांक जे भए पनि निर्माण अवधि जति बढ्दै जान्छ, त्यति यसको लागत पनि थपिँदै जाने निश्चित छ । पछि लागत अध्याधिक भएमा निर्माण सम्पन्न भएर सञ्चालनमा आउँदा त्यसको अनुपातमा लाभ प्राप्त नहुने पनि हुन सक्छ ।

अहिले ३० वटा प्याकेजमा ठेक्का गरेर निर्माण भइरहेको छ । जसमध्ये ५ वटा प्याकेजमा सेनाले आफ्नै जनशक्ति र साधन प्रयोग गरेर काम गरिरहेको छ । समयमै गुणस्तरीय द्रुत मार्ग बनाउन सरकार र सम्बन्धित पक्षले निर्माण अघि बढाउने वातावरण बनाउनुपर्छ । यस परियोजनामा मुलुक रक्षाको मूल जिम्मेवारी भएको सेनाको आफ्नै प्रतिष्ठा पनि दाउमा छ । सरकारले समयमै काम सक्ने विश्वासका कारण सेनालाई जिम्मा लगाएको हो, यो विश्वास उसले डगमगाउन दिन हुँदैन । आयोजनाबारे कतिपय कामकारबाही पारदर्शी नभएको आरोप लाग्ने गरेको छ । संसद्को विकास तथा प्रविधि समितिले हालै आयोजना गरेको द्रुत मार्गसम्बन्धी छलफलमा सांसदहरूले अहिलेसम्मको भौतिक प्रगति माग गर्दा सेनाले दिन चाहेन । सेनाले यसको प्रगति विवरण पनि दुरुस्त राख्नुपर्छ । अनि, मूल र सहायक ठेक्का क-कसलाई दिइएको छ त्यो सूची पनि पारदर्शी बनाइनुपर्छ ।

भ्रष्टाचारको क्वारेन्टाइनमा ओली



प्रदीप पौडेल

भ्रष्टाचारीको मुखै नहेर्ने दाबी गर्ने प्रधानमन्त्री खड्गप्रसाद ओली कार्यकालको तेस्रो वर्ष सुरु हुँदा नहुँदै आफैं मुख देखाउन नसक्ने ठाउँमा पुगुभएको छ । ५४ करोड घूस डिल गरेको सञ्चारमन्त्रीको अडियो प्रकरणपछि अब उहाँसँग एउटै विकल्प छ- पूरै प्रकरणको निष्पक्ष छानबिनका लागि राजीनामा ।

सेक्युरिटी प्रेस खरिदमा प्रधानमन्त्री ओली अघिल्लै कार्यकालदेखि जोडिएको खुलासा भइसकेको छ । त्यसमाथि ओलीका लागि गोकुल केबल मन्त्री थिएनन्, 'छोरा' थिए । उनी ओली सरकारका प्रवक्ता मात्र थिएनन्, ओलीकै घरमा बस्थे । गोकुलले घूस मागेको अडियो प्रधानमन्त्रीकहाँ पनि पुग्यो । तर, भ्रष्टाचारीको मुखै नहेर्ने सदाचारी प्रधानमन्त्रीले गोकुललाई सहरी विकास मन्त्रालय पनि थपेर सजाय दिनुभयो । त्यति मात्र होइन, काभ्रे पुगेर गोकुल अतुलनीय प्रतिभा भएको दाबीसमेत गर्नुभयो । तथ्य प्रस्ट छ, अडियो गोकुलको भए पनि डिल प्रधानमन्त्रीकै थियो । त्यसैले अब भ्रष्टाचारको क्वारेन्टाइनमा गोकुल मात्र बसेर पुग्दैन, प्रधानमन्त्री आफैं बस्नुपर्छ । गोकुलको राजीनामाले पुग्दैन, प्रधानमन्त्रीले नै राजीनामा दिनुपर्छ ।

खासमा ओली सरकारमा भ्रष्टाचार अपवाद होइन, नियम भएको छ । देशकै इतिहासमा यो पहिलो सरकार हो, जसका सचिवले मेलम्ची प्रकरणमा मन्त्रालयमै पत्रकार सम्मेलन गरेर मन्त्रीले पैसा मागेको आरोप लगाए । तर, सुशासक ओलीले न सचिवलाई छुनुभयो, न मन्त्रीलाई । सरकारले घूस माग्यो भन्दै इटालियन ठेकेदार हिँड्यो तर सरकारको सरम प्रधानमन्त्रीसँगै डाइलोसिस कक्षमा गयो र शुद्ध भएर फर्कियो । के अडियो प्रकरण पनि यसै गरी शुद्ध हुन दिने ?

प्रधानमन्त्री यतिको प्रेमी वा शुभेच्छुक मात्र होइन, सीईओ नै भएको पुष्टि हुन्छ, किनकि यतिका निम्ति प्रधानमन्त्रीले निजी प्रतिष्ठा मात्र होइन, जनमतलाई समेत दाउमा राख्नुभएको छ । जनताले दिएको सुविधाजनक बहुमतलाई जनताका लागि होइन, यतिका लागि दुरुपयोग गर्नुभएको छ । ओलीको परिचय सस्तो दर्जाका तुक्काफुक्काबाट, तत्काल पाइने सस्तो तालीबाट बन्यो । प्रधानमन्त्री भएपछि त उहाँले जिम्मेवारीबोध गर्नुहोला कि भन्ने आशा गरिएको थियो । एक त रोगले आक्रान्त, त्यसमाथि निःसन्तान ओलीले कम्तीमा यस पटक कीर्तिका लागि पनि केही त गर्नुहोला भन्ने सबैजसोलाई लागेको थियो । उहाँले कीर्ति मात्र होइन कीर्तिमान नै राखेर जानुहुने भयो, तर नामको होइन दुर्नामको । सदाचारको होइन भ्रष्टाचारको । रेल र पानीजहाजका जोसिला गीत गाएर बालुवाटार पुगेका प्रधानमन्त्रीले बालुवाटार पुगेर केवल यतिको बाँसुरी बजाउनुभयो । यतिसँग प्रधानमन्त्रीको अविच्छिन्न तर अनैतिक सम्बन्ध जनतामाथि धोका होइन ?

ओलीले नेपाली समाजलाई घृणा र ध्रुवीकरणतिर लगेर अनि स्थायित्व, रेल र पानीजहाजका सपना बेचेर चुनाव त जित्नुभयो, तर राष्ट्रका समस्या सल्टाउन उहाँसँग न नीति थियो, न दृष्टिकोण, न इच्छाशक्ति । दुई वर्षमा यो प्रमाणित भइसकेको छ । 'बलियो' सरकार हरेक दिन फेसबुकमा परीक्षा दिन्छ । फलाना मन्त्री जाने र फलाना मन्त्री आउने अनुमानमा अब सट्टाबाजी मात्र हुन बाँकी छ । 'छोरा' हुन नपाएका जति मन्त्रीहरू पर्सिएका बोकाजस्ता भएका छन्, जसलाई बालुवाटारको खड्गले कहीँ कति बेलै पनि मार हान्न सक्छ । तिनमा न आत्मविश्वास छ, न उत्साह । मन्त्रालयभन्दा पनि बालुवाटारका चौकीदारहरूको चाकडीमा तिनको कार्यकाल बितिरहेको छ । मन्त्रीहरूको कार्यक्षमता मूल्यांकन कति विवेकपूर्ण छ, पुनर्गठनमै देखियो । आफैं असफल र अयोग्य साबित प्रधानमन्त्रीले मन्त्रीको रिपोर्ट कार्ड कसरी बनाउने ?

राजनीतिज्ञका रूपमा ओलीको कार्यशैली सधैं निषेधकारी देखिन्छ । पार्टी अध्यक्षका रूपमा उहाँको कार्यशैली स्वेच्छाचारी, व्यक्तिवादी र पक्षपाती भएको आरोप नेकपाकै नेताहरूले लगाइरहेका छन् । अघिल्लो पटक उहाँले संसद्मा जम्मा एक सिट भएकाहरूलाई समेत भटाभट मन्त्री बनाउनुभएको थियो । छ दिशातिर फर्केका छ जना उपप्रधानमन्त्रीले सरकारको शोभा बढाएका थिए । अहिले भन्न त एउटै पार्टी छ, तर यो पार्टीको हरेक तारबाट बेग्लाबेग्लै धुन बजेका छन् । सरकारको वैचारिक विरोधाभास थरीथरीका मन्त्रीहरूका विचित्रका अभिव्यक्तिमा प्रकट भइरहेको छ । गृहमन्त्री भन्छन्, एमसीसी पास हुँदैन । परराष्ट्रमन्त्री भन्छन्, पास हुन्छ । प्रधानमन्त्री आफैं प्रथम अध्यक्ष रहेको नेकपाको केन्द्रीय कमिटीले एमसीसीमाथि कार्यदल बनाउँछ र प्रथम अध्यक्षज्यू नै त्यसलाई तमासा भन्नुहुन्छ । एमसीसी त उदाहरण मात्र हो, ओली सरकारको आयु लम्बिँदै जाँदा राष्ट्रको कूटनीतिक र आन्तरिक क्षमतामा पनि थप ह्रास आउने प्रस्ट छ । आफ्नै पार्टीपंक्तिलाई विश्वासमा लिन नसक्नेले सिंगो देश र अन्तर्राष्ट्रिय जनमतलाई कसरी विश्वासमा लिन सक्ला ?


प्रधानमन्त्रीका लागि स्वार्थ नै सिद्धान्त हो । हिजो उहाँका लागि माओवादी केबल हत्यारा थिए, पछि एकाएक सहकर्मी भए । हिजो मधेस आन्दोलनका मृतकहरू ओलीका लागि 'झरेका आँप' थिए । हिजो राजेन्द्र महतोहरू घनघोर राष्ट्रविरोधी थिए । पछि राजेन्द्र महतोलाई चुनाव जिताउन उहाँलाई कत्ति संकोच भएन । अहिले राष्ट्रिय सभाको निर्वाचनमा तिनै महतोहरू सहोदर कमरेड भए । हिजो मधेसको समथर भूमि र विहारको समथर भूमि उहाँका लागि एउटै थियो । हिजो निम्नस्तरको ध्रुवीकरण र घृणाको खेती गर्ने ओलीलाई आज सीके राउतसँग एउटै मञ्च गौरवको विषय भएको छ ।

ओलीले नेपाली राजनीतिमा जुन भाषा, जुन शैली र जुन अपमानको संस्कार विकास गर्नुभएको थियो, त्यो विषवृक्ष भएर अहिले उहाँकै पार्टीमा फैलिइरहेको छ । नेकपामा अब ओलीको एकलौटी वर्चस्व सकिइसकेको छ । करिब दुई वर्ष ओलीले 'मेरो वचन नै हो शासन' शैलीमा बाहुबली सिनेमा देखाउनुभयो । अहिले उहाँ सरकार ढाल्ने षड्यन्त्र भइरहेको छ भनेर आफैं रुन थाल्नुभएको छ । दुईतिहाइको दम्भले चूर ओली आज आफैंले टेक्ने ठाउँ नभेट्ने अवस्थामा पुग्नुभएको छ ।

प्रधानमन्त्री संकोचहीन हुनुहुन्छ । रोस्टममै उभिएर पनि झूट बोल्न सक्नुहुन्छ । प्रधानमन्त्रीको दाबी छ, विद्यार्थी भर्ना यो सरकारका पालामा १२ प्रतिशतबाट ८६ प्रतिशत पुगेको छ । तर, शिक्षा मन्त्रालयकै शैक्षिक गुणस्तर मापनले गरेको सर्वेक्षणले भन्छ- कक्षा ८ मुनिको औसत सिकाइ उपलब्धि ५० प्रतिशत पनि छैन । कक्षा १ मा भर्ना हुने विद्यार्थीको संख्या १४ लाख हाराहारी छ भने १० कक्षासम्म पुग्दा त्यो संख्या घटेर ४ लाख हाराहारी पुगेने गरेको छ । भर्ना हुँदाको तथ्यांक देखाएर कक्षा १० नपुग्दै विद्यालय नै छाड्ने करिब १० लाख विद्यार्थीको भविष्यमाथि उदासीन हुन मिल्छ ? प्रधानमन्त्रीले संसद्मा दाबी गर्नुभयो- खानेपानीमा ९९ प्रतिशत जनताको पहुँच छ तर केही महिनाअघि नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) ले गरेको परीक्षणमा जार र बोतलकै पानी पनि पिउन अयोग्य देखियो । सरकारले पिउनयोग्य भनेको पानीमा पनि व्यापक मात्रामा आइरन, ब्याक्टेरिया, अमोनिया र क्लोरोफर्म भेटियो ।

प्रधानमन्त्री प्रश्नदेखि भने तर्किनुहुन्छ । निर्मला पन्तको बलात्कारी र हत्यारा कहाँ छन् ? कहाँ छ तेत्तीस किलो सुन ? कहाँ छ यातायात सिन्डिकेटको खाता ? काम नगर्ने ठेकेदारलाई कारबाही गर्छु भनेर सूची माग्ने प्रधानमन्त्रीले नै जरिवानासम्म नतिराई सबै ठेक्काको नवीकरण गरेपछि कहाँ खोज्ने प्रधानमन्त्रीको नैतिकता ?

प्रधानमन्त्री शासनको हरेक मोर्चामा असफल भइसक्नुभएको छ । उहाँलाई सोध्न प्रश्नैप्रश्न छन् । बुट र हेल्मेट लगाएर चौरमा घाम तापिरहेका नेकपाका सुकिला कार्यकर्तालाई बाँडेको पैसा नै थियो त प्रधानमन्त्री रोजगार कार्यक्रम ? दुईतिहाइको सरकारमा कति रोजगारीका अवसर सिर्जना भए र कति जनशक्ति पलायन हुनबाट रोकियो ? कति घट्यो महँगी ? कति खुले नयाँ उद्योग ? कति बढ्यो निर्यात ? के छ पोखरा विमानस्थल र मध्यपहाडी राजमार्गको प्रगति ? कति घट्यो नेपाल वायुसेवा निगमको घाटा ? कहाँ पुग्यो लगभग मुआब्जा बाँडिसकेको बूढीगण्डकी आयोजना ?



प्रधानमन्त्रीले नेपाली राजनीतिमा जुन भाषा, जुन शैली र जुन अपमानको संस्कार विकास गर्नुभएको थियो, त्यो विषवृक्ष भएर अहिले उहाँकै पार्टीमा फैलिइरहेको छ । उहाँले कीर्ति मात्र होइन कीर्तिमान नै राखेर जानुहुने भयो, तर नामको होइन दुर्नामको । सदाचारको होइन भ्रष्टाचारको ।

अनि के-के थपिए दूरगामी महत्त्वका सिग्नेचर प्रोजेक्ट ? अघिल्ला सरकारहरूबाट विरासतमा प्राप्त आयोजना र उपलब्धिलाई निजी उपलब्धि भनेर कति दिन जनता भुक्याउन सकिन्छ ?

एक हप्तामै गुठी विधेयक किन फिर्ता लिनुपऱ्यो ? मिडिया विधेयक किन परिमार्जन गर्नुपऱ्यो ? सरकार सिक्न र समीक्षा गर्न चाहँदैन । अझ सामाजिक सञ्जालमा आउने जनधारणा नियन्त्रण गर्न सरकारले आफैं तोकेका न्यायाधीशहरूको 'कंगारु कोर्ट' खडा गर्न खोज्छ । शैलीमा स्वेच्छाचारी, नियतमा भ्रष्टाचारी, व्यवहारमा निरंकुश सरकार देशलाई किन चाहिएको छ ?

वाम गठबन्धनको घोषणापत्रमा दुई वर्षभित्र नेपाललाई आधारभूत खाद्यान्नमा आत्मनिर्भर बनाउँछौं भनिएको थियो । बन्यो ? भारतबाट आउने तरकारीको विषादी परीक्षणसम्म गर्न नसक्दा प्रधानमन्त्री निरीह भएर जनतालाई ढाँट्दै हिँड्नुपर्ने अवस्था सिर्जना भयो । कालिमाटी तरकारी बजार निरीक्षण गर्न पुगेका मन्त्री स्वयं लज्जित भएर फर्किनुपऱ्यो । दुई वर्षभित्रै राष्ट्रव्यापी नापी लागू गरी भूमिको अभिलेख अद्यावधिक अनि वैज्ञानिक भूमिसुधार गर्ने प्रधानमन्त्रीको वाचा थियो । पूरा भयो ? कि विष्णु पौडेलले पाएको बालुवाटारको आठ आना जग्गा नै क्रान्तिकारी भूमिसुधार थियो ?

केरुङ-काठमाडौं रेलको विषयलाई लिएर प्रधानमन्त्रीले नै अतिरञ्जित प्रचार गरेपछि बाध्य भएर चिनियाँ राजदूतले पत्रकार सम्मेलन नै गरेर तत्काल रेलको सम्भावना नरहेको प्रस्टीकरण दिनुपऱ्यो । अघिल्लो पुस १६ गतेलाई नै प्रधानमन्त्रीले पानीजहाज चढ्न निम्तो बाँडुनुभएको थियो । अब नेकपाका कार्यकर्ताहरू स्टिमरलाई पानीजहाज भन्न थालेका छन् । राष्ट्रवादको मादलको खरी झरेको छ । ओलीले भारतसँग १९५० मा गरिएको सन्धिलाई प्रतिस्थापन गर्ने वाचा गर्नुभएको थियो, तर लिम्पियाधुरा र लिपुलेक समेटेर नक्सासम्म सार्वजनिक गर्न सक्नुभएन । प्रधानमन्त्री राष्ट्रवादका चर्का कुरा गर्नुहुन्छ तर मन्त्रीहरू कालापानी वरैबाट हेलिकप्टरमा फोटोसुट गर्छन् । के एक्काइस किलोमिटर पर हेलिकप्टरबाट निरीक्षण गरेर फिर्ता आउँछ लिपुलेक ? टुटल र पठाओकै बारेमा केही निर्णय गर्न नसक्ने सरकारले प्रविधि र इनोभेसनको कुरा गरेर कसैले पत्याउँछ ?

अब सोध्ने बेला आएको छ- कसका लागि काम लाग्यो त ओलीको दुई तिहाइ ? खाडीको तातो बगरमा ऊँट चराइरहेको नागरिकका लागि कि यतिका लागि ? हरेक दिन सरकारका 'उपलब्धि' मिडियामा आइरहेका छन्, तर लाजलाग्दा काण्डका रूपमा । अब प्रधानमन्त्री अखबारका शीर्षकसँग उत्तेजित हुने कि आफ्नो अयोग्यता स्वीकार गर्ने ? सम्पादकको मुटु पहिले खोज्ने कि यतिहरूसँग धरौटी राखेको प्रधानमन्त्री स्वयं र सरकारको मुटु फर्काउने ? कसले तिरेको छ प्रधानमन्त्रीको सिंगापुरको बिल ? र, के पाएको छ त्यसले पुरस्कार ?

होली वाइन प्रकरणमा हामीले देख्यौं, प्रधानमन्त्रीले लगभग एक साता बालुवाटारबाट बसाइँ नै सरेर मुनको विषालु प्रसाद पिउनुभयो । वाइडबडीमा हामीले देख्यौं, छानबिनसम्म नगरेर दोषीलाई ठाडै जोगाउनुभयो । ललिता निवासमा हामीले देख्यौं, विष्णु पौडेललाई जोगाउन अख्तियारको समेत खुला दुरुपयोग गर्नुभयो । अब अडियोले भन्छ, बालुवाटार आफैं भ्रष्टाचारको मुख्यालय भएको छ । ओली प्रधानमन्त्री रहिरहेर गोकुलमाथि निष्पक्ष छानबिन हुन सक्दैन, किनभने गोकुल पात्र हुन् र प्रधानमन्त्री निर्देशक । त्यसमाथि अख्तियार र राज्यका अंगको दुरुपयोग हामीले देखिसकेका छौं । त्यसैले सेक्युरिटी प्रेस काण्डको निष्पक्ष छानबिनका लागि पनि प्रधानमन्त्रीले राजीनामा दिनैपर्छ ।

सम्पादकलाई चिठी

'अग्रणी' मा छुटेका अग्रज

कान्तिपुरले २७ औं वार्षीकोत्सवमा प्रकाशित 'अग्रणी'मा बितेका १०० वर्षमा दिवंगत भएका केही व्यक्तित्वले परिवर्तनका लागि गरेको संघर्षका कथा संग्रहणीय छ । तर, कान्तिपुरको 'अग्रणी'मा थुप्रै छुट्नै नहुने व्यक्तित्व छुटेका छन् । इतिहासमा कम योगदान भएकाले पनि ठाउँ पाएका छन् । योगी नरहरिनाथ अटाउन सकेनन् । सहिदहरू दशरथ चन्द, गंगालाल, धर्मभक्त र शुक्रराज शास्त्रीहरूका एक शब्द पनि यसमा अटेन । मदन भण्डारी, गिरिजाप्रसाद कोइराला समेटिएनन् । कतिपय स्रस्टाहरूबारे लेख्ने लेखकहरूमा विषयवस्तुको कम ज्ञान भएको उदाहरण जयपृथ्वीबहादुर सिंहको लेखमा देखियो । जंगबहादुर राणाका छोरीका नाति जयपृथ्वीबहादुर सिंहलाई लेखमा जंगबहादुरका भान्जा भनिएको छ । जयपृथ्वीलाई उनलाई ससुरा चन्द्रशमशेरले 'पाखे ठकुरी' भनेको कुरा उल्लेख छ । ससुरा चन्द्रशमशेरसँग जयपृथ्वीको राजनीतिक कारणले मनमुटाव भएपछि उनी स्वेच्छाले प्रवास गएका हुन् 'पाखे ठकुरी' भनेर होइन । सहिद भीमदत्त पन्तबारे लेखमा पनि थुप्रै तथ्यगत त्रुटिहरू छन् । कान्तिपुरले भविष्यमा सम्बन्धित विषयका जानकार व्यक्तिहरूलाई स्थान देओस् । अनि छुटेका व्यक्तिहरू पनि समेटिऊन् ।

- तुलसी पाठक, *नेपालगन्ज, बाँके*

प्रधानमन्त्रीको नैतिक आधार

'आफू पनि भ्रष्टाचार नगर्ने र भ्रष्टाचारीको मुख पनि हेर्दिनँ' भन्ने प्रधानमन्त्री केपी शर्मा ओलीले गोकुलप्रसाद बाँस्कोटाको टेप दुईमहिना अगाडि नै सुनेको सर्वजनिक भएको छ । यसले ओलीको नैतिकतामाथि प्रश्न उठेको छ । दुई महिना अगाडि नै टेप ओलीले सुन्दासुन्दै बाँस्कोटालाई कारबाही सरकारले दिएको तलबले नपुगेर हो ? पदमा पुग्दा अहिले नै गरौं पछि के हो के भनेर पो हो कि ? नेपाली समाज यस्तो धेरै प्रश्नहरूमा जेलिएको छ । हाम्रो चाहना भ्रष्टाचारीलाई अदालतले दण्डित गरेको हर्ने छ ।

- रामकृष्ण बराल, *जोरपाटी*

शिक्षामा फेरि कार्यकर्ता पोस्ने मेलो



१. अस्थायी शिक्षकको कोलाहलबाट सार्वजनिक शिक्षा भर्खरै केही हदसम्म मुक्त भई सार्वजनिक शिक्षामा गुणस्तरको अनुभव गर्न थालिएको वर्तमान अवस्थामा यो वा त्यो निहुँमा सार्वजनिक शिक्षामाथि प्रहार हुने काम शिक्षा मन्त्रालयले गर्न लागेको छ ।

२. गणित, विज्ञान र अंग्रेजीका विषयमा शिक्षक अभाव भई हजारौं शिक्षक आवश्यक रहेको र यी विषयमा दरबन्दी मिलानबाट समस्या समाधान नहुने कुरा पनि जगजाहेर छ ।

३. अहिले शिक्षा मन्त्रालय यी विषयमा मासिक २४ देखि ३० हजार पारिश्रमिकमा एकवर्षे स्वयंसेवक शिक्षक नियुक्ति गरी काम चलाउने सोचमा छ, जुन झट्ट हेर्दा सार्वजनिक शिक्षाको गुणस्तरमा सरकार दत्त चित्त रहेको जस्तो देखाउँछ ।

४. तर हाम्रै मुलुकमा शिक्षा मन्त्रालयको स्वीकृति लिएर यी विषयहरूमा स्वयंसेवक शिक्षकको व्यवस्थापन टिच फर नेपालले ८ वर्षदेखि गर्दै आएको छ मासिक १७ हजारमा त्यो पनि २ वर्षसम्म । टिच फर नेपालको फेलो बनेर जानेले गुणस्तरमा फड्को मारेकै छन्, अहिले त यसमा स्थानीय सरकारले समेत सहकार्य गर्न थालेका छन् ।

५. स्थानीय सरकारको सहभागितामा गैर सरकारी संस्थासँग मिलेर कार्यक्रम चलाउन सकिने मोडल हुँदाहुँदै केन्द्रीय सरकार हावी भई सबै जिम्मा आफैं लिन खोज्नु प्राज्ञिक र आर्थिक हिसाबले कत्तिको सान्दर्भिक होला ?

६. स्वयंसेवक भर्ना गर्दा एक साताको म्याद दिएर निवेदन आह्वान गर्ने र छनोट भएकालाई खास तालिम बिना विद्यालय पठाउने संकेत कार्यविधिले गरेको छ ।

७. यो भनेको संघीय सरकारको इसारामा राजनीतिक कार्यकर्ता विद्यालयमा शिक्षक बनाउने रणनीति नै हो भन्न कर लाग्छ ।

८. स्वयंसेवकको रूपमा शिक्षक राख्नु अन्यथा मान्न सकिन्न तर तिनको क्षमता परीक्षण वैज्ञानिक रूपमा गरिएन भने सार्वजनिक शिक्षाको गुणस्तर उँभो लाग्ने लक्षण देखिन्न ।

९. अंग्रेजी, विज्ञान र गणित जस्ता संवेदनशील विषयमा दरबन्दी यकिन गरी ५ वर्षभित्रमा पूरा गरिसक्ने सरकारको शिक्षा नीति कतै एकवर्षे स्वयंसेवक कार्यक्रमको निरन्तरतामा टुंगिने त हैन ?

१०. एकपटक शिक्षा मन्त्रालयले पुनरावलोकन गरोस् ।

- मनप्रसाद वाग्ले, *मीनभवन, काठमाडौं*

जनता दुःखी, कमरेड खुसी


कान्तिपुरमा प्रकाशित 'कमरेडको खुसीशास्त्र' शीर्षकको विचारमा चित्रिण गरिब र सिमान्तकृत मतदाताहरूको कथाव्यथा दयनीय छ । निरीह र निमुखा जनताको भाग्य सिंहदरबारले फेरेन न त क्रान्तिहरूले नै फेऱ्यो । सरकार रजगजका साथ सिंहदरबारमा छन् । समृद्ध नेपाल, सुखी नेपाली भन्ने सरकारको लक्ष्य सफल भएको डंका प्रधानमन्त्री केपी शर्मा ओलीले पिटिरहेका छन् । किसानले मेहनतको फल पाएका छैनन्, मूल्यवृद्धि अकासिएको छ । किसानहरू झन्झन् गरिब भइरहेका छन् । मजदुरी गर्नेहरू संकटमा परेका छन् । दुःखी जनता मुगलानमा दुःखकै जिन्दगी बाँच्न बाध्य छन् । मुलुकमा रोजगारी छैन । यस्ता कुराको सम्बोधन विगत दुई वर्षमा सरकारले गऱ्यो त ? यस्तोमा जबरजस्ती जनता खुसी छन् भन्ने भाषण विरोधाभासपूर्ण भएन ? जनता कमजोर तर सरकार बलियो हुने कस्तो लोकतन्त्र हो यो । खुसी को छन् त ? आजसम्मका प्रधानमन्त्रीहरू, मन्त्रीहरू र यिनका आसेपासे, लाभको पद प्राप्त गर्ने, बिचौलियाहरू नै खुसी होलान् । लोकतन्त्र पनि यिनीहरूलाई आएको छ । सिंहदरबारले नचिनेका निरीह जनताको सपना कसले सम्बोधन गर्ने ? फाटेका चप्पल र लुगा लगाउनेको मतले सिंहदरबारमा राज गरेको सरकारले पिल्सिएका जनता दुःखी रहेसम्म एकोहोरो खुसी छु भन्नुको औचित्य के ?

- गंगाराज अर्याल, *पाणिनि-८, पाली, अर्घाखाँची*

राजीनामा दिने पालो अब कसको ?



गौरीबहादुर कार्की



२०७३ साउनमा, प्रधानमन्त्री केपी शर्मा ओलीको पहिलो कार्यकालमा लगानी बोर्ड बैठकले तत्काल सेक्युरिटी प्रेस स्थापना गर्ने निर्णय गरेको थियो ।

कुनै पनि ठूलो खरिदको कारोबार सार्वजनिक खरिद ऐनको प्रक्रिया पूरा गराएर गर्नुपर्ने कानुनी व्यवस्था छ तर यसको पालना गरिँदैन । मन्त्रिपरिषद्मा लगेर खरिद गर्ने निर्णय गराइन्छ । यो विवादमा पनि टेन्डरबाट नभई सस्तोमा, कमिसन नदिईकन सिधै उत्पादक मुलुकसँग खरिद गर्ने, सरकार-सरकार कारोबार गर्ने (जीटूजी) भनी मन्त्रिपरिषद्बाट निर्णय गरियो । सिधै उत्पादक देशसँग खरिद गर्ने निर्णय भएपछि पनि विभिन्न खेल हुँदै गए । सुरुमा स्विट्जरल्यान्डसँग कुरा भएकामा फ्रान्स र जर्मनीसँग पनि कुरा चलाइयो बिचौलियामार्फत ।

संसद्को सार्वजनिक लेखा समितिले पनि यो प्रकरणमा छानविन सुरु गरेको थियो । लेखा समितिले सेक्युरिटी प्रेस खरिदबारे प्रिन्टिङ प्रेसका विज्ञ विजयप्रकाश मिश्र र सफ्टवेयर इन्जिनियर सुधीरराज पाण्डेसँग छलफल गरेको थियो । समिति बैठकमा विज्ञका रूपमा उपस्थित मिश्रले लागत मूल्यभन्दा करिब ७ अर्ब रुपैयाँ बढाएर प्रस्ताव गर्ने कम्पनीलाई खरिद अनुमति दिन लागेको भनी विवाद उठाएका थिए । तिनै मिश्रले डेढ वर्षअघि नै सञ्चारमन्त्री गोकुल बाँस्कोटासँगको कमिसनको कुराकानी रेकर्ड गराएका रहेछन् । आफू एजेन्ट रहेको स्विस कम्पनीले नपाउने भएपछि त्यो रेकर्ड प्रधानमन्त्री ओलीलाई समेत उपलब्ध गराएका रहेछन् । प्रधानमन्त्रीबाट कुनै कारबाही नभएपछि अहिले त्यो कमिसन डिलसम्बन्धी कुराकानी सार्वजनिक भयो ।

स्विस कम्पनीका एजेन्ट विजयप्रकाश मिश्रले संसदीय समितिले गलत निर्णय गर्न लागेको भनेर एक अनलाइन पोर्टललाई बताएको देखिन्छ । यही विषयलाई लिएर संसदीय समिति र सांसदहरूको अपमान गरेको भनी साइबर अपराधमा कारबाही गर्न प्रहरीको साइबर क्राइम ब्युरोलाई सार्वजनिक लेखा समितिका सचिवले पत्र लेखेका छन् । यसबाट यो विवाद अझै पेचिलो बन्दै गएको छ ।

सेक्युरिटी प्रेस खरिदबारे संसदीय समितिमा छानबिन चल्दा सञ्चार मन्त्रालयका कर्मचारीले गोलमटोल जवाफ दिएपछि सांसदहरूले सचेत गराएका थिए । प्रेसबारे बुझ्न भनी युरोप जाँदा सबै खर्च सरकारले बेहोरेको बताएका सुरक्षण मुद्रण केन्द्रका कार्यकारी निर्देशक विकल पौडेलले सांसद विरोध खतिवडाको चेतावनीपछि जर्मनी जाँदा नेपाल सरकारले खर्च उठाएको र फ्रान्स जाँदा आफ्नो टिकट फ्रान्स सरकारले बेहोरेको जवाफ दिएका थिए ।

फ्रान्सबाट खरिद गर्ने निर्णय गरिएको सेक्युरिटी प्रेसमा पनि कुख्यात यति होल्डिङ्स नै कमिसन एजेन्ट रहेको भनिएको छ । फ्रान्सको आईएन ग्रुपलाई २०७६ जेठ ५ मा यतिका तर्फबाट आफैंले पत्र लेखेको आरोप पनि मन्त्री बाँस्कोटालाई लागेको छ । सेक्युरिटी प्रेस स्थापनाका सन्दर्भमा सञ्चारमन्त्री बाँस्कोटा, सञ्चारसचिव महेन्द्रमान गुरुङ, सुरक्षण मुद्रण केन्द्रका कार्यकारी निर्देशक विकल पौडेल र यतिका मालिक (स्वर्गीय) आर्डछिरिङ शेर्पा पटक-पटक फ्रान्स र जर्मनी गएका थिए । लेखा समितिका सदस्यहरूले सेक्युरिटी प्रेसको ठेक्का लिने कम्पनीको स्वार्थमा पटक-पटक सम्बन्धित देशको भ्रमण गर्नुको उद्देश्यका विषयमा कार्यकारी निर्देशक पौडेललाई प्रश्न गरे- मन्त्री बाँस्कोटा फ्रान्समा प्रेस हेर्न जानुपर्ने कारण के थियो ? के मन्त्री यो प्रेससम्बन्धी कुनै विज्ञ हुन् ? भ्रमणमा यतिका आङ छिरिङसमेत गएकाले यो कारोबारमा ठूलो कमिसनको खेल रहेको मान्नुपर्छ । सेक्युरिटी प्रेस स्थापनाका लागि २७ अर्ब पर्नेमा बाँस्कोटाले २८ अर्बको स्टिमेट बनाउन लगाउनुको उद्देश्य पनि कमिसनकै खेल हो ।

सेक्युरिटी प्रेस खरिदको कमिसनमा प्रधानमन्त्री ओलीको रुचि थिएन भने यसलाई किन मन्त्रिपरिषद्मा लगियो ? नीतिगत निर्णयको आडमा ३० औं अर्बको खरिदमा अख्तियारलाई छल्न खोजेको प्रस्ट नै छ ।

भ्रष्टाचारको उद्योग

घूस लिनुदिनु गर्दा वा सरकारी सम्पत्तिको हिनामिना गर्दा भ्रष्टाचारको कार्य घटित वा वारदात भइसकेको हुन्छ । सबै कामकुराको तयारी गरेको तर काम सम्पन्न हुन बाँकी रहेको अवस्थालाई नेपाली कानुनमा 'उद्योग' भनिन्छ । सेक्युरिटी प्रेस खरिद भ्रष्टाचारमा पनि काम सम्पन्न भइनसकेकाले भ्रष्टाचार गर्ने उद्योग मुद्दाको वारदात कायम हुन्छ । सेक्युरिटी प्रेस सप्लाई गरी घूस मिलाउने र सरकारी रकमबाट सामान खरिद गर्ने सरकारी पक्षका मन्त्री गोकुल बाँस्कोटाको कुराकानीको रेकर्ड नै बाहिरिएकाले अख्तियारले भ्रष्टाचार गर्ने उद्योगको कसुरमा अनुसन्धान तहकिकात गर्नुपर्ने हुन्छ ।

सेक्युरिटी प्रेस खरिद प्रक्रिया सरकारले बाँस्कोटाकै अगुवाइमा अगाडि बढाइएकामा विवाद भएन । खरिदकर्ता नेपाल सरकार र सेक्युरिटी प्रेससम्बन्धी विषय हेर्ने मन्त्री पनि उनै थिए । कुनै उनाउ व्यक्तिले यो कारोबार गर्न लागेको भन्ने पनि होइन । खरिद गर्न लागेको प्रेसको सरोकारवाला बाँस्कोटा नै थिए । कमिसन लेनदेनको अडियो बाहिरिएपछि बाँस्कोटाले सञ्चारमन्त्रीबाट राजीनामा दिए ।

उक्त अडियोबारे दुई महिनाअगाडि नै जानकारी भइसके पनि प्रधानमन्त्री ओली मौन रहे । बाँस्कोटा प्रधानमन्त्रीका अति पत्यारका भित्रिया भएका कारण अडियो सार्वजनिक नभएसम्म केही गरिएन, जसरी राजनारायण पाठकको घूस प्रकरणको भिडियो चार महिनाअगाडि नै हेरे पनि प्रधानमन्त्री लगायत चुपै बसिरहेका थिए ।

मुलुकभित्रै सेक्युरिटी प्रेस स्थापना प्रक्रिया अघि बढाउने भन्दै ५० लाख ई-पासपोर्ट छाप्न परराष्ट्र मन्त्रालयले गत भदौ १० मा आह्वान गरेको अन्तर्राष्ट्रिय बोलपत्र अन्तिम घडीमा आएर सरकारले रद्द गरेको छ । प्रधानमन्त्री ओलीको प्रत्यक्ष निर्देशनमा बोलपत्र प्रक्रिया २१ कात्तिक मा रद्द गरियो ।

बाँस्कोटा प्रकरणमा प्रधानमन्त्रीसमेत जवाफदेहीबाट पन्छिन मिल्दैन । पासपोर्ट छपाइको टेन्डर प्रधानमन्त्रीकै चाखमा बदर गरियो । सेक्युरिटी प्रेस खरिदमा पनि उनकै रुचि रहेको प्रस्ट छ । न्यूनतम मोलमा कमिसनविना खरिद गरिन्छ भनिए पनि पटकपटकको निर्णय प्रक्रियाले त्यो देखाएन । कहिले स्विस कम्पनीलाई दिने, कहिले जर्मनसँग प्रस्ताव लिने, अन्तिममा फ्रान्सेलीसँग किन्ने निर्णय गरे पनि लागत बढाउनुबाटै सरकारको क्रियाकलाप शंकास्पद देखिन आयो । फ्रान्सको कम्पनीको नेपाली एजेन्ट यति समूह नै रहेको भनिन्छ । नेपाल ट्रस्टदेखि खरिदबिक्रीमा समेत यति समूह हावी हुनुले सेक्युरिटी प्रेसमा पनि सुरुदेखि नै ग्रान्ड डिजाइनले काम भइरहेको बुझ्न गाह्रो छैन ।

सेक्युरिटी प्रेस खरिदमा प्रधानमन्त्रीको कुनै चाख नभएको भए, दाबी गरिएझैं दुई सरकारबीचको कारोबार मात्र भएको भए सम्बन्धित देशको सरकारलाई सिधै पत्र लेखिनुपर्थ्यो ! प्रस्ताव आह्वान गर्नुपूर्व नै कमिसन एजेन्टको चलखेलमा स्विस, जर्मन र फ्रान्सेली कम्पनीले प्रस्ताव गरेका थिए । दुई सरकारबीचको खरिद प्रक्रियामा त कमिसन एजेन्टको उपस्थिति नहुनुपर्ने ! कुनै पनि सरकारलाई सिधै पत्र आदानप्रदानबाट काम भएको देखिँदैन । यसबाट ठूलो कमिसनका लागि नै विभिन्न खेल हुँदै आएको देखिन्छ । कमिसनमा प्रधानमन्त्रीको रुचि थिएन भने यसलाई किन मन्त्रिपरिषद्मा लगियो ? सार्वजनिक खरिद ऐनको प्रक्रिया पूरा गरेर खरिद गराउन मन्त्रिपरिषद्मा लैजानुपर्ने उचित कारण नै थिएन । नीतिगत निर्णयका आडमा ३० औं अर्बको खरिदमा अख्तियारलाई छल्न खोजेको प्रस्ट नै छ । अन्यथा भन्ने आधार कतै देखिन आउँदैन ।

२०६७ सालमा माओवादी नेता कृष्णबहादुर महराको एउटा अडियो सार्वजनिक भएको थियो, जसमा उनले पुष्पकमल दाहाल 'प्रचण्ड' लाई प्रधानमन्त्री बनाउन चाहिने थप ५० जना सांसद किन्न चिनियाँ व्यापारीसँग ५० करोड रकम मागेका थिए । अहिले बाँस्कोटाले त्यो रेकर्डमा आफूले बोलेको कुरा घुमाउरो पारामा मिडियामा स्वीकार गरेका छन् । त्यसैले अहिले अवस्था फरक छ । खरिदको काम आफूले, आफ्नै मन्त्रालयले गर्न लागेको, सरकारी पैसा खर्च गर्न लागेकामा विवाद नभएको र ७० करोड लेनदेनको कुरा बाहिरिएकाले भ्रष्टाचारको उद्योग भएको छ ।

विवादित दिगम्बर झालाई दूरसञ्चार प्राधिकरणको अध्यक्ष नियुक्ति गर्ने प्रस्ताव अन्य मन्त्रीले प्रश्न उठाएपछि रोकिएको थियो । अर्को बैठकमा अरू मन्त्री उपस्थित नहुँदै मन्त्री बाँस्कोटा र प्रधानमन्त्रीले नियुक्ति गर्ने निर्णय गरिसकेको रहस्य अन्य मन्त्रीले पछि थाहा पाएका थिए । यो घटनाले देखाउँछ ओली र बाँस्कोटाबीच कति घनिष्ठ सम्बन्ध थियो भनेर । त्यसमाथि बाँस्कोटा ओलीको बालकोटस्थित निवासमा बस्नुले पनि उनीहरूबीचको निकटता र लगाव छर्लंग हुन्छ । कसरी बाँस्कोटाका प्रस्तावहरू ओलीले जबरजस्ती पास गराउँथे ! वैयक्तिक लाभ नहुने भए त्यसो गर्न किन आवश्यक थियो र ? गन्हाइसकेका व्यक्तिलाई नियुक्ति दिन ओली र बाँस्कोटा किन लागेका थिए भन्ने जस्ता प्रश्नको जवाफ प्रधानमन्त्रीले दिनुपर्छ । कतै प्रधानमन्त्रीकै आडमा त बाँस्कोटाले यस्तो गरिरहेका त थिएनन् ?

बाँस्कोटा ओलीका सबैभन्दा विश्वासपात्र थिए । उनको योग्यता र क्षमताको प्रशंसा ओलीले पटकपटक गरेका थिए । प्रेस स्वतन्त्रतादेखि नागरिक अधिकार छिन्नसम्ममा बाँस्कोटा सरकारको ढाल बनेर लागेका थिए । विभिन्न काण्डमा बाँस्कोटाको संलग्नताको विवाद आउँदा पनि प्रधानमन्त्रीले संरक्षण गरिरहेका थिए ।

अब अख्तियारले आफूलाई प्रमाणित गर्नुपर्ने बेला आएको छ । बाँस्कोटाले सरकारी सचिवालयका कागजात बाहिर लैजान लागेदा अख्तियारले छानबिनका लागि रोकेको पाइएको छ तर अनुसन्धान सुरु गरेको छैन । बाँस्कोटामाथि अनुसन्धान तहकिकातमा ढिलाइ गर्नु हुँदैन । सेक्युरिटी प्रेस जीटूजीबाट खरिद गर्ने भनी मन्त्रिपरिषद्मा कसले प्रस्ताव गरेको थियो, प्रस्तावका पक्षमा कोको सक्रिय थिए आदि विषय छानबिनबाट छर्लंग हुन सक्छ । अनुसन्धान गर्दै जाँदा सेक्युरिटी प्रेससम्बन्धी सुरुदेखिका निर्णय र कामकारबाही, ५० लाख पासपोर्ट छपाउने टेन्डर बदरलगायतमा संलग्नताको निष्पक्ष छानबिन हुनुपर्छ । बाँस्कोटाले त राजीनामा दिइसके । राजीनामा दिएकै भरमा अपराधबाट उन्मुक्ति हुन सक्तैन । गणतन्त्रमा कोही पनि जवाफदेही र जिम्मेवारीबाट पन्छिन मिल्दैन । पन्छिएकै आधारमा कोही बच्ने भन्ने पनि हुँदैन । बाँस्कोटापछि राजीनामा दिने लाइनमा कोको आउने होलान् त ?

कार्की विशेष अदालतका पूर्वअध्यक्ष हुन् ।

नेपालमा थर-गोत्रको राजनीति



पञ्चायती आहुति



नेपाली समाजमा गोत्र र थरजस्ता विषयमा अझै पनि काफी हदसम्म भ्रम र अन्योल छ । यसो हुनुको पछाडि मूलतः दुइटा कारणले भूमिका खेलेको देखिन्छ । एक, नेपाली समाज एउटै सभ्यता र परम्पराको समाज होइन, बरु विश्वमा पाँच हजार वर्षभन्दा अघिदेखि विकसित मंगोल, मस्टोपूजक खस, वैदिक आर्य, द्रविड र इस्लाम गरी पाँच महासभ्यताको संगम भएको समाज हो । यी फरक फरक पाँच महासभ्यतासँग सम्बन्धित दर्जनौं जाति र समुदायका आआफ्नै वंश परम्परा, आआफ्नै पुर्खासम्बन्धी विश्वास र जीवन दृष्टिकोण छन् । एउटा जाति वा समुदायका गोत्र, थर, वंशावली वा पुर्खासम्बन्धी दृष्टिकोणबारे अर्को जाति वा समुदायलाई ज्ञान हुँदैन वा अत्यन्तै कम हुन्छ । गोत्र, थर, वंश परम्पराजस्ता विषयमा एक समुदायले अर्को समुदायसँग अन्तरक्रिया नगरी नहुने स्थिति जनजीवनमा अत्यन्त कम अवस्थामा मात्र आउने भएकाले पनि त्यस्तो अर्को समुदायबारे अनभिज्ञता रहन मद्दत पुग्छ । दुई, लामो समयदेखि पहाडिया कथित हिन्दु उच्च जातीय दृष्टिकोण र मूल्यमान्यता लादिनाले यस्तो भ्रम जन्मिन पुग्यो कि, उनीहरूको मात्रै व्यवस्थित गोत्र, सम्मानित थर र वंश परम्परा हुन्छ ।

राज्यको यस्तो बलात् हस्तक्षेपकारी नीतिका कारण उत्पीडितहरूका त्यस्ता विषयमा भने जानकारी लिन अरूलाई वास्तै नहुने, उनीहरूका थर-गोत्र सुन्दा पनि असभ्य कमसल परिचय लाग्ने मनोविज्ञान बन्न पुग्यो । सँगसँगै उत्पीडितहरूलाई थर लेख्न नदिने, थर नै फेरेर लेख्न बाध्य पार्ने काम निरन्तर हुँदै आए । यस्तो दुश्चक्रबीच जनजाति, दलित, मुस्लिम समुदायकाले पनि आफ्नो गोत्र, थर, वंश परम्परालाई गर्वका साथ भन्न मन नलाग्ने, हीनताबोध हुने वा कम्तीमा आफैंभित्र मात्र चुपचाप अभ्यास गरिरहने दुर्भाग्यपूर्ण परिघटना घट्दै आयो ।

गोत्र के हो ?

प्रसिद्ध समाजशास्त्री लुइस मोर्गनका अनुसार आदिम समाजमा गोत्र भन्नाले एउटै हजुरआमाका सन्ततिहरूको मानव झुन्ड हो । त्यसपछिको मानव समाज पितृसत्तात्मक भई सात हजार वर्षभन्दा बढी लामो यात्रा गर्ने क्रममा सयौं जाति र हजारौं उपजातिमा विभक्त भइसकेको छ । त्यसैले गोत्रको त्यो शैशवकालीन अवस्था आज जस्ताको तस्तै छैन । अर्को कुरा, मानवशास्त्रीहरूले भनेझैं अब कुनै पनि जातिमा रक्तशुद्धता भन्ने बाँकी छैन, छ्यासमिस भइसकेको छ । त्यसैले गोत्र वा थरहरूबारे छलफल अब रक्तशुद्धता वा वंशीय श्रेष्ठताका निम्ति गरिनु हास्यास्पद विषय हुन पुग्छ । गोत्र वा थर बढीमा विवाह गर्दा नजिकको वंशमा खप्टिन नपुगोस् भन्नका लागि मात्र उपयोग भइरहेको छ । भविष्यमा थरहरू केवल व्यक्तिको परिचयमा मात्र सीमित हुने स्थिति स्पष्ट देख्न सकिन्छ । यसर्थ, आज गोत्र र थरहरूको अध्ययन आफ्ना पुरुष पूर्वजको लहरो पहिल्याउनेसम्मको काम मात्र हो । नेपालमा गोत्र र थरजस्ता विषयलाई पनि उत्पीडन निर्माणका कलपुर्जा बनाइएकाले उत्पीडित समुदायहरूले यी विषयका यथार्थलाई पनि सतहमा ल्याएर समता र अधिकारको लडाइँको अंग बनाउनु भने अवश्य पर्छ । कुनै पनि मानव समुदाय अर्कोभन्दा कमसल होइन भनी पुष्टि गर्न यस्ता विषयले पनि गम्भीर महत्त्व राख्छन् ।

हिन्दु समाजको गोत्र परम्परा वास्तवमा कथित हिन्दु उच्च जातीय गोत्र परम्परा हो किनकि त्यसभित्र अरूलाई समावेश गरिन्न । ती गोत्र भनेका ऋषिहरूका नाम हुन् अर्थात् ऋषिहरूका सन्तानहरू नै हिन्दु उच्च जात हुन् भन्ने दावी त्यसमा पाइन्छ । हिन्दु उच्च जातीय गोत्र वास्तवमा हिन्दु वर्ण व्यवस्थामा आधारित जातीय श्रेष्ठता कायम गर्न निर्मित मिथक मात्र हुन्, मानव समाजको सभ्यताको शैशवकालीन एउटै वंश परम्परामा आधारित गोत्रको निरन्तरता होइन तर नेपालको हिन्दु समाजमा आर्य-खसभित्रका दलितको गोत्र चाहिँ कल्पित मिथकभन्दा बढी वंश परम्पराको ठोस त्यान्द्रोलाई संकेत गर्ने खालका छन् । आर्य-खसभित्रका दलितका मूलतः तीन गोत्र छन्- कासी, कोशल वा कौशल्य र कासीकोशल । कासी खस जातिको एउटा शाखाको प्राचीन नाम हो, जसलाई छागल पनि भनिन्थ्यो । त्यसैगरी कोशल पनि खसभित्रको अर्को जाति छागको नाम हो । गौतम बुद्धकालमा भारतवर्षमा भएका सोह्र महाजनपदमध्ये दुइटा कासी र कोशल थिए भन्ने तथ्यले पनि कासी र कोशल शब्दले प्राचीन पुर्खा नै जनाउँछन् भनी पुष्टि गर्छ । यसरी हेर्दा आर्य-खसभित्रको 'अछूत' वा पुहुनी गोत्रले बढी वंश परम्पराको त्यान्द्रो समातेको देखिन्छ । यी गोत्र ब्राह्मणमा नहुनु र खसबाट हिन्दु बनाइएका केही क्षत्रीमा चाहिँ पाइनुले पनि यी गोत्र खस वंश परम्परालाई संकेत गर्ने स्तरका हुन् । त्यसैगरी आर्य-खसभित्रका दलितको प्रवर हुँदैन जुन ऋषिकै नाम हो, बरु शाखा हुन्छ- ब्रह्म शाखा, उदिमा शाखा, साई शाखा आदि । गोत्रसँगै आर्य-खस दलितहरूमा शाखा पनि भन्ने चलनले शाखा प्राचीन खसहरूका विभिन्न यात्री झुन्डलाई संकेत गर्ने परिचय बुझिन्छ, जुन वैदिक गोत्र प्रणालीमा पाइन्न ।

२०४६ भन्दा अघिसम्म आम रूपमा दलितलाई थर लेख्नै दिइँदैनथ्यो । जस्तो- गौतम थरवाला दमाईले नागरिकतामा थर दमाई वा दर्जी प्रस्ट जात चिनिने गरी लेख्नुपर्थ्यो तर कुनै ब्राह्मणले चाहिँ नागरिकतामा थरका रूपमा 'ब्राह्मण' लेख्नुपर्दैनथ्यो, बरु सापकोटा वा जे हो, त्यही बकाइदा लेख्न पाउँथ्यो ।

थर के हो ?

थर वास्तवमा निश्चित व्यक्तिको पारिवारिक परिचय हो । पितृसत्तात्मक परिपाटीका कारण थर यथार्थमा पुरुष वंशगत लहराका रूपमा एक पुस्ताबाट अर्को पुस्तामा जाने गरेको छ । नेपालमा एउटै थरभित्र विवाह गर्ने नहुने, आफ्नै थरभित्र मात्र विवाह गर्न मिल्नेदेखि थरलाई नामसँगै जोडेर भन्ने परम्परा नै नभएका जातिसम्म बस्छन् । नेपालका हिन्दुहरूमा सामान्यतः कुलको अर्थ बोकेका एउटै थरका बीच विवाह हुँदैन । नेवारमा एउटै थरभित्र मात्र विवाह हुन्छ । हिमाली जातिमा नामसँगै थर भन्ने परम्परा नै थिएन तर नामसँगै थर भन्ने अरूसँगको अन्तरक्रियाले गर्दा उनीहरूले पनि नामसँगै थर लेख्न थालेका छन् । जनजाति र मुस्लिम समुदायमा पनि थरले महत्त्वपूर्ण स्थान ओगटेकै छ । त्यसैले नेपालमा रहेका फरक फरक समुदायका निम्ति थरको अर्थ र उपादेयता फरकफरक हुन्छ भन्ने कुरालाई ध्यानमा राख्न जरुरी छ । थरहरू विभिन्न विषयसम्बद्ध हुन्छन् । उद्गमस्थानसँग सम्बन्धित, जस्तै- दुल्लुबाट हिँडेका दुलाल । पेसासँग सम्बन्धित, जस्तै– प्रशासनको काम गर्ने कार्की । पदसँग सम्बन्धित, जस्तै- अमात्य, राय, सुब्बा । पदवीसँग सम्बन्धित, जस्तै- आचार्य, लामा । सामाजिक हैसियतको संक्रमणकालसँग सम्बन्धित, जस्तै- बिटुला । राष्ट्रियतासँग सम्बन्धित, जस्तै- भारती, नेपाली । आस्था, मान्यतासँग सम्बन्धित, जस्तै- शिवभक्ति, खेवा । ऐतिहासिक घटना वा कुलसँग सम्बन्धित- जस्तै- वर्मशाखा ।

थर-गोत्रबारे सबैभन्दा बढी भ्रम दलितका सम्बन्धमा रहिआएको देखिन्छ । नेपालका आर्य-खस, मधेसी र नेवारभित्रका दलितहरूको थर निर्माणको प्रक्रिया र विद्यमान थरहरू पनि अन्य सबै जाति समुदायका जस्तै नै हुन् । यी तिनै जाति/समुदायभित्रका दलितका थुप्रै थर र ती जाति समुदायभित्रका गैरदलितको थुप्रै थर मिल्छन् मात्रै होइन, बरु एउटै हुन् । त्यसै गरी प्रत्येक जाति/जात/समुदायमा मात्र पाइने थर भए जस्तै दलितभित्रका विभिन्न जातमा मात्र पाइने थर पनि छन् । दलितहरूका थर र गैरदलितका थर मिल्नुका तीन कारण छन् । एक, उद्गमस्थल एउटै भएकाले । जस्तै- पौडी क्षेत्रबाट हिँडेका हुनाले ब्राह्मण पनि पौडेल र दलित पनि पौडेल । दुई, पदवीसँग मिल्न गएकाले । जस्तै- मण्डल, मिझारजस्ता पद दलित, जनजाति र मधेसका वैश्यअन्तर्गतका कतिपय जातको मुखियालाई दिइन्थ्यो । त्यही पदवी दलित, गैरदलितले थर बनाउँदा मिल्न गयो र तीन, गैरदलित पुरुषलाई जात झारेर सजाय दिँदा थरचाहिँ कथित माथिल्लो जातकै बाँकी रहन पुग्यो ।

नेपालमा दलितहरूमाथि कैयौं पटक लाग्ने गरेको आरोप हो- उनीहरूले जात ढाँटे । यो आरोप सही छ त ? एक, जात नचिनेका ठाउँमा केही समय लुकाउन सकिन्छ तर चिनेका ठाउँमा कसरी ढाँट्ने ? अस्थायी रूपमा जात ढाँट्नेहरू नभएका होइनन्, जात खुल्दा ठूलो अपमान र असजिलो भोग्नुपर्ने हुनाले त्यस्तो हुने गरेको छ तर अन्ततः जात त खुलैरै छाड्छ । त्यसैले जात ढाँट्ने भन्ने आरोपको मूल रूपमा खास अर्थ छैन । दुई, जात ढाँटे भनी लगाउने आरोपको अर्को सन्दर्भ चाहिँ दलितहरूले पहिले गैरदलितले मात्र लेख्ने गरेको थर लेख्न थाले भनेर हो । योचाहिँ अज्ञानताको समस्या हो । नेपालमा २०४६ सालभन्दा पहिले आम रूपमा दलितलाई थर लेख्नै दिइँदैनथ्यो, सोझै थरको स्थानमा जात लेख्न बाध्य पारिन्थ्यो । एक जना ब्राह्मण नागरिकता लिन गए थरका रूपमा उसले ब्राह्मण लेख्नुपर्दैनथ्यो, बरु आफ्नो थर सापकोटा बकाइदा लेख्न पाउँथ्यो तर गौतम थरवाला दमाईं नागरिकता लिन जाँदा थर दमाईं वा दर्जी प्रस्ट जात चिनिने गरी लेख्नुपर्थ्यो, उसले आफ्नो गौतम थर लेखाउन पाउँदैनथ्यो । वास्तवमा गोतामकोटबाट हिँडेको दमाईं र ब्राह्मण दुवैको चिनारी थर गोतामे/गौतम हो तर लेख्ने अधिकार तागाधारीलाई मात्र थियो । त्यसैले गौतम थरको दमाईं वा शाही थरको बादी बिहेबारी गर्दा मात्र त्यो थर आफ्नै समुदायबीच प्रयोग गर्न बाध्य थियो ।

२०३६ को आन्दोलन र विशेषतः २०४६ को परिवर्तनसँगै आएको स्वतन्त्रता र पार्टी राजनीतिले दलितहरूमा ह्वात्तै चेतना र अधिकारका लागि लड्न सक्ने बनायो । त्यसपछि फटाफट दलितहरूले आफ्नो वास्तविक थर लेख्न थाले । आफूले मात्र लेखेको वा गैरदलितको मात्र भनी बुझेको थर दलितले लेखेको देखेपछि गैरदलित कतिपय विद्वान् पनि चिच्याए, 'दलितले किन जात ढाँटेको ?' यथार्थमा त्यो त उसले आफ्नो थर पो लेखेको थियो । दलितले थर फेर्ने हो भने उसको समुदायमा कसरी वैवाहिक जीवन चलाउँछ ? समुदायमा बसेर थर फेर्नु त्यति सजिलो कुरै हैन । हो, अर्को एउटा सानो प्रवृत्ति भने समाजमा छ- यथार्थमै हाकाहाकी आफ्नो हैसियतमाथि देखाउन थर परिवर्तन गर्ने तर त्यो थोरैमा प्रकट प्रवृत्ति हो र त्यो प्रवृत्ति दलितमा भन्दा बढी गैरदलितमा पाइएको छ । जस्तो- पदवीवाला थर दलितले साह्रै कम प्रयोग गरेको पाइन्छ, गैरदलितले बढी गरेको पाइन्छ । माथि नै भनियो- चौधरी, सुब्बा, राई, दीक्षित वंशगत थर होइनन् । त्यसै गरी आजका गौतम थरका ब्राह्मणहरू गौतम ऋषिसँग जोडिएका नभई गोतामकोटबाट हिँडेको गोतामे परिचयका हुन्, जसले पछि गोतामे नलेखी गौतम लेख्न थालेका हुन् । एउटै परिवारका भाइ ध्रुवचन्द्र गौतम र दाजु धनुषचन्द्र गोतामे पाइनुले पनि त्यो कुरा सजिलै प्रस्ट गर्छ ।

अर्को प्रसंग हेरौं । सामान्यतया वाग्मती उपत्यकाबाट बाहिर गएर बसेका थुप्रै गैरश्रेष्ठ नेवारले आफ्नो थर श्रेष्ठ बनाएका छन् । ब्रिटिस फौजमा भर्तीका लागि तामाङहरू अधिकांशले गुरुङ थर लेखेकै हुन् । राजा-महाराजाले झन् काशी जाँदै गोत्र फेर्दै गरेकै हुन् ।

नेपाल यस्तो देश हो, जहाँ नाम र थरका आधारमा एउटा समुदायलाई मात्र मोटामोटी चिन्न सम्भव छ । त्यो हो- मुस्लिम । अरू कसैको पनि पहिचान थरका आधारमा मात्र सम्भव छैन । लामा थर लेख्ने नेपालमा दर्जनभन्दा बढी जाति छन् । लामा थरका आधारमा जाति कसरी चिन्ने ? मण्डल, चौधरीलगायतका थर लेख्ने थुप्रै जात/जाति छन् । थरका आधारमा कसरी जात चिन्ने ? शर्मा थर लेख्ने आर्य-खस, नेवार र मधेसी छन् । थरका आधारमा कसरी चिन्ने ? किरात राई या राय दुवै पदीय थर हुन्, जुन दनुवार, किरात, यादव र क्षत्रीमा हुन्छ । अब कसरी छुट्याउने ? बुढाथोकी मगर, कामी, क्षत्री हुन्छन् । अब थरका आधारमा कसरी किटान गर्ने ? पौडेल उपाध्याय ब्राह्मणदेखि बादीसम्म हुन्छन् । राउत थर पहाडिया क्षत्री, मधेसी वैश्य, मधेसी दलित र मुस्लिमसम्मको हुन्छ । कसरी जात छुट्याउने ?

तसर्थ, थरहरूका आधारमा मात्र नेपालमा जाति वा जात प्रस्ट हुन्छ भन्ने बुझाइ नै गलत छ, जसलाई फेर्नु अवश्यम्भावी छ । नेपालमा जाति वा जात जान्न वा खुलाउन खोज्दा थर मात्र भनेर पुग्दैन, बरु जाति वा जात वा समुदाय पनि अनिवार्य रूपमा खुलाउनुपर्ने हुन्छ । थरका आधारमा मात्र व्यक्तिको सम्पूर्ण परिचय खुल्ने अवस्था नेपालमा छैन ।

अदालतको फैसलाको विरोध

बैंकक (एजेन्सी)- थाइल्यान्डमा एक लोकतन्त्रवादी पार्टीलाई विघटन गर्ने अदालतको निर्णयविरुद्ध राजधानी बैंककमा प्रदर्शन भएको छ ।

देशको दोस्रो ठूलो विपक्षी दल फ्युचर फरवार्ड पार्टी (एफएफपी) लाई विघटन गर्ने संवैधानिक अदालतको निर्णयविरुद्ध शनिबार विद्यार्थी युनियनले थाम्मासाट विश्वविद्यालयमा प्रदर्शनको आयोजना गरेको हो ।

थाइल्यान्डको प्रत्यक्ष सैनिक शासनलाई अन्त्य गराउन महत्त्वपूर्ण भूमिका खेलेको गत वर्षको निर्वाचनमा एफएफपीले ६० लाखभन्दा बढी मत हासिल गरेको थियो ।

कोरोना भाइरस संक्रमण फैलन सक्ने चिन्ता व्यक्त गर्दै थाई स्वास्थ्य मन्त्रालयले सार्वजनिक स्थलमा भेला नहुन भने पनि विद्यार्थी र एफएफपीले अदालतको निर्णयविरुद्ध प्रदर्शन गरेका हुन् । थाइल्यान्डमा कोरोनाका ३५ संक्रमित पुष्टि भएका छन् ।

'देशमा रहेको अन्यायविरुद्ध हामीले प्रदर्शन गरेका हौं,' विद्यार्थी युनियनका अध्यक्ष जुटाटिप सिरिखानले समाचार संस्था रोयटर्ससँग बताए । संस्थापकबाट ऋण लिएको भन्दै अदालतले एफएफीलाई विघटन र पार्टीका अर्बपति नेता थानाथर्नसहित १६ अधिकारीलाई १० वर्षसम्म राजनीतिक गतिविधिमा रोक लगाउने फैसला गरेको थियो । एफएफपी र थानाथर्न दुवले कुनै गल्ती नगरेको जिकिर गरेका छन् ।

एफएफपीलाई थाइल्यान्डमा सेनाविरोधी पार्टीका रूपमा समेत लिइन्छ । उसले लोकतन्त्र बहाली हुनुपर्ने र कुनै पनि बहानमा सेना देशको राजनीतिभन्दा बाहिर रहनुपर्ने आन्दोलनको नेतृत्व गरिरहेको छ । एफएफपीमाथिको प्रतिबन्धले सन् प्रधानमन्त्री प्रयुथ चान-ओचाको गठबन्धनलाई भने संसद्मा बलियो बनाएको छ ।

GEMS SCHOOL
VACANCY ANNOUNCEMENT

GEMS School, a leading educational institution in the country, founded in 1984 A.D., is a residential cum day, co-educational school with world class infrastructure. It is the only school in Nepal to have been bestowed upon the National Educational Award 6 times, Regional Educational Award two times and The Best Provincial School Award two times since its inception.

The school primarily focuses on the overall-development of the students with the alignment of the International Primary Curriculum (IPC) at the Primary Level incorporating modern teaching pedagogies. We are inviting applications from well-qualified, experienced and dynamic candidates with strong commitment to progressive teaching and professional development for the following positions:

1. **Asst. ECA & Clubs Coordinator**
   (Minimum Bachelor's Degree in any field, 2 years of experience in the relevant field)
2. **Food & Beverage Manager (Catering/ Events)**
   (Minimum Bachelor's Degree in Hotel Management, 3-5 years of experience in the relevant field)
3. **Chef**
   (Minimum Diploma or equivalent, 3 years of experience in the relevant field)
4. **Heavy Vehicle Driver**
   (5 years of experience in the relevant field)
5. **General Helper**
6. **Day Ayah**

The remuneration and other benefits are highly attractive. Interested candidates should visit **www.gems.edu.np/careers** for the detailed job description and may apply online via a downloadable form, which must be completed and sent to the Director at **career@gems.edu.np** or dropped in person at the school office latest by **Falgun 23, 2076 (March 6, 2020)**. Only shortlisted candidates will be contacted for the recruitment process.

Human Resource Department
GEMS School, Dhapakhel, Lalitpur, Nepal
Contact: 01-5275111, 112 | www.gems.edu.np

GROUP

अमेरिकी चुनावमा हस्तक्षेप नगर्न रूसलाई चेतावनी

वासिङ्टन (एजेन्सी)- अमेरिकी राष्ट्रपतीय निर्वाचनका सम्भावित डेमोक्रचाटिक उम्मेदवार बर्नी स्यान्डर्सले रुसलाई अमेरिकी चुनावबाहिरै बस्न चेतावनी दिएका छन् ।

रुसले आफ्नो निर्वाचन अभियानलाई सहयोग गर्न प्रयास गरेको भन्ने विवरण प्रकाशित भएपछि, राष्ट्रपतिका प्रत्याशी स्यान्डर्सले रुसलाई अमेरिकी चुनावभन्दा बाहिरै बस्न भनेका हुन् । आफ्नो निर्वाचन अभियानलाई रुसले सहयोग गर्ने प्रयास गरेको बारे आफूलाई अमेरिकी अधिकारीले गत महिना नै जानकारी गराएको स्यान्डर्सले खुलासा पनि गरेका छन् ।

क्यालिफोर्नियाको बेकर्सफिल्डमा बोल्दै स्यान्डर्सले रुसले कसरी निर्वाचन अभियानमा हस्तक्षेप गर्न लागेको थियो भन्नेबारे भने प्रस्ट नभएको बताएका छन् । ७८ वर्षीय स्यान्डर्सले यो वा त्यो बहानमा रुसी हस्तक्षेप स्वीकार्य नहुने भन्दै रुसी राष्ट्रपति भ्लादिमिर पुटिनप्रति पनि आक्रोश पोखे । पुटिनलाई उनले 'निरकुंश ठग' को संज्ञासमेत दिएका छन् । पुटिन सरकारले अमेरिकामा फाटो ल्याउन उद्देश्यले इन्टरनेट प्रोपोगान्डाको प्रयोग गरिरहेको आरोप पनि उनको छ । 'हामीलाई विभाजित गरेर रुस अमेरिकी लोकतन्त्रलाई कमजोर बनाउने खेलमा छ भनेर स्पष्ट हुन जरुरी छ । म वर्तमान राष्ट्रपतिभन्दा फरक छु र उनीहरूले गर्ने यस्ता खालका सबै कामको विरोध गर्छु । त्यति मात्रै नभई हाम्रा चुनावमा हस्तक्षेप गर्न चाहने अन्य सबै विदेशी शक्तिको विरोधमा पनि म उभिन्छु,' स्यान्डर्सले बताए ।

स्यान्डर्सलाई डेमोक्रचाटिक दलको राष्ट्रपतीय उम्मेदवारको दौडमा अग्रपंक्ति प्रतिस्पर्धीका रूपमा हेरिएको छ । स्यान्डर्सको चुनावी अभियानलाई रुसले सहयोग गर्ने प्रयास गरेकोबारे अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र अन्य सांसदलाई जानकारी गराइएको भन्दै वासिङ्टन पोस्टले शुक्रबार समाचार प्रकाशन गरेको थियो ।

फेसबुकले भने स्यान्डर्सको चुनावी अभियानलाई रुसी समर्थन भएको भन्ने विषयमा कुनै प्रमाण नदेखिएको जनाएको छ । अमेरिकाका वरिष्ठ गुप्तचर अधिकारीले पनि नोभेम्बरको निर्वाचनमा वर्तमान राष्ट्रपति ट्रम्पलाई जिताउने उद्देश्यले रुसले हस्तक्षेप गर्ने प्रयास गरिरहेको अनुमान गर्दै आएका छन् । रुसले ट्रम्पलाई सहयोग गर्न चाहिरहेको फेब्रुअरी १३ मा अति गोप्य रूपमा भएको संक्षिप्त विफ्रिङमा अमेरिकी संसद्को हाउस इन्टेलिजेन्स कमिटीका सदस्यले जानकारी गराएका थिए ।



अमेरिकाको लस भेगासमा शुक्रबार आयोजित चुनावी सभालाई सम्बोधन गर्दै विपक्षी दल डेमोक्रचाटिकका तर्फबाट राष्ट्रपतिका प्रत्याशी बर्नी स्यान्डर्स । *तस्विर : एपी*

राष्ट्रपति ट्रम्पले भने चुनावमा रुसी हस्तक्षेप डेमोक्रचाटले सुरु गरेको 'हल्ला' मात्रै भएको बताएका छन् । नेभादामा शुक्रबार आयोजित चुनावी च्यालीलाई सम्बोधन गर्दै ट्रम्पले भने, 'ट्रम्पले जितोस् भनेर पुटिनले चाहेको भन्दै काम नलाग्ने डेमोक्रचाट्सले हल्ला गरेछन् ।'

सन् २०१६ को अमेरिकी राष्ट्रपतीय निर्वाचनमा रुसले डेमोक्रचाटिक उम्मेदवार हिलारी क्लिन्टनविरुद्ध साइबर हमला र झूटो समाचारको रणनीति प्रयोग गरेको अमेरिकी गुप्तचर निकायको निष्कर्ष छ । त्यसबेला ट्रम्पका सहयोगीले क्रेमलिनका एजेन्टसँग सहकार्य गरेका थिए वा थिएनन् भन्नेबारे अनुसन्धान गर्न सन् २०१७ मा अमेरिकी संघीय अनुसन्धान ब्युरो (एफबीआई) का पूर्वप्रमुख रोबर्ट मुलरलाई अमेरिकी न्याय विभागमा विशेष काउन्सलका रूपमा नियुक्त गरिएको थियो । मुलर नेतृत्वको अनुसन्धानले सन् २०१९ मा ४ सय ४८ पृष्ठ लामो रिपोर्ट सार्वजनिक गर्दै निर्वाचनका बेला राष्ट्रपतीय अभियान र रुसी एजेन्टबीच सम्बन्ध रहेको भन्ने विषय पुष्टि नभए पनि अनुसन्धानलाई राष्ट्रपति ट्रम्पले प्रभावित बनाएको आरोप भने रहेको बताएको थियो ।

ट्रम्पले अनुसन्धानलाई राजनीतिक प्रचारबाजीको संज्ञा दिएका थिए भने रुसी राष्ट्रपति पुटिनले रिपब्लिकन दलको चुनावी अभियानसँग कुनै पनि प्रकारको सम्बन्ध नरहेको बताएका थिए । शुक्रबार पनि रुसी राष्ट्रपतीय कार्यालय क्रेमलिनले स्यान्डर्सले भनेजस्तो कुनै पनि प्रकारको हस्तक्षेप नभएको बताएको छ । प्रवक्ता दिमत्री पेस्कोभले सञ्चारकर्मीसँग आसन्न अमेरिकी निर्वाचनमा रुसले हस्तक्षेप गर्न प्रयास गरेको भन्ने विवरण नै झूटो भएको बताएका छन् । राष्ट्रिय गुप्तचरका कार्यवहाक निर्देशक जोसेफ मेग्वरले संसदका सदस्यलाई गत साता दिएको संक्षिप्त बयानसँग रुसी अस्वीकारोक्ति बाझिएको छ । बयानको एक सातापछि गत बिहीबार डेमोक्र्याटिक सांसदलाई गुप्तचरसम्बन्धी जानकारी दिएको भन्दै ट्रम्पले मेग्वरलाई पदमुक्त गर्दै जर्मनीका लागि पूर्वअमेरिकी राजदूत रिचार्ड ग्रेनेललाई नियुक्त गरेका थिए । आफ्ना कर्मचारी वफादार नभएको आरोप लगाउँदै ट्रम्पले मेग्वरलाई बर्खास्त गरेका हुन् ।

नेपाल
राष्ट्रिय साप्ताहिक
nepalmag.com.np

KMG
KANTIPUR MEDIA GROUP



आजदेखि बजारमा

@NepalMagazine

निको भएपनि थप दुई साता क्वारेन्टाइनमा

बेइजिङ (एजेन्सी)- कोरोना भाइरस फैलिएको चीनको हुबेई प्रान्तको वुहानले अस्पतालबाट डिस्चार्ज भएका सबै संक्रमितलाई थप १४ दिन क्वारेन्टाइन बस्न भनेको छ ।

कोरोना भाइरस थप 'सक्रिय हुने' र पूर्वानुमानविपरीत पत्ता लगाउन अप्ठेरो हुन सक्ने भन्दै वैज्ञानिकले चेतावनी जारी गरेपछि अस्पतालबाट निको भए पनि तोकेका ठाउँमा क्वारेन्टाइनमा बस्न भनिएको हो । वुहानको प्रकोप रोकथाम र नियन्त्रण केन्द्रले शनिबार भाइरस निको भएका सबैलाई निःशुल्क मेडिकल अब्जरभेसनमा थप १४ दिन सरकारले तोकेका निश्चित ठाउँमा क्वारेन्टाइनमा बस्न आग्रह गरेको हो । 'निको भएका बिरामी र उनीहरूका परिवारका सदस्यका स्वास्थ्य सुनिश्चित गर्न पछिल्लो कदम चालिएको हो,' वुहान विश्वविद्यालयअन्तर्गत प्याथोजिन बाइलोजी विभागका उपनिर्देशक याङ झाङ्क्युले बताएका छन् ।

संक्रमण निको भएर घर गएका केही बिरामीमा पुनः न्युक्लिक एसिड परीक्षण गर्दा भाइरस पाइएपछि यस्तो कदम चालिएको उनले बताए । 'दक्षिण-पश्चिमी सिचुवान प्रान्तस्थित छेन्दुका एक बिरामी फेब्रुअरी १० मा निको भएर घर पुगेका थिए । उनी घरभित्रै थप १४ दिन क्वारेन्टाइनमा बसे । तर १९ फेब्रुअरीमा उनीमा पुनः कोरोना भाइरसको संक्रमण देखियो र अस्पताल भर्ना गरियो,' स्वास्थ्यकर्मीलाई उद्धृत गर्दै चिनियाँ सञ्चारमाध्यमले उल्लेख गरेका छन् । पछिल्ला केही दिन चीनमा कोरोना भाइरसको थप संक्रमितको संख्यामा कमी आइरहेको छ । चिनियाँ स्वास्थ्य कार्यालयले शनिबार जारी गरेको प्रतिवेदनअनुसार शुक्रबार थप ३ सय ९७ जनामा कोरोना संक्रमण पाइएको छ भने १ सय ९ जनाको मत्यु भएको छ । अधिकांश संक्रमित र मृतक कोरोना भाइरसको उद्गमस्थल हुबेईकै छन् ।



चीनको राजधानी बेइजिङको सीमाक्षेत्रमा खटिएका स्वयंसेवक । *तस्विर : एपी*

योसहित चीनमा हालसम्म ७६ हजार २ सय ८८ मा भाइरस पाइएको छ र २ हजार ३ ४५ जनाको मृत्यु भएको सरकारी तथ्यांकले देखाएको विश्व स्वास्थ्य संगठनले उल्लेख गरेको छ । उसका अनुसार चीनबाहिर २६ देशमा १ हजार २ सय जना कोरोना संक्रमित छन् भने ८ जनाको मृत्यु भएको छ । भाइरस संक्रमण फैलन नदिन चीनले कडाइपूर्वक यात्रा-प्रतिबन्ध र क्वारेन्टाइन उपाय अपनाइरहेको छ । २० हजार ६ सय ४९ जना बिरामी उपचारपछि घर फर्किएका छन् । यसैबीच, चीनका केही प्रान्तले कोरोना भाइरस प्रकोपका कारण बन्द उद्योग र कलकारखाना सञ्चालनको तयारी गरिरहेको छ । पछिल्ला दिनमा भाइरस संक्रमितका नयाँ विरामी नभेटिएपछि सहरलाई सामान्य बनाउने प्रयासको थालनी हुन लागेको चिनियाँ अधिकारीले बताएका छन् । लियाओनिङ र गान्सु प्रान्तले आपतकालीन प्रतिक्रिया तहलाई घटाउँदै लगेका छन् भने सान्सी प्रान्तका दुई सहरमा सार्वजनिक बस सेवा सुरु गरिएका छन् । रेलवे, बस स्टेसन र केही राजमार्गस्थित चेकप्वाइन्ट पनि हटाइएका छन् । चीनबाहिर कोरोना संक्रमितको ठूलो संख्या जापानको योकोहामास्थित समुद्री तटमा क्वारेन्टाइनमा राखिएको डाइमन्ड प्रिन्सेस क्रु पानीजहाजमा छन् । उक्त जहाजमा ६ सय जनाभन्दा धेरैमा भाइरस पुष्टि भएको विश्व स्वास्थ्य संगठनले उल्लेख गरेको छ ।

इरानमा ५ जनाको मृत्यु

कोरोना भाइरसका कारण इरानमा शनिबार पाँचौं व्यक्तिको मृत्यु भएको स्वास्थ्य अधिकारीले बताएका छन् । दुई व्यक्तिको शुक्रबार र अन्य दुईको गत साता नै मृत्यु भएको बताइए पनि पाँचौं व्यक्तिको कहिले मृत्यु भयो भन्नेबारे भने इरानी स्वास्थ्य अधिकारीले बताएका छैनन् ।

हालसम्म कोरोनाका २८ संक्रमित पुष्टि भएको र उनीहरूलाई कम्तीमा चार फरक-फरक सहरमा उपचार भइरहेको इरानी अधिकारीले जनाएका छन् । यसैबीच, इटालीले पनि कोरोना संक्रमणका कारण दुई जनाको मृत्यु भएको र ४० भन्दा बढीमा संक्रमण पाइएको बताएको छ । दक्षिण कोरियामा संक्रमितको संख्या ४ सय ३३ पुगेको हो ।

दक्षिण कोरियामा हालसम्म कोरोना भाइरस संक्रमणका कारण तीन जनाको मृत्यु भएको छ । पहिलो मृत्यु बुधबार एक ६३ वर्षीय वृद्धको भएको थियो । शुक्रबार थेगु अस्पतालबाट बुसान स्थानान्तरण गरिएका अर्का संक्रमितको पनि मृत्यु भएको हो । तेस्रो व्यक्ति घरमै मृत अवस्थामा भेटिएको कोरियाली स्वास्थ्य अधिकारीले उल्लेख गरेका छन् । संक्रमितको संख्यामा वृद्धि भइरहेका कारण थप बिरामीको मृत्यु हुन सक्ने अधिकारीले बताएका छन् । कोरोना भाइरसको फैलिएको चीनले नयाँ संक्रमित र मृत्यु हुनेको संख्या घटेको बताइरहँदा छिमेकी दक्षिण कोरिया भने संक्रमण फैलिएको छ । चीनसँग सम्बन्ध नै नरहेका व्यक्तिमा भाइरस संक्रमण देखिन थालेको भन्दै विश्व स्वास्थ्य संगठनले चिन्ता व्यक्त गरेको छ । संगठनका प्रमुख ट्रेडोस अधानम गेहब्रेयससले कोरोना भाइरस नियन्त्रण गर्ने अवसर 'साँघुरिँदै गएको' भन्दै चेतावनी पनि दिएका छन् ।

आवश्यकता

यस **सुविधानगर बहुउद्देश्यिय सहकारी संस्था लि., नयाँबानेश्वर काठमाडौंको** लागि निम्न कर्मचारी आवश्यक भएकोले इच्छुक नेपाली नागरिकहरुले आफ्नो योग्यताको प्रमाणपत्र तथा बायोडाटा सहित ७ दिन भित्र आवेदन दिनुहोला ।

क्र.सं.	पद	सख्यां	योग्यता	मासिक तलब+खाजा+भत्ता
१.	बजार प्रतिनिधि	५	See वा सो सरह	रु.१२,१५५/-
२	ड्राइभर	१	See वा सो सरह, ४ पाङ्ग्रे सवारीको लाइसेन्स प्राप्त	संस्थाको नियमानुसार

सम्बन्धित क्षेत्रको अनुभवीलाई थप सुविधा सहित ग्राह्यता
2 wheeler लाइसेन्स भएको हुनुपर्नेछ

३ महिनापछि थप भत्ता प्रदान गरिनेछ ।

सम्पर्क: ०१-४१०७०८३, ४१०७०५३

ट्रम्पले भारतमा धार्मिक स्वतन्त्रताको मुद्दा उठाउने

वासिङ्टन (एजेन्सी)- अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँगको भेटमा धार्मिक स्वतन्त्रताको मुद्दा उठाउने भएका छन् । दुईदिने भ्रमणका लागि ट्रम्प सोमबार भारत पुग्दै छन् । भ्रमणकै क्रममा उनले प्रधानमन्त्री मोदीसँग धार्मिक स्वतन्त्रताको मुद्दा उठाउने ह्वाइटहाउसका एक अधिकारीले बताए । ट्रम्प भ्रमणको पूर्वसन्ध्यामा शुक्रबार ह्वाइटहाउसमा गरिएको पत्रकार सम्मेलनमा ती अधिकारीले भने, 'राष्ट्रपतिले लोकतन्त्रबारे दुई देशबीचको धारणा र धार्मिक स्वतन्त्रताबारे कुराकानी गर्नुहुनेछ ।'

हतारको काम लतार

गोकर्ण गौतम (काठमाडौं)



निर्देशक रामबाबु गुरुङ र अभिनेता दयाहाङ राईको सहकार्य पर्दामा हिट छ । अनि, 'मेरी बास्सै' बाट सफलता चुमेका सीताराम कट्टेल 'धुर्मुस' र कुञ्जना घिमिरे 'सुन्तली' को जोडी सामाजिक सेवामा लागेपछि अझ प्रिय बन्यो । उनीहरू एकसाथ जोडिएका छन्, 'सेन्टी भाइरस' मा । सीताराम-सुन्तलीलाई दर्शकले ठूलो पर्दामा देख्न नपाएको धेरै भयो । उनीहरूकै अगुवाइमा चितवनमा निर्माणाधीन गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाको निर्माण अभियानका लागि भन्दै फिल्मको प्रचार गरियो । एवं रीतले फिल्म प्रतीक्षित बन्यो । तर अक्सर हाम्रा अपेक्षाहरू निराशामा बदलिने गर्छन् । 'सेन्टी भाइरस' यही नियतिको नयाँ संस्करण हो । एक घण्टा ५५ मिनेट लामो यस फिल्ममा त्यस्तो स्वाद छैन, जुन पछिल्ला केही वर्षमा बनेका स्वदेशी फिल्ममा नचाखिएको होस् । उही पात्र, प्रवृत्ति, संरचना र सेटिङलाई नयाँ नाम दिइएको मात्र हो ।

नियत हसाउने भए पनि भूमाफियाकरणको सामाजिक मुद्दालाई समातेर सार्थक कमेडी पस्कने प्रयास छ । तर, सतही र बासी प्रस्तुतीकरण त्यसका लागि बाधक बनेको छ । लेखकद्वय कुमार कट्टेल र दीपक आचार्यमा कथाले खोजेझैं सामाजिक-राजनीतिक चेत देखिन्न । संवाद र एकाध घटनाक्रमले हास्य सिर्जना गर्नु बेग्लै कुरा, नत्र परिस्थितिजन्य कमेडीको चर्को खडेरी छ । राजनीतिक र ठेकेदारीको नेक्सस, जग्गा हडप्ने प्रवृत्ति र नेताका झूटा आश्वासनजस्ता समाजका अध्याँरा पक्षलाई भने एकहदसम्म उदांगो पारिएको छ । 'पञ्चलाइन' त यस मार्काका फिल्मको साझा गुण (अवगुण ?) भइहाल्यो ।

प्रतिनिधिसभा निर्वाचनको चटारोसँगै फिल्म सुरु हुन्छ । गाउँ कमिटीको अध्यक्ष हुनुको नाताले धुव्रराम (सीताराम कट्टेल) जनउत्थान पार्टीको प्रचारप्रसारमा खटिन्छन् तर उनका ससुराचाहिँ विपक्षी पार्टीका उम्मेदवार हुन्छन् । बुबालाई सहयोग नगरेपछि जुनेली (कुञ्जना) श्रीमान्सँग रिसले आगो हुन्छिन् । चुनावकै कारण उनीहरूको दाम्पत्य जीवनमा संकट आउँछ । ससुराले आफ्नो मितज्यू छिरिङ (दयाहाङ राई) बसिरहेको सुकुम्बासी बस्ती जोगाउन साथ नदिएको रिस पनि छ धुवरामलाई । अब उनले परिवार रोज्छन् कि पार्टी ? फिल्म यसमै घुमेको छ ।

तपाईंले 'कबड्डी कबड्डी' हेर्नुभयो ? त्यसको कथा सम्झनु त, त्यहाँ पनि संसदीय चुनावको रन्को हुन्छ । दयाहाङ ठूलो बुबालाई जिताउन लागिपर्छन् तर मामा अर्को पार्टीको उम्मेदवार हुन्छन् । मामाकी छोरीको एकोहोरो प्रेममा छन् उनी । त्यसैले मामालाई साथ नदिए उनले छोरी नदिने डर छ । प्रेमकै कारण उनको सिद्धान्त डगमगाउँछ । 'सेन्टी भाइरस' को सार त माथि पढिहाल्नुभयो । अब भनिरहनुपर्छ त, त्यो फिल्मका दयाहाङ र यसका सीताराम उस्तै हुन् । फरक कति भने त्यसमा प्रेमिकाका कारण संकट आइलाग्छ, यसमा पत्नी । त्यसमा मुस्ताइको परिवेश थियो, यसमा काम्रे । मुख्य पात्रको ढुलमुले आनीबानी देखाउने शैलीसमेत करिब समान छ ।

दीपकराज गिरीको पछिल्लो फिल्म 'छ माया छपक्कै' को पनि झल्को आउँछ, 'सेन्टी भाइरस' मा । दुवै फिल्ममा चुनावकै चटारो भएर मात्र होइन । त्यसमा खानेपानीका लागि द्वन्द्व छ, यसमा सुकुम्बासी बस्ती । त्यसमा पनि राजनीतिमा प्रेम घुस्छ । नेताले स्थानीय तहका कार्यकर्तालाई प्रयोग गर्ने र मत तान्ने तरिका, चुनावी तिकडमहरूसमेत खास भिन्न लाग्दैनन् । उक्त फिल्ममा दीपक क्षेत्री र यसमा राजाराम पौडेलको भूमिका पनि समान । फिल्म सहायक कलाकारको उपस्थिति र उनीहरूको चालढालमा खास अन्तर छैन । फिल्म हेरिरहँदा लाग्छ, लेखक र निर्देशकलाई ताजा खुराक दिऊँ भन्ने अभिलाषा रत्तिभर छैन । नाम र दाम कमाइसकेका फिल्मकर्मीको डफ्फाबाट यस्तो झ्यारातिराइ कन्टेन्टको अपेक्षा हुन्न । बूढाबूढीको झगडा पर्ने, बूढी माइत जाने, केही दिनमा बूढीलाई लिन बूढा ससुराली जाने, बूढी फर्कन नमान्ने, बूढा रातभर ससुराली बाहिर सुर्तिदिने....उफ् ! कति हेर्नु यस्तो दृश्य ! कथाको विकासक्रम पनि सुस्त छ । पतिपत्नीको नोकझोंकमै मध्यान्तर हुन्छ । बस्ती विवाद र दसवर्षे सशस्त्र द्वन्द्वलाई छुस्स छोइन्छ मात्र । जब कथाले गति लिन्छ जस्तो लाग्छ, त्यही बेला आइटम गीतले भाँजो हाल्छ । रामबाबुका अघिल्ला फिल्ममा झैं रक्सी पिएको दृश्य बग्रेल्ती छन् । दयाहाङले दारु पिउने नयाँ साथी भेटेका छन्, सीताराम । बस्तीमा डोजर चलाउने, चुनाव लडेको नेताको घर लिलामी हुने, मुख्य पात्रमाथि आक्रमण हुने, पारिवारिक विग्रह आउनेजस्ता दृश्यमा समेत निर्देशकले दर्शकको संवेदना जित्न सक्दैनन् । नेताको वरिपरि घुम्ने कार्यकर्ताभन्दा 'कमेडियन' ज्यादा लाग्छन् ।

अरू त अरू, फिल्मको मुख्य द्वन्द्व बस्ती जोगाउने हो कि पत्नी, स्पष्ट छैन । प्रतिनिधिसभा चुनाव भए पनि केन्द्र तह र मिडियाको कुनै उपस्थिति छैन । मध्यान्तरअघि एकोहोरो हँसाउने चेष्टा गरिन्छ, मध्यान्तरपछि एकाएक रोनाधोना घुसाइन्छ । फिल्ममा जम्माजम्मी एउटा 'सस्पेन्स' छ, त्यसैको 'ट्रिटमेन्ट' ले पनि दर्शकलाई रोमाञ्चित बनाउँदैन । 'कबड्डी' मा रामबाबुले कथा र कमेडीको सही सम्मिश्रण गरेका थिए । पात्रको रुपरेखा, भोगाइ र उनीहरू बाँचिरहेको समाज स्वाभाविक र आत्मीय लाग्थ्यो । अबचाहिँ उनी एउटै पकवान उल्टाई-पल्टाई पस्किरहेका छन् । सर्जक स्वयंका लागि घातक हुन्छ यस्तो रबैया ।

चुनाव अघि र पछि नेताको व्यवहारमा आकाश-जमिनको फरक हुन्छ । आश्वासनको भारी बोकाउँछन् तर जितेपछि स्वार्थपूर्तिमै तल्लीन हुन्छन् । आवरणमा नेताले देश चलाएजस्तै लागे पनि यथार्थमा माफिया हाबी भइरहेका हुन्छन् । सहिदका सन्तानभन्दा पैसावालाले बढी अवसर पाउँछन् । अनि, नागरिक पनि केही बोरा चामल र केही रुपैयाँमा मत बेच्छन्/बेच्न बाध्य छन् । हामीमाझ रहेका यस्ता विडम्बनालाई 'सेन्टी भाइरस' मा प्रतिबिम्बित गरिएको छ । केही संवाद रमाइला र चोटिला छन् । 'हाम्रो पार्टी...' गीत व्यंग्यात्मक छ । यस्ता एकाध पक्ष मात्र छन् प्रशंसालायक ।

कलाकारभन्दा समाजसेवीको छवि बलियो हुँदै गएको छ, सीताराम कट्टेलको । 'सेन्टी भाइरस' मा कलाकार र समाजसेवी दुवै कोणबाट सानदार देखाउने उनको उद्देश्यले मूर्तरूप पाएको छैन । कथा र पात्र छनोटमा चुकेका छन् । उनले ख्याल गर्नुपर्ने कुराचाहिँ अभिनय र क्यारिकेचरमा फरक हुन्छ । उनको भूमिका कतै 'कबड्डी' को काजी लाग्छ, कतै 'छक्का पन्जा' सिरिजको राजा । बरू अभिनय 'लाउड' लागे पनि कुञ्जनाको चरित्र 'बोल्ड' छ । हिंसा सहँदिनन्, डटेर सामना गर्छिन् । दयाहाङचाहिँ साँच्चै 'प्रयोग' मात्र भएका छन् । 'लुट' को गोफ्लेपछि 'कबड्डी' को काजीले दयाहाङलाई नयाँ चिनारी दियो, लोकप्रियता थपिदियो । यसको जस निश्चय नै रामबाबुलाई जान्छ । तर, 'मिस्टर झोले', 'पुरानो डुंगा', 'कबड्डी कबड्डी कबड्डी' देखी 'सेन्टी भाइरस' सम्म आइपुग्दा रामबाबुकै फिल्महरू दयाहाङका लागि प्रत्युत्पादक बनेका छन् । अभिनेताका रूपमा उनलाई खुम्चाइएको छ । त्यसैले दुवैले आत्मसमीक्षा गर्ने समय घर्किसकेको छ । जब पात्र, कथा र शैलीमा नयाँपन र सिर्जशीलता खोज्दा निराश हुनुपर्छ, निर्देशक असफल भएको ठहरिन्छ । रामबाबुको हकमा यस्तै भएको छ यसपटक । फिल्मभित्र परिस्थितिअनुकूल पात्रले ठट्टा गर्न सक्छन् तर फिल्म-मेकिङ आफैंमा ठट्टा होइन । 'सेन्टी भाइरस' चाहिँ ठट्टा र हतारको परिणाम हो ।

फिल्म समीक्षा

सेन्टी भाइरस

निर्देशक : **रामबाबु गुरुङ**

कलाकारहरू : **सीताराम कट्टेल, कुञ्जना घिमिरे, दयाहाङ राई, बुद्धि तामाङ, विल्सनविक्रम राईलगायत ।**

शैली संक्षेप

'धुलो' को गीत

काठमाडौं (कास)- प्रदर्शन मिति नजिकिँदै गर्दा फिल्म 'धुलो' युनिटले प्रचारप्रसार तीव्र पारेको छ । फिल्मको शुक्रबार राजधानीमा 'चार सय चालीसको बिजुली...' बोलको गीत दर्शकमाझ ल्याइएको छ । राजधानीमा सडक गल्लीमा ठेलागाडा-रिक्सा चलाएर जीवनयापन गर्ने मजदुरको जीवनशैली, सपना र संघर्षमाथि बनाइएको फिल्मको यो गीत दुर्गा खरेल र अनुप थापाले गाएका हुन् । केशव मिश्रले लेखेको गीतमा जुगल डंगोलको संगीत र रामजी लामिछानेको कोरियोग्राफी छ । नेपाल टेलिभिजनमा क्यामेरा पर्सनका रूपमा कार्यरत सञ्चारकर्मी प्रद्युम्न मिश्रको डेब्यु निर्देशन रहेको 'धुलो' आउँदो शुक्रबार रिलिज हुँदै छ । गीतमा बुद्धि तामाङ, अग्रज केसी र दिपाशा बीसीले अभिनय गरेका छन् । निर्देशक मिश्रका अनुसार यो आइटम 'ड्रिम सिक्वेन्स' हो । यथार्थपरक विषयमा निर्माण गरिएको फिल्ममा बुद्धि र अग्रजका साथमा सृजना सुब्बा, प्रद्युम्न मिश्र, दामोदर गजुरेल, अमृता पाण्डे, सुदीप कार्कीलगायतले अभिनय गरेका छन् । दीपा धरेलको प्रस्तुति रहेको फिल्मको निर्माता लक्ष्मी गौतम र नानीराम फुँयाल छन् ।

राजको 'लाहुरे'



काठमाडौं(कास)- दर्जन फिल्ममा अभिनय गरेका राज क्षितिज गायनतिर पनि लागेका छन् । उनले 'लाहुरे' बोलको लोकगीत ल्याएका हुन् । राजलाई स्वरमा गायिका ज्योति मगरले पनि साथ दिएकी छन् । गीतको भिडियोमा राजसँगै ऋचा थापा, बुद्ध श्रेष्ठ, भूपाल कार्की, प्रज्ञासी थापा, सृजना मैनाली, सुरेश राय यादव, अस्मिता कार्की, आयान पौडेल, उत्कृष्ट सोनामलगायतले अभिनय गरेका छन् । गायक राजकै शब्द रहेको गीतको लय संकलन भने नवीन रावलले गरेका हुन् । वैदेशिक रोजगारीका कारण परिवार र सम्बन्धमा आउने विखण्डनलाई भिडियोले समेटेको छ । सागर गौतमको छायांकन, प्रेम शर्मा पौडेलको सम्पादन रहेको भिडियोको उत्तम वाइबा लामाले निर्देशन गरेका हुन् ।

कार्कीको 'कुमारी प्रश्नहरू'



कथासंग्रह 'कुमारी प्रश्नहरू' लोकार्पण गर्दै नेपालयमा बेलायती राजदूत निकोला पोलिट, पत्रकार अमित ढकाल र लेखक दुर्गा कार्की (बीचमा) ।

काठमाडौं (कास)- आख्यान र गैरआख्यान लेखनमा सक्रिय दुर्गा कार्कीले कथासंग्रह 'कुमारी प्रश्नहरू' ल्याएकी छन् । संग्रहलाई शुक्रबार कालिकास्थानस्थित नेपालयको आर-शालामा बेलायती राजदूत निकोला पोलिट, पत्रकार अमित ढकाल र लेखक स्वयंले संयुक्त रूपमा लोकार्पण गरे ।

लोकार्पणपछि नेपालय पब्लिकेसनकी सम्पादक भूषिता वशिष्ठसँग पुस्तकको सेरोफेरोमा रहेर अन्तरसंवाद गर्दै लेखिका कार्कीले कथासंग्रहको नामबारे खुलाउँदै संग्रहभित्र समावेश कतिपय कथामा समाजले नउठाइएका विषयसम्बन्धी प्रश्न उठान गरिएको बताइन् । उनले शीर्ष कथा यौन र सम्पत्तिमाथि महिला हकबारे भएपनि पुस्तकले महिलाभन्दा धेरै टाढा गएर सोच्ने बाटो देखाउने दावी गरिन् । कथासंग्रहमा समाज र नारीवादी चेतका विषयहरू जोडिएको जनाउँदै उनले भनिन्, 'कतिपय कथाका लागि पात्र र ठाउँको प्रत्यक्ष अध्ययन गरेर समाजको वास्तविक पात्र र चरित्र चित्रण गर्ने कोसिस गरेको छु ।' लेखाइबाट नै सबैखाले पात्रहरूको मनोभावना बुझ्ने मौका पाएको भन्दै उनले त्यसैबाट समाजका विविध पक्ष केलाएको उल्लेख गरिन् । पोलिट र ढकालले कार्कीको लेखनसँगै साहित्यमा महिला लेखनबारे चर्चा गरे । साहित्यमा महिलाको स्थानको संक्षिप्त वर्णन गर्दै राजदूत पोलिटले नेपाली साहित्यमा महिलाको बढ्दो सहभागिताले आफू उत्साहित भएको सुनाइन् । पोलिटले बेलायतको साहित्यिक इतिहासको स्मरण गराउँदै जर्ज एलिटजस्ता महिला लेखकले पुरुषका नाममा लेख्ने गरेको सन्दर्भ कोट्याउँदै भनिन्, 'महिलालाई महत्त्वका साथ नहेरिए साहित्यको मैदान अनुभूति बेगरको मरुभूमि बन्नेछ ।'

पत्रकार ढकालले कार्कीको लेखकीय शैलीको प्रशंसा गर्दै उनको लेखनले आफू उभिएको ठाउँबाट समाजलाई अगाडि बढाउन सक्ने ठहर गरे ।

आफ्नै भाषा, आफ्नै सिर्जना



अन्तर्राष्ट्रिय मातृभाषा दिवसको अवसरमा राजधानीको प्रज्ञा प्रतिष्ठानमा आयोजित बहुभाषी कवि गोष्ठीमा सांस्कृतिक झाँकी प्रस्तुत गर्दै कलाकार ।

काठमाडौं (कास)- डम्फुको तालमा घन्किएको ताम्वा हुवाई (गीत), शिरमा शिरफूल, टोपी, गलामा जन्तर तथा स्यामा र आङरेमा सजिएका तामाङ समुदाय । साकेला र सेमुनामा रमेका राई समुदाय, सुदूरको देउडामा रमेका सुदूरपश्चिमेलीलगायतका मुलुकभरिको प्रतिनिधित्व गरी आएका डेढ दर्जनभन्दा बढी आदिवासी जातिको झाँकी प्रदर्शनको रौनक शुक्रबार कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा छुट्टै देखिन्थ्यो ।

नेवार समुदायको धिमे, थारू समुदायको सखिया, मगर समुदायको हुर्रा, किरात समुदायको याक्खाजस्ता नृत्यहरू राजधानीका घण्टाघर, बागबजार, पुत्तलीसडक, रत्नपार्क हुँदै प्रज्ञा प्रतिष्ठानको स्टेजसम्म आइपुग्दा निकै रौनकता छाएको थियो । सीमारहित भाषा भन्ने मूल नाराका साथ अन्तर्राष्ट्रिय मातृभाषा दिवस २०२० को अवसरमा राजधानीको कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा आयोजित 'राष्ट्रिय मातृभाषा कविता महोत्सव' मा भेषभूषा र संगीत मात्र होइन मुलुकभरिका आदिवासी जातिका स्रष्टाहरूले आफ्नै मातृभाषामा कवितामार्फत भूगोल, भाषा, पहिचान, स्तर, नारी पीडा, चेतना र समग्र मुलुकको अवस्थालाई चित्रण गर्ने जमर्को गरे । मुलुकभरबाट ५४ भाषामा १ सय ५६ वटा कविता आए पनि ६५ वटा कवितालाई वाचनका निम्ति छनोट गरिएको मातृभाषा साहित्य विभागकी प्रमुख प्राज्ञ लक्ष्मी मालीले बताइन् । कविता छनोट उपसमितिबाट छानिएका लगभग साढे पाँच दर्जन जति कविता कार्यक्रममा वाचन गरिएका थिए । कार्यक्रममा अथिति कवि राष्ट्रिय गानका रचयिता प्रदीपकुमार राई (व्याकुल माइला), असमिया भाषी लेखिका रुमी लस्कर बोराले आ-आफ्नो मातृभाषामा कविता वाचन गरे ।

'सोलेवा पार्कतिङ याप्चाम बाकिमे' शीर्षकमा वाम्बुले राई भाषाबाट व्याकुल माइलाले कविता वाचन गरेपछि सुरु भएको प्रस्तुतिमा कवयित्री बोराले असमिया भाषामा 'चिठी' शीर्षकको कविता वाचन गरिन् । नेपाल र नेपालीप्रति माया दर्साउँदै उनले थोरै नेपाली भाषामा समेत कविता सुनाइन् । कार्यक्रममा वाम्बुले राई भाषामा ओखलढुंगाबाट आएका सम्झना राई, दूतराज राई, नवलपरासीबाट अवधि भाषामा अनिल कुर्मी, काभ्रेबाट तामाङ भाषामा रचना मोक्तान, मनिक तामाङ, झापाबाट किसान भाषामा भीम किसान, हुम्लाबाट खस भाषामा जयदेवी शाही, पर्साबाट भोजपुरी भाषामा अजमत अली अन्सारी, सोलुखुम्बुबाट शेर्पा भाषामा छिरिङ शेर्पा अविरल, गोरखाबाट संस्कृत भाषामा नवराज कट्टेललगायतले कविता सुनाए । काभ्रेका कवि रचना र मनिकले मानवीय तथा जातिय, मुलुकको पहिचान, पीडा, मौलिकता र यथास्थितिको भाव कवितामा अभिव्यक्त गरे । खस भाषामा जयदेवीले सुदूरपश्चिमको छाउपडी प्रथा र त्यसले महिलाले भोगेको पीडालाई चित्रण गरिन् । भोजपुरी भाषामा अजमतले लय हालेर साइकल सवारीको महत्त्वबारे कविता सुनाउँदा हलमा दर्शक निकै जोसिलो रूपमा चाख मानेर सुनिरहेका थिए । त्यस्तै शेर्पा भाषामा छिरिङले हिमाल र शेर्पा जातिको सम्बन्धबारे भाव व्यक्त गरे । कार्यक्रममा उपस्थित उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेलले नेपाललाई अल्पसंख्यकको मुलुकका रूपमा लिँदै भौगोलिक, भाषिक, जातीय, सांस्कृतिक विविधतामा पनि एकता कायम भएको उल्लेख गरे । जातीय एकता र सद्भाव व्यवहारमा लागू गर्नुपर्ने भन्दै उनले भने, 'नेपाल विभिन्न रंग र बुट्टाले भरिएको सिंगमर्मरजस्तै हो । हाम्रो एकताले यो टिकेको छ ।' बंगलादेशका राजदूत मास्की बिन्ते साम्सले आफ्नो मुलुकको भाषा आन्दोलन र यसका लागि सहादत प्राप्त गरेका सहिदलाई स्मरण गर्दै यसलाई एकता र पहिचानको मूल आधार रहेको सुनाइन् ।

प्रतिष्ठानका कुलपति गंगाप्रसाद उप्रेती र मातृभाषा साहित्य विभागकी प्रमुख मालीले भाषाले हाम्रो मुलुक, संस्कृति, जाति बाँचेको बताए । दुवैले भाषालाई हाम्रो पहिचानको आधार रहेको उल्लेख गरे । अन्तर्राष्ट्रिय मातृभाषा दिवसकै अवसरमा प्रतिष्ठानले गत मंगलबार 'मातृभाषा र मातृभाषा साहित्य' सम्बन्धी तीनवटा कार्यपत्रसहित विचार गोष्ठीसमेत गरेको थियो ।

तेमालमा ल्होछार उत्सव



काठमाडौं (कास)- 'संस्कृति हराए तेमाल जानु' भन्ने उक्ति प्रचलित छ तामाङ समुदायमा । बुद्धचित्त र पद्मसम्भवको यो तपोभूमिमा चर्चित गायक-तथा कलाकारले आ-आफ्ना प्रस्तुति दिएका छन् । तेमाल फाउन्डेसनले आधाबाटमा हालै गरेको दुईदिने ल्होछार महोत्सवमा नायक अमीर दोङ, गायक विश्व दोङ, फूलकुमार बमजन, उत्तर दोङ, गायिका निर्मला घिसिङ, मीना तामाङलगायतले दर्शक नचाए । खेन्पो सोनाम ग्युर्मेको प्रवचनबाट सुरु महोत्सवमा गाउँपालिका अध्यक्ष सलामसिंह तामाङ, पूर्वउपाध्यक्ष इन्द्रबहादुर तामाङ, वडा अध्यक्ष मानबहादुर श्रेष्ठलगायत स्थानीयले खेन्पोबाट छेवाङ (आशीर्वाद) लिए । अध्यक्ष तामाङले तेमालको दोर्जेगाङमा तामाङ संग्रहालय निर्माण हुने बताए । स्थानीय कलाकार विहिन दोङ, कर्म लामा, विक्की दोङ र जेबी लामाले पनि प्रस्तुति दिएको महोत्सवमा नायिका सुष्मा मोक्तान र मोनिका लामाले आकर्षक सेलो नाचे । स्थानीय संस्कृति प्रवर्द्धनका लागि उत्सव गरिएको फाउन्डेसनका अध्यक्ष जगत तामाङले बताए । ल्होछार परम्परा पुनर्स्थापित गर्न महोत्सवले सघाउने उपाध्यक्ष सानुमान तामाङले बताए ।

कलाकारहरूलाई सम्मान समेत गरिएको महोत्सवमा गाउँपालिका प्रवक्ता ज्ञानबहादुर तामाङ, चलचित्रकर्मी जेनिश लामा, सञ्चारकर्मी हीरामान लामा, तीर्थमान बल, दिनेश लो, मिलन लामालगायतले स्थानीय संस्कृतिमाथि प्रकाश पारेका थिए ।



मन्त्री–सांसदको तलब बढ्यो

प्रतीक्षा काफ्ले (गण्डकी)

प्रदेश सरकारले मुख्यमन्त्रीदेखि सांसदसम्मको पारिश्रमिक (मासिक तलब) बढाएको छ। गण्डकीले मुख्यमन्त्रीको ९ हजार ७६०, मन्त्रीहरूको ८ हजार ३०२, राज्यमन्त्रीको ७ हजार ८४० र सहायकमन्त्रीको ६ हजार ५२० रुपैयाँ तलब बढाएको हो।

मुख्यमन्त्रीको यसअघि ६० हजार ९७० रुपैयाँ मासिक पारिश्रमिक रहेकामा बढाएर ७० हजार ७३० पुऱ्याइएको छ। मन्त्रीहरूको तलब ५२ हजारबाट ६० हजार ३२०, राज्यमन्त्रीको ४९ हजारबाट ५६ हजार ८४० र सहायकमन्त्रीको ४७ हजारबाट ५४ हजार ५२० रुपैयाँ पुऱ्याइएको छ। गण्डकीमा मुख्यमन्त्री र ६ मन्त्री मात्रै छन्। राज्य र सहायकमन्त्री छैनन्।

यसैगरी सभामुखको ५३ हजारबाट ६१ हजार ४८०, उपसभामुख र प्रमुख प्रतिपक्षी दलका नेताको ५० हजारबाट ५८ हजार, सत्ता र प्रतिपक्षका प्रमुख सचेतक, संसदीय समितिका सभापतिको ४९ हजारबाट ५६ हजार ८४०, सत्ता र प्रतिपक्षका सचेतकको ४७ हजारबाट ५४ हजार ५२० र प्रदेशसभा सदस्यको ४५ हजारबाट ५२ हजार २०० रुपैयाँ पुऱ्याइएको छ। प्रमुख सचेतक र सभापति ६, सचेतक २ र सांसद ४२ जना छन्।

पुस ९ को मन्त्रिपरिषद् बैठकले यससम्बन्धी निर्णय गरेको हो। निर्णयमा आर्थिक मामिला तथा योजना मन्त्रालयको 'प्रदेशस्तरका मन्त्री, प्रदेशसभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक वृद्धिसम्बन्धी प्रस्ताव' स्वीकृत भएको उल्लेख छ। सोही निर्णयअनुसार आन्तरिक मामिला तथा कानुन मन्त्रालयले तलब वृद्धिबारे फागुन ५ मा राजपत्रमा सूचना प्रकाशन गरेको छ। सूचनाअनुसार बढेको तलब चालु वर्षको साउन १ देखि नै लागू हुने उल्लेख छ। प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष र सदस्य, मुख्यमन्त्रीका राजनीतिक सल्लाहकार, मुख्य न्यायाधिवक्तालगायतको पनि बढेको छ। राजनीतिक सल्लाहकार र योजना आयोगका उपाध्यक्षले राज्यमन्त्रीसरह सेवासुविधा पाउनेछन्। योजना आयोगका थप दुई सदस्यले सहायकमन्त्रीसरह सुविधा पाएका छन्।

यसैगरी ६ महिना सेवा अवधि पूरा गरेको सचिवालयका कर्मचारीलाई एक महिनाको तलबबराबरको रकम चाडपर्व खर्च पनि दिइने भएको छ। राजपत्रमा प्रकाशित यस सूचनाका आधारमा वार्षिक ५७ लाख ५२ हजार रुपैयाँभन्दा बढी रकम तलबमा खर्च हुने भएको छ। प्रदेश सरकारका प्रवक्ता एवं भौतिक पूर्वाधार विकासमन्त्री रामशरण बस्नेतले संघ सरकारले तोकेको रकमलाई संशोधन गरिएको बताए। वृद्धि नभई संघीय सरकारले बढाएकोलाई संशोधन मात्र गरेको उनको भनाइ छ। संघले वृद्धि गरेको प्रतिशतअनुसार गण्डकीमा तलब संशोधन भएको उनले बताए। सरकारले तोकेको मर्यादाक्रमअनुसार सुविधाको अनूसूची सच्याउने निर्णय भएको उनले बताए।

गण्डकी प्रदेश



कसको कति ?	गत वर्ष	यो वर्ष	बढेको
मुख्यमन्त्री	६०,९७०	७०,७३०	९,७६०
सभामुख	५३,०००	६१,४८०	८,४८०
उपसभामुख / विपक्षी दलको नेता			
	५०,०००	५८,०००	८,०००
मन्त्री	५२,०००	६०,३२०	८,३२०
राज्यमन्त्री	४९,०००	५६,८४०	७,८४०
सत्ता र विपक्षी दलका प्रमुख सचेतक			
	४९,०००	५६,८४०	७,८४०
संसदीय समिति सभापति			
	४९,०००	५६,८४०	७,८४०
सहायकमन्त्री	४७,०००	५४,५२०	७,५२०
सचेतक	४७,०००	५४,५२०	७,५२०
प्रदेशसभा सदस्य			
	४५,०००	५२,२००	७,२००

प्यूठानकी अल्लो अभियन्ता

गिरुप्रसाद भण्डारी (प्यूठान)

प्रदेश रत्न पदकबाट विभूषित चित्रकली बुढामगरलाई अहिले बधाई थाप्न भ्याइनभ्याइ छ। उनको ध्यान बधाईभन्दा प्यूठानमा जारी महोत्सवमा अल्लोका कपडा बेच्नमै केन्द्रित छ। स्टलमा अल्लोका कपडा बुन्ने तरिका हेर्न र टोपी, कोट र ब्यागलगायत किन्न आउने मानिसको भीड छ। गत बिहीबारदेखि सुरु महोत्सवमा उनी स्टल राखेरै बसेकी छन्। नौबहिनी-१ स्याउँलीबाडकी ५२ वर्षीया चित्रकलीलाई स्टलमा श्रीमान् खिमबहादुर र कामदारले सघाइरहेका छन्।

सरकार र ग्राहकको मायाले आफूलाई अल्लो व्यवसायमा लाग्न हौसला मिलेको बुढाले बताइन्। प्रदेश ५ प्रमुख धर्मनाथ यादवको हातबाट प्रदेश स्थापनाको अवसरमा उनले पदक पाएकी थिइन्। 'पदकले मेरो गर्जो टर्दैन,' उनले भनिन्, 'हौसलाचाहिँ ठूलै हुँदो रहेछ।' २० वर्षअघिसम्म उनले जिल्लाकै दुर्गम गाउँ स्याउलीबाडमा परम्परागत रूपमा भांग्रो (अल्लोको कपडा) बनाउँथिन्। कपडा बनाउन उनलाई आमाले सिकाएकी थिइन्। अल्लो सिस्नो प्रजातिको वनस्पति हो। उनले गाई-बाख्रा चराउन जाँदा जंगलबाट त्यही सिस्नोको धागो निकालेर ल्याउँथिन्। जाँगर लगाएर परिवारलाई चाहिने कपडा बुन्थिन्। त्यस बेलासम्म उनलाई



स्वर्गद्वारी प्यूठान महोत्सवमा अल्लोका कपडा बुन्दै चित्रकली बुढामगर। *तस्बिर : गिरुप्रसाद/कान्तिपुर*

जिल्लामा कसैले चिन्दैनथे। अहिले त्यही सीपले उनलाई अल्लो व्यवसायी बनाएको छ। देशभर अल्लो अभियन्ताका रूपमा चिनाएको छ। दर्जनौं पुरस्कार दिलाएको छ।

चित्रकलीले १८ वर्षअघि १० हजार रुपैयाँ लगानीबाट नौबहिनी-६ बाहाने बजारमा अल्लो व्यवसाय थालेकी हुन्। अहिले उनी वार्षिक ५० लाख रुपैयाँभन्दा बढीको कारोबार गर्छिन्। गाउँमा खेर जाने सिस्नो उपयोग गरेर आम्दानी गर्न सकिन्छ भन्ने जिल्ला लघुउद्यम विकास कार्यक्रमले सिकाएको उनले बताइन्। 'काम गर्दै गएपछि अल्लोबाट बनाएका सामानको माग बढ्दै गयो,' उनले भनिन्, 'मलाई अहिले अल्लोले चिनाएको छ।' अल्लोको अन्तर्राष्ट्रिय बजारबारे पछि मात्रै थाहा पाएको उनले बताइन्। अल्लोले नै देशविदेश घुमेकी छन्। 'अल्लो त महत्त्वपूर्ण रहेछ,' उनले भनिन्, 'यसैले पदक पनि दिलायो। वर्षमा दुई-चार लाख रुपैयाँ कमाइका साथ देशविदेश घुम्ने अवसर पनि जुरिरहेको छ।' अल्लोका पोसाकको माग बढ्दै गएपछि उनले अल्लो उद्योगमा लगानी पनि बढाएकी छन्। बाहनेबाट जिल्लाको व्यापारिक केन्द्र बाग्दुलामा समेत अल्लो उद्योगको विस्तार गरेकी छन्।

उनको उद्योगमा अहिले १८ जनाभन्दा बढी कामदार संलग्न छन्। चित्रकली अल्लोका कपडा बिक्री गर्न मेला-महोत्सवमा समेत धाउँछिन्। श्रीमान्ले पनि उनको व्यवसायलाई सघाइरहेका छन्। जिल्लामा मेला-महोत्सव लागे उनी अल्लोका सामग्री लिएर पुगिहाल्छन्।

चित्रकलीको कोठी हिमाल अल्लो उद्योगमा अल्लोका कोट, टोपी, जुत्ता, पछ्यौरा, झोला र पर्सलगायत सामान बन्छन्। कोठी हिमाल अल्लो उद्योगका उत्पादन जिल्लामा प्रख्यात छन्। प्यूठानमात्रै होइन, छिमेकी रोल्पा, रुकुम र बागलुङका महिलालाई समेत उनले अल्लो धागो खरिदबिक्रीमा संलग्न गराएकी छन्। उनको उद्योगमा उत्पादित अल्लोका कपडा अहिले साउदी, कतार, अस्ट्रेलिया, मलेसिया, थाइल्यान्ड, इजरायल, सिंगापुरसम्म निर्यात हुन्छन्।

बर्गिकृत विज्ञापन

घर जग्गा

गोलढुंडगा पृथ्वीमावि स्कूलअगाडी आकर्षक घडेरीहरू ९८१८६६००५९

घरजग्गा धितोमा तुरुन्त कर्जा 9860579477

बसुन्धारा हाइटमा 0-10-0-0 बंगलो ६,९०,००,०००/ 9851027364

सानोभञ्ज्याङमा सातआनामा बनेको घरबिक्रिमा, 9818775349,

उपत्यकामा सस्तो घरजग्गा लिनदिन 9810172509

धमबाराही मण्डीखाटारमा बङ्गलो 4,25,00,000/- 9851027364

मैतिदेविमा 0-5-0-0 घर 3,75,00,000/- 9851027364

बुढानिलकण्ठ, सिद्धार्थ कोलोनीभित्र १-२-०-०जग्गा प्रतिआना ३२.५०लाख 9851246812, 9849431868 दलालले कष्ट नगर्नुहोला

भक्तपुरको मुटुको घर बिक्रीमा 9849616422

बुढानिलकण्ठ भ्यालिभ्यु कोलोनीमा र हरेकृष्णधाम माथिको हाईटमा स्वच्छवातावरणयुक्त स्थानको केहि टुका घडेरी जग्गा बिक्रीमा सिधासम्पर्क ९८५१०३९४३२, ९८०१२३३१३५, ९८०१२३३१३१

सुन्दरीजल नयांपाटीमा सस्तो टुका घडेरी बिक्रीमा, ९८५१०६६३९३, ९८५११२१९१२

सितापाइलाचोक नजिक इलाईट कोलोनीभित्र ०-६-२-२ मा बनेको नयाघर 9851030400

बबरमहल कुरियागाउंको घर बिक्रिमा ९८५१०००१०९

सानेपाको मेनरोडमा ०-९-१-० जग्गा, दलालले सम्पर्क नगर्नुहोला, ९८४१२४८०४९

२७ रोपनी दहचोकको अतीसस्तो ९८६९६२३०७०

काठमाडौंमा घरजग्गा खरिद र नयाँघर निर्माण गर्नुपरेमा ९८५११८९७४५

मनमैजु मन्दिरनजिक ०-४-१-० बनेको ३.५तल्ला घर बिक्रिमा २,१०,००,०००।- ९८४१९४२८४९

सानोभञ्ज्याङ रिङरोड बाहिर ४.५आनामा बनेको आधुनिक घर बिक्रिमा ९८०८७०५३७४

बसुन्धरा रिङरोडबाहिर हाइटमा हस्पिटल कलेजकोलागि उपयुक्त ४४आना जग्गा बिक्रिमा ९८०८७०५३७४

भक्तपुर श्रृजनानगरमा एकरोपनी चारआनामा रहेकोघर, टहराहरू लज, होटेल, गोदाम फ्याक्ट्री, स्कुलकलेज गार्मेन्ट, डिपार्टमेन्टल, पसलकोलागि समेतहुने घरजग्गा बिक्रीमा 9861125436, 01-6611427

ग्राण्डी हर्सपटलबाट १किमी उत्तर साईबाबा चोकबाट हात्तीगौडा जानेबाटो नजिक पुर्वमोहडाको ०-६-२-०सिधासम्पर्क ९८५११०४५९९

कपनआकाशेधारा, चोकैमा ०-६-०-०, कपनबालुवाखानीमा, ०-५-१-०, ९८४१३४५००५

रिङरोड सामाखुशी चोकसंगै २०फिटे पिचबाटोमा -३-४-५-६.५ आनाका टुक्रा घडेरीहरू बिक्रीमा सिधासंपर्क 9841890261, 9851104599

धापासी नेचरकल्बमा नयांघरहरू ९८५१०१७६२०, ९८५१०७४९४०

गोल्फटार चोकबाट ४००मि.भित्र हेपालीहाईट जानेबाटोमा आकर्षक ०-४-०-०, ०-५-०-० कोप्लटहरू एकदम सरलमूल्यमा 9869051774

हरिसिद्धि महानगरपालिका -४ क्षेत्रफल १-८-०-० प्रतिआना १३.५लाख 9841444490, 9851246812 नोदलाल

टेकु अम्बेकम्प्लेक्स पछाडि ०-४-२-३ 9851200079, 9860782979

ललितपुर रिङरोडबाट पांचकिलोमिटर ठेचोमा हाईटकोजग्गा आनाको एघारपचासले 9861522757

पेप्सीकोलामा घर, टुकाजग्गाहरू 9842224297, 9840208434

ललितपुको.जुनसुकै एरियामा घरजग्गा खरिदबिक्रीको लागी 9849188782

बुढानीलकण्ठ पार्कभीलेज ०-५-०-० इतल्ले नयाघर ३,५०,००,०००।, पेप्सीकोला ०-३-०-० इतले नयाघर १,६०,००,०००। जग्गासंग पनि साट् नसकिने 9851034786

मातातिर्थ बैकुण्ठधाममसँगै ०-५-२-० जग्गामाबनेको २.५तल्लेघर १,३०,००,०००/- ९८५१२१८१३२

हस्पिटलअगाडिको घरबिक्रिमा घरजग्गासंग साट्नसकिने ९८५१२५२७७

कलकी ढुङ्गेअड्डामा चारआना बत्तिसलाख प्रतिआना ९८०२०३४१२७

कमेरोटार प्लानिङमा ८-मिटरको बाटोमा २.५-नयांघर बिक्रीमा, 9851035647, दलालले कष्टनगर्नुहोला

भक्तपुर बागेश्वरीमा १रोपनी ३२ फिटको बाटोमा १,३०,००,०००/- ९८६०८९०२५४

सतुंगल हाइवेनजिक ८आना प्रतिआना २५,००,०००/- 9841489535

घरजग्गा खरीदबिक्रि गर्नपरेमा ९८५११८६३७९, ९८८०४८८३२५

भैसिपाटीमा दशआना जग्गा बिक्रीमा, ९८४१४८३१८६

मुलपानीमा 10,50,000-21,00,000/ प्रतिआना 9851092720, 9849098343

जोरपाटी नारायणटारमा ४आनामा बनेको ३तल्ले घर बिक्रिमा ९८१०१७५३१५

रानीबन प्लानिंगको ०-१०-३-० नुवाकोट बिदुरका ०-९-२-० बिक्रीमा 9851004070

बनेपा जनगालमा ५४-आनाजग्गा 9852041345

मच्छेगांउमा ०–३–२–० सस्तोजग्गा अर्जेन्ट बिक्रिमा ९८२३५५९७९७

मनहरा स्मार्टसिटि एरियामा घडेरी चाहिएमा सम्पर्क 9849161816, 9860105625

ताथलीमा ०-३-१-० मुलपानीमा ०-९-०-०, 9803040106

बढानिलकण्ठ स्कूलपछाडि सत्रदेखि २५लाखसम्म घडेरी ९८४३०२४१९२, ९८४०१३५१६०

कमर्सियल १०मिटर बाटोमाजग्गा ३आना सानोथिमीमा ४५लाख प्रतिआना ९८४१४८९५३५

गोकर्णेश्वर मन्दिरनजिक प्लानिङको २६ पिचमा दुबैतिरबाटो कमर्शियल ८.४६ आनाजग्गा ९८६३३३६९१९

चोभार सुख्खाबन्दरगाह नजिकै खहरेमा छब्बिसफिटे पिचबाटोमा गोदाम, उद्योगकोलागि उपयुक्त छपन्नआना बिक्रीमा 9841231987, 9841549149

लोकन्थलीमा १६फिटे पिचबाटोमा ०-६-१-०मावनेको आधुनिक बगंलोघर बिक्रीमा, मूल्य रु.३,२५,००,०००/- ९८५१०३२१५४

उपत्यका, तराईमा सस्तो घरजग्गा चाहिएमा ९८४१२५७२०१

सवारी साधन

Taxi किन्न बेच्न परेमा ९८५१० ९१४०१

सम्पर्क

धितो/ बिना धितो कर्जा 9851063843

सस्तोमा धितोफुकुवा शेयरलागत क्यासडिपोजिट 9848830604

धितोफुकुवा, क्यासडिपोजिट, धितोरासी ९८४४४७८७५८, ९८०३१२३५७८

For Library Automation Mob: 9841455903

Cash Deposit विद्यार्थीका लागी 9815151535

अतिसस्तोमा धितोफुकुवागर्न, विदेश अध्ययनकोलागि Cashdeposit, ऋणलिन ९८५१११७९८०

धितो राखी ऋण चाहिएमा ९८५११९४९३०

कम्पनीको लागि धितो चाहियो ९८५११९४९३०

सस्तोमा Cash deposit धितोफुकुवा 9851053106

सस्तोमा Cash deposit धितोफुकुवा 9841027010

ट्याङकरबाट सफापानी चाहिएमा 9851246030 महाराजगञ्ज, चावहिल, लाजिम्पाट, नयांबसपार्क

सस्तोमा Cash Deposit धितोफुकुवा 9851032104

सस्तोमा Bank Deposit 9863646909, 9803702227

बिधार्थीलाई सस्तोमा Cash Deposit 9826104122

विविध बिक्रीमा

ललीतपुर, मानभवन स्थित चलीरहेको गर्ल्स होस्टल बिक्रीमा, 9841356245

बौद्धमा चलिरहेको फेन्सी पसल बिक्रीमा ९८५११४००७०

ग्वार्कोचोकको अति व्यस्त ठाउको फास्टफुड बिक्रीमा ९८४९४४९९९३

रेष्टुरेन्ट बिक्रिमा कुमारीपाटी ३५००००० /- ९८४१५७३४८६

नयांबानेश्वर Eyepexmall अगाडी चलिरहेको कस्मेटीकपसल बिक्रीमा, 9840072790, 9866273238

नयाँबानेश्वरमा ६०० स्वायरफिटको फेन्सीपसल बिक्रीमा 9841153467

जेन्स फेन्सी बिक्रिमा कलंकी ९८६९४८६७८०

बैङ्क, फाईनान्स, सहकारी लगायतका अफिसकोलागि अनामनगरमा 2200Sq.Ft. पाकिङ्ग, लिफ्टसहितको फुलफर्निस अफिसबिक्रिमा ९८५११३२१३५, ९८२३३५९३१३

चलिरहेको खाजाघर तुविक्रीमा 9842402831

चलिरहेको फास्टफुड बिक्रिमा चावहिल 9810367919

राम्रोचलिरहेको रेष्टुरेन्ट तुबिक्रीमा नयांबजार 9808117712

कोटेश्वर चोकैको घडी पसल सटर बिक्रीमा 9813927662, 9843832313

चलिरहेको फास्टफुड बिक्रीमा खुमलटार सातदोबाटो ९८०८७३२७५७

पेप्सीकोला सर्नसिटी 4BHK एपार्टमेन्ट 9862617838

बाफलचोकको किरानापसल बिक्रीमा ८,५०,०००। ९८०८५३९१३४

चावहिल गणेशस्थान पछाडीको होटल ९८४९९१०२५१

आर्शिवाद होटल बिक्रीमा, ९८१३५३८५८५, ९८४९७७३३०९

कलंकीमा चलिरहेको रेष्टुरेण्ट बिक्रीमा 9810322932

खाजाघर बिक्रीमा बालाजु २००००० /- ९८१०१४७३६०, ९८४०७३७००९

शंखमुलमा चलिरहेको फास्टफुड तुविक्रिमा 9849715695

निर्माण सफाई

ढलमंगाल, ट्वाइलेट जामखोल्ने 9847183577, 9851061331

सेफ्टीट्याङ्की, ढलमंगाल जामखोल्ने सस्तोमा 9849442728

ढलट्वाइलेट, मंगालबनाउने, जामखोल्ने 9840540700, 9860053124

ढलमंगाल, ट्वाइलेट, जामखोल्ने सस्तोमा 9841663344, 9841050858

सस्तोमा सेफ्टीटैंकी ढल ट्वाइलेट ९८५१०५६६२

ढलट्वाइलेट, मंगाल जामखोल्ने इनारसफाई, सोलारफिल्टर 9851116022

ढलमंगाल ट्वाइलेट जामखोल्ने 9851089410, 9841266950

भ्याकुमबाट सेफ्टिटैंकी सफाई 015712671, 014114455, 9851152299, 9851052299

सेफ्टीटैंकी सफाई ३०००। ९८४१६७२२३०, ९८५१०९९५७२

गाड्डीमेसीनबाट सेफ्टीट्याङ्की ढलट् वाईलेट सफाई 9851247369

ढलट्वाईलेट मंगाल जामखोल्ने निर्माण 9841982894

प्रोफेशनल पानीटैंकी सफाई 9851152299, 9841367851

बोरिङ्गगर्ने, इनारखन्न, इनारससफाई, प्लम्बिङ्ग, धाराजामखोल्ने, पहेलोपानिफिल्टर, 9851168028

सेफ्टिटैंकी सफाई 9841212244, 9841488132, 015182401

ढलट्वाईलेट मंगाल जामखोल्ने सस्तोमा ९८४९६६३६६८

सस्तोमा ढलमंगाल सेफ्टीट् इकी जामखोल्ने 9841634234, 9841176292

सफ्टिट्यांकी सफाई गाडीमा १५००/- ९८४३७६८७३७

भ्याकमबाट सेफ्टिटैंकी सफाई ९८४३४५८१३५, ९८५१२१८४३५

सेफ्टीट्यांकी सफाई ठुलोगाडीमा मेसिनबाट ५२५१०९२, ९८५१०२४३६४

सेफ्टिटैंकी सफाई सस्तोमा 9841343487, 4464568

सेफ्टिटैंकी सफाई गाडिबाट 9851118279, 9851087058

सोलार फिल्टर इनारबोरिङ्ग प्लम्बिङ्ग 9841441798

भाडामा

तुरुन्तै घरभाडामा लिनदिन 9851040807 realestatemanakamana@gmail.com

ललितपुरमा घर फ्ल्याट लिनदिन 9851046386

चुनदेवीमा २६कोठा भएको घर तु.भाडामा ९८१०२०६६१६

घरभाडामा लिनदिन कुमारलामा Realestate 4720460, 9849427626

कुकुवेटर बारटेन्ड, बेकरी कालीमाटी, नयांबानेश्वर, 9860235388

रातोपुलमा घर भाडामा, ९८४१३९३८१५, ९८४१४७१४११

कलंकी मेनरोडमा गोदाम भाडामा ,9851073380.

बनस्थलीमा छमीटर पीचबाटोमा तीनसटर चौधकोठा सातबाथरुम सहितको पुरैघरभाडामा, पार्किङ्गसिहत 9840169754

मैत्रीनगर कलंकीमा ३बेडरुम, किचन, डाईनिङ, बेटीङ रुमकासाथै ग्यारेजसहित भाडामा ९८५११५१३३०

Building suitable for OFFICE with 13 Rooms,1 Meeting Hall, 4 Bathroom located at prime area of Baluwatar, 9851023438

ललितपुर मनपा-४ भनिमण्डलमा कार्यालय, गोदामको लागि २ अथवा ३ कोठाहरू भाडामा, ०१-५५४०८४९, ९८२३६३७९७६

बत्तिसपुतली हाईटमा शान्तवातारण भएको फल्याटभाडामा परिवार दिनसकिने सानोपरिवार वा अध्यान अनुसन्धान आईटीजस्ता अफिस, व्यवसाय गोदामलाई प्राथामिकता 9841551117

बानेश्वर, भिमसेनगोला ३१-वडाएरियामा अफिसकोलागि चारकोठा चाहियो 9851017837

बालकोट चोकबजारमा खालीसटर, टहरा, कोठाहरू भाडामा ९८५१०१०५६७

ललितपुरमा घरफल्याट भाडामा लिनदिने, 9851071590

नयांबानेश्वरमा खाली सटर भाडामा ९८४९५४४०२२

तुरुन्त भाडामा लिनदिन सम्झनुहोस ९८१०१७२५०९

बसुन्धरा चोकनजिक २कोठा, बाथरुम अफिसलाई ९८५१०६०५६८

दरबारमार्गस्थित 800sqft फुल डेकोरेसन सहित भाडामा ९८५११६९०१९

चावहिल बजारमा अफिसकोलागि चारकोठाको फल्याट पाकिङभएको 9841475338

अफिसकोलागी ठांउ भाडामा गोगबु ९८२३७९७७९४

गोगबु गणेशस्थानमा Langauge कन्सल्टेन्सी अन्य अफिसकोलागी उपयुक्त सटरभाडामा ९८२३५२५०३३

सितापाईलामा ठुलोहल गोदामाको लागी ९८५१११९३१८

आजैबाट रोजगार धुपअगरबतिमा, डलखैलौनामा पेपरकटिङ्गमा टाइपिङ्गमा फोनकलमा, 27500/- 9840089976, 9823032655 बौद्धजोरपाटी

चाहियो

आजैबाट रोजगार २४,५००-४८,५००।- चावहिल 9813994099, 9862596704

गोगबु अफिसलाई कर्मचारी 15,500/- 9861534935, 9803575899

Homebased Typing JOB 26,500/- 9818872816

Homebased Typing Job 26,500/- 9803188112

जोरपाटीचोकैमा कर्मचारीहरू अर्जेन्ट 27,500/ 01-4912867

खानबस्नसहित कलंकी अफिसलाई कर्मचारी 15,500/- 9851024779, 9818554555

ग्वार्को गुणहलसंगै USकम्पनीलाई कामदारहरू चाहियो सवैलेगर्नमिल्ने 21,500/ 9828721889, 9849450645

गोगबु अफिसलाई कर्मचारी 15,500/- 9813261320, 9848822910, 01-4020315

चक्रपथमा +2 Salesboys, Salesgirls 9823841868

बौद्धपिपलबोटमा कर्मचारीहरू अर्जेन्ट १८५००। ०१-४९१७९७

चावहिलमा कर्माचारीहरू अर्जेन्ट २७,५००। ०१-४४८७८७८, ९८०८३२२२३१

कर्मचारी आवश्यकता १५,५०० बौद्ध ९८५१०४३९२०

Salesgirl, salesboy 15,500/- महाराजगंजचोक 9866247942, 9818702341

Typing Counseling (English) 15,000/- 9851002503

धुपअगरबतिमा कामदारहरू २४,५००।- 9813994099, 9862596704

डल्लखैलौना धुपअगरबति पेपरकटिङ्ग टिवेटियनमालामा कामदार २४,५००।- 9808544589, 9840352832

भक्तपुरको पोल्ट्रीफार्म हयाचरीमा दम्पत्ती कामदार चाहियो 9851169728

सेकुवापोल्ने ९,०००।–, वेटर ८,०००।–, मसाल्ची ९,०००।–, ९८४१४९८९२५

गोंगबु अफिसलाई कर्मचारी 15,499/- 9813317881, 9849365964

ग्वार्कोचौकैको PGLअफिसलाई अफिसस्टाफ अर्जेन्ट 18500/- सवैलेगर्नमिल्ने 9808728580, 9846599866

साधारण सेक्यूरीटी तुअर्जेन्ट 17000/ 9813209817

Water Treatment Plant सम्बन्धि अनुभवभएको कंहिटेक्निसियनहरू तुआवश्यकता 9841208255

Electronics- board मर्मतसम्बन्धि अनुभवभएको कंहिटेक्निसियनहरू तुआवश्यकता 9841208255

स्पाकोलागि लेडिज मसाजथेरापिस्ट १८००० ९८०८९८४०२७

खानबस्नसहित चावहिल अफिसलाई कर्मचारी 15,500/- 9823365740, 9851048039

रिसेप्सन, कुक, वेइटर सेक्यूरिटिमा कर्मचारीहरू 9861497188, 9823691949

तन्दुरीकुक चाहियो नान, पराठा, कुल्चा बनाउनसक्ने लाजिम्पाट 9813554059

उपत्यका बाहिर होटेल कर्मचारी 9803594121

गोपिकृष्णनजिकै रिसेप्सनिष्टहरूमा पोष्टकार्डकटिङ्गमा डलअगरबत्तीमा विट्मालामा कर्ममचारीअर्जेन्ट २७,५००। खाजाभाडा 01-4820559, 9810342256

AI कम्पनीलाई कर्मचारी 9818339744, 9843015411

म:म मिस्त्री/वेटर तलब १००००/- ९८४९३१११४२

पसलकोलागि पुरुष एकाउन्टेन तु.चाहियो ९८१०२०६६१६

कर्मचारीहरू अर्जेन्ट, वेल्डीङ्ग मिस्त्री-५, वेल्डीङ्ग हेल्पर-५, बुढानिलकण्ठ, नारायणथान 9851065849

कलंकीमा कर्मचारी 16,500/- 9843817596, 9813321471

खानबस्नसहित वल्खुमा कर्मचारी 19,500/- 9823091703, 9860909328

किचन हेल्पर सातदोबाटो ९८४१५९१०१५, ९८०३८७४५१७

अफिस स्टाफ चाहियो 18,000/- Upto 9851155847, 9828888339

उपत्यकाभित्र बाहिर कुक, हेल्पर, वेटर, किचेनहेल्पर कुनैपैसा लादैन 01-5520538, 9828987676, 5245036, 9869388901

खानबस्नसहित SLC स्टाफललितपुर 9807492208, 9848542220

फोटो स्टुडियोलाई कर्मचारी शेषमति 9851087082

तीनकुनेचोकैको CSSकम्पनीलाई पढेनपढेका सोह्रवर्षमाथिका अफिसस्टाफहरू 29,500/ खाजाभाडाबोनस, 01-5199302, 9823705671

Urgently wanted cook, helpwer 9848876052, 9810122614

कुक मसाल्ची चाहियो ठिमीभक्तपुर 9849526163

कुक ४, वेटर ४, ९८६०८७८०१३

Pre-Primary Grade Teacher with Montessori Training Minimum 1-Year Experience Fluent English Sorhakhutte 9841033577

कुक, हेल्पर, क्याप्टेन, वेटेर्स 9813698736, 9849470094, 9868560672

बुढानिलकण्ठस्थित खाद्यान्न प्याकिङ् कम्पनीकोलागि महिलाहरू चाहियो 9808544454

सलुनलाई जेन्सहेयर स्टाईलिस्ट चाहियो गोगंबु ९८०८८९१६७६

न्यूरोड सुन्धाराको ब्युटिपार्लरमा अर्जेन्ट ब्युटिसियन- ४ जेन्टस हेयरड्रेसर २ चाहियो 9816141388

MBC कम्पनीलाई खानबस्नसहित कर्मचारी 15,500/- 9851058042, कलंकी

अफिसलाई कर्मचारी 15,500/- 9823621810, 9851195509

कस्मेटिकमा खानबस्न कर्मचारी १२,५००।- ९८०३०१६०६२

सामाखुशीचोकैको अफिसलाई कर्मचारी आवश्यकता 26,000/ +खाजाभाडा पढेनपढेका सवैलेगर्नमिल्ने 9842768410, 9823566595

बाइकराइडर टिचर सेकुरिटी ड्राइभर 9863355709, 9823858429

तन्दुरीकोलागी अनुभवीकक चाहीयो पुतलीसडक, 9862785884

कस्मेटिकभित्र इमान्दार कर्मचारी 12,500/- 9823280255

कम्पनीमा, हाइड्रो, फ्याक्ट्री, होटल, अफिसमा, महिला/पुरुष कामदार चाहियो 9848445074

गीत रेकर्डिङ्गमा भिडियो फ्रि 9828047160

बागबजारमा NGO म्यानेजर ३०,०००/- ९८४१९९३९०८

मर्मत

सेफ्टीट्याङ्की, ढलमंगाल जामखोल्ने सस्तोमा 9849442728

ढलमंगाल ट्वाइलेट जामखोल्ने सस्तोमा 9841881901

ढलट्वाइलेट, मंगालको जामखोल्ने सेफ्टीट्याङ्की 9851109635

सेफ्टीट्याङ्की, ढलमंगाल जामखोल्ने सस्तोमा 9841663698

ढलमंगाल ट्वाइलेट जामखोल्ने 9851089410, 9841266950

ढलट्वाईलेट मंगाल जामखोल्ने 9851183072, 9841319394

ढलमंगाल, ट्वाइलेट, जामखोल्ने सस्तोमा 9841072969

ढलट्वाइलेट मंगाल जामखोल्ने ट्याङ्कीसफाई 9851039094

फ्रिज, वासिङ्गमेशिन, A/C, LEDTV, Microwave ग्यारेन्टी घरमैमर्मत 9851156123

ढलट्वाइलेट, मंगलाबनाउने, जामखोल्ने 9844531660, 9841516395

TVLED Sony SAMSUNG LG ग्यारेन्टीकासाथ मर्मत 9851059629

तालिम

उदघोषण, भाषणकला तालिम डबींमिडिया 9851184552

निःशुल्क मण्डेश्वरीको, ब्युटिसीयनको तालीम खुल्यो, 9851003391

ड्रोजर (एस्काभेटर, JCB), फोकलिफ्ट अपरेटर तालीमकेन्द्र CTEVT सम्बन्धनप्राप्त: 9851122136

उपचार

लिङ्गकोसाईज बढाउने Herbal Supplement 9851014602

यौनशक्ति, लिङ्गकोसाईज बढाउने Herbal Suppliment ९८५११४७८१०

दम, पाइल्स, निःसन्तान ग्यारेन्टी उपचार ९८२७०१९४७२

पशुपंक्षी

मेसिनबाट हांस, कुखुरा, बट्टाई, टर्कि, चल्ला निकाल्न, जुनसुकै चल्ला चाहिएमा ९८५१०४९५७१

बिहावारी

Nurse, Engineer, उद्योगपती- चाहिएमा, 9866550313

देश विदेशमा भएको बर-बधुकोलागि बिन्दाम्यारिजब्यूरो 01-6637824, 9803873032

बरबधुको लागि https:// facebook.com/bihebari, 9801039199

बर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

रिजन एड मिडिया एण्ड मार्केटिङ्ग	पेप्सीकोला/कोटेश्वर	०१-५१५५६११/५८५११७८८३०
जिरो मिडिया	अनामनगर	४२२०३२७
सुस्मिता क्लासिफाइड	नयाँबानेश्वर	०१-४१०४२३७, ५८५१०२११७२
सिद्धि गणेश एडभरटाइजिङ्ग	फुलबारी टोल, कपन	४८२३१२५, ५८४३७८७५५६
युनिटेक आई.टी. सोलुसन	चुच्चेपाटी	५८४१३१५४४१
जयबागेश्वरी कम्युनिकेशन	जयबागेश्वरी	०१-५२४१०११, ५८६३३३७२१७
हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन	जमल	४२२४१८१, ४०१२५७७
मेमोरेक्स मिडिया	धापाखेल	५८४१५३२५३३
गोर्खा न्यूज एण्ड स्टेशनरी	सोह्रखुट्टे चोक	४३५५७६०
पब्लिक कन्ट्याक्ट प्वाइन्ट	कालिमाटी	४६७४८०१
न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस	लगनखेल	५५४३५८२, ५८४१८३४५३४
भ्याली कम्युनिकेशन सर्भिस	महाराजगञ्ज	४३७२३३०, ५८४५५६५२५३
बि. एण्ड बि. कम्युनिकेशन	कलंकी	५२३४५३०, ५८४१०२१५२३
लोटस कम्युनिकेशन	गोंगबु, नयांवसपार्क	४३६४७५१
विडलिंक मिडिया	पु. बानेश्वरचोक	४४५२३०५, ५८४५५६०६१४

अनलाइन विज्ञापन सेवा	सिनामंगल	४४५१४१२, ५८५११२०१८०
पशुपति विज्ञापन सेवा	सोह्रखुट्

अर्थ वाणिज्य

विदेशी मुद्रा

अमेरिकी डलर	११४.९८
युरो	१२४.१७
पाउन्ड स्टर्लिङ	१४८.५१
अस्ट्रेलियन डलर	७५.८४
कतारी रियाल	३१.५८

राष्ट्र बैंकका आधारमा



सुन
रु ७८,१००



चाँदी
रु ९१५

रेलकर्मचारी २२६, माग २६ मात्र



विमल खतिवडा (काठमाडौं)

जयनगर-जनकपुर-कुर्था खण्डमा सञ्चालन गर्न भारतमा रेल सेट बनेको दुई महिना हुन लाग्यो । तर कर्मचारी नहुँदा रेल ल्याएर चलाउन समस्या भएको छ । अहिले २ सय २६ जना कर्मचारी चाहिएको छ । तर रेलवे कम्पनीले २६ जना कर्मचारी करारमा माग गर्दै शुक्रबार विज्ञापन खुलाएको छ । यो कर्मचारी संख्या पर्याप्त होइन । 'पहिलो चरणमा २६ जना प्राविधिक कर्मचारी मागिएको हो,' रेल विभागका महानिर्देशक बलराम मिश्रले भने, 'थप कर्मचारी दोस्रो चरणमा माग्छौं ।'

चैत १८ भित्र रेल आउने र त्यो बेलासम्म सबै कर्मचारी करारमा राखिसक्ने उनको दाबी छ । मन्त्रिपरिषद्ले रेलका लागि कर्मचारी भर्ना गर्न माघमा स्वीकृति दिएको थियो । सोहीअनुसार भर्नासम्बन्धी मापदण्ड बनाएर कम्पनीले विज्ञापन खुलाएको हो । 'अहिले माग गरिएका २६ जना कोर कर्मचारी हुन्,' उनले भने, 'जसलाई भर्ना गरेपछि रेल चलाउन समस्या हुनेछैन, अरू भने सुरक्षा गार्डदेखि सहयोगीसम्म हुनेछन् ।' १५ दिनको समय दिएर नेपाली कर्मचारी माग गरिएको हो । 'भएन भने विदेशी कर्मचारी पनि माग गर्छौं,' मिश्रले भने ।

विज्ञापनअनुसार सिनियर सेक्सनल इन्जिनियर सिग्नलिङ १, स्टेसन मास्टर ८, चिफ पावर कन्ट्रोलर र चिफ लोको इन्स्पेक्टर १/१ जना माग गरिएको छ । त्यस्तै लोको पाइलट, सहलोको पाइलट, पी वे सुपरभाइजर, मेकानिक र प्वाइन्ट मेन ३/३ जना मागिएको छ । 'अब दुवै रेल सेट एकै पटक ल्याउँछौं,' उनले भने, 'दोस्रो चरणमा दुई सय कर्मचारी भर्ना गर्नेछौं ।' केही दिनभित्रमै दुई सय कर्मचारीका लागि विज्ञापन खुलाइने उनले जानकारी दिए । सबै कर्मचारी करारमा राख्न लागिएको हो । **बाँकी पृष्ठ १३**



सरकारले लिएपछि बूढीगण्डकीमा अवैध उत्खनन

भूबनोट बिग्रन थालेपछि आयोजना निर्माणमा असर पुग्ने जोखिम



गोरखाको भीमसेन थापा गाउँपालिका-७ बोर्लाङस्थित क्यामुनटारमा सञ्चालित अवैध बालुवा खानी । *तस्बिर : हरिराम/कान्तिपुर*

हरिराम उप्रेती (गोरखा)

मुआब्जा वितरणपछि सरकारी स्वामित्वमा आएको बूढीगण्डकीको जग्गा हडपेर उत्खनन गर्ने क्रम बढेको छ । जथाभावी उत्खनन बढ्दै जाँदा प्रस्तावित आयोजना निर्माणका क्रममा असर गर्ने प्राविधिक बताउँछन् ।

गोरखा र धादिङको सीमा क्षेत्रमा बग्ने नदीको डुबानमा पर्ने क्षेत्रको विस्तृत वातावरणीय प्रभाव मूल्यांकन भइसकेको छ । पछिल्ला दिन जथाभावी उत्खननले भूबनोट नै बिग्रने खतरा बढेको आयोजनाको वातावरण मुआब्जा वितरण तथा पुनर्वास इकाई प्रमुख कृष्ण कार्कीले जानकारी दिए । 'वातावरणीय हिसाबले अध्ययन भइसकेको छ, ल्यान्डको स्ट्रक्चर, नदीको सतहलगायत अवस्था उस्तै राख्नुपर्छ,' उनले भने, 'अहिले यसरी उत्खनन भएपछि प्रोजेक्टलाई असर गर्ने देखियो ।'

जग्गा सरकारको स्वामित्वमा आइसकेपछि सरकारी निर्णयबिना मनोमानी गर्न नमिल्ने उनको भनाइ छ । चालु आर्थिक वर्ष मुआब्जा वितरण सकेर निर्माण प्रक्रियामा जाने आयोजनाको तयारी छ । आयोजना निर्माणका क्रममा प्रशस्त निर्माण सामग्री आवश्यक पर्ने भएकाले पनि संरक्षण आवश्यक छ । तर यसरी खानीबाट निकालिएको बालुवा आयोजनाको सिउरेनटारस्थित कार्यालयको सडक हुँदै धादिङतर्फ निकासी हुँदासमेत इकाईले रोक्न सकेको छैन ।

गोरखातर्फ सहिद लखन गाउँपालिका-९ नाम्जुडको बुंकोटघाट, भीमसेन थापा गाउँपालिका-७ बोर्लाङको क्यामुनटार र बालुवाटारमा अवैध उत्खनन मौलाएको छ । बुंकोटघाटमा खानीबाट बालुवा झिकेपछि बनेको खाल्डोले जोखिमसमेत बढाएको छ । फुजेलदेखि क्यामुनटारसम्मका क्षेत्रमा अवैध बालुवा उत्खननपछि दर्जनभन्दा बढी खाडल बनेका छन् ।

गोरखाकै गण्डकी गाउँपालिका-४ फुजेलस्थित खुदिटारमा गत वर्ष उत्खनन भएको क्षेत्र कुरूप बनेको छ । बुंकोटघाटबाट नदीजन्य सामग्रीसमेत रातको समयमा चोरी हुने गरेको स्थानीयले बताए । बेनिघाट-आरुघाटको मूल सडबाट बालुवा खानी र नदीसम्म पुग्न दर्जनभन्दा बढी शाखा सडक खोलिएका छन् । अवैध धन्दामा संलग्नहरूले नै आफूलाई पायक पर्ने गरी सडक खोल्दा बर्खे भेलले भूक्षयको सम्भावना बढेको स्थानीयको भनाइ छ । यसरी सडक खोल्दा भने तस्करी गर्नेले जंगल भएको क्षेत्र प्रयोग गर्ने गरेका छन् । दैनिक दर्जनभन्दा बढी टिपरबाट बालुवा निकासी हुने गरेको गण्डकी गाउँपालिका-३ फुजेलका गणपति पन्त बताउँछन् । 'हेभी इक्विपमेन्ट र टिपर यहाँ टुट्दैनन्,' उनले भने, 'मुआब्जा पाइसकेपछि जग्गाधनीले ठेकेदारलाई दिन्छन्, मुआब्जाको छुट्टै र बालुवाको छुट्टै पैसा पाउँदा दोहोरो फाइदा हुँदो रहेछ ।' मुआब्जा लिएपछि खेती छाड्नेर ठेकेदारलाई खानी सञ्चालन गर्न धनीले दिने गरेको उनको भनाइ छ । मुआब्जा बुझेको जग्गाको अपनत्व कम हुँदा पनि अवैध उत्खननले प्रश्रय पाएको कतिपय स्थानीयको बुझाइ छ ।

धादिङतर्फ डुबानमा पर्ने ६ ठाउँमा उत्खनन भएको जानकारी आएको इकाई प्रमुख कार्कीले बताए । धादिङको ज्वालामुखी गाउँपालिकाअन्तर्गतको बूढीगण्डकी किनार क्षेत्रमा मात्र तीन वटा खानी छन् । ती खानीबाट गोरखाको बुंकोट घाट हुँदै बालुवा चोरी निकासी हुने गरेको छ । 'व्यक्तिका जग्गामा खानी चलेका छन्, ती जग्गा स्वत: आयोजनाका भइसके, अधिग्रहण गरेर पैसा पनि दिइसकेका छौं,' कार्कीले भने, 'अस्ति एक चरण स्थलगत निरीक्षण गऱ्यौं, यो वर्ष धेरै नै उत्खनन भएको छ ।' आयोजनाले पटकपटक अवैध उत्खनन रोक्न सरोकारवालालाई भने पनि बेवास्ता हुँदै आएको छ । यी क्षेत्रका अवैध खानीले वातावरणीय प्रभाव मूल्यांकनसम्म गरेका छैनन् । खानी विभागसँग अनुमति नलिएको मात्र होइन, स्थानीय तहलाई पनि जानकारी नगराइएको पाइएको छ । खानी सञ्चालनका लागि खानी विभागसँग अनुमति लिनुपर्छ । सरकारी जग्गामा व्यक्तिले खानी चलाउनु नै गैरकानुनी भएको इकाई बताउँछ ।

आव ०७३/७४ बाट आयोजनाले डुबानमा पर्ने जग्गाको मुआब्जा वितरण थालेको थियो । बजार क्षेत्रबाहेकका तल्लो क्षेत्रमा जग्गाको मुआब्जा वितरण पनि अन्तिम चरणमा छ । जग्गाधनीसँग 'सेटिङ' मिलाएर खानी सञ्चालन भएको इकाईको दाबी छ । भीमसेन थापा गाउँपालिका-७ बोर्लाङस्थित क्यामुनटारमा खानीबाट झिकेको बालुवा प्रशोधनका लागि खुलेआम फिरफिरे सञ्चालनमा छ । यहाँबाट निस्कने लेदोले ज्यादुल खोला धमिलिएको छ । दैनिक दर्जनजति टिपरबाट बालुवा निकासी हुँदै आएको स्थानीय अर्जु माझीले बताए ।

गाउँपालिका अध्यक्ष ईश्वर पाण्डे भने उक्त स्थानमा खानी सञ्चालन गर्न जानकारीसम्म नआएको दाबी गर्छन् । 'ठेक्का पनि लागेको छैन, सबै चोरेर सके,' उनले भने, 'चोरी गरेको थाहा छ तर नियमन गर्न सकेनौं ।' प्रहरी प्रशासनलाई पत्र लेखेर अवैध निकासी रोक्न भनिएको उनले जानकारी दिए ।

खाद्यले भेट्टाउन्न धान किन्ने लक्ष्य

राजु चौधरी (काठमाडौं)

सरकारले बर्सेनि किसानबाट धान खरिद गर्ने लक्ष्य बनाउँछ । त्यसअनुसार उठाउँछ पनि । अहिलेसम्म लक्ष्य भने हासिल गर्न सकेको छैन । बजार सन्तुलनसँगै दुर्गममा चामल ढुवानी गर्न खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले धान खरिद गर्ने गरेको हो ।

चालु आर्थिक वर्षका लागि पनि खाद्यले तीन लाख क्विन्टल धान किन्ने लक्ष्य लिएको थियो । त्यसमा अहिलेसम्म करिब दुई लाख क्विन्टल मात्रै खरिद गरेको छ । धान फागुनसम्म मात्रै खरिद हुने कम्पनीका बिक्री वितरण विभाग प्रमुख लालमोहन ठाकुरले बताए । बाँकी केही दिनमा एक लाख क्विन्टल खरिद गर्न गाह्रो भएको उनको भनाइ छ । 'किसान जुन स्पिडमा बिक्री गर्न आउनुपर्ने थियो, त्यो कम देखियो,' उनले भने, 'अहिलेकै अवस्थामा धान खरिद लक्ष्य भेटाउन मुस्किल छ ।'

कम्पनीले आव ०६६/६७ देखि किसानसँग धान र गहुँ किन्दै आएको छ । कम्पनीले आव ०७१/७२ मा तीन लाख क्विन्टल धान किन्ने लक्ष्य लिएकामा २ लाख ८९ हजार ४ सय ३१ क्विन्टल र ०७२/७३ मा १ लाख ७४ हजार क्विन्टल लक्ष्य लिएकामा १ लाख ५२ हजार ४ सय ९७ क्विन्टल मात्रै खरिद गरेको थियो । आव ०७३/७४ मा ४ लाख २ सय क्विन्टल खरिद गर्ने लक्ष्य भए पनि २ लाख १८ हजार १९ क्विन्टल र गत आवमा ३५ हजार टन खरिद गर्ने लक्ष्य राखेकामा २२ हजार ५ सय ९२ टन खरिद गरेको जनाएको छ । चालु आवमा पनि लक्ष्य भेटाउने सम्भावना न्यून रहेको कम्पनीकी सूचना अधिकारी शर्मिला न्यौपानेले बताइन् ।

धान खरिदका लागि गाउँगाउँमै जान नसक्दा लक्ष्य भेटाउन गाह्रो परेको उनको बुझाइ छ । सरकारले आव ०७६/७७ का लागि मोटा धानको समर्थन मूल्य प्रतिक्विन्टल २ हजार ५ सय ३२ रुपैयाँ ८० पैसा र मध्यमको २ हजार ६ सय ७३ रुपैयाँ १६ पैसा तोकेको छ । धान खरिदमा बिचौलिया हाबी भएपछि समर्थन मूल्य तोक्नुपरेको हो । तर खरिद प्रक्रिया ढिलाइ गर्दा बिचौलिया नै हाबी हुने गरेको सरकारी तथ्यांकले देखाएको छ । कम्पनीले कात्तिक अन्तिम साताबाट मात्रै धान किन्न सुरु गरेको हो । जानकारका अनुसार बिचौलियाले किसानबाट सस्तो मूल्यमा खरिद गरी कम्पनीलाई बिक्री गर्दै आएका छन् ।

कम्पनीकी सूचना अधिकारी न्यौपानेले भने खरिदमा ढिलाइ नभएको दाबी गरिन् । 'गत वर्षको तुलनामा धान खरिद प्रक्रिया छिट्टै खरिद सुरु गरेका थियौं । बिक्री गर्न जति किसान आउँछन्, त्यति नै खरिद गर्ने हो,' उनले भनिन्, 'अपुग भए चामल किन्ने लक्ष्य पनि छ ।' कम्पनीले धान खरिद गर्न जिल्लामा प्राथमिक खरिद समिति गठन गरेको छ । समितिको अध्यक्ष सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी हुन्छन् । सदस्यमा कृषि कार्यालय प्रमुख, कृषि कार्यालयले तोकेका किसान र सम्बन्धित जिल्लाका संस्थान प्रमुख सदस्य सचिव हुन्छन् । तर कम्पनी गाउँगाउँमा पुग्न नसक्दा बिचौलिया नै हाबी हुने गरेका छन् ।



चालु आवमा तीन लाख क्विन्टल धान खरिद गर्नुपर्नेमा दुई लाख मात्रै खरिद

कम्पनीका अनुसार चालु आवका लागि धनगढीबाट ३५ हजार २ सय ७१, बिर्तामोडबाट ९ हजार ९ सय ९९, नेपालगन्जबाट ९ हजार २ सय ३७ र राजापुरबाट २ हजार ३ सय ३६ क्विन्टल धान खरिद गरिएको छ । जनकपुरबाट १३ हजार ६ सय ३८ क्विन्टल र महेन्द्रनगरबाट ६ हजार ४२ क्विन्टल धान खरिद भएको कम्पनीले जनाएको छ । धान खरिद प्रक्रिया जारी नै रहे पनि धान बिक्री गर्न आउने किसानको संख्या न्यून रहेको कम्पनीका कर्मचारी बताउँछन् । कम्पनीले किसानबाट खरिद गरिएको धान चामल बनाएर बेच्छ । हाल महेन्द्रनगर, बर्दिया र धनुषामा संस्थानका आफ्नै मिल छन् । मिल नभएका ठाउँमा चामल बनाउन ठेक्का दिने गरिएको छ । त्यसपछि चामल कर्णाली, भेरी, सेती, महाकाली, गण्डकी, धौलागिरि, राप्तीलगायत क्षेत्रमा सहुलियत दरमा बिक्री गरिँदै आएको छ ।

सिलिगुडीमा पोखराको प्रवर्द्धन



बंगाल ट्राभल मार्ट (बीटीएम) मा पोखराका पर्यटन व्यवसायीको स्टल । *तस्बिर : कान्तिपुर*

दीपक परियार (सिलिगुडी, भारत)

चीनमा नोवल कोरोना भाइरसको सन्त्रासले पोखराको पर्यटनसमेत सुस्ताएपछि व्यवसायीले भारतको उत्तरपूर्वी सहरमा प्रवर्द्धन थालेका छन् । पोखराका पर्यटन व्यवसायी पश्चिम बंगालको सिलिगुडी र कोलकातामा प्रवर्द्धनात्मक कार्यक्रमसहित पुगेका हुन् ।

पोखरा पर्यटन परिषद्को अगुवाइमा व्यवसायीले उत्तरपूर्वी भारतकै ठूलो पर्यटन मेला बंगाल ट्राभल मार्ट (बीटीएम) मा सहभागिता जनाए । सिलिगुडीको क्लब मोन्टाना भिस्टामा शनिबार मेला सुरु भएको छ । तीन दिन चल्ने मेलामा व्यवसायीले भारत, भुटान र बंगलादेशका ट्राभल तथा टुर कम्पनी, होटल, अवलोकनकर्तावीच पोखराको प्रवर्द्धन गर्नेछन् । बीटीएममा नेपालको छुट्टै स्टल छ । भारतको इस्टर्न हिमालय ट्राभल एन्ड टुर अपरेटर्स एसोसिएसन (इटोआ) ले आयोजना गरेको मेलामा नेपाल पर्यटन बोर्ड, पोखरा पर्यटन परिषद् र नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा) अन्तर्राष्ट्रिय एसोसिएट पार्टनर हुन् । मेलामा ५० भन्दा बढी स्टल छन् ।

नेपालको स्टलमा पोखराका होटल, ट्राभल, ट्रेकिङ र माउन्टेनियरिङ सम्बद्ध १२ व्यवसायीले डेस्क राखेका छन् । आइतबार मेलामा 'पोखरा नाइट' हुनेछ । उक्त नाइटमा पोखरासम्बन्धी वृत्तचित्र प्रदर्शनी गरिँदै छ । **बाँकी पृष्ठ १३**



NIMBUS
CULTIVATING PARTNERSHIPS

घट्यो तोरी उत्पादन

सिन्धुली (कास)- दुधौली नगरपालिका-५ हर्पाहीका गजेन्द्र बस्नेत तोरी उत्पादनमा कमी आएपछि चिन्तित छन् । आफन्तलाई कोसेली पठाएर बिक्रीसमेत गर्ने बस्नेतको यतिखेर भने आफूलाई पनि पुग्न छाडेको छ । 'गत महिनाको असिना पानीले २ बिघाको तोरी ढालेकाले उत्पादन एक चौथाइ मात्र भयो,' बस्नेतले भने, 'हरेक वर्ष तोरी उत्पादन घट्दै छ ।' पाँच वर्षअघिसम्म कम्तीमा १० मुरी तोरी उत्पादन गर्ने किसान बस्नेतले यो वर्ष दुई मुरी हाराहारीमा चित्त बुझाउनुपरेको छ । कुनै साल नउम्रने र दाना नलाग्ने भएकाले किसानले कमलाखोंच क्षेत्रमा तोरी खेती गर्न नै कमी गरेका छन् । 'लगानी पनि उठ्न छाड्यो,' किसान बस्नेतले थपे, 'आफन्तले आस गर्छन्, बिक्रीको त कुरै छाडौं, आफैंलाई नपुग्ने भयो ।' केही वर्षअघिसम्म तोरी झुलेर कमलाखोंच क्षेत्रको फाँट पहेंलपुर हुन्थ्यो । तर अहिले खेतीमै कमी आएकाले अलिअलि मात्र देखिन्छ ।

Nepali License भएका Light Driver हरूलाई
UAE मा वैदेशिक रोजगारको अवसर
तवासुल TAWASUL
कम्पनी : TAWASUL TRANSPORT L.L.C, Abu Dubai
पूर्व स्वीकृत मिति: २०७६/०५/१९ चलानी नं.: ६०१४३४३० पून: स्वीकृत मिति: २०७६/११/०४ पून. चलानी नं.: ७९७ LT. No.: 223879

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Taxi Driver	170	स. कामका दक्ष	1500	४६,५१५	क.नि अनुसार	८ घण्टा	६ दिन	क.नि अनुसार	छ		२ वर्ष

Note: Nepali Light License भएका Driver हरूलाई विशेष प्राथमिकता दिईनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने स्वादे जीवन बिमा कस्ले व्यहोर्ने/ कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टयाम्पीड शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदार आफैले	बिमा हुने / प्रिमियम रोजगारदाताले तिर्ने	रोजगारदाताले दिने	रोजगारदाताले व्यहोर्ने	कामदार आफैले	रु. ७००/- कामदारले तिर्ने	रु. १,५००/- कामदारले तिर्ने	नि:शुल्क

फाइनल अन्तरवार्ता कम्पनीको प्रतिनिधिबाट मिराकल पार्टी प्यालेस सुकेधारामा
२०७६ फागुन १४ गते (26 Feb., 2020 मा) हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराएको जानकारी : १. आफ्नो नाममा भिषा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफू सँग राख्नुहोला । ६. कामका विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

NIRMAL HR SOLUTION PVT. LTD.
Chandol-4, Saraswati Marga, Kathmandu, Nepal
Govt. Lic. No. 1467/074/075
Tel.: 01- 4443217, 4446380, Mob.: 9801145441, 9851008197
Email: info@nirmalhrsolutions.com/ Web.: www.nirmalhrsolution.com

UAE मा महिला /पुरुष SECURITY GUARD हरूलाई रोजगार
कम्पनी : M.B.K. Security Service
पूर्व स्वीकृती मितिः २०७६/१०/१४ चलानी नं. ६०१५०६६४ LT. NO. 231647

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१	Security Guard	80	20	कामका दक्ष	2000	६२,३२०।-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

Basic Salary AED 2000 भएतापनि Allowance सहित AED 2770 हुनेछ ।
SLC पास, उचाईः पुरुष ५ फिट ७ ईन्च र महिला ५ फिट भन्दा माथि भएको हुनुपर्नेछ ।

स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	कल्याणकारी कोष	अभिमुखीकरण शुल्क	सेवा शुल्क
कामदार आफैले	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदार आफैले	हुने /रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. १,५००।- कामदार आफैले	रु. ७००।- कामदार आफैले	नि:शुल्क

अन्तरवार्ता कम्पनीको प्रतिनिधिबाट २०७६ फागुन १३ गते (25 Feb.) यस प्रा. लि. को कार्यालय काठमाडौंमा, १४ गते (26 Feb.) होटल रेड कार्पेट चितवनमा र १४ गते (26 Feb.) थकाली मान्छा घर पोखरामा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुमा लिनुहोला । २) आफ् काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफ् कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफ जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

Euro Asia H.R. Solutions Pvt. Ltd.
Govt. Lic: 1162/073/74
Samakhushi, Kathmandu, Tel : 01-4380875, 9851042984, 9851048235
9810315861, 9841880257, Chitwan : 9849443817, Pokhara : 9815163023
Email:euroasiaktm@gmail.com

Abu Dhabi को Arabia Holding मा Taxi Driver हरूलाई राजगारको अवसर
Arabia Taxi
कम्पनी: ARABIA TAXI TRANSPORTATION LLC, ABU DHABI
पूर्व स्वीकृत मितिः २०७६/०६/१० पून स्वीकृत मितिः २०७६/११/०५ चलानी नं.: ६०१४४१५१ पून चलानी नं.: ८०२ L.T. No.: 224775

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Taxi Driver	66	0	स. काममा दक्ष	1500	४६,५१५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

नेपाली लाइसेन्स हुनेहरूलाई UAE को लाइसेन्स ग्यारेन्टी गरीनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टयाम्पीड शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदार आफैले	बिमा हुने/ प्रिमियम रोजगारदाताले	रोजगार दाताले दिने	रोजगार दाताले व्यहोर्ने	कामदार आफैले	रु. ७००/- कामदारले तिर्ने	रु. १,५००/- कामदारले तिर्ने	रु. १०,०००/- कामदारले तिर्ने

अन्तर्वार्ता होटल रेड कार्पेट चितवनमा फागुन १४ गते (26 Feb. 2020) मा होटल मेरिडियन बुटवल, रुपन्देहीमा फागुन १५ गते (27 Feb. 2020) मा गोकर्ण रिर्सोट, इटहरी, सुनसरीमा फागुन १६ गते (28 Feb. 2020) मा मेनपावर कार्यालय काठमाडौंमा फागुन १७ गते (29 Feb. 2020) मा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराएको जानकारी :- १. आफ्नो नाममा भिजा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
इजाजत पत्र नं. ६५७/०६३/०६४
Ph.: 4362686, 4385786, 4385784, 9801059991, 9801059992, 9801059993
9801059994, 9801059997, 9855046574,
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal

ब्रान्ड बन्दै पैंचो

जसले सामान साटासाट गरेर गर्जो टार्ने परम्परालाई व्यावसायिक रूप दिंदै छ

विजय तिमल्सिना (अर्घेली, पाल्पा)

गत वर्ष पुस-माघतिर काउलीको भाउ प्रतिकिलो १५ रुपैयाँ हाराहारीमा थियो । काउलीमा धेरै भाउ नआउने देखेर गुल्मी छत्रकोट-४ का केशवराज पाण्डेले यो वर्ष काउली नलगाउने निर्णय गरे । बरु उनले बारीमा सलादका रूपमा प्रयोग हुने अरू खाद्यान्न उमारे । तर यो वर्ष काउलीको भाउ ६०-७० रुपैयाँ प्रतिकिलोसम्म पुग्यो । काउली महँगिएको यो वर्ष धेरै काउली नफलाएकामा उनलाई थोरै थकथकी लागेको छ ।

पाण्डेका छिमेकी हुन्, दमाकान्त पौडेल । १२ वर्ष भारतको मुम्बई र गुजरातका होटलमा कुक भई काम गरेपछि केही वर्षअघि उनी नेपाल फर्किएका हुन् । घर छेउका केही रोपनी बारीमा आलु, काउली, खोर्सानी, गाजर र कागती गरी गत वर्ष उनले ३ लाख ५१ हजार आम्दानी गरे । यो वर्ष आम्दानी १० लाख पुऱ्याउने उनको लक्ष्य छ । यही लक्ष्य पूरा गर्न उनले बारीमा आलु र गोलभेंडाको संख्या बढाएका छन् ।

पाण्डे र पौडेलजस्तै गुल्मी, पाल्पा र अर्घाखाँचीका करिब नौ हजार किसानले हरेक वर्ष बढीभन्दा बढी तरकारी फलाउने लक्ष्य पाएका छन् । यी किसानलाई हरेक वर्ष टार्गेट दिएर तरकारी फलाउन उत्साहित पार्ने काम पैंचोले गरेको छ । किसानको घरसम्म पुगेर तरकारी र बारीमा फलेका हरेक खाद्यान्न किन्ने र त्यसबापत घरायसी सामान दिने पैंचोको मोडलले यो क्षेत्रलाई तरकारीको पकेट क्षेत्रका रूपमा विकास गर्न मात्रै सघाउ पुगेको छैन, पौडेल जस्तै धेरैलाई विदेशबाट फर्किएर यही केही गराउन प्रोत्साहनसमेत गरेको छ ।

पौडेल जस्तै गुल्मीको रुरु गाउँपालिका-५ टातिमका भक्तराज पुरी पनि १० वर्षदेखिको कतार बसाइ छाडेर अघिल्लो वर्ष नेपाल आइपुगेका छन् । पत्नी सीता पुरीले पाँच वर्षदेखि गरिरहेको तरकारी खेतीलाई उनको आगमनले ठूलो राहत पुगेको छ । '१० वर्षदेखि कतार बसियो, त्यति कमाइ यहीं बसेर हुने भएपछि फर्किएँ,' पुरी भन्छन्, 'घरमै बसीबसी तरकारी बेच्न पाइने भएपछि सजिलो भएको छ ।' घरअगाडिको बारीमा फलेको सिमी र काउलीले उनको परिवार मात्रै पालिएको छैन, पाँच सन्तानमध्ये दुई जनालाई काठमाडौंमा राखेर पढाउन पनि पुगेको छ ।

भक्तराजका ५८ वर्षीय छिमेकी सूर्य पुरी पैंचोलाई तरकारी बिक्री गरेर आयआर्जन गर्ने अर्का उदाहरण हुन् । घरछेउमा फल्ने धनियाँ उनको आम्दानीको मुख्य स्रोत हो । गत वर्ष उनले ३५ हजार बराबरको धनियाँ मात्रै बिक्री गरे । घरछेउको एउटा पाखोमा फलेको धनियाँबाट पाएको ३५ हजार उनका लागि घर चलाउने आय मात्रै होइन, स्वतन्त्रताको पर्याय पनि हो । 'घर छेउमा फलाएको धनियाँले गुजारा चल्ने भएपछि बुढेसकालमा अरू कसैको भर पर्नुपर्दैन,' उनी भन्छन्, 'छोराछोरीले नहेरे पनि केही हुन्न, आफैं कमाएर खान सकिन्छ ।'

हरेक साता बारीमा फल्ने धनियाँ टिपेर बुझाएबापत उनको घरमा नुन, चिनी, चियापत्ती, चामल र चाहिएको अरू सामान पनि आइपुग्छ । ती सामानको मूल्य कटाएर बाँकी पैसा पनि हात पार्छन् ।

पुरीजस्तै गुल्मीका धेरै किसानको घर अहिले यसरी नै चल्न थालेको छ । पाँच वर्षअघि सुरु भएको पैंचो पसलको अवधारणाले यहाँ उत्पादन हुने परिणाम मात्रै बढाएको छैन, बुटवल र काठमाडौं बसाइँसराइका कारण बाँझो रहन थालेको पाखोबारी तरकारी खेतीका लागि भाडामा लिन थालिएको छ ।

आफ्नो जग्गाले नपुगेर अरूको जग्गा भाडामा लिएरै खेती गर्ने प्रचलन पनि बढ्दो छ । रुरु गाउँपालिकाकै २७ वर्षीय कमल ज्ञवाली एक यस्तै उदाहरण हुन् । दुई वर्षअघि साउदीबाट फर्किएका उनले यो वर्ष ३५ रोपनी जग्गा भाडामा लिएर काउली र गोलभेंडा खेती गरे । 'बुवा पनि १४ वर्ष साउदीमा बस्नुभयो, म पनि साउदी पुगें,' उनले भने, 'गाउँमै फलेको तरकारीले भाउ पाउन थालेपछि यतै फर्किएँ ।'

पैंचो पसल अहिले ४० वटा भइसकेको छ । तरकारी संकलन केन्द्र भने ५७ वटा छन् । किसानले पैंचो पसल वा संकलन केन्द्रमा लगेर तरकारी बेच्न सक्छन् भने घरमै बोलाएर पनि पठाउन सक्छन् । हरेक क्षेत्रमा सातामा एक दिन पैंचोका कर्मचारी तरकारी किन्न पुग्ने गरेका छन् । पैंचो पसलमा किसानले उत्पादन गरेका दर्जनौं थरी तरकारीसहित घरायसी सामान, लुगाफाटो र शृंगारसम्बन्धी सामग्री पाइन्छन् । किसानले आफूले फलाएको तरकारी दिएर सोही बराबरको सामान लैजान पनि सक्छन् भने बाँकी रकम पनि पाउँछन् ।

गाउँघरमा चलनमा रहेको सामान साटासाट गरेर गर्जो टार्ने परम्परालाई व्यावसायिक रूप दिने उद्देश्यका साथ पैंचो पसलको अवधारणा सुरु भएको प्रबन्ध निर्देशक ध्रुव न्यौपाने बताउँछन् । पैंचो पसलमा बिहान आइपुगेका तरकारी जम्मा हुँदै बुटवलसहित प्रमुख सहरका होटलमा पनि पुग्छ । नबिकेका तरकारीलाई प्रशोधन गरी विभिन्न खाद्य सामग्री बनाउन पैंचोको आफ्नै उद्योग पनि छ । यही उद्योगमा बनेका टमाटरको सस, अचार, गुन्द्रुक, मस्यौराजस्ता दुई दर्जनभन्दा बढी उत्पादन देशभरका डिपार्टमेन्ट स्टोर र पसलमा पुगेका छन् ।

यो क्षेत्रमा तरकारी उत्पादन बढेसँगै उद्योगको प्रशोधन क्षमता पनि बढाएर लैजाने न्यौपाने बताउँछन् । सुरुमा किसानले घर वरपर फलाएका तरकारी सानो सानो परिमाणामा खरिद गर्दै पैंचोको अवधारणा सुरु भएको थियो । अहिले पनि पैंचोले किसानलाई व्यावसायिक रूपमा सके जति तरकारी उत्पादन गर्न प्रोत्साहन गरिरहेको छ । 'गाउँमा फलेको तरकारीको माग बढ्दो छ, उद्योगको प्रशोधन क्षमता बढाएर उत्पादन पनि बढाउनुपर्नेछ,' न्यौपाने भन्छन्, 'किसानले जति फलाए पनि हामी किन्न सक्षम छौं ।'

किसानलाई तरकारी बढाउन सघाउने गरी पैंचो आफैंले दुई दर्जन कृषि प्राविधिकलाई गाउँगाउँमा खटाएको छ । पैंचोले उपलब्ध गराउने कृषि प्राविधिक किसानको बारीमै पुगेर बीउ, विषादी र मौसमबारे जानकारी दिनुका साथै बढी उत्पादन हुने विधि पनि सिकाउँदै आएका छन् । पैंचोलाई प्राविधिक खटाउन नेपाल कृषि बजार विकास कार्यक्रम (सहज) ले सघाएको हो । यो नेपाल र स्विस सरकारको संयुक्त पहलमा चार वर्षअघि सुरु भएको कार्यक्रम हो ।

प्राविधिकले आफ्नो क्षेत्रका किसानलाई सघाएर तरकारी उत्पादन बढाएबापत बोनससमेत दिँदै आएको छ । यसले प्राविधिकलाई काम गर्न प्रोत्साहन मिल्ने न्यौपाने बताउँछन् । 'किसानलाई पनि हरेक वर्ष उत्पादन बढाउन लक्ष्य दिन्छौं,' उनले भने, 'कृषि प्राविधिकलाई पनि आफ्नो क्षेत्रमा उत्पादन बढाउने लक्ष्य दिन्छौं ।' पैंचोले कृषि प्राविधिकमार्फत करिब छ हजार किसानलाई व्यावसायिक कृषिसम्बन्धी तालिम पनि दिएको उनले जानकारी दिए । व्यावसायिक रूपमा तरकारी खेती गरेर बिक्री गर्ने किसान करिब ९ हजार भए पनि आफ्नो करेसाबारीमा फलेका तरकारी बिक्री गर्ने किसानको संख्या भने डेढ लाखभन्दा बढी भएको न्यौपाने बताउँछन् । '७०-८० हजारले नियमित थोरै भए पनि नियमित तरकारी दिन्छन्,' उनी भन्छन् ।



गुल्मीको छत्रकोट गाउँपालिका-४ दिगमबोहरका किसानको गोलभेंडा बारी । तस्विर : कान्तिपुर

नगरमा मल उद्योग

खोटाङ (कास)- दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाले स्थापना गरेको कम्पोस्ट मल उद्योगले उत्पादन सुरु गरेको छ । नगरपालिकालाई पूर्ण रूपमा अर्गानिक बनाउने उद्देश्यले सोल्मामा उद्योग सञ्चालन गरिएको छ ।

नगरलाई पूर्ण रूपमा अर्गानिक बनाउन उद्योग खोलिएको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाका प्रमुख दीपनारायण रिजालले बताए । उद्योगमा प्रतिघण्टा एक टन कम्पोस्ट मल उत्पादन हुन्छ । मल नगरपालिकाबाहेकका ठाउँमा समेत पुऱ्याइने उनले जानकारी दिए । कुन ठाउँमा कुन तत्त्व भएको मल चाहिने हो, त्यसै आधारमा बनाइने उनको भनाइ छ । 'यसले माटोको आयुसमेत बढाउनेछ,' उनले भने । उद्योगले स्थानीय युवालाई रोजगारीसमेत दिलाएको उनले बताए ।

यसका लागि नगरपालिकाको १ करोड २१ लाख ६९ हजार रुपैयाँ लगानी भएको छ । व्यापारिक केन्द्र दिक्तेल बजारको फोहोर र अन्य ठाउँबाट समेत सङ्कलन गरेर मल निर्माण गरिँदै आएको छ । यसले नगर क्षेत्रलाई सफा र वातावरणमैत्री पनि बनाउने उनको भनाइ छ ।

यो योजनाका लागि काठमाडौंस्थित पर्मा कल्चर समूहले सामग्री ढुवानी र जडानको जिम्मा लिएको हो । 'अहिले सबै मान्छे अर्गानिक खानामा जोड दिइरहेका छन्,' नगरप्रमुख रिजालले भने, 'यसलाई अवसरका रूपमा लिएर हामीले उत्पादन गरेको कृषिजन्य वस्तु बजारमा पुऱ्यायौं भने मात्र पनि नगरक्षेत्रका किसानको आर्थिक उन्नति हुन्छ ।'

नगरपालिकाका ९, १०, ११, १२ र १३ लगायत नम्बर वडा अर्गानिक बनिसकेको नगरप्रमुख रिजालले सुनाए । अब अन्य वडासमेत पूर्ण रूपमा अर्गानिक बन्ने नगरप्रमुख रिजालले सुनाए ।



देवः विकास बैंक लिमिटेड
Deva Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था
केन्द्रीय कार्यालयः १२५, बीणामार्ग, लालदरबार, काठमाडौं, नेपाल । पो.ब.नं.:२५०९२, फोनः ०१-४२५६७१७, फ्याक्सः ०१-४२५३४५९
E-mail: info@devabank.com.np | Web: www.devabank.com.np

निष्कृय एवम् रू. २००/- भन्दा कम मौज्दात तथा एकै प्रकृतिका एक भन्दा बढी निक्षेप खाताहरू भएका निक्षेप ग्राहक महानुभावहरूलाई अत्यन्त जरूरी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७६, माघ २७ गते (नयाँ पत्रिका, कारोबार तथा अभियान)

देवः विकास बैंक लिमिटेडले बैंकमा रू.२००/- भन्दा कम मौज्दात रही विगत तीन बर्षदेखि कुनै पनि कारोवार नभई निष्कृय अवस्थामा रहेका निक्षेप खाताहरू बन्द गर्ने प्रकृया अगाडि बढाउन लागेको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ । तसर्थ, रू. २००/- भन्दा कम मौज्दात रही विगत तीन बर्षदेखि कुनै पनि कारोवार नभई निष्कृय रहेका निक्षेप खाताका ग्राहक महानुभावहरूले यथासिघ्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरूमा सम्पर्क गरी आफ्नो तथा खाता संचालकहरूको पहिचान सम्बन्धी सम्पूर्ण विवरणहरू अद्यावधिक गराई मिति २०७६/११/१५ गते भित्र आफ्नो खाता सकृय गराउनु हुन अनुरोध गर्दछौं । उक्त मितिसम्म पनि निष्कृय तथा रू.२००/- भन्दा कम मौज्दात कायम रहेका खाताहरू यस बैंकले पूर्व सूचना नदिई बन्द गर्ने प्रकृया अगाडि बढाउने व्यहोरा जानकारीको लागि अनुरोध गर्दछौं ।

साथै, नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशन, २०७६ को इ.प्रा.निर्देशन नं.१६/०७६ बुंदा नं.१७ बमोजिम बैंक तथा वित्तीय संस्थामा प्राकृतिक व्यक्तिको नाममा स्वदेशी मुद्रामा एउटै प्रकृतिको एक भन्दा बढी खाता संचालन गर्न नपाउने तथा एउटै प्रकारको एक भन्दा बढी कार्ड लिन नपाउने व्यवस्था भए अनुसार त्यस्ता खाता एवम् कार्डहरू बन्द गर्नका लागि यसै सूचना मार्फत ग्राहक महानुभावहरूमा अनुरोध गर्दछौं । मिति २०७६/११/१५ गतेसम्म पनि एकै प्रकृतिका एक भन्दा बढी खाता तथा कार्डहरू भएका ग्राहक महानुभावहरूले यस बैंकको सम्बन्धित शाखामा सम्पर्क राखी त्यस्ता खाता तथा कार्ड बन्द नगरेमा बैंकले कुनै पनि समयमा कार्ड तथा खाता रोक्का राख्ने व्यहोरा जानकारी गराउँदछौं ।





माटोको उर्वरा शक्ति बढाउन खेतमा कृषिचुन हाल्दै मकवानपुरको थाहा नगरपालिका–२ की किसान । प्रधानमन्त्री आधुनिकीकरण परियोजना पालुङले किसानलाई अनुदानमा कृषिचुन उपलब्ध गराएको छ । *तस्विर : प्रताप विष्ट/कान्तिपुर*

४८ जनालाई मात्र शैक्षिक प्रमाणपत्र धितो कर्जा

कार्यक्रमबारे धेरैलाई जानकारी छैन, भएकालाई पनि बैंक तथा वित्तीय संस्थाले प्राथमिकता दिएनन्

कान्तिपुर संवाददाता (काठमाडौं)

स्वरोजगार हुन चाहने शिक्षित युवालाई शैक्षिक प्रमाणपत्र धितोमा ऋण दिने सरकारी कार्यक्रम भए पनि गत पुससम्म ४८ जनाले मात्र यो सुविधा पाएका छन् । कार्यक्रमबारे धेरैलाई जानकारी नै नभएको र भएकालाई पनि बैंक तथा वित्तीय संस्थाले प्राथमिकता नदिँदा यो प्रभावकारी नभएको जानकारहरू बताउँछन् । सरकारको निर्देशनमा राष्ट्र बैंकले ०७५ कात्तिक २० मा सहुलियतपूर्ण कर्जासम्बन्धी कार्यविधि जारी गरेको थियो ।

राष्ट्र बैंकका अनुसार गत पुससम्म ४८ युवाले २ करोड ४८ लाख रुपैयाँ सहुलियत दरको कर्जा शैक्षिक प्रमाणपत्रको धितोमा प्राप्त गरेका छन् । गत असारको तुलनामा पुससम्म थप २४ जनाले मात्र यस्तो ऋण पाएको देखिन्छ । ब्याज अनुदानको सहुलियत कर्जा अपेक्षित रूपमा लक्षित वर्गसम्म पुग्न नसकेको राष्ट्र बैंकले पनि स्विकारेको छ । 'कार्यक्रमलाई लक्षित वर्गसम्म पुऱ्याउन व्यापक प्रचारप्रसार गर्नुपर्ने देखिन्छ,' राष्ट्र बैंकका प्रवक्ता गुणाकर भट्टले भने, 'यसका लागि राष्ट्र बैंक आफैं र बैंक तथा वित्तीय संस्थाले पनि पहल गर्नुपर्छ ।' यस्तो कर्जा प्रवाह गर्दा जोखिम नहुने भएकाले बैंक तथा वित्तीय संस्थाले ढुक्क भएर लगानी गर्न उनले आग्रह गरे । 'ऋणको मात्र नभएर आयोजनाको पनि बिमा सुरक्षण छ,' उनले भने, 'डराउनुपर्ने कुनै कारण छैन ।' धेरैभन्दा धेरैले ब्याज अनुदानको सहुलियत ऋण पाउन् भन्ने उद्देश्यले राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई कृषिबाहेकका सहुलियत कर्जामा सीमा (संख्या) तोकेको उनले बताए । राष्ट्र बैंकको निर्देशनअनुसार वाणिज्य बैंकले



पाँच सय, विकास बैंकले दुई सय र वित्त कम्पनीले एक सय वटा कृषिबाहेकका सहुलियतपूर्ण कर्जा प्रवाह गर्नुपर्नेछ । बैंक तथा वित्तीय संस्थाले ०७७ असारसम्म तोकिएको सीमा पूरा गर्नुपर्नेछ । सरकारको निर्देशनमा राष्ट्र बैंकले शिक्षित युवा स्वरोजगार कर्जासहित नौ प्रकारका सहुलियत दरका कर्जा कार्यक्रम ल्याएको छ ।

सबै कर्जामा सरकारले ऋणीलाई ५ देखि ६ प्रतिशतसम्म ब्याज अनुदान दिन्छ । सहुलियत कर्जामध्ये युवा स्वरोजगार कर्जामा सबैभन्दा कम ऋण प्रवाह भएको छ । यो माध्यामिक शिक्षा वा सोसरह उत्तीर्ण गरी ४० वर्ष उमेर ननाघेका नेपाली नागरिकलाई प्रवाह गरिने कर्जा हो । कार्यक्रमअनुसार योग्यता पुगेका ऋणीले प्रतिव्यक्ति ७ लाख रुपैयाँसम्म ऋण पाउँछन् । आफूले प्राप्त गरेको शैक्षिक प्रमाणपत्र धितो राखेर यो कर्जा पाइन्छ ।

'ऋण लिन नै आउँदैनन्, आएकासँग पनि व्यवसायका लागि विश्वास गर्ने आधार निकै कम भेटिएका छन्,' बैंकर्स संघका एक कार्यकारी सदस्यले भने, 'राम्रो व्यावसायिक योजना लिएर आउनेलाई ऋण दिन समस्या हुँदैन ।' शैक्षिक प्रमाणपत्र धितोमा ऋण लिन आउने ग्राहक नै कम रहेकाले धेरै ऋण प्रवाह नभएको ती अधिकारीको भनाइ छ ।

शिक्षित युवा स्वरोजगार कर्जा प्राप्त गर्न कम्तीमा स्नातक तह पास गरेको, ४० वर्ष ननाघेको, विदेशी विश्वविद्यालयबाट शैक्षिक योग्यता हासिल गरेको भए सो संस्था नेपाली कुनै एक विश्वविद्यालयको समकक्षता रहेको, घरेलु तथा साना उद्योग कार्यालय र समिति, सीप विकास तालिम केन्द्र, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्लगायत सरकारी निकायबाट कम्तीमा सात दिनको उद्यम वा व्यवसाय गर्ने सीप विकास तालिम अनिवार्य रूपमा लिएको वा उक्त कर्जा स्वीकृति भएपछि त्यस्तो संस्थामा सीप विकास तालिम लिएको हुनुपर्नेछ । ऋण लिन चाहने युवाले उद्योग सञ्चालन तथा कर्जा उपयोग सम्बन्धमा प्रस्ताव पेस गर्नुपर्ने व्यवस्था कार्यविधिमा छ ।

ब्याज अनुदान दिइने कर्जाको भुक्तानी अवधि बढीमा पाँच वर्षसम्मको छ । कर्जा अवधि व्यवसायको प्रकृतिअनुसार बैंक तथा वित्तीय संस्थाले तोक्न सक्ने छुट पनि छ । सरकारले ब्याज अनुदान उपलब्ध गराउने कर्जामा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले आधार दरमा २ प्रतिशतभन्दा बढी नहुने गरी ब्याजदर कायम गर्नुपर्नेछ । यस्तो कर्जामा कर्जाको ब्याजबाहेक अन्य कुनै पनि प्रकारको थप सेवा शुल्क लिन पाइँदैन । यो व्यवस्था बैंकहरूलाई चित्त बुझेको छैन । यसकारण पछिल्लो समयमा बैंकहरूले सुहलियतपूर्ण कर्जामा पनि निश्चित प्रतिशत सेवा शुल्क लिन पाउने व्यवस्था माग गरिरहेका छन् ।

लघुवित्त र बिमामा झुम्मिए लगानीकर्ता

काठमाडौं (कास)- केही सातायता दोस्रो बजारमा लघुवित्त र बिमा कम्पनीको सेयरमा लगानीकर्ताको आकर्षण देखिएको छ । ती कम्पनीको सेयर तुलनात्मक रूपमा थोरै लगानीकर्ताको हातमा छ । यसकारण ती कम्पनीको सेयर एकमुष्ट गरी बजारमा चलखेल गर्न सकिने भएकाले अल्पकालीन लगानीकर्ता त्यतातर्फ लागेका हुन् । यसको प्रत्यक्ष असर बैंकिङ समूहको सेयरमा परेको देखिन्छ ।

गत साता सेयर बजारमा ११ अर्ब २० करोड रुपैयाँ बराबरको सेयर कारोबार भयो । अघिल्लो साताको तुलनामा कारोबार रकम ६७ प्रतिशत बढी हो । दैनिक कारोबारका हिसाबले गत बिहीबार सबैभन्दा धेरै रकमको सेयर किनबेच भयो । यसअघि दैनिक २ अर्ब ७५ करोड रुपैयाँको कारोबार भएकामा गत बिहीबार २ अर्ब ७८ करोड रुपैयाँ पुगेको हो । अनलाइन कारोबार प्रणालीका कारण कारोबार रकम पनि बढेको नेप्सेको दाबी छ ।

गत साता भएको कुल कारोबारमध्ये बिमा कम्पनीहरूको मात्र ३ अर्ब ३६ करोड रुपैयाँ बराबरको सेयर किनबेच भएको छ । यो साप्ताहिक कुल सेयर कारोबारको ३०.२ प्रतिशत हो । यस्तै गत साता लघुवित्त समूहको करिब २ अर्ब रुपैयाँ बराबरको सेयर किनबेच भएको छ । यो समूहको सेयर कारोबार कुल साप्ताहिक कारोबारको करिब साढे १७ प्रतिशत हो ।

बिमा र लघुवित्त समूहको कारोबार हिस्सा बढेसँगै बैंकिङ समूहको हिस्सा घटेको छ । गत साता वाणिज्य बैंक समूहको २ अर्ब ६२ करोड रुपैयाँ बराबरको सेयर किनबेच भएको छ । यो सोही अवधिमा भएको कुल सेयर कारोबारको करिब २३.४३ प्रतिशत मात्र हो । अघिल्लो साता यस्तो हिस्सा २५ प्रतिशत थियो । पछिल्ला केही सातायता साप्ताहिक सेयर कारोबारमा बैंकिङ समूहको हिस्सा घट्दो छ । यसको अर्थ बैंकिङबाहेक समूहका कम्पनीको सेयरमा लगानीकर्ताका आकर्षण बढ्यो भन्ने हो ।

बैंकिङ समूहले सामान्य अवस्थामा कुल साप्ताहिक सेयर कारोबारको करिब ५० प्रतिशतभन्दा धेरै हिस्सा ओगट्दै आएको थियो । तर पछिल्ला ५/६ महिनायता यस्तो हिस्सामा निकै उतारचढाव देखिँदै आएको छ । कहिले यस्तो हिस्सा बढेर कुल कारोबारको ६४ प्रतिशतसम्म पुगेको छ भने कहिले २५ प्रतिशतसम्म झरेको छ ।

मेगा बैंक नेपाल लिमिटेड
MEGA BANK NEPAL LIMITED
मेगा सुहृदी खाता
९.२५% वार्षिक ब्याजदर
*थप ०.५०% शाखाद्वारा प्रदान गर्न सकिने ।
The Banker Bank of the Year 2019 NEPAL
विश्वास जित्दै... अघि बढ्दै...
MEGA BANK NEPAL LIMITED

नि:शुल्क इन्टरनेट परियोजनामा विवाद

काठमाडौं (कास)- प्रदेश ५ का पाँच जिल्लाका सार्वजनिक स्थानमा नि:शुल्क इन्टरनेट पुऱ्याउने परियोजनामा विवाद देखिएको छ । विवादकै कारण दूरसञ्चार प्राधिकरणले परियोजनालाई दोस्रो पटक पनि स्थगन गरेको छ ।

परियोजनाबारे उजुरीपछि सार्वजनिक खरिद पुनरावलोकन समितिको निर्देशनमा प्राधिकरणले परियोजना स्थगन गरेको हो । परियोजनाअन्तर्गत दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरका सार्वजनिक स्थानमा नि:शुल्क इन्टरनेट पुऱ्याउने योजना थियो । यसअघि गरिएको टेन्डर पनि महालेखापरीक्षकको कार्यालयले बेरुजु औंल्याएपछि रोकिएको थियो । यसअघिको टेन्डरमा न्यूनतम रकम कबोलेका आधारमा वर्ल्डलिंक कम्युनिकेसन पहिलो, टेकमाइन्ड्स प्रालि दोस्रो र भायानेट तेस्रो भएका थिए । महालेखापरीक्षकले वर्ल्डलिंक कम्युनिकेसनको विषयमा बेरुजु औंल्याएपछि टेन्डर रद्द भएको प्राधिकरण स्रोतले जनाएको छ । बेरुजु औंल्याइएको भन्दै प्राधिकरणले माघ १५ मा टेन्डर रद्द गर्दै फागुन २ मा दोस्रो पटक आह्वान गरेको थियो । पहिलो चरणको टेन्डरमा दोस्रो भएको टेकमाइन्ड्सले आफूले परियोजना पाउनुपर्ने भन्दै उजुरी दिएपछि दोस्रो चरणको टेन्डर पनि रोकिएको हो ।

पर्यटकीय स्थलमा नि:शुल्क वाइफाई राख्न प्राधिकरणले आह्वान गरेको टेन्डर पनि रद्द भएको छ । सगरमाथा आधार शिविरसहित जानकी मन्दिर, पाथीभरा, हलेसी महादेवजस्ता धार्मिक तथा पर्यटकीय स्थलमा नि:शुल्क वाइफाई राख्ने भनिएको थियो । त्यसका लागि प्राधिकरणले असोज ११ मा टेन्डर आह्वान गरेको थियो । टेन्डरमा सहभागी कम्पनीले प्रत्युत्तर नदिएपछि रद्द गरिएको प्राधिकरणले जनाएको छ । ग्रामीण दूरसञ्चार कोषमा जम्मा भएको रकमबाट देशैभर सार्वजनिक स्थलमा नि:शुल्क इन्टरनेट पुऱ्याउने प्राधिकरणको योजना छ । इन्टरनेट सेवा प्रदायक र दूरसञ्चार कम्पनीले वार्षिक आयको २ प्रतिशत ग्रामीण दूरसञ्चार कोषमा जम्मा गर्नुपर्छ ।

सिलिगुडीमा...

पोखराको लोकसंस्कृति झल्किने प्रस्तुतिसमेत राखिनेछ । परिषद्ले भारत सेल्स मिसन २०२० अन्तर्गत बीटीएममा सहभागिता जनाएको हो । फागुन १२ मा सेल्स मिसन टोली पश्चिम बंगालको राजधानी कोलकाता पुग्नेछ । फागुन १३ मा कोलकाता र पोखराका पर्यटन व्यवसायीबीच बीटूबी सेल्स मिसन कार्यक्रम हुनेछ । कार्यक्रममा पोखराका व्यवसायीले आफ्ना प्याकेजबारे जानकारी दिनेछन् । पोखरामा भारतीय पर्यटक आकर्षित गर्न व्यवसायीले योजना प्रस्तुत गर्नेछन् । बंगाल ट्राभल मार्टमा पोखरा पर्यटन परिषद्को यो पाँचौं सहभागिता हो । भारतका उत्तरपूर्वी सहरमा विगतमा भएका प्रवर्द्धनात्मक कार्यक्रमले भारतीय पर्यटकको पोखरा आगमनमा वृद्धि भएको परिषद्का अध्यक्ष चिरञ्जीवी पोखरेलले बताए । 'चिनियाँ पर्यटकको कमीलाई पूर्ति गर्न पनि भारतीय सहरमा प्रवर्द्धन रोजेका हौं,' उनले भने, 'पर्यटनमा परेको संकटलाई यसले थोरै भए पनि राहत पुग्नेछ ।' उत्तर पूर्वी भारतका पर्यटक पोखरामा साहसिक गतिविधिमा संलग्न हुन रुचाउने उनको भनाइ छ । पश्चिम बंगालबाट पशुपतिनाथ हुँदै मुक्तिनाथ पुग्ने धार्मिक पर्यटकको संख्या ठूलो छ । सिक्किम, दार्जिलिङ, कोलकाता, आसामबाट जाने पर्यटकको संख्या बढ्दो छ ।

रेललाई चाहिने...

मन्त्रिपरिषद्ले रेल सञ्चालनका लागि आवश्यक दक्ष श्रमिक नेपाली नागरिकबाट आपूर्ति हुन नसके श्रम ऐन ०७४ को दफा २२ बमोजिम २६ जना विदेशी दक्ष श्रमिक नियुक्त गर्न नेपाल रेलवे कम्पनीलाई सैद्धान्तिक स्वीकृति दिने निर्णय गरेको थियो । सोहीअनुसार भर्ना गरिने रेल विभागले जनाएको छ । यसअघि रेल माघ तेस्रो साताबाट सञ्चालनमा आउने बताइएको थियो । तर समयमै कर्मचारी भर्ना गर्न नसक्दा रेल सञ्चालन अन्योलमा परेको हो ।

विभागले लामो समयदेखि दुई सय कर्मचारी भर्ना गर्नुपर्ने माग गरिरहेको थियो । तर भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट ढिला हुँदा कर्मचारी भर्ना प्रक्रिया अघि बढ्न सकेको थिएन । आठ वटा स्टेसनका लागि कर्मचारी चाहिए पनि अहिलेसम्म कुनै पनि स्टेसनमा कर्मचारी भर्ना गरिएको छैन । एउटा स्टेसनमा कम्तीमा १० देखि १५ जना कर्मचारी राखिनेछ ।

पहिलो चरणमा जयनगरगरदेखि कुर्थासम्मको ३५ किमि दूरीमा रेल सञ्चालन हुनेछ । कुर्थादेखि बिजलपुरासम्म १७ किमि छ । यो खण्डमा रेल लिकको काम अन्तिम चरणमा पुगेको छ । त्यस्तै अर्को खण्ड बिजलपुरादेखि बर्दिबाससम्म १७ किमिमा पनि काम भइरहेको छ । सबै गरेर रेल नेटवर्क जयनगरदेखि बर्दिबाससम्म ६९ किमिको हुनेछ ।

सुरुमा राम्रो तयारी नपुग्दा समस्या भएको थियो । अब भने कर्मचारी भर्ना प्रक्रिया सुरु भएकाले समस्या नहुने महानिर्देशक मिश्रको दाबी छ । यता रेलवे सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक राष्ट्रियसभामा विचाराधीन छ । रेल खरिदका लागि ८४ करोड ६५ लाख रुपैयाँमध्ये २० प्रतिशत रकम बैंक खातामार्फत पठाइसकिएको छ । थप रकम रेल चलाएर चित्त बुझेपछि मात्र दिइने विभागले जनाएको छ ।



छोटकरी

ओलीको 'भिजन टु एक्सन'

काठमाडौं (कास)- प्रधानमन्त्री केपी शर्मा ओलीले दुई छिमेकी मुलुकसँग सम्बन्ध सन्तुलित बनाउँदै अगाडि बढ्नुपर्ने बताएका छन् । आफूले लेखेको पुस्तक 'भिजन टु एक्सन' को राजधानीमा शनिबार भएको विमोचन कार्यक्रममा उनले सरकार छिमेकीहरूसँग पारस्परिक सम्बन्ध राखेर अघि बढ्न खोजिरहेको बताए । 'सूर्यको वरिपरि नौ ग्रह सन्तुलनमा घुमिरहन्छन् । उनीहरूलाई सन्तुलनमा राख्न डोरी बाँध्न र झुन्ड्याउन आवश्यक पर्दैन,' उनले भने, 'त्यसैगरी हामी भिन्नभिन्न विचार राख्ने दुई ठूला छिमेकी मुलुकसँग सन्तुलित सम्बन्ध राखेर अगाडि बढ्नुपर्छ । सरकार त्यही नीति अख्तियार गरेर अगाडि बढिरहेको छ ।' नेपाल दुई ढुंगाबीचको तरुल भएकाले फैलन नसक्ने भए पनि आफूसँग उपलब्ध स्थानमा समृद्धि हासिल गर्न भने सकिने उनले बताए । 'हामी हाम्रो भूमि विस्तार गर्न सक्दैनौं । किनकि हाम्रा छिमेकीहरू सबै हिसाबले शक्तिशाली छन् तर अहिले उपलब्ध भूमिमा समृद्धि हासिल गर्न उनीहरूले रोक्दैनन्,' उनले भने, 'अहिले सरकारले अख्तियार गरेको सन्तुलित सम्बन्धका कारण उनीहरू हाम्रो समृद्धिका यात्रामा सहयोग गर्न तयार देखिएका छन् ।'

बालुवाटारको 'एक्सन रुम' बाट आयोजना उद्घाटन

काठमाडौं (कास)- प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नै निवास बालुवाटारमा रहेको 'एक्सन रुम' बाट भिडियो कन्फरेन्समार्फत शनिबार तेह्रथुमको खोरुंगा खोला विद्युत् आयोजनाको उद्घाटन गरेका छन् । तेह्रथुम पावर कम्पनीले एक अर्ब ३२ करोड रुपैयाँ लागतमा आयोजना निर्माण गरेको हो । आयोजनाले शनिबारदेखि व्यावसायिक विद्युत् उत्पादन सुरु गरेको छ । कार्यक्रममा प्रधानमन्त्रीले 'समृद्ध नेपाल, सुखी नेपाली' को संकल्प पूरा गर्नका लागि सरकार निजी क्षेत्रसँग हातेमालो गरेर अगाडि बढिरहेको बताए । उनले मुलुकको जलविद्युत् उत्पादनको इतिहासमा निजी क्षेत्रले गरेको योगदान महत्त्वपूर्ण रहेको बताए ।

चैतभित्रै सबै सामुदायिक विद्यालयमा शिक्षक : शिक्षामन्त्री

काठमाडौं (कास)- शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले सबै सामुदायिक विद्यालयमा चैतभित्रै अपुग शिक्षक नियुक्त गरिसकिने बताएका छन् । काठमाडौंमा शनिबार एक कार्यक्रममा बोल्दै पोखरेलले हाल रिक्त रहेका ३९ हजार शिक्षक एक महिनाभित्रै नियुक्त गर्ने जनाएका हुन् । उनका अनुसार रिक्त दरबन्दी स्थानीय तहमार्फत् पूर्ति गरिनेछ । शिक्षकहरूलाई आफ्ना छोराछोरी आफूले पढाउने विद्यालयमै पढाउन पोखरेलले आग्रह गरे । शिक्षकहरूले आफ्ना बच्चालाई आफूले पढाउने विद्यालयमा नपढाएकामा उनको गुनासो छ । 'शिक्षकले आफ्ना बालबालिका आफूले पढाउने विद्यालयमा ल्याउने हो भने शिक्षाको गुणस्तर बढ्छ,' पोखरेलले भने ।

काठमाडौंबाट आउने हवाई यात्रुको दिल्लीमा परीक्षण


सुरेशराज न्यौपाने (नयाँदिल्ली)

नोवल कोरोना भाइरस संक्रमणको जोखिम न्यून गर्न भारत सरकारले काठमाडौंबाट हवाईमार्ग हुँदै आउने यात्रुको स्वास्थ्य परीक्षण गर्ने भएको छ । मन्त्रिपरिषद्का सचिवको अध्यक्षतामा शनिबार बसेको उच्चस्तरीय बैठकले यस्तो निर्णय गरेको हो । स्वास्थ्य तथा सामाजिक कल्याण, नागरिक उड्डयन, रक्षा, सूचना तथा प्रसारण मन्त्रालयका सचिवलगायतको बैठकले भाइरस भित्रिन सक्ने सम्भावित मुलुक र सहरहरूको विस्तृत समीक्षापछि यस्तो निर्णय गरेको हो ।

'बृहत् समीक्षापछि नेपाल, इन्डोनेसिया, भियतनाम र मलेसियाबाट भारत आउने उडानका लागि बृहत् स्वास्थ्य परीक्षण गरिने निर्णय भएको छ,' स्वास्थ्य तथा समाज कल्याण मन्त्रालयद्वारा जारी सूचनामा उल्लेख छ । काठमाडौंबाट हाल विभिन्न एयरलाइन्सले भारतका नयाँदिल्ली, मुम्बई, बैंग्लोर, बनारसलगायत सहरमा सिधा उडान भर्दै आएका छन् ।

भारतले नेपालसँग जोडिएका प्रमुख नाकाबाट ओहोरदोहोर गर्नेको एक महिनादेखि नै थर्मल स्क्यान गर्दै आएको छ । भारत सरकारले एक साताअघि विशेष निर्देशन जारी गर्दै चीन, हङकङ, जापान, दक्षिण कोरिया, थाइल्यान्ड र सिंगापुरबाट आउने यात्रुहरूको पूर्ण स्वास्थ्य परीक्षण सुरु गरेको थियो । त्यसअनुसार भातका विभिन्न २१ वटा विमानस्थलमा त्यस्तो परीक्षण हुँदै आएको छ ।

अधिकारीका अनुसार शनिबारसम्म ३ लाख ९७ हजार १५२ हवाई यात्रु र समुद्रीमार्गबाट भारत प्रवेश गर्ने ९ हजार ६९५ यात्रुको स्वास्थ्य परीक्षण गरिसकिएको छ । मन्त्रालयका अनुसार २१ हजार ८०५ जनालाई सामूहिक निगरानीमा राखिएको छ । भारतमा हालसम्म तीन जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भइसकेको छ । दक्षिण भारतीय राज्य केरलाका ती नागरिक संक्रमणबाट मुक्त भइसकेको भारतीय अधिकारीको दावी छ ।



दक्षिण कोरियाको इन्छन विमानस्थल । *तस्बिर : गोकुल थोकर/कान्तिपुर*

कोरियामा कोरोना...

वेल्डिङको काम गर्ने शेर्पा दुई सातादेखि कम्पनीभित्रैको कोठामा सीमित छन् । 'केही समयअघिसम्म फुर्सदका बेला घुम्न निस्किन्थें । साथीभाइसँग रमाइलो हुन्थ्यो,' उनले भने, 'नेपालीहरूसँग मनका कुरा गर्दा कम्पनीको कामको दुःख बिर्सन्थें ।' तर उनको फुर्सदको समय हाल केही फेरिएको छ । उनले केही खान मन लाग्यो भने कम्पनीमै भन्छन् । 'यसो सोच्छु सुरक्षा अपनाउने आफ्नै लागि हो । केही समयपछि ठीक होला नि ?' उनले आशा मारेका छैनन् ।

थेगु मात्रै होइन कोरोनाको त्रास भने कोरियाभरि नै उस्तै छ । छुइछन नाम्दोमा काम गर्ने रामजी श्रेष्ठलाई पनि कम्पनीले बाहिर निस्कन बर्जित गरेको छ । 'जताको समाचार सुन्दा पनि डर लाग्दो छ । हाम्रोतिर संक्रमित त भेटिएको छैन । तर नजिकैका फेन्थेक, सुवनतिरका मानिसमा संक्रमण भेटिएकाले अलि संवेदनशील बनेका होलान् ।' केही कम्पनीले बिहान र बेलुकी ज्वरो नाप्ने नियम बनाएका छन् । मास्क प्रयोगमा पनि कम्पनीले कडाइ गरेका छन् । कम्पनीमा बाहिरी मानिसको आवतजावत भने बन्दजस्तै छ ।

सार्वजनिक स्थान शान्त

हरेक शनिबार बिहान निकै व्यस्त रहने इन्छन अन्तर्राष्ट्रिय एयरपोर्टमा मानिसहरू नगन्य मात्रामा देखिन्थे । कोरिया आउने र अन्य स्थानमा जाने यात्रुहरू खासै देखिएनन् । यात्रुहरूभन्दा बढी विभिन्न एयरलाइन्सका कर्मचारीको संख्या बढी देखिन्थ्यो । अति आवश्यक पर्दा मात्रै घर बाहिर निस्कन, अनिवार्य मास्क लगाउन तथा ३० सेकेन्डभन्दा बढी समय मिचेर हात धुन अनुरोध गरिएका सूचना रेल, गाडी र सार्वजनिक स्थल तथा सञ्चारमाध्यममा पनि छ्यापछ्याप्ती छन् । रेल स्टेसन, सार्वजनिक शौचालयमा हात धुनका लागि विशेष खालका साबुन राखिएका छन् । नेपाली जम्मा हुने सोलस्थित दोडेदेमुनका नेपाली रेस्टुरेन्ट शून्य छन् । निक सेकुवा कर्नरका ध्यान राईले कतिपय कम्पनीका नेपालीलाई मागअनुसार कम्पनीमै खानेकुरा पठाउने गरेको बताए ।

ईपीएसबाट आएकाको भिसा ५० दिन थपिने

कोरोना भाइरसको संक्रमण बढेसँगै ईपीएसमार्फत कोरिया आउनुपर्ने धेरै विदेशी कामदार आएका छैनन् । यहाँ भएका कामदारको भिसा अवधि सकिएर देश फर्कनुपर्ने भएपछि सरकारले नयाँ नियम ल्याएको छ । न्याय मन्त्रालयको शुक्रबार बसेको संयुक्त बैठकले अदक्ष कामदारका रूपमा आएका विदेशीको भिसा ५० दिन थप गर्ने निर्णय गरेको छ । मन्त्रालयको निर्णयअनुसार विदेशी कामदार अब ४ वर्ष १० महिनापछि पनि थप ५० दिन बस्न पाउने भएका छन् । मन्त्रालयका अनुसार कामदारले नजिकैको अध्यगमन कार्यालयमा वा अनलाइनमार्फत फारम भरेर भिसा अवधि थप गर्न सक्नेछन् ।

बाँस्कोटामाथि...

प्रवक्ता नारायणकाजी श्रेष्ठ अनुपस्थित थिए । सेक्युरिटी प्रेससम्बद्ध स्विस कम्पनीका प्रतिनिधि विजयप्रकाश मिश्रसँग ७० करोड डिल गरेको अडियो सार्वजनिक भएपछि बाँस्कोटाले गत बिहीबार राजीनामा दिएका थिए । प्रधानमन्त्री ओलीका निकट र विश्वासपात्र मानिएका बाँस्कोटाको अडियो सार्वजनिक हुनेबित्तिकै अर्का अध्यक्ष दाहालसँग छलफल गरेर ओलीले उनलाई राजीनामा दिन निर्देशन दिएका थिए । प्रधानमन्त्री निवास बालुवाटारमा राजीनामा बुझाएपछि बालकोटस्थित निवासमा पुगेर बाँस्कोटाले छानबिनको माग गरेका थिए । 'उनी स्वयंले छानबिन माग गर्दै राजीनामा दिएका कारण पार्टीमा थप छलफल गर्नुको औचित्य नहुने भन्दै प्रधानमन्त्री ओलीले छलफल अघि बढाउनै चाहनुभएन,' सचिवालय स्रोतले भन्यो । यद्यपि विभिन्न सार्वजनिक समारोहमा दुवै अध्यक्षले गलत नियत र आचरण हुनेलाई कारबाही गरेरै छाड्ने प्रतिक्रिया भने दिएका छन् ।

अध्यक्ष दाहालले शनिबार भ्रष्टाचार गर्ने जोसुकै भए पनि उन्मुक्ति नपाउने बताएका थिए । उनले बाँस्कोटाले कमिसन डिल गरेको भन्दै सार्वजनिक भएको अडियो प्रकरणबारे छानबिन सुरु भइसकेको र दोषी पुष्टि भए कुनै छुट नदिने बताए । कमिसन प्रकरण सार्वजनिक भएकै ओलीले पनि सुशासनविरुद्ध लाग्ने जोकोहीलाई नछोड्ने बताएका थिए ।

सबैभन्दा विश्वास गरिएका बाँस्कोटाका बारेमा प्रश्न उठेपछि ओली केही हतास देखिएका छन् । मिश्रले प्रधानमन्त्रीलाई उक्त अडियो दुई महिनाअघि नै बुझाइसकेको दावी गरेकाले ओली यतिञ्जेल किन मौन बसे भन्ने प्रश्न पनि उब्जिएको छ । दुई महिनाअघि प्रधानमन्त्रीले अडियो पाएका हुन् या होइनन् भन्नेबारे भने बैठकमा कुनै कुरा उठेन । 'आफ्नो निकटवर्ती पात्रमाथि यो खालको प्रश्न उठ्दा प्रधानमन्त्रीज्यू आहत हुनु स्वाभाविक हो,' सचिवालय स्रोतले कान्तिपुरसँग भन्यो, 'उहाँले त्यो पीडा कतै देखाउनुभएको थिएन । शनिबारको सचिवालय बैठकमा भने प्रकट भयो ।'

गौतमको प्रश्न

बैठकमा नेकपा उपाध्यक्ष वामदेव गौतमले आफूलाई राष्ट्रिय सभा सदस्यमा मनोनीत गर्ने विषय कहाँ पुग्यो भनेर सोधेका थिए । गत पुस २३ मा गौतम निवास भैंसेपाटीमा भएको अध्यक्ष दाहालसहितको भेलाले राष्ट्रिय सभा सदस्य पनि प्रधानमन्त्री बन्न सक्ने गरी संविधान संशोधन गर्ने र गौतमलाई राष्ट्रपतिबाट मनोनीत गराएर राष्ट्रिय सभा सदस्य बनाउनेबारे छलफल अघि बढाउने निर्णय गरेको थियो । त्यही पृष्ठभूमिमा टेकेर गौतमले राष्ट्रिय सभा उम्मेदवार बन्ने विषयमा कुरा उठाएका हुन् ।

'भैंसेपाटी भेलामा भएका सहमतिअनुसार पूर्वमाओवादीलाई सभामुख बनाउनुपर्ने विषयमा सहमत भइयो, एमसीसीको छलफल त्यहीअनुसार अघि बढेको छ,' गौतमको भनाइ उद्धृत गर्दै उनीनिकट स्रोतले भन्यो, 'राष्ट्रिय सभा सदस्य पनि प्रधानमन्त्री बन्न पाउने गरी संविधान संशोधन गर्न बनेको सहमतिबारे खास छलफल नभएकाले विषय उप्काएको हुँ, निर्णय भएको छैन ।'

> 'राष्ट्रिय सभा सदस्य पनि प्रधानमन्त्री बन्न पाउने गरी संविधान संशोधन गर्न बनेको सहमतिबारे खास छलफल नभएकाले विषय उप्काएको हुँ ।'
>
> **– वामदेव गौतम**, उपाध्यक्ष, नेकपा


बताएका थिए । तर उनैलाई मात्रै प्रधानमन्त्री बनाउन संविधान संशोधन गर्ने विषयमा नेताहरू सहमत नभएपछि गौतम उम्मेदवार बन्न तयार भएनन् । राष्ट्रपतिबाट राष्ट्रिय सभामा मनोनीत भएका युवराज खतिवडाको समयावधि सकिने समय आउनै लाग्दा गौतम राष्ट्रिय सभामा जाने विषय उठेको हो ।

अर्थमन्त्रीसमेत रहेका खतिवडाको राष्ट्रिय सभा सदस्यका रूपमा यही फागुन २१ सम्म मात्रै समयावधि छ । खतिवडालाई राष्ट्रपतिले पुनः मनोनीत गर्न सक्ने भए पनि उनलाई नै मनोनीत गर्ने/नगर्ने विषयमा निर्णय भएको छैन । खतिवडा दोहोरिएनन् भने उनको ठाउँमा राष्ट्रिय सभाको एक सिट खाली हुनेछ । यद्यपि प्रधानमन्त्रीको चाहना खतिवडालाई बिदाइ गर्ने छैन ।

उनले बिहीबार खतिवडालाई सञ्चार तथा सूचना प्रविधिमन्त्रीको थप जिम्मेवारी दिएर त्यसको छनक दिइसकेका छन् ।

"नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः ।
न चैनं क्लेदयन्त्यापो न शोषयति मारुतः ।"

भावपूर्ण श्रद्धाञ्जली



जन्म मिति:
१९८८/०७/११ गते

स्वर्गारोहण:
२०७६/१०/२६ गते

स्व. कृष्ण प्रसाद आचार्य

हाम्रा प्रातः स्मरणीय पिता स्व. कृष्ण प्रसाद आचार्यको स्वर्गारोहण भएको पूण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुखद् घडीमा हामीलाई समवेदना प्रकट गर्नुहुने सम्पूर्ण नातेदार, इष्टमित्र एवं शुभचिन्तकहरुप्रति आभार प्रकट गर्दछौं ।

पत्नी: श्रीमती दिव्यकुमारी आचार्य | भाइबुहारी: राजकुमारी आचार्य

छोरा/बुहारी	छोरी/ज्वाई	नाती/नातिनी
राजु/सरिता आचार्य	सुरेन्द्र/भवानी पौडेल	योगेश/नरेस पौडेल
प्रदिप/निर्मला आचार्य	ईन्दिरा रेग्मी	रञ्जन/रजनि रेग्मी
सुदिप/शुष्मा आचार्य	दिवाकर/मन्जु नेपाल	सजित/सुविन/मनोज/अनुप/सुदिष्मा/सम्बृद्धी
रबि/सिता आचार्य	रमेश/रञ्जु मरहठ्ठा	अभिनित/आयाम आचार्य
किरण/रजनि आचार्य	नातिनी ज्वाइः सुवास अधिकारी	दिमंकर/दिपेश नेपाल
किमन आचार्य		राजश्री/राधव मरहठ्ठा

नातिनी बुहारी: सभाना पौडेल/अस्मिता रेग्मी

'मृत्युदण्डबाट उम्कें'...

उनी पानी पास हुने फलामको पाइप बोकेर भर्‍याङ उक्लिँदै थिए । पाइपको एक छेउले पाकिस्तानी नागरिक मोहम्मद लतिफ वसिरलाई छुस्स छोयो । यही घटनापछि उनीहरूबीच झगडा भयो । झगडाकै बेला पाकिस्तानीको मृत्यु भयो ।

यही घटनापछि उनी जेल चलान भए । जेल बसाइँको १२ वर्षपछि २०१८ मे १५ मा साउदीस्थित अदालतले उनलाई मृत्युदण्डको सजाय सुनायो । आफ्नै गाउँठाउँको मान्छे साउदीमा मृत्युदण्डको सजाय पाउन लागेको सुनेपछि सामाजिक गतिविधिमा सक्रिय रहँदै आएका जनकपुरकै सरोज रायले छुटाउन सकिन्छ कि भनेर पहल सुरु गरे । धेरै जनासँग परामर्श गरे । अनि २६ अप्रिल २०१८ मा सरोज रायले पाकिस्तानपस्थित मृतक परिवारकै सबै सदस्यलाई भेटेर ३० लाख रुपैयाँ दिने सर्तमा सामूहिक रूपमा माफीनामाको कागज गराए । माफीनामाको यही कागज साउदी अदालतमा पेस गरिएपछि उमेशको रिहाइको बाटो खुल्यो । उमेशले सरोजतिर हेर्दै सुनाए, 'उहाँ नभएको भए म जेलभित्रै मरिसकेको हुन्थें ।'

माघ ८ मा काठमाडौं ओलेंको भोलिपल्ट भेट्दा उमेशको मनस्थिति एकतमासको थियो । कतिखेर घर पुगौंला र बाआमा, पत्नी र छोराहरू भेट्न पाउँला भनेर उनी हताारिएका देखिन्थे । उमेशको उद्धारको काम गरिरहेका सरोजले सुनाए, 'कहिल्यै नेपाल टेक्नै नपाई मरिने भइयो भन्ठानेका थिए उनले । तर बाँचेर आए ।'

घर पुगेपछि उमेशलाई थाहा भयो, यतिका वर्षमा कति धेरै बदलिएछ । त्यसो त काठमाडौंमै पनि उनले फेरिएको काठमाडौंका बारे बताएका थिए । १३ वर्षको जेल बसाइले उमेशको भाषा र लवज नै बदलिएको थियो । उनले भने, 'नमक पनि नभएको दालजस्तो खोले खाँदा खाँदा मेरो जिब्रो नै फेरिएको थियो ।' स्वदेश फर्केपछि त उनले पुरानै स्वाद चाख्न पाएका छन् तर घर फर्किएपछि सुरु भएको पारिवारिक दायित्व कसरी पूरा गर्ने भन्ने प्रश्नले उनलाई घेरिसकेको छ ।

उनी जेलमै रहेका बेला दाजुभाइ छुट्टिए । उनको भागमा ४ कट्ठा खेत र ५ धुर घडेरी परेको थियो तर साउदी पुगेलगत्तै जेल परेका कारण उनले साहुबाट लिएको ऋण तिर्न सक्ने कुरै भएन । परिवारका सदस्यले उनको भागमा परेका अंश बेचेर ऋण तिरिदिए । यतिबेला उनीसँग बाँचेर आएकोमा सबैको माया र स्नेह त छ तर कसरी कमाइखाने भन्ने योजना अनिश्चित छ ।

कान्तिपुरसँगको कुराकानीमा उनले काठमाडौंमा मात्रै नभएर गाउँ पनि खर्चिलो भएको सुनाए । भने, 'विकास त भएछ तर भाउ पनि बढेछ ।' काठमाडौंमा भेट्दा उनले अब कहिल्यै बिर्सेर पनि विदेश पस्न नपरोस् भनेर आफूले संकल्प गरेको सुनाएका थिए तर जनकपुर पुगेपछि भने उनलाई के गरौं र कसो गरौं भइरहेको छ । १३ वर्षको जेल बसाइको तन्द्राबाट उनी बाहिर निस्कन त खोजिरहेका छन्, तर मन भुलाउने कामको विकल्प पनि पाइसकेका छैनन् । उनले भने, 'दोकान खोलौं कि भन्ने पनि सोचेको छु । तर लगानी कसले गरिदिन्छ ? केही सोच्न सकेको छैन ।'

काठमाडौं उत्रिँदा उमेशलाई आफूसँगै जेलमा रहेका ६ नेपाली पनि कसरी छुटेर आउलान् भन्ने चिन्तालेे पनि सताएको थियो । उनले भनेका थिए, 'उदयपुरका विवेक दाहाललाई कसरी छुटाउन सकिएला भनेर पहल गर्नेछु ।' उमेशका अनुसार उनी बसेको जेलमा रक्सी सेवन गरेको, फर्जी कागज र दुर्घटनाका कारण ६ जना अरू नेपालीसँगै थिए ।

वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सचिवालयले प्रकाशन गरेको एक दशक स्मारिकाका अनुसार अहिले गन्तव्य मुलुकहरूमा नेपाली आप्रवासी कामदार विभिन्न कारणले कारावासको सजाय भोगिरहेको, कानुनी झमेला आइपरेको, मृत्युदण्डको सजाय पाएको र विभिन्न कारणले मृत्यु हुनेको संख्या ठूलो छ । बोर्डका अनुसार हाल मलेसियामा २०४, यूएईमा १८५, साउदी अरबमा ८२, कुवेतमा ५८, कतारमा २८, बहराइनमा तीन, इजरायलमा दुई, ओमन र लेवनानमा एक/एक गरी ५६१ जना नेपाली कामदार विभिन्न अभियोगमा जेलमा छन् ।

स्वास्थ्य परिषद्मा ऐन मिचेर सदस्य

काठमाडौं (कास)- स्वास्थ्यकर्मी र स्वास्थ्य व्यवसायीले स्वास्थ्य व्यवसायी परिषद्मा गैरकानुनी रूपमा नियुक्त भएका सदस्यलाई हाजिर गर्न नदिन माग गरेका छन् । तत्कालीन उपप्रधान तथा स्वास्थ्यमन्त्री उपेन्द्र यादवले स्वास्थ्य व्यवसायी परिषद् ऐन २०५३ मिचेर चार सदस्य नियुक्त गरेका थिए ।

ऐनमा मन्त्रिपरिषद्बाट निर्णय गरेर सदस्य मनोनीत गर्न सकिने उल्लेख छ तर मन्त्रालयले कात्तिक २१ मा गणेशकुमार श्रेष्ठ, सञ्जीव मिश्र, सञ्जय शाह र श्यामसुन्दर यादवलाई मन्त्रीस्तरीय निर्णयबाटै नियुक्त गरेको हो । चारमध्ये एक जना निर्वाचनबाट चयन गर्नुपर्नेमा मन्त्रालयले आफैं निर्णय गरेर पठाएको छ । निर्वाचनबिनै नियुक्ति पाउने व्यक्ति सञ्जीव मिश्र हुन् ।

परिषद्मा १५ वर्षदेखि निर्वाचन हुन सकेको छैन । निर्वाचन हुन नसक्दा परिषद्को बोर्डले पूर्णता पाएको छैन । परिषद्ले १५ वर्षदेखि बोर्डको बहुमतबिनै निर्णय गर्दै आइरहेको थियो । यसरी गरिएका निर्णय विवादित भएको भन्दै स्वास्थ्यकर्मीले विरोध गर्दै आइरहेका छन् । परिषद् अध्यक्ष रामप्रसाद भण्डारीकै मिलेमतोमा गलत निर्णय भएको स्वास्थ्यकर्मीको आरोप छ । परिषद्मा हाल करिब एक लाख ५० हजार स्वास्थ्य व्यवसायी दर्ता भएका छन् । यस्तो गैरकानुनी निर्णय कार्यान्वयन गर्न नहुने स्वास्थ्य व्यवसायी संघका अध्यक्ष रामनि घिमिरेले बताए । परिषद्का पूर्वरजिस्ट्रार धनप्रसाद पौडेलले ऐन र नियमावलीअनुसार मन्त्रिपरिषद्बाट निर्णय नगराई सदस्य नियुक्त गर्ने नमिल्ने जनाए । 'परिषद्मा कात्तिकयता भएका निर्णयबारे अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन गरेर कारबाही गर्नुपर्छ,' उनले भने ।

बर्गिकृत डिस्प्ले

Affiliated to CTEVT
बैदेशिक रोजगार विभागबाट अनुमती प्राप्त
होटल तालीम
100% Placement in Nepal/Abroad
Cook Waiter Bakery
Coffee Making Front Office
Housekeeping Bar
Diploma in Culinary Arts / Hotel Management
5 Star होटलहरुमा तालिम दिइने
ओरिण्टल हस्पिटलिटी
नयाँ बानेश्वर, एभरेष्ट होटलसँगै
सम्पर्क: ४७८६८०१, ४७८७१७८

अफिस स्पेस भाडामा
ट्रेड टावर नेपाल
थापाथली
फर्निचर सहितको अफिस स्पेस
भाडा तथा लिजमा
सम्पर्क: 5111000, 5111108
bimashkhadkaa@gmail.com

आकर्षक घर बिक्रिमा
बुढानिलकण्ठ सिद्धार्थ कोलोनी नजिकै ५.५ आना जग्गामा बनेको ४ बेडरुम ६ वाथरुम भएको सम्पूर्ण सुविधा सम्पन्न
रोज भिल्लाको केहि घरहरु विक्रिमा ।
९८४३०३६४६५
बिकाश जी

यौन शक्ति
यौन शक्ति बढाउने, पुरुषलाई देखापर्ने सम्पूर्ण यौन समस्या र दुर्बलताहरुको लागि विश्वस्तरीय हर्बल सप्लिमेन्ट
जाँड-रक्सी, गाँजा, चुरोट जस्ता अन्य कुलत छुटाउन
हाईट बढाउन
कपाल झर्न रोकी पुनः उमार्न
मोटोपना बढाउन/घटाउन
महिलाको पेट तथा छातिमा देखिने सेतो धर्सा हटाउने
हिप्पथाई बढाउन/घटाउन
स्तन बढाउन/घटाउन/टाईट पार्न
नेपालभरी फ्रि-होम डेलिभरी
Global Fitness Shop
9851057631, 014461711, 9803464971, 9851057632
चावहिल (मेडिकेयर अगाडी)
Not For Medicinal Use

आवश्यकता
सोलुखुम्बुको नाम्चे बजारलाई
•हट किचन + बेकरी कुक: ५०,०००।-
•बेकरी कुक: ४०,०००।-
•अल्राउन्डर कुक: ३०,०००।-
•कुक हेल्पर: २०,०००।-
•वेटर + बारिष्ता: २५,०००।-
•वेटर: २०,०००।-
•केटी हाउसकिपिङ: १५,०००।-
•कुकको काम सिक्ने/भाडा माझ्ने: १५,०००।-
नोटः खानबस्न र आउने जाने बाटो खर्चको सुविधा
सम्पर्क: 9851041997, 9823779965

स्टक सेल
घर बनाउँदै हुनुहुन्छ ?
धाराहरु, कमोड, टायल, किचन सिङ्क, स्टिम, ज्याकुजी आदी चाहिएमा सम्पर्क गर्नुहोला ।
मैनाली विजनेश कन्सर्न प्रा.लि.
वालुवाटार-४, काठमाडौं ।
५८५११८४७०१, ५८५११८४७०२
०१-४४४५९७०, ०१-४४३६५३३
०१-६२०००५०

PRE BOOKING OPEN
वानियाँटारमा Pragyan High School देखि ३० मिटरमा रहेको जग्गाहरू विक्रीमा
सम्पर्क: ०१-४४१६७२५, ९८०१९०९६८४
skventures.com.np SK VENTURES

फ्रि-होम डेलिभरी
यौन-शक्ति
यौन सम्बन्धी सम्पूर्ण समस्याहरुको लागि विश्वस्तरीय हर्बल सप्लिमेन्टहरू
जाँड-रक्सी, चुरोट, ड्रग्स जस्ता अन्य कुलत थाहै नदिई छुटाउन
वांयापोतो डण्डीफोर चाउरीपना हटाउन
STEP-UP हाईट बढाउन
महिलाको स्तन बढाउन, घटाउन र योनी टाईट पार्न
मोटोपना घटाउन-बढाउन
SEX-TOYS पनि पाईन्छ
कपाल झर्न रोकी पुन उमार्न-Hair Building Fiber
हैलो शप नेपाल
कोटेश्वर City-Tower
9808650895, 9868200286
Note: This Is Food Supplement Products, Not For Medicinal Use

PRE BOOKING OPEN
मनमैजुमा रहेको डाडा गाउँ Police Station देखि ४० मिटरमा ढुरीमा रहेको जग्गाहरू विक्रीमा
सम्पर्क: ०१-४४१६७२५, ९८०१९०९६८४
skventures.com.np SK VENTURES

७५ कर्मचारी अर्जेन्ट
Direct Job, Part/Fulltime पनि मिल्ने
उच्चुक हुँदा काम सिधै आजैबाट गर्नसकिने
योग्यता १६-६०वर्षसम्मका पढेनपढेका विद्यार्थीगृहिणी महिलापुरुष जोकोहीले पनि कामगर्न सक्ने
तलब: 24,500- 49,000/-
समय: 9.to5.+OT खानाखाजा आउबाहेक रु 200 थप हुने छ
तिनकुनेचोकैमा
C.SS Company 01-5199302
9861604419,9823705671
दक्षता,क्षमता र योग्यतामा तलब/ओ मार्केटिङ जब होईन।

सोलिड कंक्रीट इट्टा बनाउने प्लान्ट बिक्रीमा
चालु हालतको कंक्रीट इट्टा/ब्लक बनाउने आधुनिक अटोमेटिक प्लान्ट बिक्रीमा छ ।
सम्पर्क नं : ९८५२०२२५३७
विराटनगर

१५ कर्मचारीहरु अर्जेन्ट
नेपाल सरकारबाट मान्यता प्राप्त
काम: अफिसभित्रै
No interview, 100% Job
योग्यता:Test,SEE, +2 साधारण लेखपढ गर्न जान्ने/नजान्ने
सुविधा:- नाइटभाडा:-१००।- खाजा:-१००।-
काम: उत्पादन सेक्टर: ३५ कम्प्यूटर सेक्टर: १०
तलब: Parttime: 24,500/- Fulltime: 48,500/-
समय: 12 to 4PM/9 to 5PM
चक्रपथ,बसुन्धराचोक
9803822235,9845494590

TO-LET
कलंकीचोक मेनरोड
रुद्र बजार भित्र शोरुम अफिस,वुटिक,फाइनान्स सहकारी,पसल आदि को लागि उपयुक्त
सटर भाडामा
9861554290
9841333211
कलंकी चोकैमा

41 कर्मचारीहरु अर्जेन्ट
काम: अफिसभित्रै
No interview, 100% Job
योग्यता:Test, SLC, +2 साधारण लेखपढ गर्न जान्ने/नजान्ने
सुविधा:- नाइटभाडा:-१००।- खाजा:-१००।-
तलब: १७,५००-४६,५००/-
समय:-9 to 4:00PM/ 12 to 4:00 PM
चावहिल KL Tower अगाडि
9808544589,9840352832
महिला/गृहिणीलाई घरैमा कामको व्यवस्था

उपचार
१. यस हस्पिटलमा दक्षिण कोरियाबाट भिकाईएको अत्याधुनिक उपकरण प्रयोग गरि मलाशय र मलद्वार सम्बन्धित सम्पूर्ण रोगहरुको विशेष परिक्षण गरिन्छ । साथै अमेरिकी HCPT प्रविधिबाट अत्याधुनिक उपकरणहरु प्रयोग गरि बिभिन्न किसिमका पाइल्स Anal Fistula मलद्वार सम्बन्धि सम्पूर्ण रोगहरुको प्रभावकारी उपचार गरिन्छ ।
२. काखी गन्हाउने समस्याको उपचार गरिन्छ ।
३. हाडजोर्नी एवं नशासम्बन्धी रोगहरुको अकुपंचर प्रणालीबाट उपचार गरिन्छ ।
४. स्त्रीरोग एवं महिलाहरुको स्तन सम्बन्धी रोगहरुको उपचार गरिन्छ ।
चाइनिज पिपल्स हस्पिटल
बौद्ध-६, काठमाण्डौं, फोन : ०१-४४८६५८६
९८२३६६२२६४, (बौद्ध गेट अगाडि)

९१ कर्मचारीहरु अर्जेन्ट
नेपाल सरकारबाट मान्यता प्राप्त
काम: अफिसभित्रै
No Interview 100% Job
योग्यता:Test, SLC, +2 साधारण लेखपढ गर्न जान्ने/नजान्ने
सुविधा:- खाजा खर्च ९००।- गाडीभाडा ९००।-
तलब: Parttime:24,000/- Fulltime: 48,000/-
समय: 9:00-4:00 PM / 12:00-4:00 PM
चाबहिल चुच्चेपाटी चोक
9811391320, 9848840795
यो मार्केटिङ जब होईन, पढेनपढेका जोकोही गर्न मिल्ने

४१ स्टाफ अर्जेन्ट
काम: अफिसमित्र
Direct Job Parttime पनि गर्न मिल्ने
तलब: 18,500-26,000/-
समय: 9 AM- 5 PM
साधारण लेखपढ देखि १६ वर्ष माथि जोकोहिले गर्न मिल्ने
ग्वार्कोचोक
गुणसिमेमा हलनजिके
US Company 9828721889 9849450645

सुरक्षा गार्डको आवश्यकता
यस कम्पनीलाई सुरक्षा गार्डको आवश्यकता परेकोले नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको भूतपूर्व इच्छुकले सम्पर्क राख्नुहुन अनुरोध (ललितपुर बासिन्दालाई विशेष ग्राहयता) ।
रक्षक गोरखा इन्टिग्रेटेड सेक्युरिटी सर्भिसेज प्रा.लि.
एकान्तकुना-४, ललितपुर
०१-५५४०८४९, ९८२३६३७४७६

खेलकुद



पकड राख्दै चेल्सी

ओलिभियर जिरूड र मार्कोस अलोन्सोको गोलमा चेल्सीले शनिबार इंग्लिस प्रिमियर लिगमा टोटेनहमलाई २-१ ले पराजित गरेको छ । खेलपछि चेल्सी ४४ अंकसहित चौथो तथा टोटेनहम ४० अंकसाथ पाँचौं स्थानमा छन् ।

छोटकरी

एपीएफ भलिबल च्याम्पियन



पर्वत (कास)- एपीएफ क्लबले चौथो दिदीबहिनी कप राष्ट्रिय महिला भलिबलको उपाधि जितेको छ । शनिबार फाइनलमा एपीएफले नेपाल पुलिस क्लबलाई १५-२५, २५-१८, २५-२१, २५-१२ ले पराजित गरी उपाधि जित्यो । एपीएफले २ लाख र पुलिसले १ लाख रुपैयाँ पुरस्कार पाए । न्यु डायमन्ड एकेडेमीले त्रिभुवन आर्मी क्लबलाई हराएर तेस्रो स्थानको ५० हजार पुरस्कार जित्यो । एपीएफकी सरस्वती चौधरी सर्वोत्कृष्ट खेलाडी भइन् । विधागततर्फ स्पाकरमा एपीएफकी निरुता ठगुन्ना, ब्लकरमा पुलिसकी कोपिला राना, सेटरमा पुलिसकै कमला पुन, लिबेरोमा न्यु डायमन्डकी सलिना श्रेष्ठ, सर्भरमा डायमन्डकै पनामिका राई र प्रशिक्षकमा एपीएफका महेश चौधरी उत्कृष्ट चुनिए ।

हिमालयन शेर्पा विजयी

नवलपरासी (कास)-पूर्वी नवलपरासीको कोल्हुवामा जारी राइनो संरक्षण गोल्डकप फुटबलमा शनिबार हिमालयन शेर्पा क्लबले पोखराको इन्द्रेणी एकीकृत विकास केन्द्रलाई ३-२ ले पराजित गर्दै सेमिफाइनल तय गरेको हो । पहिलो हाफमा इन्द्रेणीका अनुप गुरुङ र रोशन रानामगरले गोल गरे । ४३ औं मिनेटमा शेर्पाका त्रिदेव गुरुङले गोल फर्काएपछि खेल १-२ को स्थितिमा रहयो । दोस्रो हाफमा शेर्पाले म्यान अफ द म्याच विजय श्रेष्ठको गोलबाट खेलमा ल्यायो । ३० औं मिनटमा त्रिदेव गुरुङले गोल थपेर टोलीलाई विजयी गराए ।

आहा-राराको पुरस्कार बढ्यो

पोखरा (कास)- मोफसलको चर्चित आहा-रारा गोल्डकप फुटबल प्रतियोगिताको पुरस्कार राशि बढाइएको छ । १८ औं संस्करण विजेताले १० लाख १ हजार रुपैयाँ जित्नेछन् । यसअघि ८ लाख १ हजार थियो । उपविजेताको भागमा ५ लाख १ हजार पाउनेछ । यो विगतभन्दा एक लाख बढी हो । फागुन २२ देखि चैत १ सम्म हुने प्रतियोगिताको आम्दानी १ करोड १८ लाख १ हजार र खर्च ९९ लाख ३८ हजार ५ सय रुपैयाँ अनुमान गरिएको क्लबका अध्यक्ष केशवबहादुर थापाले बताए । १० टिम प्रतिस्पर्धी हुनेछन् ।

आर्मी ह्यान्डबल विजेता

धनुषा (कास)- आर्मी क्लब दोस्रो मिनी गिरी राष्ट्रिय ह्यान्डबल च्याम्पियन बनेको छ । शनिबार जनकपुरमा सम्पन फाइनलमा पुरुषतर्फ आर्मीले काठमाडौंलाई २७-२५ ले र महिलातर्फ आर्मीले एपीएफ क्लबलाई २४-१८ गोलले पराजित गरेका थिए । उदयपुरलाई पराजित गरी एपीएफ तेस्रो स्थान भयो । महिलातर्फ आयोजक जनकपुरलाई पराजित गरी उदयपुर तेस्रो भयो । दुवैतर्फ विजेता, उपविजेता र तेस्रोले क्रमश: ५१ हजार, ३१ हजार र २१ हजार पुरस्कार पाए । पुरुषमा आर्मीका श्रीबहादुर रिजाल र काठमाडौंका शरणमान श्रेष्ठ तथा महिलामा आर्मीका कविता राई र देवकुमारी बाँस्कोटा क्रमश: उत्कृष्ट खेलाडी र गोलकिपर भए ।

लोयल्टी कप आजदेखि

काठमाडौं (कास)-लोयल्टी एकेडेमीको आयोजनामा दसौं लोयल्टी कप अन्तरस्कुल फुटबल आइतबार सुरु हुँदै छ । आयोजकको दुईसहित १२ छात्र टिमको भाग लिने संयोजक वीरेन्द्र कुरुम्बाङले जनाएका छन् । समूह 'ए' मा सिद्धार्थ वनस्थली, नेक्सस, लोयल्टी 'ए', टीआईए, हिमालयन र लोयल्टी 'बी' छन् । काष्ठमण्डप, युनाइटेड, विद्या संस्कार, साबिक विजेता लिटिल एन्जल्स (एलए), टाइमलाइन र शिशु मिलन समूह 'बी' मा छन् ।

सिरुषालाई उपाधि

काठमाडौं (कास)- सेक्रेट हार्ट एकडेमीकी सिरुषा भुजुले अन्तरस्कुल छात्रा ब्याडमिन्टनको उपाधि जितेकी छन् । त्रिवि खेलकुद विज्ञान विभागद्वारा शनिबार कीर्तिपुर कभर्डहलमा भएको फाइनलमा उनले विभूति मावीकी प्राश्ना श्रेष्ठलाई ११-७, ११-८ को सोझो सेट हराइन् । विभूतिकै पान्जोम र प्रज्ञासदनकी सिमोन राई तेस्रो भए ।

बुढासुब्बामा धरानको हार



बुढासुब्बा गोल्डकपमा शनिबार कर्स्याङविरुद्ध बल अधि अगाडि बढाउँदै धरानका खेलाडी (रातो) । *तस्विर : प्रदीप/कान्तिपुर*

प्रदीप मेन्याङबो (सुनसरी)

आयोजक धरान फुटबल क्लबलाई टाइब्रेकरमा ४-२ ले हराउँदै कर्स्याङको युनाइटेड कर्स्याङ फुटबल क्लब शनिबार २२ औं आमन्त्रण बुढासुब्बा टुबोर्ग गोल्डकप फुटबलको सेमिफाइनमा पुगेको छ ।

उद्घाटन खेलको निर्धारित समयमा दुवैले १-१ को बराबरी खेलेपछि टाइब्रेकरबाट नतिजा छिनोफानो गरिएको थियो । टाइब्रेकरमा कर्स्याङका कप्तान वेरिन प्रधान, सिद्धान्त क्षेत्री, प्रशान्त राई र प्रयास प्रधानले गोल गरे । धरानका कप्तान हेमन्त थापा र मनीष गुरुङले मात्र गोल गरे भने विक्रम लिम्बुको प्रहार गोलकिपर राजा बरमनले विफल पारे । मनोज राईको प्रहार बारमा ठोक्किएर फर्किएपछि आयोजक पहिलो खेलमै स्तब्ध भयो ।

धरान रंगशालामा खेलको ३५ औं मिनेटमा सुनील खड्काको गोलबाट धरानले अग्रता बनाएको थियो । दोस्रो हाफपछि कर्स्याङले दबाब दिँदा ७७ औं मिनेटमा सिद्धान्त क्षेत्रीले आकर्षक गोल गरेर खेल १-१ को बराबरीमा ल्याएका थिए । आयोजकले तीन विदेशी खलाडीसहित 'ए' र 'बी' डिभिजनबाट खेलिरहेका खेलाडी समावेश गरेको थियो । तर टोलीले टिमसेटमा रहेर तयारी गर्न पाएको थिएन । गृहमैदानमा दर्शकको साथ पाए पनि टिम सेट नमिल्दा धरान पराजित भयो ।

खेलको १० औं मिनेटमा सुनील खड्काको हेड प्रहार विपक्षी गोलकिपर वरमनले विफल पारिदिएका थिए । खेलको ६४ औं मिनेटमा उनकै पासमा फोफोनाको प्रहार वरमनले पन्च गरेर बचाए । आयोजकलाई दबाबमा राखेर मैदानमा उत्रेका कर्स्याङका गणेश लिम्बुले १२ औं मिनेटमा गरेको प्रहार आशिष कार्कीले पन्च गरेर बचाए । करण राईको फ्रिकिक र ३९ औं मिनेटमा नगेन तामाङको प्रहारलाई पनि आशिषले जोगाए । किपर बिट हुँदा कर्स्याङका सिद्धान्त क्षेत्रीको प्रहारले पोस्टको दिशा लिन सकेन ।

धरानका प्रशिक्षक सागर घिमिरेले टिम सेट मिल्न नसक्दा हार बेहोरेको बताए । हेमन्त थापा, मनोज राई, मनीष गुरुङ, सुनील खड्का, विक्रम लिम्बु, सुशील यादवसहित तीन विदेशी खेलाडीलाई मैदानमा उतारे पनि टिम सेट नमिल्दा पराजय सामना गर्नुपरेको उनको तर्क थियो । कर्स्याङको पुरानो क्लब युके एफसीका प्रशिक्षक उर्गेन लामाले सुरुमा नखानुपर्ने गोल खाए पनि मध्यान्तरपछि राम्रो प्रदर्शन गरेको बताए । उनले भने, 'अब अर्को खेलमा कमजोरी सुधार्ने छौं ।' कर्स्याङले मनाङ मर्स्याङदी र बेलबारी फुटबल क्लबको विजेतासँग खेल्नेछ । खेलको उद्घाटन धरान उपमहानगरपालिकाका प्रमुख तिलक राईले गरेका थिए । आइतबार नेपाल पुलिस क्लब र मेची नेत्रालय काँकडभिट्टा फुटबल ट्रेनिङ सेन्टरबीच प्रतिस्पर्धा हुनेछ ।

जावलाखेल फाइनलमा

मकवानपुर (कास)- जावलाखेल युथ र हिमालयन शेर्पा क्लब तेस्रो वाग्मती गोल्डकप राष्ट्रिय फुटबल प्रतियोगिताको उपाधिलाई भिड्ने भएका छन् । शनिबार दोस्रो सेमिफाइनलमा संकटा क्लबलाई २-० गोलले पराजित गर्दै जावलाखेल उपाधि दावेदार बनेको हो । शेर्पाले यसअघि च्यासललाई पराजित गर्दै फाइनलमा स्थान बनाएको थियो । फाइनल आइतबार हुनेछ । विजेताले ६ लाख र उपविजेताले ३ लाख रुपैयाँ प्राप्त गर्नेछन् ।

वाग्मती गाउँपालिकास्थित जनता माविको मैदानमा शनिबार जावलाखेलले दुवैमा हाफमा १-१ गोल गरेको थियो । खेलभर जावलाखेलमाथि संकटा हावी भए पनि गोल गर्न भने असफल रहयो । खेलको ३२ औं मिनेटमा विदेशी खेलाडी एडम जुम्वीले गोल गर्दै जावलाखेललाई अग्रता दिलाए । दोस्रो हाफको अन्तिम समयतिर (८२ औं मिनेटमा) संकटाका रोमन लिम्बुको प्रहार बारमा लागेर फर्किएको थियो । जावलाखेलका लागि दोस्रो हाफमा मैदान छिरेका विमल घिसिङले ८६ औं मिनेटमा गोल गर्दै टोलीको जित सुनिश्चित गरेका हुन् । उनले विदेशी खेलाडी फोफाना फोडेले मिलाइदिएको पास सदुपयोग गरेका थिए । हेटौंडाबाट ५० किलोमिटर पूर्वमा रहेको वाग्मती गाउँपालिकास्थित खेलकुद विकास समितिको आयोजना भएको खेलमा जावलाखेलका डिफेन्डर बाम्बिया म्यान अफ द म्याच घोषित भए । उनले ५ हजार रुपैयाँ पुरस्कार पाए ।

टासीलाई उपाधि



कान्तिपुर संवाददाता (काठमाडौं)

कार्ल्सबर्ग गल्फ सिरिज-२०२० अन्तर्गत पहिलो सिरिजको उपाधि टासी दोङ्दले शनिबार जितेका छन् ।

गोकर्ण गल्फ रिसोर्टमा शनिबार प्रतियोगितामा नेटतर्फ टासीले ४४ अंकसाथ उपाधि जितेका हुन् । ग्रसतर्फ पनि उनैले अग्रता बनाए । तर दुवै विधामा एउटै विजेता नहुने नियमका कारण दोस्रो स्थानमा रहेका टासी छिरिङलाई ग्रसतर्फको उपाधि प्रदान गरिएको हो । उनले ४१ अंक जोडेका थिए ।

नेटतर्फको दावा जे शेर्पा ३६ अंकसहित उपविजेता बने । ग्रसतर्फ २८ अंकसहित माधव सिम्खडा उपविजेता बने । ३/४ हयान्डीक्यापका साथ स्टेबलफोर्ड प्रणालीमा भएको प्रतियोगितामा महिलातर्फ आरती राणाले उपाधि जितिन् । समान २९ अंक भए पनि उनले काउन्ट ब्याकका आधारमा देवश्री राणालाई पछि पारिन् ।

६० वर्षमाथि ३६ अंकसाथ तेज राईले उपाधि जिते । १ अंकले पछि परेका दिलीप रायमाझी उपविजेतामा सीमित भए । ६ बर्डिज र १ बोगीसाथ टासी छिरिङले सर्वाधिक बर्डिजको उपाधि जिते । नीरव कोइरालाले लङ्गेस्ट ड्राइभ र केसी गुरुङले क्लोजेस्ट टु द पिनको उपाधि जिते । स्पर्धामा ८८ गल्फरको सहभागिता थियो । अब यो वर्ष अरु दुई सिरिज हुनेछ ।

एपीएफ क्वाटरफाइनलमा



खप्तड गोल्डकपमा शनिबार गोल गरेपछि एपीएफका बिकु तामाङ (बीच) । *तस्विर : केशव थापा/कान्तिपुर*

कान्तिपुर संवाददाता (धनगढी)

चौथो खप्तड गोल्डकप फुटबलमा शनिबार एपीएफ क्लबले एनआरटीलाई २-१ को हराउँदै क्वाटरफाइनलमा स्थान सुरक्षित गरेको छ ।

साबिक उपविजेता एपीएफलाई जित दिलाउन रमेश दंगाल र बिकु तामाङले गोल गरेका थिए । एनआरटीबाट दर्शन गुरुङले गरेको गोल सान्त्वना बन्यो । खेलमा सुरुवाती अग्रता भने एनआरटीले लिएको थियो । खेलको ३९ औं मिनेटमा दर्शनले गोल गर्दै एनआरटीलाई अग्रता दिलाएका थिए ।

कप्तान प्रकाश बुढाथोकीले मिलाइदिएको पासमा दर्शनले बक्सभित्रबाट पहिलो बारमा आकर्षक गोल गरेका थिए । तर दोस्रो हाफमा एपीएफ खेलमा फर्किएको थियो । खेलको ६१ औं मिनेटमा रमेशले गोल गर्दै १-१ गोलको बराबरीमा ल्याए । सुदीप सिखाकारको कर्नरमा अनमार्क डिफेन्डर रमेशले हेडबाट गोल गरेका हुन् । त्यसपछि ६७ औं मिनेटमा वैकल्पिक खेलाडी बिकुले गोल थपेका थिए । एपीएफ २-१ ले अगाडि बढ्यो । कप्तान टोपबहादुर विष्टले प्रहार गरेको बल रिबाउन्ड भयो र त्यसमा बिकुले गोल गरेका थिए । त्यसपछि गोल थपिन सकेन ।

म्यान अफ द म्याच एपीएफका रमेश दंगाल चुनिए । उनले १० हजारसहित ट्रफी प्राप्त गरे । एपीएफले सेमिफाइनल पुग्नका लागि विभागीय प्रतिद्वन्द्वी नेपाल पुलिस क्लबको सामना गर्नेछ । सहिद स्मारक लिगमा एनआरटीसँग ३-२ को हार बेहोरेको एपीएफले बदला लिएको छ । आइतबार नव जनजागृति क्लब सिमरा र मदन भण्डारी स्पोर्ट्स एकेडेमी भिड्नेछन् ।

खुमलटारको उपाधि लक्ष्य

कान्तिपुर संवाददाता (काठमाडौं)

सहिद स्मारक 'बी' डिभिजन लिग फुटबल आइतबार सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा सुरु हुँदै छ । लगातार तेस्रो सिजन 'बी' डिभिजन लिगको तयारीमा रहेको ललितपुरको खुमलटार युवा क्लबले उपाधि जित्ने लक्ष्यसहित तयारीलाई अन्तिम रूप दिएको छ ।

क्लब कार्यसमितिले शनिबार आफ्ना खेलाडीलाई लिगका लागि शुभकामनासहित खेल सामग्री प्रदान गरेको छ । खुमलटारले लिगमा आफ्नो पहिलो खेल सोमबार मध्यपुर युथ एसोसिएसनसँग खेल्नेछ । लिगका लागि खुमलटारले मनाङ मर्स्याङदी तथा थ्रीस्टारका पूर्व खेलाडी राजेश शाहीलाई मसिरमा प्रशिक्षक नियुक्त गरेको थियो ।

पुस ४ देखि आधिकारिक रूपमा प्रशिक्षण सुरु गरेको क्लबले ७० जनाबाट छनोट गरी २२ खेलाडीको टिम तयार पारेको छ । प्रशिक्षक शाहीले 'ए' डिभिजन लिगको उपाधि जितिसकेको आरसीटीलगायतका टिमसँगको प्रतिस्पर्धा आफ्नो



हिमाल खेत्री

टिमका लागि ठूलो चुनौती हुने बताए । 'हामी एकसाथ प्रशिक्षण थालेको २ महिनाभन्दा बढी भयो । लिगको यस संस्करणमा ए डिभिजनका पूर्व च्याम्पियनदेखि माथिल्लो डिभिजनको अनुभव लिइसकेका टिमहरूसँग खेल्नुपर्छ । त्यसमाथि एउटा टिममात्र 'ए' डिभिजनमा छनोट हुने भएकाले हामीमाथि ठूलो चुनौती छ,' उनले थपे, 'तर मेरा खेलाडी जस्तोसुकै चुनौती सामना गर्न सक्षम छन् । टिममा एन्फा एकेडेमीका यू-१६ लगायत युवा जोश अधिक छ । फुटसलबाट आएका खेलाडी समावेश गरेको छु ।

रक्षापंक्तिमा अनुभवी खेलाडी छन् ।' प्रशिक्षक शाहीले सातदोबाटोको कृत्रिम घाँसेमैदानमा खेलाडीलाई असहज हुनसक्ने आशंका गरे । 'हामीले प्राकृतिक मैदानमा प्रशिक्षण गरेर कृत्रिम मैदान (आर्टिफिसियल टर्फ) मा प्रतियोगिता खेल्नुपर्छ । हामीसँग फुटसलका खेलाडी भएकाले धेरै समस्या नहोला । तर अब गर्मी लाग्न थालेको छ । टर्फ तातेर खेलाडीहरू चाँडो थाक्न सक्छन् ।'

२०६३ सालमा स्थापित खुमलटार क्लबले २०७४ सालमा पहिलोपल्ट 'बी' डिभिजन लिग खेल्दा सातौं स्थान हासिल गरेको थियो । त्यसको अर्को वर्ष रेलिगेसनको व्यवस्था हटाइएको लिगमा छैटौं भयो । यसपल्ट पहिलोपल्ट 'ए' डिभिजन हैसियत बनाउने लक्ष्य क्लबले लिएको छ ।

'बी' डिभिजन लिगका लागि फ्रिडम एक्सपर्टले मुख्य प्रायोजन गरेको छ । त्यसबाहेक मेगा बैंक, माइक्रो फाइनान्स र ललितपुर महानगर-१५ का स्थानीय व्यवसायीले प्रायोजन गरेका छन् । क्लबले लिगका लागि २७ लाख ६२ हजार रुपैयाँको खर्च अनुमान गरेको छ ।



मछिन्द्रविरुद्ध श्रीस्टार



ट्रफीसाथ कप्तानद्वय श्रीस्टारका विक्रम लामा र मछिन्द्रका विराज महर्जन ।

अर्जुन राजवंशी (बिर्तामोड)

मोफसलमा सिजनको पहिलो उपाधिका लागि सहिद स्मारक 'ए' डिभिजन लिग विजेता मछिन्द्र र चौथो स्थानको श्रीस्टार क्लब आइतबार आमनेसामने हुँदैछन् । चिरपरिचित प्रतिद्वन्द्वी मछिन्द्र र श्रीस्टार तेस्रो सताक्षी गोल्डकप फुटबलको फाइनल भिड्न लागेका हुन् ।

स्टार खेलाडीले भरिएको मछिन्द्र सताक्षी गोल्डकपको उपाधि जित्दै लिग विजेताको साख जोगाइराख्ने ध्याउन्नमा छ । श्रीस्टार भने लिगमा गरेका केही गल्तीलाई सच्याउँदै मोफसलको यो भेटमा मछिन्द्रलाई रोक्ने रणनीतिमा छ । मछिन्द्र रूपन्देहीको गोर्खा ब्वाइज स्पोर्टस र विभागीय टोली त्रिभुवन आर्मी क्लबलाई पराजित गर्दै गोल्डकप फाइनलमा पुगेको हो । श्रीस्टारले मोरङको बेलबारी फुटबल क्लब र आयोजक सतासीधाम स्पोर्टिङ क्लबमाथि जित हासिल गर्दै फाइनलसम्मको यात्रा तय गरेको हो । विजेताले ६ लाख र उपविजेताले ३ लाख रुपैयाँ प्राप्त गर्नेछन् ।

शनिबार प्रि-म्याच कन्फ्रेन्समा दुवै टिमले उपाधि जित्ने दाबी गरे । मछिन्द्रका प्रशिक्षक प्रवेश कटुवालले उपाधि जित्ने रणनीतिसाथ फाइनल खेल्न लागेको बताए । उनले फाइनलका लागि सामान्यबाहेक टिममा कुनै समस्या नरहेको स्पष्ट पारे । उनले घाइते रहेका सुजल श्रेष्ठ र रेजिन सुब्बाको स्वास्थ्य सुधारोन्मुख रहेको तथा अन्य सबै खेलाडी 'फिट' रहेकाले फाइनललाई टिम तयार रहेको बताए । 'श्रीस्टारसँग फाइनल खेल्न हामी उत्साही छौं । उसको टेक्निकल गेमलाई राम्रोसँग बुझेर फाइनलमा नतिजा निकाल्ने गरी रणनीति बनाउने छौं,' कटुवालले भने ।

कप्तान विराज महर्जनले पूर्व क्लबविरुद्धको फाइनल भेट आफ्ना लागि रोमाञ्चक हुने बताए । 'श्रीस्टार मेरो परिचित टिम हो । त्यसैले फाइनलमा उसलाई रोक्न कसरी खेल्नुपर्छ भन्ने धेरै हदसम्म जानकारी छ,' उनले भने ।

श्रीस्टारका प्रशिक्षक मेघराज केसीले मछिन्द्र अहिलेको 'टप' टिम भएकाले सोहीअनुसार रणनीति बनाएर मैदान उत्रने तयारी गरिरहेको बताए । आफ्नो पक्षमा नतिजा पार्न टिमको तर्फबाट सबै शक्ति परिचालन गर्ने उनले सुनाए । 'मछिन्द्र स्टार खेलाडीले भरिएको टप टिम हो । ऊविरुद्ध फाइनल खेल्न हामी फिजिकली र मेन्टली तयार छौं,' उनले भने, 'मछिन्द्रले कस्तो खेल्छ भनेर हामीलाई थाहा छ ।'

श्रीस्टार कप्तान विक्रम लामाले मछिन्द्रसँगको फाइनल प्रतिस्पर्धात्मक हुने बताए । उनले टिममा केही नयाँ तर कडा मिहिनेत गर्ने खेलाडी भएकाले उपाधि जित्ने आधार रहेको बताए ।

नेक्सस विजयी

काठमाडौं (कास)- नेक्सस क्रिकेट एकेडेमीले हिमालयन क्रिकेट एकेडेमीलाई १ सय ३ रनले पराजित गरी यू-१९ उमेरसमूहको दुई दिवसीय हिमालय क्रिकेट लिगमा विजयी सुरुआत गरेको छ ।

मूलपानी मैदानमा जारी लिगअन्तर्गत समूह 'बी' मा नेक्ससले शनिबार २३२-९ को स्थितिमा इनिङ्स समाप्ति घोषणा गरेपछि हिमालयनले जितनिम्ति २ सय ४९ रनको लक्ष्य पायो । तर दोस्रो इनिङ्समा पनि हिमालयन १ सय ४६ रनमै समेटिएपछि नेक्ससको ठूलो अन्तर जित सम्भव भयो । जितसँगै उसले १० अंक जोडेको छ । नेक्ससका आकाश चन्दले ५७, सनोज केसीले ५०, रित गौतमले ४४ र कप्तान विपिन विक्रम शाहीले २३ रन जोडे । हिमालयनका प्रतिश जिसीले ५ र प्रकाश कार्कीले ४ विकेट लिए । ठूलो लक्ष्य पछ्याएको नरेन साउद म्यान अफ द म्याच चुनिए । उनले कुल १२ विकेट लिए ।

खगेन्द्र च्याम्पियन

वर्दिया (कास)- पर्यटकीय क्षेत्र ठाकुरद्वारामा भएको प्रथम संरक्षण दौडको हाफ म्याराथनको उपाधि खगेन्द्र भाटले जितेका छन् । दीपेन्द्र दनुवार दोस्रो र सुवास कार्की तेस्रो भए । चार सय बढीको सहभागिता रहेको प्रतियोगितामा १० किमि पुरुषतर्फ नन्दनाथ योगी, माधवकुमार चौधरी र ओमप्रकाश रोकाय तथा महिलातर्फ शिवकुमारी थारु, अन्जु थारु र कञ्चना चौधरी क्रमशः पहिलो, दोस्रो र तेस्रो भए । ५० वर्षमाथि उमेर समूहको ५ किमि दौडमा पठनिया थारु, चक्रबहादुर थारु र नारायण पाण्डे शीर्ष तीन स्थानमा विजयी भए । साइक्लिङ १० किमि पनि गरिएको थियो ।





कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५९३५०००, फ्याक्स: ९७७-१-५९३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया, प्रधान सम्पादक : सुधीर शर्मा



कोपिला

ekantipur.com



कान्तिपुरको साप्ताहिक बालकोसेली | आइतबार, फागुन ११, २०७६

सानो संसार

• क्रान्ति पाण्डे

भाइबहिनीहरू, कुन कुरा कतिसम्म साना हुन्छन् भन्ने थाहा छ ? छैन भने आऊ, पृथ्वीमा रहेका सबैभन्दा साना कुराबारे जानौं । ०.३० इन्चको मात्र हुने भ्यागुता 'पेडोप्राइन अमौनसिस', शरीरको लम्बाई २ इन्च मात्र हुने चरा 'बी हमिङ बर्ड', ६ देखि ९ इन्च अग्लो कुकुर 'चिहुआहुआ' र ७.९ मिलिमिटर मात्र लामो हुने माछा 'पेडोसाइप्रिस प्रोजेनेटिका' बारे हामी कोपिलाको यो अंकमा चर्चा गर्नेछौं ।


यति मात्र होइन, हत्केलामा अटने र बढीमा सय ग्राम तौल हुने बाँदर 'पिग्मी मार्मासोट', सन् २००८ मा मात्र पत्ता लागेको १० सेमी लम्बाइको सर्प 'बार्बाडोस थ्रेड स्नेक', 'वाटरमिल' वनस्पतिले फुलाउने संसारकै सबैभन्दा सानो फूल कस्ता होलान् ? अनि, दुई फिट क्षेत्रफलमा फैलिएको 'मिल इन्ड्स पार्क', सबैभन्दा सानो गैंडा 'सुमात्रान', १ देखि ६ सेन्टिमिटर अग्लो हुने रूख 'डार्फ विलो', सबैभन्दा सानो बिरालो 'रस्टी स्पटेड क्याट', सानो देश भ्याटिकन सिटी र त्यहाँको जम्मा ३ सय मिटर मात्रको रेल-वे मार्ग कस्ता होलान् ? यिनै कुराको जिज्ञासा मेट्न पल्टाऔं- पृष्ठ **ख** र **ग**



बी हमिङ बर्ड



पिग्मी मार्मासोट



चिहुआहुआ

पेडोसाइप्रिस प्रोजेनेटिका





पेडोप्राइन अमौनसिस



वाटरमिल फूल

सानो संसार



सानो चरा

संसारको सबैभन्दा सानो चरा हमिङ बर्ड हो। हमिङ बर्ड अमेरिका अझ मुख्यत: दक्षिण अमेरिकामा पाइन्छ। हमिङ बर्डका ३ सय ४० प्रजाति छन्। प्राय: हमिङ बर्डको शरीरको लम्बाइ ३ देखि ५ इन्च मात्र हुन्छ। हमिङ बर्डमध्येकै सबैभन्दा सानो प्रजाति भने बी हमिङ बर्ड हो। यसको शारीरिक लम्बाइ जम्मा २ इन्चको हुन्छ। हमिङ बर्ड दाँया-बाँया, तल-माथि जुनसुकै दिशामा उड्न सक्छ। प्रजाति अनुसार एउटा हमिङ बर्डले एक सेकेन्डमा ५० देखि २ सय पटकसम्म पखेटा फट्कार्न सक्छ। फूलको रस नै हमिङ बर्डको मुख्य भोजन हो।



सानो कुकुर

संसारको सबैभन्दा सानो प्रजातिको कुकुर चिहुआहुआ हो। यो कुकुरको उचाइ ६ देखि ९ इन्च मात्र हुन्छ। तौल १ किलोग्रामदेखि ३ किलोग्रामसम्मका हुन्छन्। यो कुकुरको उत्पत्ति मेक्सिकोबाट भएको मानिन्छ। मेक्सिकोको चिहुआहुआ राज्यको नामबाट यसको नाम राखिएको हो। चिहुआहुआको आयु बढीमा १८ वर्ष हो। यस कुकुरका रौं चिल्ला र कान तिखा हुन्छन्। यसलाई मायालु र बुद्धिमान् कुकुर मानिन्छ। चिसोबाट बिमारी हुने भएकाले यसलाई राम्ररी स्याहार गर्नुपर्ने हुन्छ। यो कुकुरले एक बेतमा ६ वटासम्म छाउरा पाउने गर्छ।



सानो रूख

डार्फ विलो सबैभन्दा सानो रूख हो। काठसहितको यो रूख १ देखि ६ सेन्टिमिटर अग्लो हुन्छ। यसका चम्किला पात २ सेन्टिमिटरसम्म फैलिन्छन्। यो रूख पृथ्वीको उत्तरी गोलार्द्धको चिसो भू-भागमा पाइन्छ। कतिपय वनस्पतिविद्हरू भने यो रूखको परिभाषामा नअटाएर काठसहितको झाडीवाल बिरुवा भएको बताउँदै आएका छन्।



सानो सर्प

संसारको सबैभन्दा सानो सर्प 'बार्बाडोस थ्रेड स्नेक' हो। यो सर्प बार्बाडोसको क्यारेबियन द्वीपमा भेटिएको थियो। यो सर्पलाई पहिलोपटक सन् २००८ मा सर्पविद् सेन्ट ब्लेयर हेजले फेला पारेका थिए र यसलाई छुट्टै प्रजातिको जीवको रूपमा समेटेका थिए। यो सर्प बढीमा १० सेन्टिमिटरसम्म लामो हुन्छ। झट्ट हेर्दा गड्यौलाजस्तो लाग्ने यो सर्प एन्टिगुआ र बारबुडा द्वीपमा फेला पार्न सकिने वैज्ञानिकहरू बताउँछन्।



सानो फूल

वाटरमिल वनस्पतिले सबैभन्दा सानो फूल फुलाउँछ। धानको एउटा बियाँजत्रै हुने फूललाई सबैभन्दा सानो फूल मानिन्छ। पानीमा हुर्कने जलकुम्भी यो फूल प्राय: संसारका सबै देशमा पाइन्छ।



सानो बाँदर

पिग्मी मार्मासोट सबैभन्दा सानो प्रजातिको बाँदर हो। यो बाँदर यति सानो हुन्छ कि मानिसको एक हत्केलामा अटाउन सक्छ। यो बाँदर दक्षिण अमेरिकाको पश्चिमी अमेजन जंगल क्षेत्रको रैथाने बाँदर हो। यो बाँदर बढीमा १ सय ग्राम तौलको हुन्छ। यो बाँदरको शारीरिक लम्बाइ बढीमा ६ इन्चसम्म हुन्छ। यो बाँदर ब्राजिल, पेरु, कोलम्बिया र इक्वेडरमा पाइन्छ।



सानो बिरालो

'रस्टी स्पटेड क्याट' सबैभन्दा सानो जंगली बिरालो हो। यो बिरालोको तौल बढीमा साढे १ किलोसम्म हुन्छ। शरीर बढीमा ४८ सेन्टिमिटरसम्म लामो हुन्छ। सानो आकारकै कारण यसलाई बिरालो परिवारको हमिङ बर्ड पनि भनिँदै आइएको छ। यो बिरालो भारत र श्रीलंकामा पाइन्छ। सन् २०१२ मा यो बिरालो नेपालको पश्चिम तराईमा पनि फेला परेको थियो।



सानो देश

भ्याटिकन सिटी सबैभन्दा सानो देश हो। भ्याटिकन सिटी जम्मा ११० एकड क्षेत्रफलमा फैलिएको छ। सानो भईकन स्वतन्त्र रहेको यो देशमा जम्मा १ हजार नागरिक छन्। ३ सय मिटरको दूरीमा रहेको रेल-वे मार्ग संसारकै सबैभन्दा सानो मार्ग हो। रेललाई सामान ओसारपोसारमा प्रयोग गरिन्छ।



सानो भ्यागुता

पेडोप्राइन अमौनसिस सबैभन्दा सानो प्रजातिको भ्यागुता हो। यो भ्यागुता पपआ न्यु गिनीमा पाइन्छ। यो भ्यागुता जम्मा ०.३० इन्च को हुन्छ। यो भ्यागुतालाई सन् २००९ मा फेला पारिएको थियो।



सानो माछा

संसारको सबैभन्दा सानो माछा पेडोसाइप्रिस प्रोजेनेटिका हो । यो माछा वयस्क अवस्थामा बढीमा ७.९ मिलिमिटर लामो हुन्छ । कार्प परिवारको यो माछा इन्डोनेसियाका सुमात्रा र बिन्तान द्वीपमा पाइन्छ । उष्णकटिबन्धीय जंगलका दलदले क्षेत्रमा पाइने यस माछाको शरीर पारदर्शी हुन्छ ।



सानो गैंडा

सुमात्रान गैंडा सबैभन्दा सानो प्रजातिको गैंडा हो । यो गैंडा इन्डोनेसियाको सुमात्रा द्वीपमा पाइन्छ । यो गैंडा पाँच फिट अग्लो हुन्छ । यो एसियामा पाइने एक मात्र दुईसिंगे (दुइटा खाग हुने) गैंडा हो । लोप हुने अवस्थामा पुगेको यो गैंडाको संख्या सयभन्दा पनि कम भएको आँकलन गरिएको छ ।

सानो पार्क

'मिल इन्ड्स पार्क' संसारकै सबैभन्दा सानो पार्क हो । अमेरिकाको ओरेगोनस्थित पोर्टल्यान्डमा अवस्थित यो पार्कलाई गिनिज बुक अफ रेकर्डस्ले सन् १९७१ मा संसारकै सबैभन्दा सानो सहरी पार्कको मान्यता दिएको थियो । यो पार्क जम्मा २ फिट दूरीमा फैलिएको छ ।



-एजेन्सीको सहयोगमा

जब इन्जिनियर बन्न मन लाग्यो



विद्यालयहरूमा चौमासिक परीक्षा सुरु हुँदै छ । धेरै विद्यार्थी तयारीमा व्यस्त छन् । बुटवलको नवीन औद्योगिक कदरबहादुर रिता माविमा कक्षा ९ का प्राविधिक धारका विद्यार्थी भने प्रयोगात्मक अभ्यासमै व्यस्त छन् ।

कोही टेबल बनाउँदै छन् । कोही त्यसमा रङ भर्दै छन् । कोही पोडियम बनाउँदै छन् । कोही फर्निचरका सामग्रीमा बिट बनाउने विधि अभ्यास गर्दै छन् । शिक्षक आउँछन्, अलमलमा परे सिकाउँछन् । नत्र विद्यार्थीकै समूहले अभ्यास गर्छ ।

टेबल बनाउन व्यस्त कक्षा १० की मोनिका शर्माले भनिन्, 'सबै कुरा अभ्यास गर्ने र सिक्ने हो ।' परीक्षामा समेत धेरै प्रयोगात्मक अभ्यास हुने उनले बताइन् । स्याङ्जाकी मोनिका इन्जिनियर बन्ने धोको पूरा गर्न यो विद्यालयमा आएकी हुन् । यो निःशुल्क सिभिल इन्जिनियरङि पढाइ हुने सामुदायिक स्कुल हो । 'सानैदेखि इन्जिनियर बन्ने धोको थियो, तर बाबाममीले खर्च गरेर पढाउन सक्ने हैसियत थिएन,' उनले भनिन्, 'यसैले सामुदायिकमा भर्ना भएर सिभिल इन्जिनियर पढ्न थालेकी हुँ ।' मोनिका यहाँ आउनुअघि धेरै अग्रजले इन्जिनियर पढ्न निकै गाह्रो हुन्छ भन्थे । अभ्यास गर्न सकिन्न भनेर डर देखाउँथे । पढाइमा मध्यम मोनिकालाई भने खास अप्ठेरो लागेन । 'इच्छा र चाहना नै ठूलो कुरो रहेछ,' उनले भनिन्, 'सबै कुरा अभ्यास गर्दै जान्दै गएकी छु ।'

मोनिकाको छेउमै उभिएका डेनिस गाह भूगोल मापन सिक्दै छन् । उनी लगायत ७ जनाको समूहले मापनबारे नतिजा दिनेछन् । काम र मापन हेरेर उनीहरूलाई परीक्षामा अंक दिइनेछ । यसैले राम्रो गर्न उनीहरू तल्लीन छन् । कक्षा ८ सम्म स्याङ्जाको आलमदेवी इंग्लिस बोर्डिङमा पढेका डेनिस यो वर्ष मात्र सामुदायिकमा पढ्न आएका हुन् । 'सामुदायिक विद्यालयमा निःशुल्क इन्जिनियर पढ्न पाइने थाहा पाएर आएको हुँ,' उनले भने । गुल्मी शान्तिपुरकी सुस्मिता पुनको पनि इन्जिनियर बन्ने धोको छ । उनी भन्छिन्, 'धोको पूरा गर्न आएकी हुँ ।'


विद्यालयमा कक्षा ९ देखि १२ सम्म एक/एक कक्षा सिभिल इन्जिनियरको पढाइ हुन्छ । हरेक कक्षामा ४८ जनाको कोटा तोकिएको छ । विद्यालयका १ सय ८२ जना विद्यार्थी इन्जिनियर बन्ने धुनमा छन् । प्रधानाध्यापक प्रेमबहादुर बस्नेतले प्राविधिकको पूर्णाङ्क धेरै भएकाले विद्यार्थीलाई प्रयोगात्मक अभ्यासमा व्यस्त बनाएको बताए ।

● अमृता अनमोल


मुनु र मन्नु

रवीन्द्र मानन्धर





घडी



हातको नाडी घरको भित्ता
टेबुलमा टक्क बसी,
तीनओटै सुई दौडिन्छन्
रात-दिन कम्मर कसी ।

बेला जान्न मन लागे
मानिस यसकै भर पर्छन्,
यसले दिने समय हेरी
आफ्नो नित्यकर्म गर्छन् ।

घडीको सुईको गति हेरी
गर्नुपर्छ ठूलै आँट,
जीवन जिउने कला सिकौं
सबैले आफ्नो घडीबाट ।

टिक्टिक् गर्दै अघि बढ्छ
फर्कदैन पछि कहिल्यै,
सफल बन्ने उत्प्रेरणा
घडीले नै दिन्छ जहिल्यै ।

● **सक्षम श्रेष्ठ**, कक्षा-७ *काञ्जीरोवा स्कुल, काठमाडौं*

सानी चरी



हेर साथी बगैंचामा डुल्छे सानी चरी ।
किन होला साथीसँग आउँछे घरिघरी ॥

भुर्र उड्छे उता पुग्छे चारो खोज्छे जाती ।
दिनभर डुल्छे-नाच्छे फर्की जान्छे राति ॥

मलाई लाग्यो चरीसँग बनौं बनौं साथी ।
हाँस्दै खेल्दै चरीसँगै उडौं माथि-माथि ॥

फूलको थुँगा डुली-डुली खान्छे फूलकै रस ।
सबैभन्दा प्यारी चरी आऊ सँगै बस ॥

● **आरोही भट्टराई**, कक्षा-१
रोजबड स्कुल, काठमाडौं

छोरी

छोरा भए संसारले खुसीले ताली पडकाउँछन्
छोरी भए बाबाले आमालाई थर्काउँछन् ।

बाबाको मन त हुन्न छोरीलाई दिन कर्म
आमाले भन्छिन् दिनुपर्छ कर्म अनि हुन्छ धर्म ।

आमालाई थाहा हुन्छ छोरीको मर्म
आमा रहुन्जेल पूरा हुन्छ मेरो यो कर्म ।

छोरीले भन्छिन् बाबा नसकाउनु पैसा खेलेर जुवारी
हजुरलाई के थाहा हामी पनि हुनुपर्छ बुहारी ।


बाबालाई थाहा हुन्न छोरी हुन् लक्ष्मी
म पछि गएर आमाबाबाको पूरा गर्छु सपनी ।

● **करूणा खत्री**, कक्षा-५
चिल्ड्रेन्स प्याराडाइज माबि, सुर्खेत





अभियान गिरी, कक्षा : ३
एसओएस स्कुल, काभ्रे



अभिवन बस्नेत, क
शिशु निकेतन स्कु




सुस्मिता आलेमगर, कक्षा : ५
बौद्ध सेकेन्डरी इंग्लिस स्कुल, काठमाडौं



नुमा श
रिलायन्स




सयन महर्जन, कक्षा : १
नाइटिङ्गेल स्कुल, ललितपुर




विनायक पौडेल, कक्षा : ३
ग्रामोदय इंग्लिस स्कुल, चितवन




दीप्ति आले, कक्षा : २
सेन्ट मेरिज स्कुल, पोखरा



अभिनव घिमिरे, कक्षा : १
जेम्स स्कुल, ललितपुर



कक्षा : २
ल, पोखरा



मनीषा पौडेल, कक्षा : ८
नवोदित विद्याकुञ्ज, काठमाडौं



प्रभास घज्, कक्षा : ४
निकोल्सन सेकेन्डरी स्कुल, भक्तपुर



र्पा, कक्षा : ७
एकेडेमी, काठमाडौं




सोहम श्रेष्ठ, कक्षा : ३
अरुणिमा शिक्षा सदन, काठमाडौं



संयम श्रेष्ठ, कक्षा : १
रामभक्त मेमोरियल स्कुल, काभ्रे





सलिना रोका, कक्षा : ४
भूपू सैनिक कम्युनिटी स्कुल, पाल्पा




कला कोइराला, कक्षा : ८
बालज्योति कम्युनिटी स्कुल, स्याङ्जा




पूजा थापा, कक्षा : ६
प्याराडाइज इंग्लिस स्कुल, भरतपुर




यसरी बनाऊ चित्र



बाटो पत्ता लगाऊ




Real ६ फरक फेला पारौ



Real Fruit Power जिन्दगी रमाउँछ ! फ्रुट पावरले जिताउँछ ।

रङ भर



जन्मदिनको शुभकामना यसरी पठाऊ

आफ्नो वा भाइबहिनीहरूको जन्मदिनको शुभकामना तलको इमेलमा पठाउने गर है । शुभकामना पठाउँदा नाम, जन्ममिति र ठेगाना फोटोको फाइल-नेममै र नेपालीमा पनि राख्ने गर ल ।

birthday.kopila@gmail.com

अभिभावकलाई अनुरोध

बालबालिकाका लागि उपयुक्त लेख, रचना, अन्य सामग्री तलको इमेलमा पठाउनुहुन अनुरोध छ । आफ्नो सम्पर्क टेलिफोन नम्बर राख्न नबिर्सिनुहोला ।

kopila.kanti@gmail.com

ध्यान देऊ ल

कोपिलामा तिमी पनि चित्र, कथा, कविता, निबन्ध, डायरी, स्कुल गतिविधि, यात्रा संस्मरणलगायत रचना पठाउन सक्छौ । यस्ता सामग्री पठाउँदा नाम, कक्षा, स्कुल र ठेगाना फाइल-नेममा पनि लेख्ने गर है ।

kopila.kanti@gmail.com **पोस्ट बक्स नं ८५५९, काठमाडौं**

जन्मदिनको शुभकामना



प्रतीकजंग कार्की
२०७३ फागुन ११
काठमाडौं



श्रीदा रिसाल
२०६८ फागुन १३
काठमाडौं



प्रफुल्ल शाह
२०७२ फागुन १३
इनरुवा



रहन श्रेष्ठ
२०७० फागुन १०
काठमाडौं



नन्दनी शाह
२०६८ फागुन १४
धनुषा



निरभान पन्त
२०७२ फागुन १२
भरतपुर



रेयम्स महर्जन
२०६९ फागुन १५
काठमाडौं



सामना भट्टराई
२०७० फागुन १४
देवचुली




सामेरी उदय
२०६७ फागुन १३
पाल्पा



काभिष कोइराला
२०७५ फागुन १३
काठमाडौं



शिष्टता ढकाल
२०७० फागुन ६
चितवन



कपर्द कोइराला
२०७१ फागुन १०
काठमाडौं



सुयोग पौडेल
२०७२ फागुन १२
देवचुली



युगेश भट्टराई
२०७० फागुन १५
नवलपरासी



अनुष्का चौलागाईं
२०६७ फागुन १६
काठमाडौं



अर्चित आचार्य
२०७० फागुन ९
हेटौंडा



अविश लम्साल
२०६८ फागुन १४
नवलपरासी



उत्साह श्रेष्ठ
२०७१ फागुन १३
काठमाडौं




ओजस्वी तामाङ
२०७१ फागुन ११
भक्तपुर



कुशल पौडेल
२०७४ फागुन ११
बुटवल



कैशिक यादव
२०७२ फागुन ९
रौतहट



दक्ष बराल
२०७० फागुन १५
काठमाडौं



दिविशा उपाध्याय
२०७५ फागुन ३
भक्तपुर



आर्सन लामिछाने
२०६९ फागुन ९
चितवन



प्रतिमा खनाल
२०७२ फागुन ६
स्याङ्जा



प्रनिक केसी
२०७१ फागुन २
काठमाडौं



प्रबल तुलाधर
२०७१ फागुन १३
काभ्रे



मदन आरसी
२०७५ फागुन ७
जाजरकोट



मानष भट्टराई
२०६७ फागुन २
सप्तरी



अल्सा थापामगर
२०६९ फागुन १६
काठमाडौं



सफलता थोकर तामाङ
फागुन ५
काठमाडौं



समाइरा प्रजापती
२०७५ फागुन ८
भक्तपुर



स्लेशा भण्डारी
२०७० फागुन १०
गुल्मी



कौशल खवास
२०७२ फागुन ७
मोरङ



द्रिशिक ओखेडा
२०७२ फागुन २८



विकल्प पाण्डे
२०७१ फागुन ११
देवचुली



कुशल रिमाल
२०७० फागुन ११
नुवाकोट



कोविदमणि रिमाल
२०६३ फागुन १२
धादिङ



रियोना श्रेष्ठ
२०७० फागुन ८
काठमाडौं



अनमोल भट्टराई
२०६९ फागुन ११
काठमाडौं



जुगनीको जुठो

● कृष्णराज सर्वहारी

> मामाले भान्जीको गालामा चुप्प स्वाइँ खाँदै भन्नुभयो, 'स्वार जुगनी भैने कट्रा ग्यानि ।'

कृष्णगोपाल श्रेष्ठ

कक्षा २ मा पढ्ने जुगनी थारू साह्रै चकचके छिन् । फऱ्याकफुरुक गरिरहन्छिन् । नानाथरी प्रश्न गरेर बाआमालाई हैरान पार्छिन् । स्कुलमा पनि शिक्षकलाई नयाँनयाँ प्रश्न गरेर चकित बनाउँछिन् । यही जिज्ञासु बानीले उनी कक्षामा अब्बल छिन् । नाच्न, गाउनमा पनि उस्तै सिपालु छिन् ।

यसपालिको नयाँवर्ष माघी भने उनलाई निकै खल्लो लाग्यो । न निधारमा चामलको टीका, न त घरमा सुंगुर नै मार हानियो । शुद्ध शाकाहारी माघी थियो जुगनीको घरमा ।

जुगनीले बालाई प्रश्न गरेर उल्लीबिल्ली पारिन्, 'बा हामीले माघी किन नमनाएको ?'

'जुठो परेको थियो नि त ।'

'अनि हाम्रो घरमा सुंगुर किन न काटेको ?'

'जुठो परेको थियो नि त ।'

'होइन, केमा जुठो पऱ्यो ? त्यो जुठो त फाल्दिए हुन्थ्यो नि ।'

पछिल्लो प्रश्नले जुगनीका बालाई तनाव भयो । उहाँले छोरीलाई काखमा राख्नुभयो । भित्तामा माला लगाइएको तस्बिर देखाउँदै छोरीलाई सोध्नुभयो, 'त्यो कसको तस्बिर हो, थाहा छ ?'

जुगनीले भनिन्, 'हजुरआमाको ।'

बाले भन्नुभयो, 'हो, हजुरआमा बितेर यसपालि हाम्रो माघी जुठो भयो । त्यसैले चामलको टीका पनि लगाएनौं । सुंगुर मार पनि हानेनौं । बुझ्यौ तिमीले ?'

जुगनीले बुझेझैं गरी टाउको हल्लाइन् ।

बाले भन्नु जानुभयो, 'तर केही छैन, मैले छोरीलाई त नयाँ लुगा ल्याइदिएकै छु नि । अनि नयाँ नयाँ खेलौना पनि ल्याइदिएको छु । जाऊ, एकछिन् बाहिर गएर खेल ।'

तर जुगनी बाहिर गइनन् । बरु उनलाई हजुरआमासँग बसेको, खेलेको, खाएको, उहाँले गीत सुनाएको, कथा भनेको झल्झल्ती याद आयो ।

उनी टोलाएर बसिरहिन् ।

बाले सोध्नुभयो, 'के भो हाम्री गुडियालाई ?'

जुगनीले तस्बिरकी हजुरआमालाई हेर्दै सोधिन्, 'अनि, हजुरआमालाई नयाँ फूलमाला लगाइदिन मिल्छ त ?'

बाले भन्नुभयो, 'मिल्छ नि ।'

'त्यसो भए त म फूल टिप्छु । गाँस्छु । अनि, हजुरआमालाई लगाइदिन्छु नि है ?'

उनी बाको जवाफ सुन्न पनि पर्खिनन् । खुर्रर फूलबारीतिर दौडिइन् ।

जुगनीले आफ्नै टिप्दै गरेका फूलहरूसँग कुराकानी गर्न थालिन्, 'बुझ्यौ फूलहरू । हाम्री हजुरआमा बितेर हाम्रो यसपालिको माघी मनाउन जुठो परेको रे । के गर्नु नाच्न नि पाइएन ।'

'मैले हजुरआमाको तस्बिरमा माला लगाइदिन तिमी फूलहरूलाई टिप्न आएकी । दुःख नमान ल ।'

जुगनीले फूल टिपेर ल्याइन् । र, हजुरआमाको तस्बिरमा लगाइदिइन् । अनि, बल्ल बाहिर खेल्न गइन् ।

छिमेकी काकीले जुगनीलाई डाक्नुभयो । र, कचौराभरि मासु दिँदै भन्नुभयो, 'ल नानी खाऊ । तिम्रो घरमा मासु पाकेको छैन क्यारे ।'

जुगनीले भनिन्, 'आन्टी, म मासु खान्नँ है । हाम्रो घरमा त जुठो परेको छ रे । त्यसैले माछा, मासु खान हुन्न रे ।'

जुगनीलाई छिमेकी काकीले फकाउनुभयो, 'केटाकेटीले खाए नि क्यै हुन्न, नानी ।'

जुगनीले ठूला मान्छेले झैं भनिन्, 'नाइँ म त खान्नँ । म पनि बुझ्ने भैसके नि आन्टी ।'

काकीले कचौराको मासु भित्र लग्दै भन्नुभयो, 'अचेलका केटाकेटीसँग तर्क गर्न के सकिएला र ।'

केही दिनपछि जुगनीको हजुरआमाको बरखी सकियो । उनले आफ्नो जन्म दिन पनि मनाइन् । एक दिनको कुरा हो उनको मामा केही दिन बस्ने गरी विदेशबाट आउनुभयो । मामाले ल्याएका अनेक उपहार पाएर उनी दंग परिन् । मामाको स्वागतका लागि भान्सामा दिनहुँ माछा, मासु पाक्न थाल्यो ।

जुगनीको घरमा खरायो पनि पालिएको थियो । उनी स्कुल जानुअघि र आएपछि खरायोसँग बोल्थिन्, खेल्थिन् । मन मिल्ने साथीजस्तै थियो खरायो, जुगनीका लागि । 'ल पुन्टु म स्कुल गएँ, बाईबाई' भनेर हात हल्लाउँदै स्कुल जान्थिन् उनी ।

एक दिन मामाले ठट्टा गर्नुभयो, 'दिदीभिनाजू, अब अर्को तयारी गर्नुपऱ्यो । हुया, भान्जीले खरायोलाई भाइ मानेर खेल्छिन् ।'

यसरी मामाले ठट्टा गरेकै साँझ त हो नि । जुगनीले स्कुलबाट आएर लुगा फुकालिन्, हातमुख धोइन् । खोरमा हेर्न जाँदा त उनको प्यारो पुन्टु खरायो मरेको पो रहेछ । उनी निकै बेरसम्म रोइन् । मामाले यताउति डुलाउनुभयो तर उनको हिक्का रोकिएन । रुँदारुँदै निदाइन् ।

साँझको खाना खाने बेलामा मात्रै ब्युँझिइन् उनी ।

भान्सामा मासु पाकेको थियो । खाना पस्किँदै गर्नुभएको आमालाई जुगनीले घुरेर हेरिन् । आमाले सोध्नुभयो, 'नानुलाई आज सन्चो भएन कि क्या हो ?'

जुगनीले आमालाई हकारिन्, 'आज मासु किन पकाएको ?'

आमाले भन्नुभयो, 'मामा आउनुभएको छ नि त ।'

जुगनीले रुँदै भनिन्, 'तपाईंहरूलाई थाहा छैन, आज मेरो खरायो मरेर जुठो परेको । म मासु-भात खान्नँ । तपाईंहरूले पनि नखानूस् ।'

सबैजना गललल्ल हाँसे । तर जुगनीको मन राखिदिन त्यो दिन कसैले मासु खाएनन् ।

मामाले भान्जीको गालामा चुप्प स्वाइँ खाँदै भन्नुभयो, 'स्वार जुगनी भैने कट्रा ग्यानि ।' अर्थात्, मेरी जुगनी भान्जी कति ज्ञानी ।

दिदीबहिनी कपमा सरस्वती सर्वोत्कृष्ट । १५

'चार सय चालिसको बिजुली' दर्शकमाझ । ९



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित



वर्ष २८ अंक ५ विराटनगर | ११ फागुन २०७६ आइतबार फाल्गुण कृष्णपक्ष औंसी | नेपाल संवत् ११४० | प्रदेश १ संस्करण | KANTIPUR, Nepali National Daily, Sunday, February 23, 2020 | पृष्ठ १२+४+८ | १० रुपैयाँ



प्रधानमन्त्री केपी शर्मा ओलीको जन्मघर तेह्रथुमको आठराई गाउँपालिका-४ इवाको तीनसल्लेमा शनिबार सुरक्षा दिन पुगेका सशस्त्र प्रहरी । १२ वर्षको उमेरमा छाडेको यही घरमा ओलीले आइतबार आफ्नो ६९ औं जन्मदिन मनाउने कार्यक्रम छ । समाचार पृष्ठ २

तस्बिर : चन्द्र कार्की/कान्तिपुर

भित्र

समाचार । २
विदेशीलाई भिसा र श्रम स्वीकृति निःशुल्क

समाचार । ३
अन्तःशुल्क स्टिकरको स्टक सकिँदै

अर्थ वाणिज्य । ११



सरकारले लिएपछि बूढीगण्डकीमा अवैध उत्खनन

कोरियामा कोरोना त्रास

थेगु सहरमा मात्रै २ सय २९ संक्रमित, जहाँ करिब ७ हजार नेपाली छन्

गोकुल थोकर (सोल)

दक्षिण कोरियाको राजधानी सोलदेखि ३ सय किलोमिटर दक्षिणको ख्याङसान क्षेत्रमा पर्छ थेगु सहर । यही सहरमा काम गर्ने आङपासाङ शेर्पा केही दिनयता निकै बेचैन छन्, कारण सहरमा फैलिइरहेको कोरोना भाइरसको संक्रमण ।

कोरियाको चौथो ठूलो सहर थेगुमा विभिन्न कम्पनीहरू छन् । कामका लागि कोरिया पुगेका विभिन्न देशका कामदारको यहाँ उल्लेख्य उपस्थिति छ । तर थेगुमा केही दिनयता ह्वात्तै फैलिएको कोरोना संक्रमणका कारण ती कामदार त्रासमा बसिरहेका छन् ।


थेगुमा शनिबार मात्रै २ सय २९ जनामा भाइरसको संक्रमण पुष्टि भएको छ । योसँगै कोरियामा कोरोना संक्रमितको संख्या ४ सय ३३ पुगेको छ । थेगु नजिकैको छाङदोको छाङदो थेनाम अस्पतालमा दुई जनाको मृत्यु भएको छ भने ९ जना अस्पतालका कर्मचारी र १ सय २ जना भाइरसबाट संक्रमित भएका छन् । थेगु र छाङदोमा मात्रै ३ सय ५३ संक्रमित छन् ।

भाइरसको संक्रमण फैलिएपछि थेगु आसपासका कम्पनीले कामदारलाई बाहिर निस्कन प्रतिबन्ध लगाएका छन् । थेगुमा झन्डै २५ लाख मानिस बसोबास गर्छन् । थेगु र आसपासका क्षेत्रमा ७ हजार नेपाली ईपीएसमार्फत काम गरिरहेका छन् । भाइरसको संक्रमण बढ्दै जाँदा सहरमा दैनिक उपभोग्य सामानको अभाव हुन थालेको थेगुमै काम गरिरहेकी पार्वती वाइबाले बताइन् । 'हामी आज धेरै दिनपछि तरकारी किन्न निस्किएका थियौं । भनेजस्तो सामान नै नपाउने । पाउरोटीहरू पनि छैनन् । जे भेट्टायो त्यही लिएर आयौं । पहिलाजस्तो बजारमा सामान नै छैन,' उनले गुनासो गरिन् । **बाँकी पृष्ठ १४**

बाँस्कोटामाथि छानबिनबारे मतभेद



'उहाँले राजीनामा दिएर बाटो खुला गर्नुभएको छ, संसद्, सीआईबी र अख्तियारले छानबिन गरून्'



'प्रश्न उठिसकेपछि पार्टीभित्र पनि एक किसिमको विषय बन्नुपर्छ, यसलाई छलफलको विषय बनाऔं'

बिनु सुवेदी (काठमाडौं)

सेक्युरिटी प्रेस खरिदसम्बन्धी कमिसन विवादमा मुछिएपछि राजीनामा दिएका सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बाँस्कोटामाथि पार्टीले पनि छानबीन गर्ने कि नगर्ने भन्नेबारे नेकपाका दुई अध्यक्षबीच मतभेद भएको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा शनिबार बसेको नेकपा सचिवालय बैठकमा बाँस्कोटाले ७० करोडको डिल गरेको अडियो प्रकरणबारे राज्यले मात्रै छानबिन गर्ने कि पार्टीले पनि गर्ने भन्नेबारे दुई अध्यक्षबीच मत बाझिएको हो ।

'शनिबारको बैठकमा दुई एजेन्डा थिए,' नेकपा सचिवालय स्रोतले भन्यो, 'पहिलो एमसीसी अध्ययनसम्बन्धी कार्यदलका संयोजक झलनाथ खनालले कार्यदलको प्रतिवेदन प्रस्तुत गर्ने र दोस्रो गोकुल बाँस्कोटा प्रकरणबारे छलफल गर्ने । दोस्रो विषयमा नेताहरूबीच चर्काचर्की नै भयो ।'

कमिसन डिल गरेको अडियो सार्वजनिक भएपछि बाँस्कोटाले राजीनामा दिएको प्रधानमन्त्रीले बैठकलाई जानकारी गराएका थिए । लगत्तै अर्का अध्यक्ष दाहालले बाँस्कोटाबारे धेरै प्रश्न आएकाले यसलाई पार्टीमा छलफलको विषय बनाएर छानबिन गर्नुपर्ने बताएका थिए । 'प्रश्न उठिसकेपछि पार्टीभित्र पनि एक किसिमको विषय बन्नुपर्छ, यसलाई छलफलको विषय बनाऔं,' दाहाललाई उद्धृत गर्दै स्रोतले भन्यो । दाहालको भनाइमा वरिष्ठ नेताहरू झलनाथ खनाल र माधवकुमार नेपाल, उपाध्यक्ष वामदेव गौतम तथा सचिवालय सदस्य रामबहादुर थापा सहमत देखिए । तर प्रधानमन्त्री ओलीले बाँस्कोटाको विषय सरकारको कुरा भएको र अहिले विभिन्न निकायले छानबिन गरिरहेको भन्दै त्यसलाई बैठकमा तन्काउन नहुने बताएका थिए ।

'अध्ययन र छानबिनका लागि उहाँले राजीनामा दिएर बाटो खुला गर्नुभएको छ, संसद्, सीआईबी, अख्तियारजस्ता निकायले छानबिन गरून् भन्नुभएको छ,' ओलीलाई उद्धृत गर्दै स्रोतले भन्यो, 'त्यो विषयमा अरू कुरा गरेर के अर्थ हुन्छ र ?' ओलीको भनाइमा सचिवालय सदस्य ईश्वर पोखरेलले सहमति जनाए भने महासचिव विष्णु पौडेल मौन बसे । **बाँकी पृष्ठ १४**

एमसीसी संशोधन पक्षमा अधिकांश

अध्यक्षद्वयले एजेन्डा प्रस्तुत गरेपछि एमसीसी अध्ययन कार्यदलका संयोजक खनालले ३३ पृष्ठ लामो अध्ययन प्रतिवेदनको सार प्रस्तुत गरेका थिए । 'मैले बैठकमा अध्ययन प्रतिवेदनको ब्रिफिङ गरेको छु, एमसीसी सम्झौता जस्ताको त्यस्तै अनुमोदन गर्नु हुन्न भन्ने हाम्रो निष्कर्ष हो,' खनालले कान्तिपुरसँग भने, 'दुई अध्यक्षसहित सचिवालय सदस्यहरूले अध्ययनका लागि एक-दुई दिन समय माग्नुभएको छ, कसरी जाने भन्ने निर्णय अर्को सचिवालय बैठकले गर्ला ।' अधिकांश सचिवालय सदस्यको मत एमसीसी सम्झौताका केही बुँदा संशोधन गरेर अनुमोदन गर्नुपर्छ भन्ने छ । 'प्रतिवेदनको सुझाव के-कति मान्ने या मान्दै नमान्ने भन्नेबारे निर्णय भएको छैन, आज प्रतिवेदनको कपी सबै सदस्यलाई दिइएको छ, उहाँहरूले अध्ययन गरेपछि निर्णय हुन्छ,' खनालले भने । प्रतिवेदनको एकसरो अध्ययन गरिसकेका दाहालले एमसीसी सम्झौतालाई परिमार्जनसहित अनुमोदन गरिने बताइसकेका छन् भने ओलीले पछिल्लो समय यसबारे कुनै धारणा व्यक्त गरेका छैनन् । दाहालले शनिबार नवलपुर पुगेर प्रधानमन्त्री पनि सम्झौता परिमार्जनसहित अनुमोदन गर्न तयार रहेको बताएका छन् ।

गौतमको प्रश्न

'राष्ट्रिय सभा सदस्य बनाउने कुरा कहाँ पुग्यो ?'




पृष्ठ १४

'मृत्युदण्डबाट उम्कें' अब के गर्ने ?

जनकराज सापकोटा (काठमाडौं)

उनी करिब डेढ दशकपछि घर फर्केका हुन् । एक महिना पुग्न लाग्यो तर उमेश यादवले अझै खलबलिएको जिन्दगीको लय मिलाउन सकेका छैनन् । २००६ को जुनमा वैदेशिक रोजगारीका लागि साउदी पुगेका उनले एक पाकिस्तानी नागरिकको हत्यामा मृत्युदण्डको सजाय पाएका थिए । १३ वर्षभन्दा बढी समय जेल बसे । मृतक परिवारले माफीनामा दिएपछि उनले कैद माफी पाए । गत माघ



उमेश यादव

८ मा स्वदेश फर्के । काठमाडौं ओर्लेको पाँच दिनपछि जनकपुर पुगेका उनले त्यसयता प्रत्येक दिन अनौठोसँग बिताइरहेका छन् ।

उमेशलाई परिवारसँगको साथ छुट्टेका दिन भेटिएजस्तो भइरहेको छ । नहोस् पनि किन, २४ वर्षको उमेरमा साउदी हान्निँदा ठूलो छोरा कमलेश तीन वर्ष र कान्छो जितेष १७ दिनका मात्रै थिए । १३ माघमा उनलाई लिन जनकपुरस्थित विमानस्थलमा पत्नी, छोराहरू र आफन्त माला लिएर आएका थिए । बुबाको उपस्थितिविना १५ वर्ष बिताएका जेठा छोरा कमलेशले कान्तिपुरसँगको कुराकानीमा धेरैपछि बुबालाई देख्दा आफ्नो आँखा आँसुले भरिएको सुनाए । उनले भने, 'मलाई त सानैमा बुबालाई देखेको धमिलो सम्झना थियो तर भाइले त बुझ्ने भएर पहिलोपटक बुबा देखेको थियो ।'

धनुषाको माचीभिटकैयास्थित घरमा कुरिरहेका वृद्ध बाआमासँग केही समय बिताएर अहिले उमेश धनुषाकै महेन्द्रनगरस्थित सालोको घरमा ओत लागिरहेका छन् । उनले फेरिएको गाउँ, फेरिएको समय र हुर्किएका छोराहरूको कुरा सुनाए अनि भने, 'सबै कुरा नयाँ-नयाँ लागिरहेछ ।' नलागोस् पनि किन कामदारका रूपमा साउदी पुगेको एकाध महिनामै उनी हत्याको आरोपमा जेल परेका थिए । जेलका कोठामा करिब १४ वर्ष एक्लै-एक्लै उदासीमा बिताएका थिए ।

१८ वर्षको उमेरमा ८ कक्षा पढ्दापढ्दै भागेर भारतको गुजरातमा काम गर्न गएका उमेशको जीवनमा प्रवासी कामदारको अनुभवको हिस्सा धेरै छ । त्यसपछिका सात वर्ष उनले गुजरातमै पसिना बगाए । घर फर्केपछि बिहे गरे । दुई छोराको बुबा बने, अनि तिनैको भविष्य सम्झेर साउदी हान्निए ।

त्यतिबेला साउदी जान उनले स्थानीय साहुबाट ऋण काढेर काठमाडौंस्थित एक मेनपावरलाई एक लाख ४० हजार रुपैयाँ बुझाएका थिए । मासिक ५ सय रियाल तलबमा उनले गर्नुपर्ने काम थियो, निर्माण क्षेत्रमा दैनिक आठ घण्टा बेल्चा चलाउनु, सामान ओसार्नु तर काम सुरु गरेको १२ औं दिनमा अप्रत्याशित घटना भइदियो । **बाँकी पृष्ठ १४**





छोटकरी

झापामा युवा सम्मेलन

काँकडभिट्टा (कास)-जिल्ला समन्वय समिति झापाले युवा लक्षित दुई दिने सम्मेलन आयोजना गरेको छ। सम्मेलनमा युवा केन्द्रित विषयहरूमा छलफल भएको छ। 'लागु औषध दुर्व्यसनविरुद्ध युवाको भूमिका' विषयमा छलफल भएको थियो। कार्यक्रममा जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी प्रमुख प्रहरी उपरीक्षक कृष्ण कोइरालाले लागू औषधको दुर्व्यसन दिनप्रतिदिन बढनु चिन्ताको विषय भएको बताए। उनका अनुसार जिल्ला कारागार चन्द्रगढीमा रहेका ११ सय बढी कैदी बन्दीमध्ये २५३ जना लागू औषधका अभियुक्त छन। कोइरालाले भने, 'झापामा लागू औषधका मुद्धा ९ प्रतिशतका दरले वृद्धि भइरहेको छ।' 'दिगो विकास लक्ष्यमा युवाको भूमिका' विषयमा कमल कोइरालाले दिगो विकास र युवाबीचको सम्बन्धबारे बोलेका थिए।

गौरीशंकर स्मृति सम्मान प्रदान

सुरुङ्गा, झापा (रासस)- 'गौरीशङ्कर खड्का स्मृति' सम्मान विभिन्न व्यक्तित्वलाई प्रदान गरिएको छ। गौरीशङ्कर स्मृति प्रतिष्ठानद्वारा आयोजित कार्यक्रममा नेपाल पत्रकार महासङ्घका संस्थापक महासचिव चन्द्र भण्डारीसहित वरिष्ठ गायक रामकृष्ण दुवाल, जेवी टुहुरे, मणि थापा र जीवन शर्मालाई उक्त सम्मान प्रदान गरिएको हो।

राँके-रवि-भेडेटार सडकको मन्त्रीद्वारा निरीक्षण

फिदिम (रासस)- भौतिक पूर्वाधार तथा यातायातमन्त्री वसन्तकुमार नेम्बाङले राके-रवि-भेडेटार सडक निर्माणको स्थलगत अनुगमन तथा निरीक्षण गरेका छन्। उनीसहित मन्त्रालयको उच्च नेतृत्व सम्लग्न टोलीले उक्त सडकको स्थलगत निरीक्षण गर्दै निर्धारित समयमै काम पूरा गर्न तथा गराउन सम्बद्ध पक्षलाई निर्देशन दिएको छ। सो खण्डको अधिकांश स्थानमा सडक विस्तार (ब्याक कटिङ)को कार्य अघि बढेको छ।

धरान रनमा तीर्थ र सन्तोषी

सुनसरी (कास)- धरानमा शनिवार सम्पन्न ८ औं प्रभु बैंक धरान १० के रन नेवा च्यारिटीको पुरुषतर्फको खुला स्पर्धामा तीर्थ पुन प्रथम भए। महिलातर्फ सन्तोषी श्रेष्ठ प्रथम भइन्। धरान १० को रनमा तीर्थको जित पाँचौं हो। धरान रनको तेस्रो संस्करणदेखि विजेता हुँदै आएका उनी भारतीय सेनाका ५/५ गोर्खा राइफलका हवल्दार हुन्। बाग्लुङ ढोरपाटन घर भएका तीर्थले ३१ मिनेट २५ सेकेण्डमा १० किलोमिटर दूरी पूरा गर्दै विजेता भए। उनले नगद पुरस्कार ५० हजार रुपैयाँसहित मेडल र प्रमाणपत्र हात पारे। दौडमा ४ हजार २ सय ५ जना भाग लिएको स्पर्धामाम पुरुषतर्फकै सशस्त्र प्रहरी बलका अर्का धावक लक्ष्मण मल्लले ३१ मिनेट ३३ सेकेन्डमा दूरी पार गर्दै दोस्रो भए भए भने खिमबहादुर खत्रीले ३१ मिनेट ३५ सेकेन्डमा दूरी पार गर्दै तेस्रो भए। उनीहरूले क्रमश नगद ३० हजार र २० हजार रुपैया हात पारे। नेपालकै सर्वाधिक संख्यामा धावकहरू सहभागी भएको धरान रनमा महिलातर्फकी विजेता सन्तोषीले ३४ मिनेट २३ सेकेण्डमा दूरी पार गरिन। उनले पनि नगद ५० हजार रुपैया, मेडल र प्रमाणपत्र हात पारिन। उनको यो दोश्रो जित हो। महिलातर्फकै स्पर्धामा धाविका राममाया पुनले ४० मिनेट ३४ सेकेण्डमा दुरी पार गर्दै दोस्रो पुरस्कार स्वरुप नगद ३० हजार रुपैया हात पारिन भने छेम्बी राईले ४२ मिनेट २ सेकेण्डमा दुरी पार गर्दै तेस्रो पुरस्कार नगद २० हजार रुपैयाँ हात पारिन्।

करिडोरको काम सकिएन

सोलुखुम्बु (रासस)- सोलु करिडोर १३२ केभी प्रसारण लाइन आयोजनाको काम सम्पन्न गर्न दोस्रो पटक पुनः म्याद थप हुने भएको छ। आयोजनाले निर्धारित समयमा काम नसक्दा पुनः म्याद थप गर्न सम्बन्धित मन्त्रालयमा फाइल अगाडि बढाइएको बताइएको छ। सन् २०२० को जनवरीसम्म काम सम्पन्न गर्ने गरी पहिलोपटक आयोजनाले म्याद थप गरेको थियो। सन् २०१६ सेप्टेम्बर २५ देखि काम सुरु गरेको आयोजनाले पहिलोपटक थप गरेको म्याद सकिएको दुई महिना अवधिसम्म ९० प्रतिशत काम पूरा भएको जनाएको छ। आयोजना प्रमुख जनार्दन गौतमका अनुसार जम्मा ३०३ टावर निर्माण गर्नुपर्नेमा १०४ टावर निर्माण सम्पन्न र १५७ को फाउण्डेशन तयार भएको छ।

सन्थाल बस्तीमा 'सोरहाई पर्व'

पाँच दिनसम्म मनाइने यो पर्वमा मीठा-मीठा परिकार खाने, नाच-गान गर्ने, माछा मार्ने, सिकार खेल्ने परम्परा छ।



सोरहाई पर्वअन्तर्गत झापा बाह्रदशी गाउँपालिका १ भागुडुब्बा बस्तीका सन्थाल समुदाय शुक्रबार नजिकैको बिरिङ नदीको भङ्गालामा माछा मार्दै। तस्बिर : अर्जुन/कान्तिपुर

अर्जुन राजवंशी (बिर्तामोड)

कचनकवल गाउँपालिका-१ घेराबारीकी माया हेमरम तीन छोराछोरीसहित मंगलबार दिदी-भिनाजुको घर बाह्रदशी गाउँपालिका-१ भागुडुब्बा आएकी थिइन्। बुबाआमा नभएकाले माइती गाउँमा रहेकी ठूली दिदीको घरमा 'सोरहाई' पर्व मनाउन माया भागुडुब्बा आएकी हुन्।

पाँच दिनसम्म बसेर दिदी घरमा सोरहाई पर्व मनाईसकेपछि उनी शनिबार घर फर्किएकी छन्। भागुडुब्बाका सन्थाल जातिले गत मंगलबारदेखि शनिबारसम्म मीठा-मीठा परिकार खाने, नाच-गान गर्ने, माछा मार्ने, सिकार खेल्न गएर महान चाड 'सोरहाई' पर्व मनाएका छन्। सन्थाल जातिको सोरहाई पर्व नेपाली नारीहरूको महान चाड हरितालिका तीज जस्तै भएको भागुडुब्बा सन्थाल बस्तीका माझीहाडाम (गाउँका मुखिया) सुनिल किस्कुले बताए।

यो पर्वमा छोरी चेलीलाई बोलाएर पाँच दिनसम्म मीठो-मसिनो खुवाउने तथा रमाइलो गर्ने चलन रहेको उनले बताए। 'तीजमा छोरी चेलीहरू माइत गएजस्तै हो, हाम्रो जातिको सोरहाई पर्व। सबैले आआफ्ना छोरी चेलीलाई बोलाउछन्। मीठा-मीठा खुवाउने, दुःखसुखको कुरा गर्ने, सबै सँगै भएर नाचगान गर्ने चलन छ,' उनले भने।जिल्लामा सन्थाल बस्तीहरू पातलिदै गएको छ। सन्थाल जातिको जनसंख्या घटेसंगै सोरहाई पर्वको रमाइलो पनि घटेर गएको कनकाई नगरपालिकाका भगन टुडुले बताए। 'पहिला जस्तो रमझम कहाँ छ र, अहिलेका पर्वहरूमा' उनले भने। परम्परागत पर्व भएकाले सबैले मान्ने गरेको उनी बताउछन्। साँस्कृतिक महत्वको पर्व भएपनि संस्कार धान्न गाह्रो हुँदै गएको माझीहाडाम किस्कुले बताए।

'यो पर्वमा गाउँका पुरुष, महिला, युवायुवती सबै माछा मार्न जानुपर्ने चलन छ। पर्वको एक दिन पानीमा भिजेर माछा मानैपर्छ, यो अनिवार्यजस्तै चलन हो' उनले भने,'तर, अहिले कुनै कुनै बस्तीमा मात्र सामूहिक माछा मर्ने चलन छ। अन्यत्र यो संस्कार नै मासिएर गयो।' पर्वको अन्तिम दिन नजिकैको जंगलमा गएर सामूहिक सिकार गर्ने चलन पनि रहेको समय हेमरमले बताए।

तर, सरकारले हतियारसहित जंगल प्रवेशमा निषेध गरेकाले सिकार खेल्ने आफूहरूको संस्कार संकटमा परेको उनको गुनासो छ। 'हाम्रो संस्कार नै सामूहिक माछा मार्न जानुपर्ने, जंगलमा सिकार खेल्न जानुपर्ने हो। तर, सरकारले जंगलमा सिकार खेल्न रोक लगाएको छ' उनले भने,'कानूनी अड्चनका कारण संस्कार जोगाउन गाह्रो भइरहेको छ।' जंगलमा सिकार खेल्न जाँदा सन्थाल जातिले तीर-धनुष प्रयोग गर्छन्।

परम्परागत रुपमा पर्व मनाउन नपाउदा सोरहाई बारे नयाँ पुस्ता अनविज्ञ हुँदै गएको प्रकास सोरेनले बताए। 'यो पर्वमा जंगलमा सिकार खेल्न जानैपर्छ। सिकार खेलेर पर्किएपछि घरपरिकारका सबैको रक्षाका लागि राक्षसको प्रतिमा बनाई त्यसलाई तीरले ढाल्नुपर्ने परम्परा छ' उनले भने,'यति गरेपछि मात्र सोरहाई पर्व औपचारिक रुपमा समापन हुन्छ।'

उद्योगसम्बन्धी सबै सेवा एकै ठाउँबाट

देवनारायण साह (मोरङ)

प्रदेश सरकारले उद्योगसम्बन्धी सबै सेवा एकै ठाउँबाट दिने व्यवस्था गरेको छ। उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले प्रदेशसभा सचिवालयमा दर्ता गराएको प्रदेश औद्योगिक व्यवसायसम्बन्धी विधेयकमा उक्त व्यवस्था गरिएको हो।

प्रदेशमा लगानी हुने पूँजी र प्रविधिको समुचित सदुपयोग गर्न, लगानीमैत्री वातावरणको सृजना गर्दै उत्पादकत्व र रोजगारीको अवसर अभिवृद्धि गर्न, स्थानीय स्रोत साधनको अधिकतम उपयोग गरी उद्यमशीलता तथा लगानी प्रवर्द्धन मार्फत बेरोजगारी न्यूनकीकरण गर्न तथा दिगो औद्योगिक विकासको माध्यमबाट उत्पादनशील, प्रतिस्पर्धी र दिगो अर्थतन्त्र निर्माण गर्न तथा प्रदेश भित्रका सबै उद्योगको संरक्षण, संबर्द्धन, नियमन तथा अनुगमन गर्ने उद्देश्यले यो विधेयक ल्याइएको उल्लेख छ।

'उद्योग स्थापनाको अनुमति, दर्ता, नवीकरण, विस्तार, खारेजी, प्रोत्साहन, छुट, सुविधालगायतका सबै सेवा प्रदान गर्न प्रदेश सरकारले एकल बिन्दु सेवा केन्द्र स्थापना गरी सञ्चालनमा ल्याउन सक्नेछ,' विधेयकमा उल्लेख छ, 'एकल बिन्दु सेवा केन्द्रमा निकायगत प्रतिनिधित्वका लागि सम्बन्धित निकायले आवश्यक संख्यामा कर्मचारी खटाउनु पर्नेछ र त्यसरी खटिएका कर्मचारीलाई प्रचलित कानुनको अधिनमा रही आवश्यक कार्य गर्न अधिकारसमेत प्रत्यायोजन गर्नुपर्ने छ।'

यस प्रदेशभित्र कसैले दर्ता नगराई उद्योग सञ्चालन गरेमा तत्काल बन्द गर्न लगाई जरिबाना गर्न सक्ने विधेयकमा व्यवस्था छ। 'विधेयकमा उद्योगलाई ६ वर्गमा वर्गीकरण गरिएको छ,' विधेयकमा भनिएको छ, 'लघु, घरेलु, साना, मध्यम, ठूला र बृहत् उद्योगमा वर्गीकरण गरिएको हो।' अधिकृत पूँजी २० लाख भएको र उद्यमीसहित बढीमा ९ जना कामदारका साथै वार्षिक १ करोड कारोबार गर्नेलाई लघु उद्योग भनिएको छ।

परम्परागत सीप र प्रविधिमा आधारित श्रममूलक र खास सीप वा स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रविधि, कला तथा संस्कृतिमा आधारित घरेलु उद्योगको अधिकृत पूँजी तोकिए बमोजिक हुने विधेयकमा उल्लेख छ। यस्तै, १५ करोड स्थिर पुँजीलाई साना उद्योग, ५० करोड पूँजी भएकालाई मध्यम, ५ अर्ब रुपैयाँसम्म पुँजी भएकोलाई ठूला र ५ अर्वभन्दा बढी स्थिर पुँजी भएकालाई बृहत उद्योग भनिएको छ। 'वातावरणीय अध्ययन गर्नुपर्ने खालका तोकिए बमोजिमका उद्योगको हकमा वातावरणीय अध्ययन प्रतिवेदन तोकिएको निकायबाट स्विकृत नगराई उद्योग दर्ताको प्रमाण पत्र दिइने छैन,' विधेयकमा भनिएको छ, 'उद्योग दर्ता प्रमाण पत्रमा उल्लेख भएको अवधिभित्र उद्योग सञ्चालन वा आफनो व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नुपर्नेछ र त्यसको जानकारी दुई महिनाभित्र उद्योग दर्ता गरेको निकायमा दिनुपर्नेछ।' उद्योग दर्ता गर्ने निकायले समय समयमा उद्योगको अनुगमन निरीक्षण गर्ने विधेयकमा व्यवस्था छ।

लघु उद्यम दर्तामा दस्तुर नलाग्ने व्यवस्था

प्रत्येक उद्योगले व्यावसायिक उत्पादन र कारोबारको बिवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र उद्योग दर्ता गर्ने निकाय समक्ष बुझाउनु पर्ने विधेयकमा व्यवस्था छ। 'प्रदेशमा उद्योग विकास र औद्योगिकीकरणका लागि आवश्यक सहजीकरण, सुपरीवेक्षण, समीक्षा तथा नीतिगत पृष्ठपोषण, औद्योगिक सुशासनका लागि प्रदेशको उद्योग हेर्ने मन्त्री वा राज्यमन्त्रीको नेतृत्वमा औद्योगिक विकास तथा प्रबर्द्धन बोर्ड गठन हुनेछ,' विधेयकमा भनिएको छ, 'जिल्लास्तरमा लगानी प्रवर्द्धन तथा उद्योग स्थापनालाई प्रश्रय दिन जिल्ला समन्वय समिति प्रमुखको नेतृत्वमा जिल्ला उद्योग प्रबर्द्धन समन्वय समिति रहनेछ।' बोर्ड र समितिका पदाधिकारीले बैठक भत्ता पाउने विधेयकमा व्यवस्था छ।

प्रदेशमा स्थापना भई सञ्चालनमा रहेका उद्योगहरूलाई छुट, सुविधा, सहुलियत प्रदेश सरकारले बार्षिक बजेट, नीति कार्यक्रममा उल्लेख भए बमोजिम हुने विधेयकमा व्यवस्था छ। 'लघु उद्यम दर्ता गर्दा प्रमाण पत्र प्राप्त गरे वापत लाग्ने १ हजारबाहेक कुनै शुल्क वा दस्तुर लाग्नेछैन,' विधेयकमा उल्लेख छ, 'महिलाको स्वामित्वमा रहने कुनै पनि उद्योग वा फर्म दर्ता गराउँदा लाग्ने शुल्क वा दस्तुरमा ३५ प्रतिशत छुट दिइनेछ।' प्रदेश सरकारले महिला उद्यमीको विकास र प्रवर्द्धनका लागि महिला उद्यमी कोष स्थापना गरी आवश्यक कार्यविधि स्वीकृत गरी सञ्चालनमा ल्याउने विधेयकमा व्यवस्था छ। प्रदेश सरकारले तोके बमोजिमको उद्योग स्थापनाका लागि लगानीकर्त्तालाई जग्गा खरिद गरी उपलब्ध गराउने विधेयकमा व्यवस्था छ। 'प्रदेश सरकारको प्राथमिकता प्राप्त उद्योग सञ्चालन गर्न प्रदेश सरकारको स्वामित्वमा रहेको जग्गा लगानीकर्त्तालाई लिजमा दिन सक्नेछ,' विधेयकमा भनिएको छ, 'उद्योगलाई आवश्यक पर्ने जग्गा हदबन्दीमा तोकिएभन्दा बढी राख्न छुट पाउनेछ।' प्रदेशमा स्थापना भएका उद्योगलाई प्रदेश सरकारले औद्योगिक सुरक्षा उपलब्ध गराउने विधेयकमा व्यवस्था छ।

प्रदेश सरकारले रुग्न उद्योगको पहिचान गरी पुनरुत्थान, पुनर्निर्माण तथा व्यवस्थापन गर्न निश्चित अवधिका लागि तोकिए बमोजिमको छुट, सुविधा वा सहुलियत प्रदान गर्न सक्ने विधेयकमा व्यवस्था छ। 'रुग्न उद्योगको मापदण्ड बनाई पूर्ण रुग्न, रुग्न र रुग्न उन्मुख उद्योगमा वर्गीकरण गरिनेछ,' विधेयकमा उल्लेख छ, 'रुग्न उद्योगका लागि प्रदेश सरकारले विशेषज्ञसहितको समिति गठन गर्न सक्नेछ।'

विधेयकमा विशेष आर्थिक क्षेत्र, प्रदेश औद्योगिक व्यवसाय मञ्चको व्यवस्था छ। प्रदेशमा औद्योगिक जनशक्तिमा विदेशी नागरिक ल्याउन अधिकतम ५ वर्षका लागि निर्देशनालयको सिफारिसमा मात्रै ल्याउन पाउने विधेयकमा व्यवस्था छ। 'प्रदेशको लगानी प्रबर्द्धन तथा संरक्षणका लागि प्रदेश सरकारले औद्योगिक लगानी प्रबर्द्धन कोष स्थापना गर्नेछ,' विधेयकमा भनिएको छ, '१५ करोड बढी वार्षिक कारोबार गर्ने उद्यमीले व्यावसायिक सामाजिक जिम्मेवारी बहन गर्नुपर्नेछ।'

विकास खर्चको दुरुपयोग बढ्यो

उदयपुर (कास)- स्थानीय तहमा विद्युत्, सडक, खानेपानी, स्वास्थ्य र शिक्षाका नाममा हुने विकासे खर्चको व्यापक दुरुपयोग भएको पाइएको छ। विकास कम, तर त्यसका नाममा हुने खर्चमा भ्रष्टाचार मौलाएको सर्वसाधरणको गुनासो छ।

स्थानीय तहले उपभोक्ता समिति मार्फत गर्ने विकास निर्माण लगायतका काममा अपवादबाहेक ९५ प्रतिशत काममा भष्ट्राचार भएको छ। 'उपभोक्ता समिति मार्फत गरिएका काममा जनप्रनिधिको अर्थ असुलीको गतिलो माध्यम भएको छ,' लिम्चुबुङ गाँउपालिकका ७३ वर्षीय कुलदिप राईले भने भने, 'उपभोक्ताले समिति बनाउँदैनन्, जनप्रतिनिधिले तोकेको मान्छे समितिको पदाधिकारी हुन्छन्।' समितिका पदाधिकारी आफूले रोजेको मान्छे भएपछि मात्रै अर्थ असुली सजिलो हुने भएकोले जननिर्वाचीत प्रतिनिधिले त्यसो गरेको उनले बताए।

गाउँका सर्वसाधरण ज्वरोले थलिदाँ सिटामोला समेत पाएका छैनन। तर जनप्रतिनिधि महँगो गाडी चढिरहेका छन। 'सर्वसाधारणलाई स्वास्थ्य सेवा स्थानीय तहबाटै उपलब्ध हुन्छ भनिएको छ' वेलका नगरपालिका - १ तपेश्वरीका ५१ वर्षीय रामचरित्र सदाले भने, 'औषधी खरिद गर्नेदेखि वितरण गर्नेसम्म स्थानीय तहले नै गर्ने गरेको छ।' तर भनेको वेलामा गाँउमा सिटामोल समेत नपाउदाँ सर्वसारधण सामन्य बिरामी हुदाँ समेत धरान/विराटनगर पुग्नुपर्ने अवस्था रहेको उनले बताए।

गाँउ/गाँउमा बिजुली पुऱ्याउने भनेर स्थानीय तहको गठन भएको पहिलो वर्षमै पोल गाडिएको हो तर अहिलेसम्म बिजुली नबलेको उदयपुरगढी गाउँपालिकाका स्थानीयले बताए। 'गाउँपालिकाले सुरुको वर्षमै सबैभन्दा बढी रकम बिजुलीमा लगानी गऱ्यो,' स्थानीय रंगलाल गिरीले भने, 'तर तीन वर्ष पुग्न लाग्दा समेत बिजुली बलेको छैन।' पोल गाडन दुई वर्ष लाग्यो, त्यसैगरी तार टाँग्न अर्को दुई वर्ष लाग्ने होला, बिजुली बल्दाबाल्दै ५ वर्ष बितेपछि गाउँपालिकाले अन्य के काम गर्ने हो बुझ्न नसकिएको उनले बताए।

ताप्लीको बाटो, उदयुरगढीको बिजुली, कटारीको औषधि मात्रै स्थानीय आवश्यकता र समस्या होइन। उदयपुरको ८ स्थानीय तहमै सर्वसाधारणले सोचे जस्तो, अपेक्षा र आशा गरेको विकास निर्माणदेखि सेवा सुविधा पाउन सकेका छैनन्। 'पहिलो वर्ष बाटो, दोस्रो वर्ष बिजुली, तेस्रो वर्ष खानेपानी तर ती सबै अधुरा' त्रियुगा नगरपालिका - १३ असारीका राजीव कार्कीले भने, 'पानी नभएको ठाउँमा पानी होइन, बिजुली बाल्ने योजना बन्छ। त्यो पनि पुरा हुँदा त राम्रै हुन्थ्यो नि।' उनले सबै योजना अधुरै हुँदा गाउँमा समस्या भएको उनले बताए।

मुलुक संघियता जानु अघिका जननिर्वाचीत प्रतिनिधिलाई धेरै कुराको डर थियो। भ्रष्टचार गऱ्यो भने कारवाहि हुन्छ, सामाजीक वेइज्जती हुने डरले काम गर्दापनि सचेत भएर गर्ने गरेको स्थानीय बताउँछन। 'तर अहिले भ्रष्टाचार संस्थागत भएको छ' पूर्वजनप्रतिनिधि राधेश्याम प्रसाईले भने, 'पहिले विकास गर्दा समाज हेरीन्थियो, अहिले पार्टी हेरिन्छ। भोट दिने र नदिने टोल छुट्याएर विकास गर्ने सम्मको काम भईरहेको छ।' नियमक निकाय नहुदाँ स्थानीय तह लगाम विनाको घोडा जस्तै हुदै गएको उलने बताए।

समस्याको पहिचान, स्थानीयको अवश्यकता र सर्वसारधणको आधारभूत अवश्यकताको पहिचान नगरि हचुवाको भरमा गरिने विकास र त्यसको नाममा हुने भ्रष्टचारले पछिल्लो समय जरा गाडेको छ। तर स्थानीय तहले विकासको नाममा गर्ने प्रचार प्रसारले भने मुलुकमा ठूलै परिवर्तन भएको भान हुदै गएको छ। हुनु पर्ने काम भएको छैन। नहुनु पर्ने र आफन्तलाई उकास्ने काम मात्रै हुँदाँ सर्वसाधारण चिन्तित छन्।

ENJOY DOLBY ATMOS SOUND
BIG Movies
NOW SHOWING
AAMA : 8:15 AM, 2:00 PM, 3:45 PM
SHUBH MANGAL ZYADA SAAVDHAN : 9:00 AM, 1:00 PM, 4:30 PM, 6:30 PM, 9:00 PM, THE CALL OF WILD : 10:45 AM
SENTI VIRUS : 8:30 AM, 11:00 AM, 1:30 PM, 4:00 PM, 6:15 PM, 7:30 PM
BHOOT PART ONE: THE HAUNTED SHIP : 11:30 AM, 8:45 PM
NLIC City Centre Kamalpokhari, Kathmandu
4011643/45, 01-2112233
www.bigmovies.com.np
facebook/bigmoviesnepal
Wednesday & Thursdays
At Rs. 185
* Conditions apply

QFX cinemas NOW SHOWING
For booking and updated info:
Kathmandu: 01-4442220
Narayanghat: 056-522079
Nepalgunj: 081-411330
Pokhara: 061-522630/47
Birtamode: 023-543083
Butwal: 071-541506
Biratnagar: 021-512644
qfxcinemas.com

Showing Time 8:20, 11:20, 2:20, 5:20
JAWAANI JAANEMAN
MALANG UNLEASH THE MADNESS
• Bhoot • Part one The Haunted Ship • आमा • साङ्लो
• Shubh Mangal Zyada Sabdhan • सेन्टी भाइरस • लभ डाइरिज

GUNA GROUP गुण सिनेमा हल प्रा. लि.
लभ डायरीज
• Aama • Sentivirus • Sanglo • Love Diaries
• Selfy King • Suva Mangal Jyada • Savdhan • Bhoot

तपाईको आज

मेष	यात्रामा सफल	तुला	विद्यामा सफलता
वृष	कार्य सिद्धि	वृश्चिक	आलस्यता
मिथुन	पुण्य आर्जन	धनु	पराक्रम बढ्ने
कर्कट	अस्वस्थता	मकर	धन आर्जन
सिंह	मित्र भेट	कुम्भ	भाग्य वृद्धि
कन्या	रोग भय	मीन	केही लाभ

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल फागुन १२ गते सोमबार तदनुरुप २४ फरवरी २०२० फाल्गुन शुक्लपक्ष प्रतिपदा तिथि रात्रिको ९:५१ बजेसम्म उप्रान्त द्वितीया तिथि, शतभिषा नक्षत्र दिनको ३:२४ बजेसम्म उप्रान्त पूर्वाभाद्रपदा नक्षत्र, शिव योग प्रात: ७:३२ बजेसम्म उप्रान्त सिद्ध योग, किंस्तुघ्न करण प्रात: ८:५४ बजेसम्म उप्रान्त बब करण, कुम्भ राशिमा चन्द्रमा।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	भजन
७:००	कान्तिपुर समाचार
७:३०	गुडमर्निङ नेपाल
८:००	कान्तिपुर न्युज
८:३०	इट्स माई सो (रिपिट)
९:००	कान्तिपुर समाचार
९:३०	फिल्म ठनिक (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	हियर्ज टू लाइफ (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	हृवाट द फ्लप (रिपिट)
१:३०	सुमनसँग (रिपिट)
२:००	कान्तिपुर समाचार
२:३०	रजतपट (रिपिट)
३:००	इट्स माई सो (रिपिट)
४:००	कान्तिपुर समाचार
४:३०	हियर्ज टू लाइफ (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्युज
६:३०	बलियो घर (रिपिट)
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	हृवाट द फ्लप
१०:००	बलियो घर (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपोटेड
१:००	कान्तिपुर न्युज रिपोटेड
१:३०	बलियो घर (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट १)
२:३०	हिअर्ज टू लाईफ (रिपिट)
३:००	कल कान्तिपुर रिपोटेड
४:००	हृवाट द फ्लप (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

०५:००	भक्ति अनुष्ठान (अच्युत सुवेदी)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०७:३०	अपांग आवाज (डीएचआरसी नेपाल)
०८:००	डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	वीस चू अल द बेस्ट (महेश)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	सफर (राजेश)
१०:००	स्पोर्टस् डायरी
१०:०५	फुल अन (दीपाञ्जली)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	आजका नारी (रस्मिला)
१२:००	कान्तिपुर डायरी
१२:१०	न्यू रिलिज (महेश)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	के छ नेपाल (स्मीता)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	के छ नेपाल (स्मीता)
१५:००	कान्तिपुर डायरी
१५:१५	हेल्थमा पृथ्वी (रिता राई)
१६:००	हेल्थ एन्ड ब्युकेसन डायरी
१६:०५	स्वर (किरण)
१७:००	डिस्ट्रिक्ट डायरी
१७:०५	साथीसँग मनका कुरा
१७:१५	बाल गीत
१८:००	म्याजेज अफ इटर्नल किंडम
१८:३०	कान्तिपुर डायरी
१९:००	न्युजिक बक्स (दीपाञ्जली)
२०:००	सेक्युरिटी एन्ड क्राइम डायरी
२०:०५	चार्ट बस्टर (महिमा)
२१:००	कान्तिपुर डायरी
२१:१५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेनी
२२:००	साझा सवाल
२३:००	गजल (शुभ)
००:००	चार्ट बस्टर (रिपिट)
०१:००	यात्रा जीवनको (दिनेश/अम्बिका/शुभ)
०२:००	नेपाली गीतहरु लगातार
०३:००	हिन्दी गीतहरु लगातार
०८:००	भजनहरु लगातार

अस्पताल र विविध

दमकल
विराटनगर ०२१-४२०००
इटहरी ०२४-५८०१०१
धरान ०२५-५२०१९९
इनरुवा ०२४-५६०१०१
दमक ०२३-५८०१०१
भद्रपुर ०२३-५१०१०१
धनकुटा ०२९२०६९२०१
कोशी अञ्चल अस्पताल विराटनगर ५३०१०३/५२४२३८
मेची अञ्चल अस्पताल, भद्रपुर ०२३-५२००२४
वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ०२४-५२५५५५
रक्तसञ्चार केन्द्र, विराटनगर ०२१-५२३३२६
विराटनगर आँखा अस्पताल ०२१-४३६३६०
रक्तसञ्चार केन्द्र, धरान ०२५-५२०९६८
एम्बुलेन्स
विराटनगर सेन्ट्रल ०२१-५३७००१
लाइफग्राई अस्पताल, विराटनगर ९७४२०४२३३३
दुबधी जेसिज, सुनसरी ०२५-५४०८३५
शव बाहन, विराटनगर ०२१-५२५८७४
प्रहरी
जिल्ला प्रहरी कार्यालय, मोरङ १००/९८५२०२६७५०
इलाका प्रहरी कार्यालय, उर्लाबारी ५४०२९०/९८५२०२०१३६
इलाका प्रहरी कार्यालय, रंगेली ५८०१३०/९८५२०२०१४४
क्षेत्रीय ट्राफिक कार्यालय, इटहरी ०२५-५८०१०५/९८५२०२०१६९/१०३

काठमाडौंका महत्त्वपूर्ण नम्बर

वीर अस्पताल	४२२१९८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
प्रसूति गृह	४२५३२०६६
ठेकु अस्पताल	४२५३३०९६
पाटन अस्पताल	५५२२२७८
भक्तपुर अस्पताल	६६१०६०६६
मानसिक अस्पताल	५५२१३३३
कान्ति बाल अस्पताल	४४१४७९८/४४२७४५२
नेपाल मेडिसिटी अस्पताल	१९३४, ४२१७०६६६, ४२१७०५५
काठमाडौं मोडेल अस्पताल	४२४०८०५/६
बी एण्ड बी अस्पताल	५५३३२०६

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१२४५/४२६१७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन	४४२८०३५
सुमेरु एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९७५१०४४५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०९४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५७५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शववाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२९३
पशुपति आर्यघाट सेवा केन्द्र	४४२२२९२
देव कर्नर नि:शुल्क सववाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	९०४/४२४६०८६
नेपाल मिटर दयावन्सी संघ	४२२४३७४

गर्भ जँचाउन दिनभर पैदल

ग्रामीण क्षेत्रमा स्वास्थ्यचौकी टाढा हुँदा गर्भवतीहरु जचाउँन जाँदैनन्

राजबहादुर शाही (मुगु)
तुलाराम पाण्डे (कालीकोट)



कालीकोट अस्पतालमा बच्चालाई खोप लगाउन आएका सुत्केरी आमा । *तस्विर : तुलाराम/कान्तिपुर*

मुगुको सोरु गाउँपालिका तीन वडामा प्रसूति गृह छैनन् । गर्भ जाँच गराउनुपर्दा महिलाले दिनभर पैदल यात्रा गरेर नाथर्पु स्वास्थ्यचौकी पुग्नुपर्छ । सोरु-३ को भीई, ४ को लिब्र, रावलबाडा, भादगाउँ, फोत, ५ नम्बर वडाको नेर र ताँजागाउँबाट नाथर्पु पुग्न एक दिन पूरै पैदल यात्रा गर्नुपर्छ ।

धेरै टाढा पुग्नुपर्ने भएकाले यी पहाडी ग्रामीण क्षेत्रका धेरै महिलाले गर्भ जाँच गराउँदैनन् । स्वास्थ्यचौकीमा प्रसूति हुन आउनेको संख्या पनि निकै कम छ । 'एक त स्वास्थ्यचौकी टाढा, त्यसमा पनि गर्भवतीको स्वास्थ्य अवस्था,' स्थानीय कमला मल्लले भनिन्, 'गर्भ जाँचकै लागि ज्यानकै जोखिम मोलेर दिनभरि को हिँडोस् ।'

भीई गाउँकी स्वास्थ्य स्वयंसेविका चन्दा बुढाले एक्लै दिनभर हिँड्नुपर्ने बाध्यताले गर्भवती महिलालाई सास्ती भएको बताइन् । 'एकै दिन गएर गर्भवती महिलाले जँचाएर घर फर्कन सक्ने अवस्था हुँदैन,' उनले भनिन्, 'प्रसूतिका लागि पनि महिलाले ठूलो कष्ट बेहोर्दै आएका छन् ।' यस्ता दुर्गमका गाउँबाट जटिल अवस्थाका गर्भवतीलाई सुविधा सम्पन्न अस्पतालमा पठाउन हेलिकप्टर नै बोलाउनुपर्ने अवस्था रहेको उनले बताइन् । भौगोलिक विकटताका कारण गाउँका करिब ७५ प्रतिशत महिला घरमै सुत्केरी हुन्छन् ।

भीई गाउँका गर्भवती महिलाले नाथर्पु पुगेर अर्को दिन गर्भ जाँच गराउँछन् । उनीहरूले गर्भ जाँचकै लागि तीन दिनको समय छुट्याउनुपर्ने बाध्यता रहेको भीईको गुरु मावित्रका प्रधानाध्यापक उमेर बुमीले बताए । 'प्रसूति गृह नजिकै नहुँदा गर्भवतीलाई साह्रै कष्ट छ,' उनले भने, 'गाउँमा प्रसूति गृह निर्माणका लागि पटकपटक आग्रह गरिए पनि अझै सुनुवाइ भएन ।' उनका अनुसार फोतु, रावलबाडा, नेर र ताजा गाउँका महिलाले पनि प्रसूतिका समयमा उचित स्वास्थ्योपचार सुविधा पाएका छैनन् । यातायात सुविधा नभएका गाउँबाट गर्भ जाँच गर्न पठाइएका कतिपय महिला हिँडाइको थकानले घर आइपुग्दा बिरामी पर्छन् । घरमा सुत्केरी हुन नसकेका गर्भवतीलाई काठको स्ट्रेचर बनाएर दिनभरि बोकेर नाथर्पु पुऱ्याउने गरिएको छ ।

स्वास्थ्यचौकी नपुग्नेहरू गर्भवतीका लागि सरकारले उपलब्ध गराउने खोप र यातायात खर्चबाट पनि वञ्चित हुने गरेका छन् । नियमित रूपमा गर्भ जाँच गराउने महिलालाई सरकारले आठ सय, प्रसूति गृहमा सुत्केरी हुनेलाई तीन हजार र पोषणबापत तीन हजार रुपैयाँ दिने गरेको छ । गर्भावस्थामा दैनिक आइरन चक्की सेवन गर्नुपर्ने भए पनि दुर्गममा औषधि वितरणको व्यवस्थापन अझै हुन सकेको छैन ।

भीई गाउँमा प्रसूति गृह सञ्चालनका लागि प्रदेश सरकार र विभिन्न गैरसरकारी संस्थालाई अनुरोध गरिएको सोरु गाउँपालिका अध्यक्ष लोकबहादुर शाहीले बताए । 'गाउँपालिकाको आफ्नै भरपर्दो स्रोत छैन,' उनले भने, 'माथिल्ला सरकारबाट आउने अनुदान शीर्षकै तोकिएर आउँदा समस्या छ ।' जिल्ला स्वास्थ्य कार्यालय मुगुले भने जिल्लाका नौ स्थानमा बर्थिङ सेन्टर स्थापना गरिएको जनाएको छ । चार स्थानीय तहका ४५ वडालाई सुविधा दिन मानव अधिकार तथा वातावरण विकास केन्द्रले ११ वटा प्रसूति गृह निर्माण गरेको छ । प्रसूति गृह नभएका बस्तीका महिला गर्भ जाँच, खोप, उपचार र प्रसूति सेवाबाट वञ्चित रहेको अवस्था अझै नहटेको जिल्ला अस्पतालकी डा. मीना चौलागाईले बताइन् । 'हरेक वडामा कम्तीमा एउटा प्रसूति गृह स्थापना भए गर्भवतीले अकालमा ज्यान गुमाउनुपर्ने थिएन,' उनले भनिन् ।

चौथो पटकको गर्भ जाँच न्यून

कालीकोटको खाडाचक्र-११, जिम्जेडीकी १८ वर्षीया मिन्का लुवार सात महिनापछि पहिलोपटकको गर्भ जाँच गराउन गत शुक्रबार बदालकोटको स्वास्थ्य इकाई पुगिन् । उनीसँगै स्वास्थ्यचौकी पुगेकी १९ वर्षीया कमला लुवारको पेटमा पनि सात महिनाको बच्चा छ । उनीहरू दुवैले धनुष्टंकार र भ्यागुते रोगविरुद्धको खोप बल्ल लगाउन पाए । पहिले दिनभरि हिँडेर जिम्जेडी, बदालकोटलगायत ठाउँका गर्भवती महिला सदरमुकाम मान्मस्थित जिल्ला अस्पताल पुग्थे । गत वर्ष खाडाचक्र नगरपालिकाले गाउँमै अस्थायी स्वास्थ्यकर्मी भर्ना गरेर इकाई स्थापना गरेको छ । तर पहिल्यैदेखि जँचाउन र खोप लगाउनुपर्ने चेतना अभावमा गर्भवतीहरू इकाईमा पुग्दैनन् । चालु वर्षको सात महिनामा ११ नम्बर वडामा पर्ने बरातु, बदालकोट, रेंगिल र जिम्जेडी बस्तीमा १६ शिशु जन्मिए । तर चार जनाले मात्र इकाईबाट प्रसूति सेवा लिएको अनमी यमुना शाहीले बताइन् । 'गाउँबाट स्वास्थ्यचौकीसम्म आउने बाटो पनि अप्ठेरो छ,' उनले भनिन्, 'नर्मल डेलिभरीको अवस्थामा घरमै बच्चा जन्मन्छन्, अप्ठेरो परेपछि मात्र गर्भवतीलाई आफन्तले यहाँ ल्याउँछन् ।'

जिल्ला अस्पतालमा गर्भ जाँच गराउन पुग्नेमध्ये ९० प्रतिशत महिलाले घरमा बच्चा जन्माउँदैनन् । उक्त अनुपातमा ग्रामीण क्षेत्रका महिलाको भने स्वास्थ्यचौकी पुग्ने दर निकै न्यून छ । 'हिँड्न सक्नेलाई २/३ घण्टाको बाटो भए पनि गर्भवतीलाई स्वास्थ्यचौकी पुग्न दिनभरि लाग्छ,' महिला स्वास्थ्य स्वयंसेविका समाजकी अध्यक्ष लालचन्ना पाण्डे भन्छिन्, 'भीर-पहरामा उकालो-ओरालो हिँड्नुपर्छ । स्वास्थ्यकर्मी घरमै पुगेर गर्भ जाँच सेवा दिन सके सुत्केरी गराउन चौकीमा ल्याउनेको संख्या बढ्न सक्छ ।' भत्ताका कारण स्वास्थ्य संस्थामा सुत्केरी हुन आए पनि जाँच गराउनेको संख्या न्यून रहेको खाडाचक्र नगरपालिकाका स्वास्थ्य संयोजक रवीन्द्र सेजुवालले बताए । 'अझै पनि ३० प्रतिशत महिलाले घरमै बच्चा जन्माउँछन्,' उनले भने । माल्कोट स्वास्थ्यचौकीकी अनमी मीठु बटालाले साउनयता ७३ जनाले प्रसूति सेवा लिए पनि गर्भ जाँच गराउनको संख्या ३६ मात्र रहेको बताइन् । उनले भनिन् 'सुत्केरी भइसकेपछि जाँच गराएकाको संख्या पनि सात महिनामा २० जनामात्रै छ ।'

स्युना चौकीमा एक सय २७ जना सुत्केरी भए पनि ८६ जनाले मात्र गर्भ जाँच गराएका थिए । जिल्ला स्वास्थ्य व्यवस्थापन कार्यालयका प्रमुख डा. भीष्म पोखरेल भन्छन्, 'चेतना कमी र भौगोलिक विकटताका कारण गर्भ जाँच गराउनेको संख्या न्यून भएको हो ।' जिल्लामा चारपटक गर्भ जाँच गर्ने महिलाको संख्या ६४ प्रतिशत मात्र छ । प्रसूति हुन स्वास्थ्य संस्थामा पुग्नेको संख्या भने ९० प्रतिशत रहेको उनले दाबी गरे । गत वर्ष गर्भ जाँचको संख्या जिल्लाभरि ५३ प्रतिशत थियो । गत वर्ष पलातामा ४८, पचालझरनामा ७६, रास्कोटका ८८, सान्नीत्रिवेणीकी ६३ र नरहरिनाथमा ६९ प्रतिशत महिलाले गर्भ जाँच गराएको तथ्यांक छ । त्यस्तै खाडाचक्रकी ४५, तिलागुफामा ७७, महावैका ४९ र शुभकालिकामा ६१ प्रतिशतले गर्भ जाँच गराएका थिए ।

छोटकरी

बिनामास्क भारत पस्न रोक

कञ्चनपुर (कास)- नोवल कोरोना भाइरसको संक्रमण रोकथाम गर्न भारतीय पक्षले सीमा क्षेत्रको आवागमनमा कडाइ गरेको छ । भारतीय सुरक्षाकर्मी र स्वास्थ्यकर्मीको टोलीले सीमा क्षेत्रमा संयुक्त स्वास्थ्य जाँच सुरु गरेको हो । एसएसबीले पश्चिमी नाका गड्डाचौकीबाट मास्कबिना भारत पस्न रोक लगाएको छ । 'मास्क नलगाई गएकालाई नाकाबाटै फर्काउन लागेको छ,' महेन्द्रनगरका व्यवसायी नारायण साउदले भने, 'नेपालबाट भारततर्फ जानेलाई कडाइ गरिएको हो ।' ब्रह्मदेव, गड्डाचौकी र दोधारा, चाँदनी क्षेत्रमा एसएसबीले स्वास्थ्य जाँचमा कडाइ गरेको हो । साउदका अनुसार सीमा क्षेत्रमा भारतीय सुरक्षाकर्मीसँगै बसेका स्वास्थ्यकर्मीको टोलीले रुघाखोकी लागेका तथा शंकास्पद व्यक्तिको जाँच गर्नुका साथै परामर्श दिने गरेका छन् । सशस्त्र प्रहरीको बीओपीका इन्चार्ज प्रहरी निरीक्षक रामसिंह भण्डारीले भने भारत तथा नेपाल दुवैतर्फ आउजाउ गर्नेलाई कडाइ गरिएको बताए । गड्डाचौकीको नागरिक सहायता कक्षका कर्मचारी नायब सुब्बा दानसिंह बोहराका अनुसार शुक्रबारदेखि सीमामा थप कडाइ गरिएको हो । उनका अनुसार एसएसबीले मास्क अनिवार्य गरेपछि सीमावर्ती बजारमा यसको कालोबजारी पनि हुन थालेको छ ।

बम निष्क्रिय गर्दा घरमा क्षति

धनगढी (कास)- बाजुरा सदरमुकाम मार्तडीस्थित जिल्ला प्रहरी कार्यालयको छेवैमा रहेको गैरसरकारी संस्था 'पिसविन' परिसरमा शनिबार भेटिएको प्रेसर कुकर बम निष्क्रिय पार्ने क्रममा विस्फोट हुँदा क्षति पुगेको छ । नेपाली सेनाको बम डिस्पोजल टोलीले निष्कृय गराउने क्रममा कार्यालयका सामग्री र घरमा क्षति पुगेको बाजुरा प्रहरीले जनाएको छ । कार्यालय भाडाको घरमा सञ्चालनमा छ । घरधनी धर्म रोकायाका अनुसार पक्की घर चर्किएको छ भने झ्याल, ढोकाका सिसा सबै फुटेका छन् । 'घरमा ६ लाख बढीको क्षति भएको छ,' रोकायाले दाबी गरे । शुक्रबार साँझै पीसविनका कर्मचारीहरूले कालो झोलाभित्र राखेको वस्तु देखेका भए पनि वास्ता गरेका थिएनन् । उनीहरूले शनिबार बिहान मात्रै प्रहरीलाई खबर गरेका हुन् । प्रहरीले बम रहेको अनुमान गरेपछि मार्तडीस्थित सेनाको गुल्ममा खबर गरेको थियो । बाजुराका प्रमुख जिल्ला अधिकारी गंगाप्रसाद न्यौपानेले भेटिएको स्थानबाट बमलाई यताउता सार्न नमिल्ने भएकाले सेनाले त्यहीं निष्क्रिय पार्दा क्षति भएको बताए । उनले घरमा भएको क्षतिको मूल्यांकन गर्न प्रतिनिधि खटाइएकाले सबै विवरण नआइसकेको जनाए । बम कसले राखेको हो भन्ने अनुसन्धान भइरहेको उनको भनाइ छ ।

मकैको बिहे !

कान्तिपुर संवाददाता (गोरखा)

जैसी (ज्योतिषी) ले निकालेको साइत शुभ भएको र सबै गाउँले भेला हुनैपर्ने भन्दै कटुवालले गाउँभरि घोक हाल्दै निम्तो बाँडे । धार्चे गाउँपालिका-४, लाप्राकवासीलाई मकैको बिहेको चटारो सुरु भयो । बुधबार अपराह्न ४ बजे मनिडाँडामा मकैको घोगो गाडियो । यहीं मकैको बिहे हुँदै थियो ।

बिहीबार बिहानको साइतमा उक्त मकै मनिडाँडाबाट निकालियो । गाडिएको मकै नभिक्दासम्म भुट्न, गाउँमा होहल्ला, खनजोत गर्न, जाँतो चलाउन र लुगा धुनसम्म पाईदैन । बिहानै ठूलो आँगन (लाप्राकको पुरानो गाउँ) मा भेला भएका स्थानीय दुई समूहमा बाँडिए- बेहुला पक्ष र बेहुली पक्ष ।

बेहुली पक्ष एक घण्टाको पैदल दूरीमा रहेको पुराडाँडा पुग्यो । बेहुला पक्ष गाउँमै बसेर डोली सिँगार्न थाल्यो । करिब ११ बजेतिर जन्ती गाउँ परिक्रमा गर्दै बेहुली लिन पुरातर्फ हिँडे । उनीहरूलाई बेहुली पक्षले चौतारा नजिकै रोके र खाजा बाँडे । 'भुटेको मकै खाजाका रूपमा दिइन्छ, नभुटेको मकै बीउ राखिएको डालीमा मिसाइन्छ,' स्थानीय बिसबहादुर गुरुङले भने । त्यसरी आएका जन्तीबाट बेहुली पक्षले केही पैसासमेत लिए । 'जन्तीले केही पैसा दिएपछि छाड्ने गछौं,' उनले मकैको बिहे गर्ने परम्परावारे सुनाए ।

बेहुला पक्ष पुराडाँडा पुगेपछि बेहुली फकाउन थाले । बिहानै पुगेको बेहुली पक्षले त्यहाँ छेस्काहरूले बारेर घर बनाएका थिए । जन्ती पुगेपछि बेहुली पक्षले 'सम्पत्ति कति छ, छोराले कति पढेको छ' भन्दै सोधीखोजी गरे । अनेक तवरले फकाएपछि अन्ततः केटी पक्ष विवाहका लागि राजी भयो ।

मकैको बिहेमा अविवाहित केटाकेटीलाई प्रतीकात्मक बेहुलाबेहुली बनाइएको थियो । डोलीमा बोकेर लैजानुपर्ने भएकाले बेहुलाबेहुली प्रायः १०/१२ वर्ष उमेरका छान्ने गरिन्छ । 'यो पहिलेदेखि चलिआएको चलन हो,' उनले भने ।

बेहुली लिएर आएका जन्तीले बाजा बजाउँदै गाउँ परिक्रमा गरे । बिहेका दिन स्थानीयले सामूहिक रूपमै केही मकै जम्मा गरेका थिए । त्यसपछि उक्त मकैलाई सुनपानी, गाईको गोबर पानीले चोख्याइयो । यति गरेपछि साँझ घाटु नाचेर यो वर्षको मकै बिहे समापन गरिएको गुरुङले बताए ।

लाप्राकमा धान खेती हुँदैन । यहाँको मुख्य खाद्य बाली मकै हो । मकै छर्ने बेला यसरी बिहे गर्दा उब्जनी राम्रो हुने विश्वास रहेको अर्का स्थानीय राज गुरुङ बताउँछन् । 'यो प्रकृति पूजा हो,' उनले भने । यो परम्परा १६ औं शताब्दीबाट सुरु भएको स्थानीयको अनुमान छ । 'असिनापानीले बालीलाई असर नगरोस्, राम्रो फलोस्, किरा नलागोस् भनेर पूजा गरिन्छ,' उनले थपे ।

मन्दिरमा दलितलाई विभेद



बाँकेको बैजनाथ गाउँपालिका-१, चिसापानीमा शिवरात्रिका अवसरमा लागेको मेलामा प्रसाद तयार गरिँदै । *तस्विर : कान्तिपुर*

रूपा गहतराज (नेपालगन्ज)

मन्दिरको चारैतिर तारबार लगाइएको छ, बीचमा मान खोला । यहाँ शिव र कालीका मन्दिर छन् । मन्दिरमा राखिएका शिव र कालीका मूर्तिमा पूजा गर्न सबै समुदायलाई छुट छैन ।

बाँकेको बैजनाथ गाउँपालिका-१, चिसापानीमा रहेको शिव र काली मन्दिरमा दलित समुदायलाई प्रवेश गर्न दिइँदैन । शुक्रबार शिवरात्रि मेलामा पनि दलित महिलाले उही समस्या भोग्नुपऱ्यो । गाउँकै अन्य महिला प्रसाद बनाउन, टपरी गाँस्न व्यस्त हुँदा दलित महिला भने मेलामा सहभागीसम्म पनि हुन पाएनन् ।

शिवरात्रि मेलामा सघाउन र प्रसाद ग्रहण गर्न पुगेकी लक्ष्मी सार्कीले मन्दिर परिसरमा राखिएको गुन्द्रीमा बस्नसमेत नदिइएको गुनासो गरिन् । 'प्रसाद लिन जाँदा बस्न पनि दिएनन्,' उनले भनिन्, 'न काम गर्न नै दिइयो, मन्दिरमै भएको विभेदको व्यवहारले सारै अपमानित महसुस गर्नु पऱ्यो ।' यस्तो विभेद पहिलोपटक भने नभएको उनले बताइन् । मन्दिरमा गत वर्ष महायज्ञ लगाएका बेला पनि उनलाई यस्तै व्यवहार गरिएको थियो । सबैलाई टीका लगाइदिने पण्डितले आफूलाई लगाउने बेला टीकाको थाली र सामग्री भूइँमा राखेर लगाइदिएको उनले स्मरण गरिन् ।

मन्दिरमा हुने हरेक धार्मिक कार्यक्रममा दलित समुदायलाई विभेद गर्ने गरिएको स्थानीय चन्द्रा सुनार बताउँछिन् । गाउँका सबै दिदीबहिनी जम्मा भएर काम गर्दा आफूहरू टाढै बस्नुपर्ने बाध्यता रहेको उनले दुखेसो पोखिन् । 'मन्दिरमा हुने कुनै पनि धार्मिक काममा हाम्रो सहयोग लिँदैनन्,' उनले प्रश्न गरिन्, 'भगवान्ले पनि दलित र गैरदलित छुट्याउँछन् र ?' शुक्रबार शिवरात्रिको अवसरमा मन्दिरमा शिवको मूर्ति स्थापना गरियो । त्यसमा स्थानीय दलित समुदायले पनि क्षमताअनुसार दूध, चामल चढाउन चाहे पनि पुजारीले नलिएको उनको गुनासो थियो । सुनारका अनुसार कथित माथिल्लो जातका स्थानीयबाट संकलन गरिएको दूध र चामलबाट खीर बनाएर प्रसादका रूपमा वितरण गरिएको थियो ।

वडाध्यक्ष रूपबहादुर मल्लले गाउँमा रहेको विभेदलाई अन्त्य गर्ने प्रयासमा रहेको बताए । उनले सकेसम्म सबै समुदायलाई सहभागी गराउने गरी सहमति र सहकार्यमा काम गर्ने गरिएको दाबी गरे । 'हामीले सहज गराउने प्रयास गर्दै छौं,' उनले भने, 'तर अझै पनि कतिपयमा पुरानो सोच र संस्कार रहेकाले त्यसलाई पनि बिस्तारै चिर्दै छौं ।' उनले सबै समुदायलाई समान रूपले सहभागी गराउने गरी समितिबाट निर्णय नै गराएको जनाए ।

मन्दिर व्यवस्थापन समिति समावेशी नबनाइएको दलित समुदायको गुनासो छ । ११ सदस्यीय समितिमा दलित समुदायको प्रतिनिधित्व नै छैन । मन्दिर व्यवस्थापन समितिका अध्यक्ष निलबहादुर क्षत्रीले मन्दिर पुरानो भएकाले समिति पनि पुरानो नै भएको जिकिर गरे । 'अब समिति पुनर्गठनका बेला समावेशी बनाउने छौं,' उनले भने, 'नयाँ पुस्ताको सोचलाई पनि मन्दिर सुधारमा सहभागी गराउने प्रयास हुनेछ ।'

पाँच बिघामा रहेको मन्दिर संरक्षणका लागि गाउँपालिकाले पनि सघाएको छ । गत वर्ष लगाइएको महायज्ञबाट उठेको ६ लाख रुपैयाँमा गाउँपालिकाले थप ६ लाख रुपैयाँ सहयोग गरेको थियो । त्यसले मन्दिर पुनर्निर्माणसँगै तारबार र संरक्षणका अन्य काम गरिएको व्यवस्थापन समितिले जनाएको छ ।



दिदीबहिनी कपमा सरस्वती सर्वोत्कृष्ट । १५

'चार सय चालिसको बिजुली' दर्शकमाझ । ९



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित



वर्ष २८ अंक ५ जनकपुर | ११ फागुन २०७६ आइतबार फाल्गुण कृष्णपक्ष औंसी | नेपाल संवत् ११४० | प्रदेश २ संस्करण | KANTIPUR, Nepali National Daily, Sunday, February 23, 2020 | पृष्ठ १२+४+८ | १० रुपैयाँ



प्रधानमन्त्री केपी शर्मा ओलीको जन्मघर तेह्थुमको आठराई गाउँपालिका-४ इवाको तीनसल्लेमा शनिबार सुरक्षा दिन पुगेका सशस्त्र प्रहरी । १२ वर्षको उमेरमा छाडेको यही घरमा ओलीले आइतबार आफ्नो ६९ औं जन्मदिन मनाउने कार्यक्रम छ । समाचार पृष्ठ २

तस्बिर : चन्द्र कार्की/कान्तिपुर

भित्र

समाचार । २
विदेशीलाई भिसा र श्रम स्वीकृति निःशुल्क

समाचार । ३
अन्तःशुल्क स्टिकरको स्टक सर्किँदै

अर्थ वाणिज्य । ११



सरकारले लिएपछि बूढीगण्डकीमा अवैध उत्खनन

कोरियामा कोरोना त्रास

थेगु सहरमा मात्रै २ सय २९ संक्रमित, जहाँ करिब ७ हजार नेपाली छन्

गोकुल थोकर (सोल)

दक्षिण कोरियाको राजधानी सोलदेखि ३ सय किलोमिटर दक्षिणको ख्याङसान क्षेत्रमा पर्छ थेगु सहर । यही सहरमा काम गर्ने आङपासाङ शेर्पा केही दिनयता निकै बेचैन छन्, कारण सहरमा फैलिइरहेको कोरोना भाइरसको संक्रमण ।

कोरियाको चौथो ठूलो सहर थेगुमा विभिन्न कम्पनीहरू छन् । कामका लागि कोरिया पुगेका विभिन्न देशका कामदारको यहाँ उल्लेख्य उपस्थिति छ । तर थेगुमा केही दिनयता ह्वात्तै फैलिएको कोरोना संक्रमणका कारण ती कामदार त्रासमा बसिरहेका छन् ।


थेगुमा शनिबार मात्रै २ सय २९ जनामा भाइरसको संक्रमण पुष्टि भएको छ । योसँगै कोरियामा कोरोना संक्रमितको संख्या ४ सय ३३ पुगेको छ । थेगु नजिकैको छाङदोको छाङदो थेनाम अस्पतालमा दुई जनाको मृत्यु भएको छ भने ९ जना अस्पतालका कर्मचारी र १ सय २ जना भाइरसबाट संक्रमित भएका छन् । थेगु र छाङदोमा मात्रै ३ सय ५३ संक्रमित छन् ।

भाइरसको संक्रमण फैलिएपछि थेगु आसपासका कम्पनीले कामदारलाई बाहिर निस्कन प्रतिबन्ध लगाएका छन् । थेगुमा झन्डै २५ लाख मानिस बसोबास गर्छन् । थेगु र आसपासका क्षेत्रमा ७ हजार नेपाली ईपीएसमार्फत काम गरिरहेका छन् । भाइरसको संक्रमण बढ्दै जाँदा सहरमा दैनिक उपभोग्य सामानको अभाव हुन थालेको थेगुमै काम गरिरहेकी पार्वती वाइबाले बताइन् । 'हामी आज धेरै दिनपछि तरकारी किन्न निस्किएका थियौं । भनेजस्तो सामान नै नपाउने । पाउरोटीहरू पनि छैनन् । जे भेट्टायो त्यही लिएर आयौं । पहिलाजस्तो बजारमा सामान नै छैन,' उनले गुनासो गरिन् । **बाँकी पृष्ठ १४**

बाँस्कोटामाथि छानबिनबारे मतभेद



'उहाँले राजीनामा दिएर बाटो खुला गर्नुभएको छ, संसद्, सीआईबी र अख्तियारले छानबिन गरून्'



'प्रश्न उठिसकेपछि पार्टीभित्र पनि एक किसिमको विषय बन्नुपर्छ, यसलाई छलफलको विषय बनाऔं'

बिनु सुवेदी (काठमाडौं)

सेक्युरिटी प्रेस खरिदसम्बन्धी कमिसन विवादमा मुछिएपछि राजीनामा दिएका सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बाँस्कोटामाथि पार्टीले पनि छानबीन गर्ने कि नगर्ने भन्नेबारे नेकपाका दुई अध्यक्षबीच मतभेद भएको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा शनिबार बसेको नेकपा सचिवालय बैठकमा बाँस्कोटाले ७० करोडको डिल गरेको अडियो प्रकरणबारे राज्यले मात्रै छानबिन गर्ने कि पार्टीले पनि गर्ने भन्नेबारे दुई अध्यक्षबीच मत बाझिएको हो ।

'शनिबारको बैठकमा दुई एजेन्डा थिए,' नेकपा सचिवालय स्रोतले भन्यो, 'पहिलो एमसीसी अध्ययनसम्बन्धी कार्यदलका संयोजक झलनाथ खनालले कार्यदलको प्रतिवेदन प्रस्तुत गर्ने र दोस्रो गोकुल बाँस्कोटा प्रकरणबारे छलफल गर्ने । दोस्रो विषयमा नेताहरूबीच चर्काचर्की नै भयो ।'

कमिसन डिल गरेको अडियो सार्वजनिक भएपछि बाँस्कोटाले राजीनामा दिएको प्रधानमन्त्रीले बैठकलाई जानकारी गराएका थिए । लगत्तै अर्का अध्यक्ष दाहालले बाँस्कोटाबारे धेरै प्रश्न आएकाले यसलाई पार्टीमा छलफलको विषय बनाएर छानबिन गर्नुपर्ने बताएका थिए । 'प्रश्न उठिसकेपछि पार्टीभित्र पनि एक किसिमको विषय बन्नुपर्छ, यसलाई छलफलको विषय बनाऔं,' दाहाललाई उद्धृत गर्दै स्रोतले भन्यो । दाहालको भनाइमा वरिष्ठ नेताहरू झलनाथ खनाल र माधवकुमार नेपाल, उपाध्यक्ष वामदेव गौतम तथा सचिवालय सदस्य रामबहादुर थापा सहमत देखिए । तर प्रधानमन्त्री ओलीले बाँस्कोटाको विषय सरकारको कुरा भएको र अहिले विभिन्न निकायले छानबिन गरिरहेको भन्दै त्यसलाई बैठकमा तन्काउन नहुने बताएका थिए ।

'अध्ययन र छानबिनका लागि उहाँले राजीनामा दिएर बाटो खुला गर्नुभएको छ, संसद्, सीआईबी, अख्तियारजस्ता निकायले छानबिन गरून् भन्नुभएको छ,' ओलीलाई उद्धृत गर्दै स्रोतले भन्यो, 'त्यो विषयमा अरू कुरा गरेर के अर्थ हुन्छ र ?' ओलीको भनाइमा सचिवालय सदस्य ईश्वर पोखरेलले सहमति जनाए भने महासचिव विष्णु पौडेल मौन बसे । **बाँकी पृष्ठ १४**

एमसीसी संशोधन पक्षमा अधिकांश

अध्यक्षद्वयले एजेन्डा प्रस्तुत गरेपछि एमसीसी अध्ययन कार्यदलका संयोजक खनालले ३३ पृष्ठ लामो अध्ययन प्रतिवेदनको सार प्रस्तुत गरेका थिए । 'मैले बैठकमा अध्ययन प्रतिवेदनको ब्रिफिङ गरेको छु, एमसीसी सम्झौता जस्ताको त्यस्तै अनुमोदन गर्नु हुन्न भन्ने हाम्रो निष्कर्ष हो,' खनालले कान्तिपुरसँग भने, 'दुई अध्यक्षसहित सचिवालय सदस्यहरूले अध्ययनका लागि एक-दुई दिन समय माग्नुभएको छ, कसरी जाने भन्ने निर्णय अर्को सचिवालय बैठकले गर्ला ।' अधिकांश सचिवालय सदस्यको मत एमसीसी सम्झौताका केही बुँदा संशोधन गरेर अनुमोदन गर्नुपर्छ भन्ने छ । 'प्रतिवेदनको सुझाव के-कति मान्ने या मान्दै नमान्ने भन्नेबारे निर्णय भएको छैन, आज प्रतिवेदनको कपी सबै सदस्यलाई दिइएको छ, उहाँहरूले अध्ययन गरेपछि निर्णय हुन्छ,' खनालले भने । प्रतिवेदनको एकसरो अध्ययन गरिसकेका दाहालले एमसीसी सम्झौतालाई परिमार्जनसहित अनुमोदन गरिने बताइसकेका छन् भने ओलीले पछिल्लो समय यसबारे कुनै धारणा व्यक्त गरेका छैनन् । दाहालले शनिबार नवलपुर पुगेर प्रधानमन्त्री पनि सम्झौता परिमार्जनसहित अनुमोदन गर्न तयार रहेको बताएका छन् ।

गौतमको प्रश्न

'राष्ट्रिय सभा सदस्य बनाउने कुरा कहाँ पुग्यो ?'




पृष्ठ १४

'मृत्युदण्डबाट उम्कें' अब के गर्ने ?

जनकराज सापकोटा (काठमाडौं)

उनी करिब डेढ दशकपछि घर फर्केका हुन् । एक महिना पुग्न लाग्यो तर उमेश यादवले अझै खलबलिएको जिन्दगीको लय मिलाउन सकेका छैनन् । २००६ को जुनमा वैदेशिक रोजगारीका लागि साउदी पुगेका उनले एक पाकिस्तानी नागरिकको हत्यामा मृत्युदण्डको सजाय पाएका थिए । १३ वर्षभन्दा बढी समय जेल बसे । मृतक परिवारले माफीनामा दिएपछि उनले कैद माफी पाए । गत माघ



उमेश यादव

८ मा स्वदेश फर्के । काठमाडौं ओर्लेको पाँच दिनपछि जनकपुर पुगेका उनले त्यसयता प्रत्येक दिन अनौठोसँग बिताइरहेका छन् ।

उमेशलाई परिवारसँगको साथ छुट्टेका दिन भेटिएजस्तो भइरहेको छ । नहोस् पनि किन, २४ वर्षको उमेरमा साउदी हान्निँदा ठूलो छोरा कमलेश तीन वर्ष र कान्छो जितेष १७ दिनका मात्रै थिए । १३ माघमा उनलाई लिन जनकपुरस्थित विमानस्थलमा पत्नी, छोराहरू र आफन्त माला लिएर आएका थिए । बुबाको उपस्थितिविना १५ वर्ष बिताएका जेठा छोरा कमलेशले कान्तिपुरसँगको कुराकानीमा धेरैपछि बुबालाई देख्दा आफ्नो आँखा आँसुले भरिएको सुनाए । उनले भने, 'मलाई त सानैमा बुबालाई देखेको धमिलो सम्झना थियो तर भाइले त बुझ्ने भएर पहिलोपटक बुबा देखेको थियो ।'

धनुषाको माचीभिटकैयास्थित घरमा कुरिरहेका वृद्ध बाआमासँग केही समय बिताएर अहिले उमेश धनुषाकै महेन्द्रनगरस्थित सालोको घरमा ओत लागिरहेका छन् । उनले फेरिएको गाउँ, फेरिएको समय र हुर्किएका छोराहरूको कुरा सुनाए अनि भने, 'सबै कुरा नयाँ-नयाँ लागिरहेछ ।' नलागोस् पनि किन कामदारका रूपमा साउदी पुगेको एकाध महिनामै उनी हत्याको आरोपमा जेल परेका थिए । जेलका कोठामा करिब १४ वर्ष एक्लै-एक्लै उदासीमा बिताएका थिए ।

१८ वर्षको उमेरमा ८ कक्षा पढ्दापढ्दै भागेर भारतको गुजरातमा काम गर्न गएका उमेशको जीवनमा प्रवासी कामदारको अनुभवको हिस्सा धेरै छ । त्यसपछिका सात वर्ष उनले गुजरातमै पसिना बगाए । घर फर्केपछि बिहे गरे । दुई छोराको बुबा बने, अनि तिनैको भविष्य सम्झेर साउदी हान्निए ।

त्यतिबेला साउदी जान उनले स्थानीय साहुबाट ऋण काढेर काठमाडौंस्थित एक मेनपावरलाई एक लाख ४० हजार रुपैयाँ बुझाएका थिए । मासिक ५ सय रियाल तलबमा उनले गर्नुपर्ने काम थियो, निर्माण क्षेत्रमा दैनिक आठ घण्टा बेल्चा चलाउनु, सामान ओसार्नु तर काम सुरु गरेको १२ औं दिनमा अप्रत्याशित घटना भइदियो । **बाँकी पृष्ठ १४**





छोटकरी

सर्लाहीमा कृषि मेला



सर्लाही (कास)- किसानलाई उन्नत खेतीतर्फ आकर्षित गर्न सर्लाहीमा कृषि मेला आयोजना गरिएको छ । मेलामा आधुनिक कृषि औजार र कृषि उपज प्रदर्शनी गरिएको छ । सर्लाहीको हरिपुरमा चितायन मेलाको अवसरमा शनिवारदेखि दुई दिने कृषि मेला आयोजना गरिएको हो । मेलाको उद्घाटन गर्दै प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री शैलेन्द्रप्रसाद साहले कृषि अर्थतन्त्रमा आश्रित मुलुक भएकाले कृषि उत्पादन वृद्धि, उद्योग र बजार प्रवर्द्धन गर्न जरुरी रहेको बताए । कृषि उद्योग फस्टाउन सके घरेलु अर्थतन्त्रबाट आत्मनिर्भर बन्न सकिने उनको धारणा छ । त्यसका लागि आधुनिक कृषि प्रणाली अवलम्बन गर्नुपर्ने उनले बताए ।

कृषि ज्ञान केन्द्र मलंगवा र हरिपुर नगरपालिकाद्वारा संयुक्त रूपमा आयोजित मेलामा आधुनिक कृषि यन्त्र, प्रांगारिक मल, गड्यौलाको मल, मह, खाद्यान्न र तरकारीलगायत राखिएका छन् । जिल्लाका विभिन्न ठाउँमा उत्पादित उन्नत कृषि उपज देखेर किसानमा हौसला बढ्ने अपेक्षा राखिएको कृषि ज्ञान केन्द्रका प्रमुख राजेन्द्रप्रसाद यादवले बताए । 'परम्परागत शैलीलाई त्यागेर नयाँ प्रविधि र उन्नत जातको उत्पादनका लागि मेलाले टेवा पुऱ्याउँछ,' उनले भने, 'किसानसँग नजिक हुने मौका मिल्छ, किसानका धेरै समस्या समाधान हुन्छ ।' मेलामा बाली उपचार घुम्ती शिविर पनि राखिएको छ । शिविरमा खटिएका कृषि प्राविधिकले बालीनालीमा देखापरेका रोगकीराको स्थलगत पहिचान गरी समाधानका उपायबारे किसानलाई जानकारी गराइरहेको बाली विकास अधिकृत देवानन्द रायले बताए । आइतबारसम्म सञ्चालन हुने मेलामा सहभागीमध्ये उत्कृष्ट किसानलाई नगद तथा प्रमाण पत्रबाट पुरस्कृत गरिने केन्द्रले जनाएको छ ।

देवपुरामा धर्मशाला बन्दै

जनकपुर (कास)- जनकपुरधाम उपमहानगरपालिका-२० को देवपुरा रुपैठामा २५ लाख रुपैयाँको लागतमा धर्मशालाको निर्माण थालिएको छ । धनुषा क्षेत्र नम्बर ३ का निर्वाचित सांसद तथा राजपा अध्यक्ष मण्डलका सदस्य राजेन्द्र महतो र उपमहानगरपालिकाका मेयर लालकिशोर साहले शनिवार धर्मशालाको शिलान्यास गरे । धर्मशाला सांसद महतोको संसदीय विकास कोषबाट निर्माण भइरहेको छ ।

मन्त्रालयले रोक्यो नगरसभा

रौतहट (कास)- रौतहटको फतुवा विजयपुर नगरपालिकामा शनिबार हुने भनिएको तेस्रो नगरसभा स्थगित भएको छ । मेयर र उपमेयरबीचको द्वन्द्वका कारण संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पत्र पठाएरै परिषद् रोकेको छ । मेयर गोपालप्रसाद यादव र उपमेयर कान्तिदेवी साहबीच विवाद बढेपछि गत पुस ११ गते सम्पन्न भएको भनिएको तेस्रो नगरसभा उच्च अदालतको वीरगन्जले बदर गरेको थियो । अदालतको गत माघ ११ गतेको आदेशमा फागुन १० गते अर्को परिषद् गर्न भनिएको थियो । सोही अनुसार शनिबार परिषद्को तयारी गर्दा मन्त्रालयले रोकेको मेयर यादवले बताए । 'सरकार र मन्त्रालय उपमेयरज्यूको पार्टीको छ । यसमा मैले के भन्नु,' उनले भने, 'मिलेर जाऔं भन्दा उपमेयर मान्नु हुन्न । बहुमत सदस्यको निर्णय समेत नमान्ने ? यो त हद भयो ।' उनले मन्त्रालयको निर्देशनविरुद्ध उच्च अदालतमा अपिल गर्ने जानकारी दिए । उपमेयर कान्तिले नगरसभाको लागि प्रकाशित सूचना रद्द गरिपाऊँ भनी मन्त्रालयमा निवेदन दिएकी थिइन् । मन्त्रालयले प्रमुख प्रशासकीय अधिकृत खटिइसकेकोमा नायब सुब्बाबाट हुन लागेको नगरसभा रोक्नू भनी फागुन ८ गते पत्राचार गरेको थियो । नगरपालिकामा निमित्त प्रशासकीय अधिकृत चन्द्रकिशोर साहले कामकाज गर्दै आएका थिए । उनी सुब्बा हुन् । मन्त्रालयले अहिले उक्त नगरको प्रशासकीय अधिकृतमा उपसचिव सुरेन्द्र प्रधानलाई खटाएको छ ।

सिर्सिया खोलामा उद्योगको ढल

बेलाबेलामा विभिन्न उद्योगका पदाधिकारीलाई कारबाही गरिए पनि प्रदूषित पानी मिसाउन छाडेका छैनन्

शंकर आचार्य (पर्सा)



पर्साको सिर्सिया खोला । *तस्बिर : शंकर/कान्तिपुर*

पर्साको सिर्सिया खोलामा हेलिएर वीरगन्जका अधिवक्ता सुरेन्द्र कुर्मी पौडी खेल्न सिपालु भए । वीरगन्जस्थित रमगढवाका कुर्मीलाई सिर्सिया खोलामा अहिले पनि पौडिन मन लाग्छ । तर, उनको जाँगर खोलाको कालो न कालो पानीले मारिदिन्छ ।

बाल्यकालमा सिर्सियामा घन्टौं पौडी खेल्ने उनलाई सिर्सियाको प्रदूषित पानीले निराश बनाएको छ । त्यसैले दुई वर्षयता सिर्सिया खोला सफाइ अभियान नै थालेका छन् । त्यससँगै वीरगन्ज प्रदूषणमुक्त अभियानलाई पनि जोडेका छन् ।

सिर्सिया खोला प्रदूषणको आरोपमा गत कात्तिकमा एक छाला उद्योगका व्यवस्थापक तथा प्रबन्धक गरी दुई जनालाई प्रहरीले पक्राउ गऱ्यो । त्यसपछि खोलाको पानी सग्लिने आशा बढेको थियो । तर, त्यसको दुई साता नबित्दै खोलामा फेरि कालो पानी बग्न थाल्यो । व्यवस्थापक र प्रबन्धक नै पक्राउ परेपछि खोलामा मिसाइएको उद्योगको ढल बन्द त भयो । तर, घटना सामसुमपछि फेरि पर्सा-बारा औद्योगिक कोरिडोरका उद्योगले फोहोर पानी मिसाउन थाले ।

'सिर्सियाको पानी सफा बनाउनैपर्छ,' कुर्मीले भने, 'खोलाको पानी दूषित हुँदा समाजलाई नै असर परेको छ । आउँदो पुस्ताका लागि पनि खोला सफाइलाई निरन्तरता दिनुपर्छ ।' तीन दशकयता यो खोला प्रदूषणको चपेटामा परेको हो । खोलाको पानी मानव तथा चौपायाका लागि प्रयोगयोग्य छैन । खोलाको कालोपानीले सिँचाइ पनि सम्भव छैन । खोलामा धार्मिक परम्पराअनुसार पूजापाठ गर्न र मृत्युमा अन्त्येष्टि संस्कार गर्नसमेत अप्ठेरो छ । बाराको सिमरास्थित रामवनबाट निस्केको खोला करीब ३ किमी दक्षिण बगेपछि प्रदूषित हुन थाल्छ । वीरगन्जसम्म बग्दा त खोलाको पानी पूरै कालो भइसक्छ ।

सफाइ अभियानले पुस १७ गते वीरगन्जको घण्टाघरमा धर्नासमेत थालेको थियो । त्यसअघि हस्ताक्षर संकलन, सर्वदलीय सर्वपक्षीय भेला, प्रदूषणको कारक ५१ उद्योगविरुद्ध जिल्ला अदालतमा मुद्दा लगायतका दबाबमूलक अभियान थालिएको थियो । तर, लामो समयको जनदबाबले पनि सिर्सिया खोला प्रदूषणमुक्त हुन सकेको छैन । अभियानका सचिव वृजेश्वरप्रसाद चौधरीले सिर्सिया खोला सफाइका लागि साताभित्रै संघर्षको अर्को कार्यक्रम तय गरिने बताए ।

पर्सा-बारा औद्योगिक कोरिडोर भएर बग्ने क्रममा सिर्सिया खोलाले यहाँका उद्योगहरूबाट छोडिएको प्रदूषित पानी र रसायन लिएर भारतमा प्रवेश गर्दा भारतीय पनि आजित छन् । वीरगन्ज नजिकको भारतीय सहर रक्सौलका स्थानीयले समेत यो खोलाको प्रदूषण नियन्त्रणका लागि महाअभियान चलाएका छन् ।

गत छठ पर्वअघि सिर्सिया खोला प्रदूषणमा जिम्मेवार रहेको आरोपमा पर्सा बारा औद्योगिक कोरिडोरस्थित हिमालयन लेदर उद्योगका व्यवस्थापक चिनियाँ नागरिक लिउता छुवाङ र म्यानेजर भारत घर भई हाल मकवानपुर बस्ने तिनजुङ गुरुङ पक्राउ परेका थिए । सार्वजनिक अपराध मुद्दा चलाइएका उनीहरू त्यसपछि सामान्य धरौटी राखी मुक्त भए ।

उद्योगविरुद्ध स्थानीयले उजुरी दिएपछि उनीहरूलाई पक्राउ गरी कारबाही गरिएको थियो । बाराको जीतपुरसिमरा उपमहानगरपालिका-२३ मा रहेको उद्योगबाट निस्केको दूषित पानी वीरगन्ज महानगरपालिका-२३ चोर्नीबाट सिर्सिया खोलामा झार्ने गरिएको छ । उनीहरू पक्राउ परेको केही दिनसम्म अन्य उद्योगले खोलामा सोझै प्रदूषित पानी झार्ने साहस गरेका थिएनन् । तर दुवै रिहा भएलगत्तै सबै उद्योगले फोहोर फाल्ने कामलाई निरन्तरता दिएका छन् ।

एक दशकअघि सिर्सिया खोलाको प्रदूषणको स्रोत पत्ता लगाउन सिर्सिया नदी अनुगमन समिति गठन गरिएको थियो । समितिले आफ्नो प्रतिवेदन तत्कालीन प्रमुख जिल्ला अधिकारी नागेन्द्र झालाई बुझाएको थियो । प्रतिवेदनमा सिर्सिया खोलालाई प्रदूषित बनाउने ४८ वटा स्रोत किटान गरिएको छ । ती स्रोतमध्ये पर्सा-बारा औद्योगिक कोरिडोरका ४६ उद्योग, वीरगन्ज महानगर कार्यालय र वीरगन्ज नगर क्षेत्रमा सञ्चालित अवैध मदिरा भट्टीलाई किटान गरिएको थियो ।

प्रतिवेदनले खोला प्रदूषित बनाउने मुख्य उद्योगहरूमा छाला उद्योग, कपडा उद्योग, फुलाम उद्योग, साबुन उद्योग, घिउ उद्योग र मदिरा उद्योग रहेको दाबी गरेको थियो । हालसम्म तीमध्ये केही उद्योगले मात्र आफ्नो वाटर ट्रिटमेन्ट प्लान्ट निर्माण गरेर प्रयोग गरेका छन् । अधिकांशले अझै खोलामै प्रदूषित पानी र खरानी फाल्छन् ।

मुआब्जा विवाद सुल्झाउन समिति

शिव पुरी (रौतहट)



रौतहटमा रेलवे निर्माण क्षेत्रको मुआब्जाबारे छलफल गरिँदै । *तस्बिर : शिव/कान्तिपुर*

दुई महिनादेखि मेची-महाकाली रेलमार्गको काम नै ठप्प पारेर मुआब्जा बढाउनुपर्ने अडानमा रहेका जग्गाधनीसित छलफल गर्न वार्ता समिति गठन गरिएको छ । रौतहटमा जग्गाधनीले चलनचल्तीको मुआब्जा मागदै सर्वेक्षणमा आउने रेलवेका प्राविधिकलाई कामै गर्न नदिएपछि समिति गठन गरिएको हो ।

जग्गाधनीको अवरोधले चन्द्रपुर-८ बेतौना क्षेत्रमा रेलवेको काम रोकिएको छ । रौतहटका सांसद देवप्रसाद तिमल्सिना, नेता रामकुमार भट्टराई, प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरे, सुरक्षा निकायका प्रमुख, रेल विभागका सीडीई देवेन्द्र साह सम्मिलित समितिले मुआब्जामा झमेला झिक्दै धर्ना बसेका जग्गाधनीसित छलफल थालेका छन् । मुआब्जा निर्धारण गर्दा भएको त्रुटि सच्याउन पहल गर्ने सहमति भएको सांसद तिमल्सिनाले बताए । 'बाटो, कुलो, घर नै नभएको भनेर जग्गाको मूल्य तोकिएको छ,' उनले भने, 'जनतालाई अप्ठेरोमा पार्ने मुआब्जा निर्धारण गरिएकोले सच्याउनु पर्छ ।'

मुआब्जा निर्धारण समितिले स्थलगत अध्ययन नगरेको स्थानीयको आरोप छ । गत साउनमा वर्षाले खेतबारी डुबानमा परेको बेला परैबाट हेरेर फर्किएको र त्यसै आधारमा जग्गाको मूल्यांकन गरेको स्थानीयले बताए । रेलवेको काम अवरोध भएको स्थानमा पुगेको सरोकारवालाले स्थलगत हेरी मुआब्जा निर्धारण भएको क्षेत्रमा छुट भएको कुलो, बाटो समावेश गर्न अध्ययन जाँच गर्न प्राविधिक समिति गठन गरिएको संघर्ष समितिका उपाध्यक्ष प्रदीप बस्नेतले बताए । 'बाटो, कुलो भएको स्थान उल्लेख र चलनचल्तीको मुआब्जा कायम हुनुपर्ने नै हाम्रो माग हो,' उनले भने, 'विगतमा मुआब्जा समितिबाट भएको त्रुटिका कारण समस्या परेको हो ।' जग्गाधनीसित छलफलमा प्राविधिकसहितको समिति गठन गर्न सहमति भएपछि धर्ना स्थगित गरिएको छ । दुई दिनदेखि स्थानीयले खेतमै त्रिपाल टाँगेर धर्नामा बसेका थिए । समितिको प्रतिवेदनमा उल्लेख भएको बाटो, कुलो साबिक निर्णयमा मापदण्ड बमोजिम मुआब्जा रकम भुक्तानी गर्न रेल, मेट्रो रेल तथा मोनोरेल विकास आयोजनालाई सिफारिस गर्ने निर्णय भएको छ । समितिमा रेलवेका प्रतिनिधि, जिल्ला प्रशासन, नापी, वडाअध्यक्ष र जग्गाधनीको तर्फबाट ३ जना छन् ।

मुआब्जा विवादकै कारण रौतहटमा रेलवेको काम अगाडि नबढेको ठेकेदार कम्पनीका प्रोजेक्ट म्यानेजर अमित रिजालले बताए । 'बेतौना क्षेत्रमा काम गर्न नदिएपछि त्यसभन्दा पश्चिममा काम थालेका हौं,' उनले भने, 'मुआब्जामा सहमतिनजिक पुगिएको छ ।' रेलवेको ग्राभेल, माटो, बेस, पुल, बक्स कल्भर्ट र हरियालीका लागि लुम्बिनी, एपेक्स, थानी जेभीले ७० करोड रुपैयाँमा ठेक्का लिएको छ ।


मेची-महाकाली रेलमार्गको बर्दिबास-निजगढ खण्डको साबिक सन्तपुर र रंगपुर गाविसमा निर्माण हुन लागेको रेलमार्गको रेखांकनभित्र पर्ने जग्गाको मुआब्जा निर्धारण गएको साउन १२ गते जिल्ला प्रशासन कार्यालयमा बसेको समितिको बैठकले गरेको थियो ।

विवादले खेलकुद ठप्प

राजविराज (कास)- सप्तरी खेलकुद विकास समितिका पदाधिकारीबीचको विवादले जिल्लामा खेलकुद गतिविधि ठप्प भएको छ । समितिमा नेकपा समर्थक पदाधिकारीको बाहुल्य रहे पनि उनीहरूबीचकै मनमुटावले पछिल्लो १० महिनादेखि खेलकुद प्रतियोगिता आयोजना हुन नसकेको हो ।

२०७१ देखिको आयव्यय सार्वजनिक गर्नुपर्ने, समितिको खाता कार्यालय प्रमुख र कोषाध्यक्षको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनुपर्ने, उपाध्यक्षको नेतृत्वमा समितिका बहुमत पदाधिकारीले गरेको निर्णय कार्यान्वयन गर्नुपर्ने तथा कार्यालय प्रमुख दिनेश भुजेलको सरुवा गर्नुपर्ने लगायतका माग राख्दै तत्कालीन उपाध्यक्ष धीरेन्द्र वर्मा पक्षले समितिको मुख्य गेटमा गत जेठ ७ गते तालाबन्दी गरेको थियो । यही फागुन १ गते माग यथावत् राख्दै तालाबन्दी खोलिएको छ, तर समिति अझै तंग्रिन सकेको छैन । समितिका तत्कालीन उपाध्यक्ष वर्माले समितिलाई कानुनसम्मत चलाउन तालाबन्दी गरेको र माग पूरा हुने सर्तसहित ताला खोलेको बताए । उनको पदावधि मंसिरमै सकिएको छ । सर्त पालना नभए को पाध्यक्षको नेतृत्वमा थप आन्दोलन हुने बताए । समितिमा देखिएको विवादबारे अध्यक्ष अमर खवाससित प्रतिक्रिया लिन खोज्दा फोन सम्पर्कमा आएनन् । तालाबन्दी हुँदा पूर्वाधार निर्माणको ३५ लाख रुपैयाँ फ्रिज भएको कार्यालय प्रमुख दिनेश भुजेलले जानकारी दिए । कञ्चनरुप नगरपालिकामा मदन भण्डारी खेल ग्राम निर्माणका लागि आएको २५ लाख र सप्तकोशी नगरपालिकामा कभर्ड हल बनाउन आएको १० लाख रुपैयाँ खर्च नभएको उनले बताए । पदाधिकारीहरूमध्ये एक पक्षले अध्यक्ष खवास र कार्यालय प्रमुख भुजेलको संयुक्त हस्ताक्षरबाट खाता सञ्चालन हुनुपर्ने अडान राखेका छन् । कोषाध्यक्ष राजेश चौधरी र कार्यालय प्रमुख भुजेलको हस्ताक्षर खाता चलाउनुपर्ने अर्को पक्षको माग छ । विवादले जिल्लाका खेलाडी राष्ट्रिय प्रतियोगितामा सहभागी हुन पाएनन् भने यस वर्ष विद्यालयस्तरीय राष्ट्रपति कप प्रतियोगिता हुन सकेन । समितिमै रहेको कभर्ड हलको राजस्व असुलीसमेत प्रभावित भएको छ ।









तपाईको आज

मेष	यात्रामा सफल	तुला	विद्यामा सफलता
वृष	कार्य सिद्धि	वृश्चिक	आलस्यता
मिथुन	पुण्य आर्जन	धनु	पराक्रम बढ्ने
ककंट	अस्वस्थता	मकर	धन आर्जन
सिंह	मित्र भेट	कुम्भ	भाग्य वृद्धि
कन्या	रोग भय	मीन	केही लाभ

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल फागुन १२ गते सोमबार तदनुरुप २४ फरवरी २०२० फाल्गुन शुक्लपक्ष प्रतिपदा तिथि रात्रिको ९:५५ बजेसम्म उप्रान्त द्वितीया तिथि, शतभिषा नक्षत्र दिनको ३:२४ बजेसम्म उप्रान्त पूर्वाभाद्रपदा नक्षत्र, शिव योग प्रात: ७:३२ बजेसम्म उप्रान्त सिद्ध योग, किंस्तुघ्न करण प्रात: ८:५४ बजेसम्म उप्रान्त बव करण, कुम्भ राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	भजन
७:००	कान्तिपुर समाचार
८:००	ग्राडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	इट्स माई सो (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	फिल्म टनिक (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	हियर्ज टू लाइफ (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	हवाट द फ्लप (रिपिट)
१:३०	सुमनसञ्जिा (रिपिट)
२:००	कान्तिपुर समाचार
२:३०	रजतपट (रिपिट)
३:००	इट्स माई सो (रिपिट)
४:००	कान्तिपुर समाचार
४:३०	हियर्ज टू लाइफ (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्युज
६:३०	बलियो घर (रिपिट)
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	हवाट द फ्लप
१०:००	बलियो घर (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपीटेड
१:००	कान्तिपुर न्युज रिपीटेड
१:३०	बलियो घर (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट ९)
२:३०	हिअर्ज टू लाईफ (रिपिट)
३:००	कल कान्तिपुर रिपीटेड
४:००	हवाट द फ्लप (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

०५:००	भक्ति अनुष्ठान (अच्युत सुवेदी)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०७:३०	अपांग आवाज (डीएचआरसी नेपाल)
०८:००	डेमलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	वीस चू अल द बेस्ट (महेश)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	सफर (राजेश)
१०:००	स्पोर्टस् डायरी
१०:०५	फुल अन (दीपाञ्जली)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	आजका नारी (रस्मिला)
१२:००	कान्तिपुर डायरी
१२:१०	न्यू रिलिज (महेश)
१३:००	डिस्ट्रिक डायरी
१३:०५	के छ नेपाल (स्मीता)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	के छ नेपाल (स्मीता)
१५:००	कान्तिपुर डायरी
१५:१५	हेल्थमा पृथ्वी (रिता राई)
१६:००	हेल्थ एन्ड इजुकेसन डायरी
१६:०५	स्वर (किरण)
१७:००	डिस्ट्रिक डायरी
१७:०५	साथीसँग मनका कुरा
१७:५५	बाल गीत
१८:००	म्यासेज अफ इटर्नल किंडम
१८:३०	कान्तिपुर डायरी
१९:००	म्युजिक बक्स (दीपाञ्जली)
२०:००	सेक्चुरिटी एन्ड क्राइम डायरी
२०:०५	चार्ट बस्टर (महिमा)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेनी
२२:००	साझा सवाल
२३:००	गजल (शुभ)
००:००	चार्ट बस्टर (रिपिट)
०१:००	यात्रा जीवनको (दिनेश/अम्बिका/शुभ)
०२:००	नेपाली गीतहरू लगातार
०३:००	हिन्दी गीतहरू लगातार
०८:००	भजनहरू लगातार

अस्पताल र विविध

धनुषा

प्रहरी	०४१५२१४००
एम्बुलेन्स रेडक्रस	१०३
बारुण चन्त्र	५२००११
जनकपुर अञ्चल अस्पताल	५२६२३८
एम्बुलेन्स लमबीर चुवा कमिटी	५२५२८०
एम्बुलेन्स मारवाडी सेवा समिति	५२१७८४
रक्त सञ्चार रेडक्रस	५२०८७०
धनुषा अस्पताल	५२५८००
केयर मेडिकल सेन्टर	५२०२३०
जानकी आँखा अस्पताल	५२०३९७
जानकी हेल्थ केयर सेन्टर	५२५३४१
अञ्चल प्रहरी कार्यालय	५२०३६५
एयरपोर्ट	५२०८४४
बुद्ध एयर	५२५०२२
याति एयरलाइन्स	५२४४६०
जानकी मन्दिर	५२०१७६
राष्ट्रिय मानव अधिकार आयोग	०४१-५२७८९२/५२७८९१

महोत्तरी

जिल्ला अस्पताल	५२००७०
वारुण चन्त्र	५२००२७
प्रहरी	५२०१९२
प्रहरी	५२०००२
रेडक्रस एम्बुलेन्स	५२०१००
बन्दना हस्पिटल प्रा.लि. गौशाला	९८५४०२५५२७/९८५४०२३५२७
विद्युत फ्यूज शाखा	५२००६६
जलेश्वर अस्पताल	५२००७०
ईलाका हेल्थ पोष्ट बलवा एम्बुलेन्स	९८४४५२७१७७
छिन्नमस्ता जाग	५२०६१२
ई.प्र.का. बर्दिबास	५५५००६
जिल्ला प्रहरी कार्यालय	५२०१९२
प्रहरी कन्ट्रोल	५२००००२
जिल्ला अस्पताल	५२००७०
ईलाका प्रहरी कार्यालय जौगाला	५५१००/६९२०७२

काठमाडौंका महत्वपूर्ण टेलिफोन

दमकल	१०१
रक्तसञ्चार केन्द्र	४२५३४४
नेपाल आँखा बैंक	४४०३६८
नेपाल आँखा अस्पताल	४२५०६२१
तिलगंगा आँखा अस्पताल	४४०३६८
वीर अस्पताल	४२२१९८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
प्रसुति गृह	४२५३२७६
टेकु अस्पताल	४२५३३०६
पाटन अस्पताल	५५२२२७८
भक्तपुर अस्पताल	६६१०६७६
मानसिक अस्पताल	५५२१३३३
कान्ति बाल अस्पताल	४४१४०१९/४४२०४५२
काठमाडौं मोडेल अस्पताल	४२४०८०५/६
बी एण्ड बी अस्पताल	५५३३२०६
नेपाल मेडिसिटी अस्पताल	९१३४, ४२१७०६६६, ४२१७०६५५
मेडीकेयर नेशनल अस्पताल	४४६०८६७
मेडीकेयर नेशनल अस्पताल (एम्बुलेन्स)	४४६०८६७
फ्रेन्डस आफ शान्ता भवन	४४६०१८१
नेपाल अर्थोपेडिक अस्पताल	४४२३७२५
कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज	४३७१६०३
कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने	४१११२५७/८५८

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६२०४५/४२६२७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२२२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६५४८२१
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन	४४२८०३५
सुमेरु एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९७५१०४४५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०५४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५०५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शववाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आर्यघाट सेवा केन्द्र	४४२२२९२
देव कर्नर नि:शुल्क सववाहन सेवा	४४३४०१३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	९०४/४२२८०८६
नेपाल माउर दवाकर्सी संघ	४२२४३७४

कान्तिपुर सम्पर्क ☎ जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

गर्भ जँचाउन दिनभर पैदल

ग्रामीण क्षेत्रमा स्वास्थ्यचौकी टाढा हुँदा गर्भवतीहरु जचाउँन जाँदैनन्

राजबहादुर शाही (मुगु)
तुलाराम पाण्डे (कालीकोट)



कालीकोट अस्पतालमा बच्चालाई खोप लगाउन आएका सुत्केरी आमा । *तस्विर : तुलाराम/कान्तिपुर*

मुगुको सोरु गाउँपालिका तीन वडामा प्रसूति गृह छैनन् । गर्भ जाँच गराउनुपर्दा महिलाले दिनभर पैदल यात्रा गरेर नाथर्पु स्वास्थ्यचौकी पुग्नुपर्छ । सोरु-३ को भीई, ४ को लिब्र, रावलबाडा, भादगाउँ, फोत, ५ नम्बर वडाको नेर र ताँजागाउँबाट नाथर्पु पुग्न एक दिन पूरै पैदल यात्रा गर्नुपर्छ ।

धेरै टाढा पुग्नुपर्ने भएकाले यी पहाडी ग्रामीण क्षेत्रका धेरै महिलाले गर्भ जाँच गराउँदैनन् । स्वास्थ्यचौकीमा प्रसूति हुन आउनेको संख्या पनि निकै कम छ । 'एक त स्वास्थ्यचौकी टाढा, त्यसमा पनि गर्भवतीको स्वास्थ्य अवस्था,' स्थानीय कमला मल्लले भनिन्, 'गर्भ जाँचकै लागि ज्यानकै जोखिम मोलेर दिनभरि को हिँडोस् ।'

भीई गाउँकी स्वास्थ्य स्वयंसेविका चन्दा बुढाले एक्लै दिनभर हिँड्नुपर्ने बाध्यताले गर्भवती महिलालाई सास्ती भएको बताइन् । 'एकै दिन गएर गर्भवती महिलाले जँचाएर घर फर्कन सक्ने अवस्था हुँदैन,' उनले भनिन्, 'प्रसूतिका लागि पनि महिलाले ठूलो कष्ट बेहोर्दै आएका छन् ।' यस्ता दुर्गमका गाउँबाट जटिल अवस्थाका गर्भवतीलाई सुविधा सम्पन्न अस्पतालमा पठाउन हेलिकप्टर नै बोलाउनुपर्ने अवस्था रहेको उनले बताइन् । भौगोलिक विकटताका कारण गाउँका करिब ७५ प्रतिशत महिला घरमै सुत्केरी हुन्छन् ।

भीई गाउँका गर्भवती महिलाले नाथर्पु पुगेर अर्को दिन गर्भ जाँच गराउँछन् । उनीहरूले गर्भ जाँचकै लागि तीन दिनको समय छुट्याउनुपर्ने बाध्यता रहेको भीईको गुरु मावित्रका प्रधानाध्यापक उमेर बुमीले बताए । 'प्रसूति गृह नजिकै नहुँदा गर्भवतीलाई साह्रै कष्ट छ,' उनले भने, 'गाउँमा प्रसूति गृह निर्माणका लागि पटकपटक आग्रह गरिए पनि अझै सुनुवाइ भएन ।' उनका अनुसार फोतु, रावलबाडा, नेर र ताजा गाउँका महिलाले पनि प्रसूतिका समयमा उचित स्वास्थ्योपचार सुविधा पाएका छैनन् । यातायात सुविधा नभएका गाउँबाट गर्भ जाँच गर्न पठाइएका कतिपय महिला हिँडाइको थकानले घर आइपुग्दा बिरामी पर्छन् । घरमा सुत्केरी हुन नसकेका गर्भवतीलाई काठको स्ट्रेचर बनाएर दिनभरि बोकेर नाथर्पु पुऱ्याउने गरिएको छ ।

स्वास्थ्यचौकी नपुग्नेहरू गर्भवतीका लागि सरकारले उपलब्ध गराउने खोप र यातायात खर्चबाट पनि वञ्चित हुने गरेका छन् । नियमित रूपमा गर्भ जाँच गराउने महिलालाई सरकारले आठ सय, प्रसूति गृहमा सुत्केरी हुनेलाई तीन हजार र पोषणबापत तीन हजार रुपैयाँ दिने गरेको छ । गर्भावस्थामा दैनिक आइरन चक्की सेवन गर्नुपर्ने भए पनि दुर्गममा औषधि वितरणको व्यवस्थापन अझै हुन सकेको छैन ।

भीई गाउँमा प्रसूति गृह सञ्चालनका लागि प्रदेश सरकार र विभिन्न गैरसरकारी संस्थालाई अनुरोध गरिएको सोरु गाउँपालिका अध्यक्ष लोकबहादुर शाहीले बताए । 'गाउँपालिकाको आफ्नै भरपर्दो स्रोत छैन,' उनले भने, 'माथिल्ला सरकारबाट आउने अनुदान शीर्षकै तोकिएर आउँदा समस्या छ ।' जिल्ला स्वास्थ्य कार्यालय मुगुले भने जिल्लाका नौ स्थानमा बर्थिङ सेन्टर स्थापना गरिएको जनाएको छ । चार स्थानीय तहका ४५ वडालाई सुविधा दिन मानव अधिकार तथा वातावरण विकास केन्द्रले ११ वटा प्रसूति गृह निर्माण गरेको छ । प्रसूति गृह नभएका बस्तीका महिला गर्भ जाँच, खोप, उपचार र प्रसूति सेवाबाट वञ्चित रहेको अवस्था अझै नहटेको जिल्ला अस्पतालकी डा. मीना चौलागाईले बताइन् । 'हरेक वडामा कम्तीमा एउटा प्रसूति गृह स्थापना भए गर्भवतीले अकालमा ज्यान गुमाउनुपर्ने थिएन,' उनले भनिन् ।

चौथो पटकको गर्भ जाँच न्यून

कालीकोटको खाडाचक्र-११, जिम्जेडीकी १८ वर्षीया मिन्का लुवार सात महिनापछि पहिलोपटकको गर्भ जाँच गराउन गत शुक्रबार बदालकोटको स्वास्थ्य इकाई पुगिन् । उनीसँगै स्वास्थ्यचौकी पुगेकी १९ वर्षीया कमला लुवारको पेटमा पनि सात महिनाको बच्चा छ । उनीहरू दुवैले धनुष्टंकार र भ्यागुते रोगविरुद्धको खोप बल्ल लगाउन पाए । पहिले दिनभरि हिँडेर जिम्जेडी, बदालकोटलगायत ठाउँका गर्भवती महिला सदरमुकाम मान्मस्थित जिल्ला अस्पताल पुग्थे । गत वर्ष खाडाचक्र नगरपालिकाले गाउँमै अस्थायी स्वास्थ्यकर्मी भर्ना गरेर इकाई स्थापना गरेको छ । तर पहिल्यैदेखि जँचाउन र खोप लगाउनुपर्ने चेतना अभावमा गर्भवतीहरू इकाईमा पुग्दैनन् । चालु वर्षको सात महिनामा ११ नम्बर वडामा पर्ने बरातु, बदालकोट, रेंगिल र जिम्जेडी बस्तीमा १६ शिशु जन्मिए । तर चार जनाले मात्र इकाईबाट प्रसूति सेवा लिएको अनमी यमुना शाहीले बताइन् । 'गाउँबाट स्वास्थ्यचौकीसम्म आउने बाटो पनि अप्ठेरो छ,' उनले भनिन्, 'नर्मल डेलिभरीको अवस्थामा घरमै बच्चा जन्मन्छन्, अप्ठेरो परेपछि मात्र गर्भवतीलाई आफन्तले यहाँ ल्याउँछन् ।'

जिल्ला अस्पतालमा गर्भ जाँच गराउन पुग्नेमध्ये ९० प्रतिशत महिलाले घरमा बच्चा जन्माउँदैनन् । उक्त अनुपातमा ग्रामीण क्षेत्रका महिलाको भने स्वास्थ्यचौकी पुग्ने दर निकै न्यून छ । 'हिँड्न सक्नेलाई २/३ घण्टाको बाटो भए पनि गर्भवतीलाई स्वास्थ्यचौकी पुग्न दिनभरि लाग्छ,' महिला स्वास्थ्य स्वयंसेविका समाजकी अध्यक्ष लालचन्ना पाण्डे भन्छिन्, 'भीर-पहरामा उकालो-ओरालो हिँड्नुपर्छ । स्वास्थ्यकर्मी घरमै पुगेर गर्भ जाँच सेवा दिन सके सुत्केरी गराउन चौकीमा ल्याउनेको संख्या बढ्न सक्छ ।' भत्ताका कारण स्वास्थ्य संस्थामा सुत्केरी हुन आए पनि जाँच गराउनेको संख्या न्यून रहेको खाडाचक्र नगरपालिकाका स्वास्थ्य संयोजक रवीन्द्र सेजुवालले बताए । 'अझै पनि ३० प्रतिशत महिलाले घरमै बच्चा जन्माउँछन्,' उनले भने । माल्कोट स्वास्थ्यचौकीकी अनमी मीठु बटालाले साउनयता ७३ जनाले प्रसूति सेवा लिए पनि गर्भ जाँच गराउनको संख्या ३६ मात्र रहेको बताइन् । उनले भनिन् 'सुत्केरी भइसकेपछि जाँच गराएकाको संख्या पनि सात महिनामा २० जनामात्रै छ ।'

स्युना चौकीमा एक सय २७ जना सुत्केरी भए पनि ८६ जनाले मात्र गर्भ जाँच गराएका थिए । जिल्ला स्वास्थ्य व्यवस्थापन कार्यालयका प्रमुख डा. भीष्म पोखरेल भन्छन्, 'चेतना कमी र भौगोलिक विकटताका कारण गर्भ जाँच गराउनेको संख्या न्यून भएको हो ।' जिल्लामा चारपटक गर्भ जाँच गर्ने महिलाको संख्या ६४ प्रतिशत मात्र छ । प्रसूति हुन स्वास्थ्य संस्थामा पुग्नेको संख्या भने ९० प्रतिशत रहेको उनले दाबी गरे । गत वर्ष गर्भ जाँचको संख्या जिल्लाभरि ५३ प्रतिशत थियो । गत वर्ष पलातामा ४८, पचालझरनामा ७६, रास्कोटका ८८, सान्नीत्रिवेणीकी ६३ र नरहरिनाथमा ६९ प्रतिशत महिलाले गर्भ जाँच गराएको तथ्यांक छ । त्यस्तै खाडाचक्रकी ४५, तिलागुफामा ७७, महावैका ४९ र शुभकालिकामा ६१ प्रतिशतले गर्भ जाँच गराएका थिए ।

छोटकरी

बिनामास्क भारत पस्न रोक

कञ्चनपुर (कास)- नोवल कोरोना भाइरसको संक्रमण रोकथाम गर्न भारतीय पक्षले सीमा क्षेत्रको आवागमनमा कडाइ गरेको छ । भारतीय सुरक्षाकर्मी र स्वास्थ्यकर्मीको टोलीले सीमा क्षेत्रमा संयुक्त स्वास्थ्य जाँच सुरु गरेको हो । एसएसबीले पश्चिमी नाका गड्डाचौकीबाट मास्कबिना भारत पस्न रोक लगाएको छ । 'मास्क नलगाई गएकालाई नाकाबाटै फर्काउन लागेको छ,' महेन्द्रनगरका व्यवसायी नारायण साउदले भने, 'नेपालबाट भारततर्फ जानेलाई कडाइ गरिएको हो ।' ब्रह्मदेव, गड्डाचौकी र दोधारा, चाँदनी क्षेत्रमा एसएसबीले स्वास्थ्य जाँचमा कडाइ गरेको हो । साउदका अनुसार सीमा क्षेत्रमा भारतीय सुरक्षाकर्मीसँगै बसेका स्वास्थ्यकर्मीको टोलीले रुघाखोकी लागेका तथा शंकास्पद व्यक्तिको जाँच गर्नुका साथै परामर्श दिने गरेका छन् । सशस्त्र प्रहरीको बीओपीका इन्चार्ज प्रहरी निरीक्षक रामसिंह भण्डारीले भने भारत तथा नेपाल दुवैतर्फ आउजाउ गर्नेलाई कडाइ गरिएको बताए । गड्डाचौकीको नागरिक सहायता कक्षका कर्मचारी नायब सुब्बा दानसिंह बोहराका अनुसार शुक्रबारदेखि सीमामा थप कडाइ गरिएको हो । उनका अनुसार एसएसबीले मास्क अनिवार्य गरेपछि सीमावर्ती बजारमा यसको कालोबजारी पनि हुन थालेको छ ।

बम निष्क्रिय गर्दा घरमा क्षति

धनगढी (कास)- बाजुरा सदरमुकाम मार्तडीस्थित जिल्ला प्रहरी कार्यालयको छेवैमा रहेको गैरसरकारी संस्था 'पिसविन' परिसरमा शनिबार भेटिएको प्रेसर कुकर बम निष्क्रिय पार्ने क्रममा विस्फोट हुँदा क्षति पुगेको छ । नेपाली सेनाको बम डिस्पोजल टोलीले निष्कृय गराउने क्रममा कार्यालयका सामग्री र घरमा क्षति पुगेको बाजुरा प्रहरीले जनाएको छ । कार्यालय भाडाको घरमा सञ्चालनमा छ । घरधनी धर्म रोकायाका अनुसार पक्की घर चर्किएको छ भने झ्याल, ढोकाका सिसा सबै फुटेका छन् । 'घरमा ६ लाख बढीको क्षति भएको छ,' रोकायाले दाबी गरे । शुक्रबार साँझै पीसविनका कर्मचारीहरूले कालो झोलाभित्र राखेको वस्तु देखेका भए पनि वास्ता गरेका थिएनन् । उनीहरूले शनिबार बिहान मात्रै प्रहरीलाई खबर गरेका हुन् । प्रहरीले बम रहेको अनुमान गरेपछि मार्तडीस्थित सेनाको गुल्ममा खबर गरेको थियो । बाजुराका प्रमुख जिल्ला अधिकारी गंगाप्रसाद न्यौपानेले भेटिएको स्थानबाट बमलाई यताउता सार्न नमिल्ने भएकाले सेनाले त्यहीं निष्क्रिय पार्दा क्षति भएको बताए । उनले घरमा भएको क्षतिको मूल्यांकन गर्न प्रतिनिधि खटाइएकाले सबै विवरण नआइसकेको जनाए । बम कसले राखेको हो भन्ने अनुसन्धान भइरहेको उनको भनाइ छ ।

मकैको बिहे !

कान्तिपुर संवाददाता (गोरखा)

जैसी (ज्योतिषी) ले निकालेको साइत शुभ भएको र सबै गाउँले भेला हुनैपर्ने भन्दै कटुवालले गाउँभरि घोक हाल्दै निम्तो बाँडे । धार्चे गाउँपालिका-४, लाप्राकवासीलाई मकैको बिहेको चटारो सुरु भयो । बुधबार अपराह्न ४ बजे मनिडाँडामा मकैको घोगो गाडियो । यहीं मकैको बिहे हुँदै थियो ।

बिहीबार बिहानको साइतमा उक्त मकै मनिडाँडाबाट निकालियो । गाडिएको मकै नभिक्दासम्म भुट्न, गाउँमा होहल्ला, खनजोत गर्न, जाँतो चलाउन र लुगा धुनसम्म पाईदैन । बिहानै ठूलो आँगन (लाप्राकको पुरानो गाउँ) मा भेला भएका स्थानीय दुई समूहमा बाँडिए- बेहुला पक्ष र बेहुली पक्ष ।

बेहुली पक्ष एक घण्टाको पैदल दूरीमा रहेको पुराडाँडा पुग्यो । बेहुला पक्ष गाउँमै बसेर डोली सिँगार्न थाल्यो । करिब ११ बजेतिर जन्ती गाउँ परिक्रमा गर्दै बेहुली लिन पुरातर्फ हिँडे । उनीहरूलाई बेहुली पक्षले चौतारा नजिकै रोके र खाजा बाँडे । 'भुटेको मकै खाजाका रूपमा दिइन्छ, नभुटेको मकै बीउ राखिएको डालीमा मिसाइन्छ,' स्थानीय बिसबहादुर गुरुङले भने । त्यसरी आएका जन्तीबाट बेहुली पक्षले केही पैसासमेत लिए । 'जन्तीले केही पैसा दिएपछि छाड्ने गछौं,' उनले मकैको बिहे गर्ने परम्परावारे सुनाए ।

बेहुला पक्ष पुराडाँडा पुगेपछि बेहुली फकाउन थाले । बिहानै पुगेको बेहुली पक्षले त्यहाँ छेस्काहरूले बारेर घर बनाएका थिए । जन्ती पुगेपछि बेहुली पक्षले 'सम्पत्ति कति छ, छोराले कति पढेको छ' भन्दै सोधीखोजी गरे । अनेक तवरले फकाएपछि अन्ततः केटी पक्ष विवाहका लागि राजी भयो ।

मकैको बिहेमा अविवाहित केटाकेटीलाई प्रतीकात्मक बेहुलाबेहुली बनाइएको थियो । डोलीमा बोकेर लैजानुपर्ने भएकाले बेहुलाबेहुली प्रायः १०/१२ वर्ष उमेरका छान्ने गरिन्छ । 'यो पहिलेदेखि चलिआएको चलन हो,' उनले भने ।

बेहुली लिएर आएका जन्तीले बाजा बजाउँदै गाउँ परिक्रमा गरे । बिहेका दिन स्थानीयले सामूहिक रूपमै केही मकै जम्मा गरेका थिए । त्यसपछि उक्त मकैलाई सुनपानी, गाईको गोबर पानीले चोख्याइयो । यति गरेपछि साँझ घाटु नाचेर यो वर्षको मकै बिहे समापन गरिएको गुरुङले बताए ।

लाप्राकमा धान खेती हुँदैन । यहाँको मुख्य खाद्य बाली मकै हो । मकै छर्ने बेला यसरी बिहे गर्दा उब्जनी राम्रो हुने विश्वास रहेको अर्का स्थानीय राज गुरुङ बताउँछन् । 'यो प्रकृति पूजा हो,' उनले भने । यो परम्परा १६ औं शताब्दीबाट सुरु भएको स्थानीयको अनुमान छ । 'असिनापानीले बालीलाई असर नगरोस्, राम्रो फलोस्, किरा नलागोस् भनेर पूजा गरिन्छ,' उनले थपे ।

मन्दिरमा दलितलाई विभेद



बाँकेको बैजनाथ गाउँपालिका-१, चिसापानीमा शिवरात्रिका अवसरमा लागेको मेलामा प्रसाद तयार गरिँदै । *तस्विर : कान्तिपुर*

रूपा गहतराज (नेपालगन्ज)

मन्दिरको चारैतिर तारबार लगाइएको छ, बीचमा मान खोला । यहाँ शिव र कालीका मन्दिर छन् । मन्दिरमा राखिएका शिव र कालीका मूर्तिमा पूजा गर्न सबै समुदायलाई छुट छैन ।

बाँकेको बैजनाथ गाउँपालिका-१, चिसापानीमा रहेको शिव र काली मन्दिरमा दलित समुदायलाई प्रवेश गर्न दिइँदैन । शुक्रबार शिवरात्रि मेलामा पनि दलित महिलाले उही समस्या भोग्नुपऱ्यो । गाउँकै अन्य महिला प्रसाद बनाउन, टपरी गाँस्न व्यस्त हुँदा दलित महिला भने मेलामा सहभागीसम्म पनि हुन पाएनन् ।

शिवरात्रि मेलामा सघाउन र प्रसाद ग्रहण गर्न पुगेकी लक्ष्मी सार्कीले मन्दिर परिसरमा राखिएको गुन्द्रीमा बस्नसमेत नदिइएको गुनासो गरिन् । 'प्रसाद लिन जाँदा बस्न पनि दिएनन्,' उनले भनिन्, 'न काम गर्न नै दिइयो, मन्दिरमै भएको विभेदको व्यवहारले सारै अपमानित महसुस गर्नु पऱ्यो ।' यस्तो विभेद पहिलोपटक भने नभएको उनले बताइन् । मन्दिरमा गत वर्ष महायज्ञ लगाएका बेला पनि उनलाई यस्तै व्यवहार गरिएको थियो । सबैलाई टीका लगाइदिने पण्डितले आफूलाई लगाउने बेला टीकाको थाली र सामग्री भूइँमा राखेर लगाइदिएको उनले स्मरण गरिन् ।

मन्दिरमा हुने हरेक धार्मिक कार्यक्रममा दलित समुदायलाई विभेद गर्ने गरिएको स्थानीय चन्द्रा सुनार बताउँछिन् । गाउँका सबै दिदीबहिनी जम्मा भएर काम गर्दा आफूहरू टाढै बस्नुपर्ने बाध्यता रहेको उनले दुखेसो पोखिन् । 'मन्दिरमा हुने कुनै पनि धार्मिक काममा हाम्रो सहयोग लिँदैनन्,' उनले प्रश्न गरिन्, 'भगवान्ले पनि दलित र गैरदलित छुट्याउँछन् र ?' शुक्रबार शिवरात्रिको अवसरमा मन्दिरमा शिवको मूर्ति स्थापना गरियो । त्यसमा स्थानीय दलित समुदायले पनि क्षमताअनुसार दूध, चामल चढाउन चाहे पनि पुजारीले नलिएको उनको गुनासो थियो । सुनारका अनुसार कथित माथिल्लो जातका स्थानीयबाट संकलन गरिएको दूध र चामलबाट खीर बनाएर प्रसादका रूपमा वितरण गरिएको थियो ।

वडाध्यक्ष रूपबहादुर मल्लले गाउँमा रहेको विभेदलाई अन्त्य गर्ने प्रयासमा रहेको बताए । उनले सकेसम्म सबै समुदायलाई सहभागी गराउने गरी सहमति र सहकार्यमा काम गर्ने गरिएको दाबी गरे । 'हामीले सहज गराउने प्रयास गर्दै छौं,' उनले भने, 'तर अझै पनि कतिपयमा पुरानो सोच र संस्कार रहेकाले त्यसलाई पनि बिस्तारै चिर्दै छौं ।' उनले सबै समुदायलाई समान रूपले सहभागी गराउने गरी समितिबाट निर्णय नै गराएको जनाए ।

मन्दिर व्यवस्थापन समिति समावेशी नबनाइएको दलित समुदायको गुनासो छ । ११ सदस्यीय समितिमा दलित समुदायको प्रतिनिधित्व नै छैन । मन्दिर व्यवस्थापन समितिका अध्यक्ष निलबहादुर क्षत्रीले मन्दिर पुरानो भएकाले समिति पनि पुरानो नै भएको जिकिर गरे । 'अब समिति पुनर्गठनका बेला समावेशी बनाउने छौं,' उनले भने, 'नयाँ पुस्ताको सोचलाई पनि मन्दिर सुधारमा सहभागी गराउने प्रयास हुनेछ ।'

पाँच बिघामा रहेको मन्दिर संरक्षणका लागि गाउँपालिकाले पनि सघाएको छ । गत वर्ष लगाइएको महायज्ञबाट उठेको ६ लाख रुपैयाँमा गाउँपालिकाले थप ६ लाख रुपैयाँ सहयोग गरेको थियो । त्यसले मन्दिर पुनर्निर्माणसँगै तारबार र संरक्षणका अन्य काम गरिएको व्यवस्थापन समितिले जनाएको छ ।



दिदीबहिनी कपमा सरस्वती सर्वोत्कृष्ट । १५

'चार सय चालिसको बिजुली' दर्शकमाझ । ९



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित



वर्ष २८ अंक ५ पोखरा | ११ फागुन २०७६ आइतबार फाल्गुण कृष्णपक्ष औंसी | नेपाल संवत् ११४० | गण्डकी प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Sunday, February 23, 2020 | पृष्ठ १२+४+८ | १० रुपैयाँ



प्रधानमन्त्री केपी शर्मा ओलीको जन्मघर तेह्रथुमको आठराई गाउँपालिका-४ इवाको तीनसल्लेमा शनिबार सुरक्षा दिन पुगेका सशस्त्र प्रहरी । १२ वर्षको उमेरमा छाडेको यही घरमा ओलीले आइतबार आफ्नो ६९ औं जन्मदिन मनाउने कार्यक्रम छ । समाचार पृष्ठ २

तस्बिर : चन्द्र कार्की/कान्तिपुर

भित्र

समाचार । २

विदेशीलाई भिसा र श्रम स्वीकृति निःशुल्क

समाचार । ३

अन्तःशुल्क स्टिकरको स्टक सर्किँदै

अर्थ वाणिज्य । ११



सरकारले लिएपछि बूढीगण्डकीमा अवैध उत्खनन

कोरियामा कोरोना त्रास

थेगु सहरमा मात्रै २ सय २९ संक्रमित, जहाँ करिब ७ हजार नेपाली छन्

गोकुल थोकर (सोल)

दक्षिण कोरियाको राजधानी सोलदेखि ३ सय किलोमिटर दक्षिणको ख्याङसान क्षेत्रमा पर्छ थेगु सहर । यही सहरमा काम गर्ने आङपासाङ शेर्पा केही दिनयता निकै बेचैन छन्, कारण सहरमा फैलिइरहेको कोरोना भाइरसको संक्रमण ।

कोरियाको चौथो ठूलो सहर थेगुमा विभिन्न कम्पनीहरू छन् । कामका लागि कोरिया पुगेका विभिन्न देशका कामदारको यहाँ उल्लेख्य उपस्थिति छ । तर थेगुमा केही दिनयता ह्वात्तै फैलिएको कोरोना संक्रमणका कारण ती कामदार त्रासमा बसिरहेका छन् ।


थेगुमा शनिबार मात्रै २ सय २९ जनामा भाइरसको संक्रमण पुष्टि भएको छ । योसँगै कोरियामा कोरोना संक्रमितको संख्या ४ सय ३३ पुगेको छ । थेगु नजिकैको छाङदोको छाङदो थेनाम अस्पतालमा दुई जनाको मृत्यु भएको छ भने ९ जना अस्पतालका कर्मचारी र १ सय २ जना भाइरसबाट संक्रमित भएका छन् । थेगु र छाङदोमा मात्रै ३ सय ५३ संक्रमित छन् ।

भाइरसको संक्रमण फैलिएपछि थेगु आसपासका कम्पनीले कामदारलाई बाहिर निस्कन प्रतिबन्ध लगाएका छन् । थेगुमा झन्डै २५ लाख मानिस बसोबास गर्छन् । थेगु र आसपासका क्षेत्रमा ७ हजार नेपाली ईपीएसमार्फत काम गरिरहेका छन् । भाइरसको संक्रमण बढ्दै जाँदा सहरमा दैनिक उपभोग्य सामानको अभाव हुन थालेको थेगुमै काम गरिरहेकी पार्वती वाइबाले बताइन् । 'हामी आज धेरै दिनपछि तरकारी किन्न निस्किएका थियौं । भनेजस्तो सामान नै नपाउने । पाउरोटीहरू पनि छैनन् । जे भेट्टायो त्यही लिएर आयौं । पहिलाजस्तो बजारमा सामान नै छैन,' उनले गुनासो गरिन् । **बाँकी पृष्ठ १४**

बाँस्कोटामाथि छानबिनबारे मतभेद



'उहाँले राजीनामा दिएर बाटो खुला गर्नुभएको छ, संसद्, सीआईबी र अख्तियारले छानबिन गरून्'



'प्रश्न उठिसकेपछि पार्टीभित्र पनि एक किसिमको विषय बन्नुपर्छ, यसलाई छलफलको विषय बनाऔं'

बिनु सुवेदी (काठमाडौं)

सेक्युरिटी प्रेस खरिदसम्बन्धी कमिसन विवादमा मुछिएपछि राजीनामा दिएका सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बाँस्कोटामाथि पार्टीले पनि छानबीन गर्ने कि नगर्ने भन्नेबारे नेकपाका दुई अध्यक्षबीच मतभेद भएको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा शनिबार बसेको नेकपा सचिवालय बैठकमा बाँस्कोटाले ७० करोडको डिल गरेको अडियो प्रकरणबारे राज्यले मात्रै छानबिन गर्ने कि पार्टीले पनि गर्ने भन्नेबारे दुई अध्यक्षबीच मत बाझिएको हो ।

'शनिबारको बैठकमा दुई एजेन्डा थिए,' नेकपा सचिवालय स्रोतले भन्यो, 'पहिलो एमसीसी अध्ययनसम्बन्धी कार्यदलका संयोजक झलनाथ खनालले कार्यदलको प्रतिवेदन प्रस्तुत गर्ने र दोस्रो गोकुल बाँस्कोटा प्रकरणबारे छलफल गर्ने । दोस्रो विषयमा नेताहरूबीच चर्काचर्की नै भयो ।'

कमिसन डिल गरेको अडियो सार्वजनिक भएपछि बाँस्कोटाले राजीनामा दिएको प्रधानमन्त्रीले बैठकलाई जानकारी गराएका थिए । लगत्तै अर्का अध्यक्ष दाहालले बाँस्कोटाबारे धेरै प्रश्न आएकाले यसलाई पार्टीमा छलफलको विषय बनाएर छानबिन गर्नुपर्ने बताएका थिए । 'प्रश्न उठिसकेपछि पार्टीभित्र पनि एक किसिमको विषय बन्नुपर्छ, यसलाई छलफलको विषय बनाऔं,' दाहाललाई उद्धृत गर्दै स्रोतले भन्यो । दाहालको भनाइमा वरिष्ठ नेताहरू झलनाथ खनाल र माधवकुमार नेपाल, उपाध्यक्ष वामदेव गौतम तथा सचिवालय सदस्य रामबहादुर थापा सहमत देखिए । तर प्रधानमन्त्री ओलीले बाँस्कोटाको विषय सरकारको कुरा भएको र अहिले विभिन्न निकायले छानबिन गरिरहेको भन्दै त्यसलाई बैठकमा तन्काउन नहुने बताएका थिए ।

'अध्ययन र छानबिनका लागि उहाँले राजीनामा दिएर बाटो खुला गर्नुभएको छ, संसद्, सीआईबी, अख्तियारजस्ता निकायले छानबिन गरून् भन्नुभएको छ,' ओलीलाई उद्धृत गर्दै स्रोतले भन्यो, 'त्यो विषयमा अरू कुरा गरेर के अर्थ हुन्छ र ?' ओलीको भनाइमा सचिवालय सदस्य ईश्वर पोखरेलले सहमति जनाए भने महासचिव विष्णु पौडेल मौन बसे । **बाँकी पृष्ठ १४**

एमसीसी संशोधन पक्षमा अधिकांश

अध्यक्षद्वयले एजेन्डा प्रस्तुत गरेपछि एमसीसी अध्ययन कार्यदलका संयोजक खनालले ३३ पृष्ठ लामो अध्ययन प्रतिवेदनको सार प्रस्तुत गरेका थिए । 'मैले बैठकमा अध्ययन प्रतिवेदनको ब्रिफिङ गरेको छु, एमसीसी सम्झौता जस्ताको त्यस्तै अनुमोदन गर्नु हुन्न भन्ने हाम्रो निष्कर्ष हो,' खनालले कान्तिपुरसँग भने, 'दुई अध्यक्षसहित सचिवालय सदस्यहरूले अध्ययनका लागि एक-दुई दिन समय माग्नुभएको छ, कसरी जाने भन्ने निर्णय अर्को सचिवालय बैठकले गर्ला ।' अधिकांश सचिवालय सदस्यको मत एमसीसी सम्झौताका केही बुँदा संशोधन गरेर अनुमोदन गर्नुपर्छ भन्ने छ । 'प्रतिवेदनको सुझाव के-कति मान्ने या मान्दै नमान्ने भन्नेबारे निर्णय भएको छैन, आज प्रतिवेदनको कपी सबै सदस्यलाई दिइएको छ, उहाँहरूले अध्ययन गरेपछि निर्णय हुन्छ,' खनालले भने । प्रतिवेदनको एकसरो अध्ययन गरिसकेका दाहालले एमसीसी सम्झौतालाई परिमार्जनसहित अनुमोदन गरिने बताइसकेका छन् भने ओलीले पछिल्लो समय यसबारे कुनै धारणा व्यक्त गरेका छैनन् । दाहालले शनिबार नवलपुर पुगेर प्रधानमन्त्री पनि सम्झौता परिमार्जनसहित अनुमोदन गर्न तयार रहेको बताएका छन् ।

गौतमको प्रश्न

'राष्ट्रिय सभा सदस्य बनाउने कुरा कहाँ पुग्यो ?'




पृष्ठ १४

'मृत्युदण्डबाट उम्कें' अब के गर्ने ?

जनकराज सापकोटा (काठमाडौं)

उनी करिब डेढ दशकपछि घर फर्केका हुन् । एक महिना पुग्न लाग्यो तर उमेश यादवले अझै खलबलिएको जिन्दगीको लय मिलाउन सकेका छैनन् । २००६ को जुनमा वैदेशिक रोजगारीका लागि साउदी पुगेका उनले एक पाकिस्तानी नागरिकको हत्यामा मृत्युदण्डको सजाय पाएका थिए । १३ वर्षभन्दा बढी समय जेल बसे । मृतक परिवारले माफीनामा दिएपछि उनले कैद माफी पाए । गत माघ



उमेश यादव

८ मा स्वदेश फर्के । काठमाडौं ओर्लेको पाँच दिनपछि जनकपुर पुगेका उनले त्यसयता प्रत्येक दिन अनौठोसँग बिताइरहेका छन् ।

उमेशलाई परिवारसँगको साथ छुट्टेका दिन भेटिएजस्तो भइरहेको छ । नहोस् पनि किन, २४ वर्षको उमेरमा साउदी हान्निँदा ठूलो छोरा कमलेश तीन वर्ष र कान्छो जितेष १७ दिनका मात्रै थिए । १३ माघमा उनलाई लिन जनकपुरस्थित विमानस्थलमा पत्नी, छोराहरू र आफन्त माला लिएर आएका थिए । बुबाको उपस्थितिविना १५ वर्ष बिताएका जेठा छोरा कमलेशले कान्तिपुरसँगको कुराकानीमा धेरैपछि बुबालाई देख्दा आफ्नो आँखा आँसुले भरिएको सुनाए । उनले भने, 'मलाई त सानैमा बुबालाई देखेको धमिलो सम्झना थियो तर भाइले त बुझ्ने भएर पहिलोपटक बुबा देखेको थियो ।'

धनुषाको माचीभिटकैयास्थित घरमा कुरिरहेका वृद्ध बाआमासँग केही समय बिताएर अहिले उमेश धनुषाकै महेन्द्रनगरस्थित सालोको घरमा ओत लागिरहेका छन् । उनले फेरिएको गाउँ, फेरिएको समय र हुर्किएका छोराहरूको कुरा सुनाए अनि भने, 'सबै कुरा नयाँ-नयाँ लागिरहेछ ।' नलागोस् पनि किन कामदारका रूपमा साउदी पुगेको एकाध महिनामै उनी हत्याको आरोपमा जेल परेका थिए । जेलका कोठामा करिब १४ वर्ष एक्लै-एक्लै उदासीमा बिताएका थिए ।

१८ वर्षको उमेरमा ८ कक्षा पढ्दापढ्दै भागेर भारतको गुजरातमा काम गर्न गएका उमेशको जीवनमा प्रवासी कामदारको अनुभवको हिस्सा धेरै छ । त्यसपछिका सात वर्ष उनले गुजरातमै पसिना बगाए । घर फर्केपछि बिहे गरे । दुई छोराको बुबा बने, अनि तिनैको भविष्य सम्झेर साउदी हान्निए ।

त्यतिबेला साउदी जान उनले स्थानीय साहुबाट ऋण काढेर काठमाडौंस्थित एक मेनपावरलाई एक लाख ४० हजार रुपैयाँ बुझाएका थिए । मासिक ५ सय रियाल तलबमा उनले गर्नुपर्ने काम थियो, निर्माण क्षेत्रमा दैनिक आठ घण्टा बेल्चा चलाउनु, सामान ओसार्नु तर काम सुरु गरेको १२ औं दिनमा अप्रत्याशित घटना भइदियो । **बाँकी पृष्ठ १४**





छोटकरी

राइनासकोटमा रेस्लिङ



लमजुङ (कास)- लमजुङको राइनासकोटको डाँडा खेल मैदानमा शुक्रबार रेस्लिङ आयोजना गरिएको छ । रेस्लिङमा १२ जना राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रेस्लरहरू भिडेका थिए । दिनेश कुँवर र गुणराज रुचाल रेस्लिङ रेफ्री थिए । राइनास नगरपालिका र हिमालयन टाइगरले आयोजना गरेको 'राइनासकोट हिमालयन अन्तर्राष्ट्रिय रेसलिङ महाभीडन्त'लाई नेपाली रेस्लर भरतबहादुर विसुराल (हिमालयन टाइगर) ले संयोजन गरेका हुन् । 'राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडीलाई हाम्रो गाउँठाउँमा ल्याएर भिडाउँदा स्थानीयले मनोरञ्जन लिएका छन् । यसले पर्यटन प्रवर्द्धनमा सहयोग मिल्नेछ,' उनले भने । विसुराल राइनास-८, तार्कुघाट विसुराल गाउँका बासिन्दा हुन् । राइनासकोटको रेसलिङ हेर्न गोरखा, तनहुँ, कास्की, मनाङबाट समेत दर्शक आएका थिए । राइनास नगरप्रमुख सिंहबहादुर थापाले साहसिक खेलका माध्ययमबाट पर्यटन प्रवर्द्धन थालिएको बताए । रेस्लिङमा अस्ट्रेलियन रेसलर द हाइपनोटिक क्रिस ट्रान्स, भारतीय रेसलर बालियान, जापानी रेसलर फुगो फुगो, टंकबहादुर श्रेष्ठ (मिस्टर यति) र राम महर्जन (अजिंगर) भगवती खड्का र अस्मिता सुनार लगायत रेस्लर सहभागी थिए ।

बसको ठक्करले एकको मृत्यु

तनहुँ (कास)- पृथ्वीराजमार्ग अन्तर्गत व्यास नगरपालिका-१२ कमलबारीमा शनिबार बसको ठक्करबाट देउराली थानीगैराकी ४५ वर्षीया विष्णुमाया थापा घर्तीको मृत्यु भएको छ । प्रहरीका अनुसार दमौलीबाट डुम्रेतर्फ जाँदै गरेको ग१ख ९६१८ नम्बरको बसको ठक्करबाट गम्भीर घाइते विष्णुमायाको जिल्ला अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो ।

चन्द समूहका नेता पक्राउ

म्यार्दी (कास)- नेत्रविक्रम चन्द समूहको म्यार्दी जिल्ला जनपरिषद् प्रमुख जगेन्द्रबहादुर पुन पक्राउ परेका छन् । मालिका गाउँपालिका-३ अदिवराका पुनलाई इलाका प्रहरी कार्यालय दरवाङले शुक्रबार राति उनकै घरबाट पक्राउ गरेको हो । पुनविरुद्ध एनसेल टावरमा आगजनी, जबर्जस्ती चन्दा असुली, जनप्रतिनिधिलाई कालोमोसो दलेर अभद्र व्यवहार गरेको तथा निर्माण व्यवसायीका डोजरमा आगो लगाउनेजस्ता अभियोग लगाइएको छ ।

कार्यपालिका स्थगित

बागलुङ (कास)- बागलुङ नगर कार्यपालिकाको शनिबारको बैठक गणपूरक संख्या नपुगेर स्थगित भएको छ । हरेक महिनाको १० र २५ गते बैठक बस्ने चलन थियो । दुवै बैठक बस्न सकेन । आयव्यय सार्वजनिक, प्रदेश समपूरक योजनाको छनोट, बसपार्क व्यवस्थापन र सञ्चालनलगायत एजेन्डामा बैठक डाकिएको थियो । शनिबारको बैठकमा मेयर जनकराज पौडेल, उपमेयर सुरेन्द्र खड्का र वडा नं. ६ का अध्यक्ष खिमराज सापकोटालगायत ६ जनाको मात्रै उपस्थिति थियो । बैठकमा कुल पदाधिकारीको ५१ प्रतिशत उपस्थित हुनुपर्छ । कार्यपालिकामा मेयर, उपमेयर, १४ वडाध्यक्ष अरु ९ मनोनित गरी २५ सदस्य छन् । 'नेकपाबाट निर्वाचित सदस्य उपस्थित नभएपछि बैठक गणपूरक नपुगेर स्थगित भयो,' उपमेयर खड्काले भने । नियोजित रुपमै अरु कार्यपालिका सदस्य नआएको उनको भनाइ छ । अनुपस्थित सदस्यले भने घरायसी कामले आउन नसकेको बताएका छन् । 'दुई दिन लगातार बिदा परेकाले पनि समस्या भएको हो,' नगरप्रमुख पौडेलले भने, 'अन्य कार्यक्रम जुधेकाले होला, असहमति भएर होइन ।'

आगलागीमा परी वृद्धको मृत्यु

स्याङ्जा (कास)- आगलागीमा परी स्याङ्जाको विरुवा गापा-४ का ८२ वर्षीय जितबहादुर गुरुङको मृत्यु भएको छ । सुतिरहेको बेला शुक्रबार राति घरमा आगो लागेपछि उनको जलेर मृत्यु भएको प्रहरीले जनाएको छ ।

जनता आवासका घर पूरा हुँदै

बजेट अभावले लामो समयदेखि रोकिएका घरहरू धमाधम बनाउन थालिएको छ



पर्वतको फलेबास-५ खानीगाउँमा जनता आवास कार्यक्रममार्फत निर्माणाधीन घर । *तस्बिर : अगन्धर/कान्तिपुर*

अगन्धर तिवारी (पर्वत)

बजेट अभावले लामो समयदेखि रोकिएको जनता आवास कार्यक्रम अन्तर्गतको घर निर्माण धमाधम थालिएको छ । पर्वतमा विपन्न परिवारका घर बनाउने कार्यले यस वर्ष गति लिएको हो ।

जिल्लाका फलेबास, कुश्मा, बिहादी, जलजला र महाशिलामा गरी ११९ घर निर्माणाधीन छन् । प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतको सहरी विकास तथा भवन डिभिजन कार्यालयमार्फत घर निर्माण भइरहेको पोखरास्थित डिभिजन कार्यालयले जनाएको छ । कार्यालयका निमित्त प्रमुख अनुप थापाका अनुसार चालु वर्ष पर्वतमा डेढ सय घर निर्माण गर्ने लक्ष्य छ । 'हालसम्म ५० को हाराहारी घर बनेका छन्,' उनले भने, 'अहिले बजेटको समस्या छैन । यो वर्षभित्रै सबै घर बनाइसक्ने छौं ।'

चार वर्षअघि कार्यक्रम सुरु भएको थियो । सुरुको वर्ष सय घर निर्माण थालिएको थियो । २०७२ मा तत्कालीन सरकारले ल्याएको 'जनता आवास' कार्यक्रम मार्फत साविकका १० गाविसका सय घर निर्माण सुरु भएर लामो समय रोकिएको थियो । पटक-पटक सरकार बदलिँदा तत्कालीन संघ सरकारको सहरी विकास मन्त्रालयले बजेट रोकेपछि आवास अधुरै थिए । चालु वर्ष उक्त कार्यक्रम प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयमा हस्तान्तरण भएपछि कामले गति लिएको हो । सहरी विकास तथा भवन डिभिजन कार्यालय कास्कीले पर्वतसहित कास्की र स्याङ्जामा समेत रोकिएका कामलाई तीव्रता दिएको हो ।

कार्यक्रमअन्तर्गत फलेबास नगरपालिकामा ४१, कुश्मा नगरपालिकामा ३७, बिहादी गाउँपालिकामा २१, महाशिला गाउँपालिकामा ९ र जलजला गाउँपालिकामा ११ घर निर्माणको अन्तिम चरणमा छन् । ४४ परिवारले घर निर्माण सकेका छन् । एक सय ११ घरपरिवारले दोस्रो किस्ता रकम लिएको कार्यालयले जनाएको छ । यो कार्यक्रमअन्तर्गत प्रतिपरिवारले ३ लाखका दरले रकम पाउँछन् । 'पैसा नभएपछि लामो समय घर बनाउनै सकिएन,' फलेबास-५ खानीगाउँकी सरला परियारले भनिन्, 'अहिले बल्ल पैसा पाएर घर बनाइयो । सरकारी पैसा समयमा पाउनै मुस्किल हुँदोरहेछ ।' पुरानो घर भत्काएर नयाँ घर बनाउन थालेको दुई वर्षसम्म कष्टपूर्ण समय बिताउनुपरेको उनले बताइन् । फलेबासकै लोकबहादुर माझीले पनि घर बन्दाबन्दै पैसा रोकिएपछि ३ वर्षसम्म काम रोकिएको बताए ।

कार्यक्रम सफल भए चालु वर्ष नै अरु घर निर्माण सुरु गरिने डिभिजनका निमित्त प्रमुख थापाले बताए । सरकारले विपन्न परिवारको सूचीमा परेका परिवारलाई दुई कोठे भूकम्पप्रतिरोधी घर निर्माण गरिदिन लागेको हो । यस्ता घर निर्माणको सूचीमा पर्न सम्बन्धित स्थानीय तहले विपन्न प्रमाणित गरिदिनुपर्छ ।

घरपझोंगमा मिनी मुस्ताङ

कान्तिपुर संवाददाता (पोखरा)

मुस्ताङ सदरमुकाम जोमसोम रहेको घरपझोंग गाउँपालिकाले जिल्लाभर रहेका धार्मिक तथा पर्यटकीयस्थल, रहनसहन, संस्कार, संस्कृति, भूगोल, सम्पदा झल्कने गरी 'मिनी मुस्ताङ पार्क' बनाउने भएको छ । विश्वविख्यात अन्नपूर्ण चक्रीय पदमार्गमा पर्ने मुस्ताङको सौन्दर्य र विशेषता एकै ठाउँमा हेर्न मिल्ने अवधारणाका साथ पार्क बनाउन लागिएको हो ।

हिमालपारिको मुस्ताङ पर्यटकीय जिल्ला हो । मुक्तिनाथ मन्दिर, दामोदर कुण्ड, रहस्यमयी गुफा, गुम्बा, बालुवाको थुप्रो वा माटोको सहर यहाँ पाइन्छ । यतिमात्र होइन, मान्छेले कुँदेर बनाएको जस्तो नांगो राता पहाडले पनि पर्यटकको ध्यान आकर्षित गराउँछ । यस्ता स्थलहरुको प्रतिमूर्ति पार्कमा देख्न पाइने बताइएको छ ।

'गाउँपालिका, प्रदेश र संघ सरकार तथा अन्य दाताको सहयोगमा पार्क बनाउने योजना हो,' प्रमुख प्रशासकीय अधिकृत नेत्रप्रसाद पौडेलले भने, 'अहिले डीपीआर बनाइरहेका छौं । दुई सातामा डीपीआर सकिएर निर्माणको चरणमा जान्छौं ।'



मिनी मुस्ताङको स्केच

प्रारम्भिक प्रतिवेदनअनुसार पार्क करीब ३ सय ३५ रोपनी जग्गामा बन्नेछ । यसका लागि ४० करोड ३ लाख रुपैयाँ लाग्ने अनुमान छ । मुस्ताङ पुग्नेमध्ये ७५ प्रतिशत पर्यटकले पार्कको अवलोकन गर्ने र यसबाट वार्षिक ३ करोड आम्दानी र ७५ लाख रुपैयाँ खर्च हुने अनुमान छ । 'मुस्ताङका महत्वपूर्ण चिजलाई एकै ठाउँमा देखाउने योजना हो,' गाउँपालिका अध्यक्ष आसबहादुर थकालीले भने, 'आवश्यक परे ऋणसमेत लिएर आयोजना सफल पार्छौं ।' उपाध्यक्ष शर्मिला गुरुङले पार्कमा जिल्लाका पाँच वटै गाउँपालिकाका महत्वपूर्ण स्थान, गुम्बा, ताल, मन्दिर, कुण्ड, बस्ती, काठेपुललगायतको प्रतिमूर्ति राखिने बताइन् । पार्क सशुल्क हुनेछ । त्यहाँ रेष्टुराँ र स्थानीय उत्पादनको पसल पनि रहनेछ ।

पार्कको प्रारम्भिक मोडेल हेरेपछि प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले यो योजना प्रदेशकै गौरव हुनसक्ने बताए । 'संघीयता कार्यान्वयनसँगै एउटा पालिकाले जिल्लाकै नेतृत्व गर्नसक्छ भन्ने यो एउटा उदाहरण पनि हो,' उनले भने, 'अन्यत्र सामान्य भए पनि यस्तो पार्क नेपालमै नौलो हो । गाउँपालिकाले आफ्नो सामर्थ्य देखाउने प्रयास गरेको छ ।' पार्कका लागि बजेटको अभाव हुन नदिने उनले आश्वासन दिए ।

पोलले सडक निर्माणमा अवरोध



पर्वतको कुश्मामा बीचमा परेको पोल छलेर सडकको काम गरिदै । *तस्बिर : अगन्धर तिवारी/कान्तिपुर*

पर्वत (कास)- सदरमुकाम कुश्माबजारलगायत पर्वतका विभिन्न सडकछेउमा रहेका विद्युतीय पोलका कारण सडक विस्तारमा समस्या परेको छ । पोल सार्न विद्युत् प्राधिकरणले चासो नदिएको सरोकारवालाले बताएका छन् ।

यतिबेला जिल्लामा करिब २ दर्जन सडक स्तरोन्नतिको चरणमा छन् । सिंगल ट्रयाकका सडक विस्तार गरेर २ लेनको बनाउन लागिएको छ । तर, पोल नहटाउँदा कामले गति लिन सकेको छैन ।

कुश्मा नगरपालिकाले अस्पतालचोक-बन्जीजम्प-हाइवे र भित्री सडक विस्तार गरिरहेको छ । अस्पतालचोक सडकमै करिब २ दर्जन पोल सडकको बीच भागमा छन् । भित्री बजारका सडकमा पनि त्यस्तै हालत छ । पोललाई समयमै व्यवस्थापन गर्नसके सडकको काम समयमै सकिने मात्रै नभई गुणस्तरीय समेत हुने भएकाले उपभोक्ता र निर्माण व्यवसायीले प्राधिकरणलाई आग्रह गरेका छन् ।

तर, प्राधिकरणको पर्वत वितरण कार्यालयले काम अघि बढाएको छैन । 'हामीले धेरैपटक विद्युत्मा अनुरोध गर्‍यौं,' कुश्मा-५ का ताराबहादुर थापाले भने, 'कहिले के कहिले के भनेर टारिएको छ । बाटो बन्दै गर्दा पोल सार्न पाए दुवै काम पक्का हुने थियो ।' सडक बनिसकेपछि पोल सार्नुपर्दा आसपासका जग्गाधनीले पोल गाड्ने जग्गा नदिने, सडक भत्किनेलगायत समस्या हुने उनले बताए । 'हामीले पनि धेरैपटक आग्रह गरेका छौं,' कुश्मा-५ की वडाध्यक्ष चित्रकला शर्माले भनिन्, 'प्राधिकरणका कर्मचारी हेर्न पनि आएका छैनन् ।'

व्यवसायी भास्कर जोशीले पोल व्यवस्थापनमा सहयोगको आग्रहलाई प्राधिकरणले बेवास्ता गरेको गुनासो गरे । कालोपत्र सुरु हुने बेलासम्म पोल नसार्दा काम सक्न समस्या भएको उनले बताए । पोल नसारेकै कारण दुई साताअघि कुश्मा-५ कै गुम्बामा पोलमा टिपर ठोकिएको थियो । दुर्घटनामा चालक घाइते भएका थिए भने २ दिनसम्म विद्युत् अवरोध भएको थियो । 'प्राधिकरणले समयमै पोल सारेर सहयोग गर्नुपर्छ,' स्थानीय बलबहादुर पाठकले भने, 'एकपटक सारिदिए काम छिटो हुन्थ्यो ।'

चालु वर्षमात्रै २ सयभन्दा बढी पोल सार्नुपर्ने भए पनि प्राधिकरणले तदारुकता देखाएको छैन । प्राधिकरण वितरण केन्द्र प्रमुख ललितनारायण चौधरीले एकैपटक सबै पोल सार्न सम्भव नभएको बताए । 'पहिला नयाँ पोल तयार पारेर सिफ्ट गर्ने हो,' उनले भने, 'एकैसाथ सम्भव छैन । विस्तारै गर्ने हो ।' उनले पोल सार्ने बजेट प्राधिकरणसँग नभएकोले सम्बन्धित निर्माण व्यवसायीले पनि सहयोग गर्नुपर्ने बताए ।









तपाईको आज

मेष	यात्रामा सफल	तुला	विद्यामा सफलता
वृष	कार्य सिद्धि	वृश्चिक	आलस्यता
मिथुन	पुण्य आर्जन	धनु	पराक्रम बढ्ने
ककंट	अस्वस्थता	मकर	धन आर्जन
सिंह	मित्र भेट	कुम्भ	भाग्य वृद्धि
कन्या	रोग भय	मीन	केही लाभ

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल फागुन १२ गते सोमबार तदनुरुप २४ फरवरी २०२० फाल्गुन शुक्लपक्ष प्रतिपदा तिथि रात्रिको ९:५१ बजेसम्म उप्रान्त द्वितीया तिथि, शतभिषा नक्षत्र दिनको ३:२४ बजेसम्म उप्रान्त पूर्वाभाद्रपदा नक्षत्र, शिव योग प्रात: ७:३२ बजेसम्म उप्रान्त सिद्ध योग, किंस्तुघ्न करण प्रात: ८:५४ बजेसम्म उप्रान्त बव करण, कुम्भ राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	भजन
७:००	कान्तिपुर समाचार
८:००	ग्रुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	इट्स माई सो (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	फिल्म टनिक (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	हियर्जा टू लाइफ (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	हवाट द फ्लप (रिपिट)
१:३०	सुमनसञ्जिा (रिपिट)
२:००	कान्तिपुर समाचार
२:३०	रजतपट (रिपिट)
३:००	इट्स माई सो (रिपिट)
४:००	कान्तिपुर समाचार
४:३०	हियर्जा टू लाइफ (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्युज
६:३०	बलियो घर (रिपिट)
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	हवाट द फ्लप
१०:००	बलियो घर (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपीटेड
१:००	कान्तिपुर न्युज रिपीटेड
१:३०	बलियो घर (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट ९)
२:३०	हिअर्जा टू लाईफ (रिपिट)
३:००	कल कान्तिपुर रिपीटेड
४:००	हवाट द फ्लप (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

०५:००	भक्ति अनुष्ठान (अच्युत सुवेदी)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०७:३०	अपांग आवाज (डीएचआरसी नेपाल)
०८:००	डेमलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	वीस चू अल द बेस्ट (महेश)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	सफर (राजेश)
९०:००	स्पोर्टस् डायरी
९०:०५	फुल अन (दीपाञ्जली)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	आजका नारी (रस्मिला)
१२:००	कान्तिपुर डायरी
१२:१०	न्यू रिलिज (महेश)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	के छ नेपाल (स्मीता)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	के छ नेपाल (स्मीता)
१५:००	कान्तिपुर डायरी
१५:१५	हेल्थमा पृथ्वी (रिता राई)
१६:००	हेल्थ एन्ड इजुकेसन डायरी
१६:०५	स्वर (किरण)
१७:००	डिस्ट्रिक्ट डायरी
१७:०५	साथीसँग मनका कुरा
१७:५५	बाल गीत
१८:००	म्यासेज अफ इटर्नल किंडम
१८:३०	कान्तिपुर डायरी
१९:००	न्युजिक बक्स (दीपाञ्जली)
२०:००	सेक्चुरिटी एन्ड क्राइम डायरी
२०:०५	चार्ट बस्टर (महिमा)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेनी
२२:००	साझा सवाल
२३:००	गजल (शुभ)
००:००	चार्ट बस्टर (रिपिट)
०१:००	यात्रा जीवनको (दिनेश/अम्बिका/शुभ)
०२:००	नेपाली गीतहरु लगातार
०३:००	हिन्दी गीतहरु लगातार
०४:००	भजनहरु लगातार

अस्पताल र विविध

पोखराका महत्वपूर्ण नम्बरहरु

रक्त सञ्चार सेवा केन्द्र/एम्बुलेन्स रेडक्रस	०६१-५२१०२१
कास्की रेडक्रस	०६१-५२०३४०
दमकल सेवा	०६१-५२०२२२
शव वाहन सेवा (सिद्धार्थ क्लब)	०६१-५३०२००
परिचमाञ्चल क्षेत्रीय अस्पताल	०६१-५२००६६/६०
मणिपाल शिक्षण अस्पताल	०६१-५२६१९६/१०/१८
गण्डकी मेडिकल कलेज	०६१-५५०२५३
हिमालय आँखा अस्पताल	०६१-४६१९६८
पोखरा विश्वविद्यालय, लेखनाथ	०६१-५६१०४६/५६१५४६
क्षेत्रीय प्रशासन कार्यालय	टोल फ्रि १११११/०६१-४६४८४१
क्षेत्रीय प्रहरी कार्यालय	०६१-४६२५००/९८५६०२८३३
जिल्ला प्रहरी कार्यालय	०६१-५२००३३/९८५६०३५१९८
जिल्ला ट्राफिक प्रहरी	१०३/०६१-५२०४१२
सशस्त्र प्रहरी बल (कालिका गण)	०६१-५४१०८८/९८५१२७२०४७

बागलुङ

धौलागिरि अञ्चल अस्पताल	०६८ ५२०१८८/५२०२८८
रक्तसञ्चार केन्द्र	०६८ ५२०२७३
कालिका मजावती गुठी एम्बुलेन्स	९८६४१९६५००
गोरखा अस्पताल	०६४ ४२०२०८
स्याङ्जा जिल्ला अस्पताल	०६३ ४२०२३९
स्याङ्जा रेडक्रस एम्बुलेन्स	०६३ ४२०११४
पर्वत जिल्ला अस्पताल	०६७ ४२०११९/४२०४१४
पर्वत रेडक्रस एम्बुलेन्स	०६७ ४२०१६९
पर्वत प्रहरी/वाक्णयन्त्र	०६७ ४२०१००/४२०१९९
लमजुङ जिल्ला अस्पताल	०६६ ५२०१९५/५२०५५७
लमजुङ सामुदायिक अस्पताल	०६६ ५२०१८३
म्याग्दी जिल्ला अस्पताल	०६९ ५२०१०८
दमौली अस्पताल	०६५ ५६०२०३
नवलपरासी जिल्ला अस्पताल	०७८ ५२०५०३
स्याङ्जा बाग्लुङ	०६३ ४२०४०९
जिल्ला प्रहरी बाग्लुङ	०६८ ५२०१९९ र ५२०२९९
जिल्ला प्रहरी गोरखा	०६४ ४२०२३७
जिल्ला प्रहरी लमजुङ	०६६ ५२०१९८ र ५२०१९९
जिल्ला प्रहरी मनाङ	०६६ ४४०१९९
जिल्ला प्रहरी मुस्ताङ	०६९ ४४०१९६ र ४४००९८
जिल्ला प्रहरी म्याग्दी	०६९ ५२०१९९ र ५२०२९९
जिल्ला प्रहरी पर्वत	०६७ ४२०१९९
जिल्ला प्रहरी स्याङ्जा	०६३ ४२०१००/४२०१९९/४२०२८४
जिल्ला प्रहरी तनहुँ	०६५ ५६०१९९
इएका आँधुरेरेनी	०६५ ५४००९९
जिल्ला प्रहरी नवलपरासी	०७८ ५४०१००
लुम्बिनी अञ्चल अस्पताल बुटवल	०७१५४०२००
बुद्ध सामुदायीक मुटु अस्पताल	०७१५६६१९७
महिला तथा बाल अस्पताल-आमदा	०७१५४४४५०
चुनिमार्सल कलेज अफ मेडिकल साचन्सेस भैरहवा	०७१५०८०३०
मीम अस्पताल भैरहवा	०७१५२०१९३
पृथ्वी चन्द अस्पताल पराशी	०७८५२०१८८
अर्घासाची जिल्ला अस्पताल	०७७४२०२५७
गुल्मी जिल्ला अस्पताल	०७९५२०१८८
कपिलवस्तु जिल्ला अस्पताल	०७६५४०२००
रेडक्रस एम्बुलेन्स भैरहवा	०७१-५२०२६३, ९८४६०२९१०४
रेडक्रस, रक्त संचार भैरहवा	०७१-५२०२६३, ९८६७३२६५५७
रेडक्रस, रक्त संचार, बुटवल	०७१-५४१००४

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१२४५/४२६१७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६२२९
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई निः शुल्क एम्बुलेन्स/शववाहन	४४२८०३५
सुमेरु एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९७५१०४४५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४१२२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०५४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शववाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आर्यघाट सेवा केन्द्र	४४२२२९२
देव कर्मर निः शुल्क सवबाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	९०४/४२२६००६
नेपाल मिठर दयालसी संघ	४२२४३७४

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

गर्भ जँचाउन दिनभर पैदल

ग्रामीण क्षेत्रमा स्वास्थ्यचौकी टाढा हुँदा गर्भवतीहरु जचाउँन जाँदैनन्

राजबहादुर शाही (मुगु)
तुलाराम पाण्डे (कालीकोट)



कालीकोट अस्पतालमा बच्चालाई खोप लगाउन आएका सुत्केरी आमा । *तस्विर : तुलाराम/कान्तिपुर*

मुगुको सोरु गाउँपालिका तीन वडामा प्रसूति गृह छैनन् । गर्भ जाँच गराउनुपर्दा महिलाले दिनभर पैदल यात्रा गरेर नाथर्पु स्वास्थ्यचौकी पुग्नुपर्छ । सोरु-३ को भीई, ४ को लिब्र, रावलबाडा, भादगाउँ, फोत, ५ नम्बर वडाको नेर र ताँजागाउँबाट नाथर्पु पुग्न एक दिन पूरै पैदल यात्रा गर्नुपर्छ ।

धेरै टाढा पुग्नुपर्ने भएकाले यी पहाडी ग्रामीण क्षेत्रका धेरै महिलाले गर्भ जाँच गराउँदैनन् । स्वास्थ्यचौकीमा प्रसूति हुन आउनेको संख्या पनि निकै कम छ । 'एक त स्वास्थ्यचौकी टाढा, त्यसमा पनि गर्भवतीको स्वास्थ्य अवस्था,' स्थानीय कमला मल्लले भनिन्, 'गर्भ जाँचकै लागि ज्यानकै जोखिम मोलेर दिनभरि को हिँडोस् ।'

भीई गाउँकी स्वास्थ्य स्वयंसेविका चन्दा बुढाले एक्लै दिनभर हिँड्नुपर्ने बाध्यताले गर्भवती महिलालाई सास्ती भएको बताइन् । 'एकै दिन गएर गर्भवती महिलाले जँचाएर घर फर्कन सक्ने अवस्था हुँदैन,' उनले भनिन्, 'प्रसूतिका लागि पनि महिलाले ठूलो कष्ट बेहोर्दै आएका छन् ।' यस्ता दुर्गमका गाउँबाट जटिल अवस्थाका गर्भवतीलाई सुविधा सम्पन्न अस्पतालमा पठाउन हेलिकप्टर नै बोलाउनुपर्ने अवस्था रहेको उनले बताइन् । भौगोलिक विकटताका कारण गाउँका करिब ७५ प्रतिशत महिला घरमै सुत्केरी हुन्छन् ।

भीई गाउँका गर्भवती महिलाले नाथर्पु पुगेर अर्को दिन गर्भ जाँच गराउँछन् । उनीहरूले गर्भ जाँचकै लागि तीन दिनको समय छुट्याउनुपर्ने बाध्यता रहेको भीईको गुरु मावित्रका प्रधानाध्यापक उमेर बुमीले बताए । 'प्रसूति गृह नजिकै नहुँदा गर्भवतीलाई साह्रै कष्ट छ,' उनले भने, 'गाउँमा प्रसूति गृह निर्माणका लागि पटकपटक आग्रह गरिए पनि अझै सुनुवाइ भएन ।' उनका अनुसार फोतु, रावलबाडा, नेर र ताजा गाउँका महिलाले पनि प्रसूतिका समयमा उचित स्वास्थ्योपचार सुविधा पाएका छैनन् । यातायात सुविधा नभएका गाउँबाट गर्भ जाँच गर्न पठाइएका कतिपय महिला हिँडाइको थकानले घर आइपुग्दा बिरामी पर्छन् । घरमा सुत्केरी हुन नसकेका गर्भवतीलाई काठको स्ट्रेचर बनाएर दिनभरि बोकेर नाथर्पु पुऱ्याउने गरिएको छ ।

स्वास्थ्यचौकी नपुग्नेहरू गर्भवतीका लागि सरकारले उपलब्ध गराउने खोप र यातायात खर्चबाट पनि वञ्चित हुने गरेका छन् । नियमित रूपमा गर्भ जाँच गराउने महिलालाई सरकारले आठ सय, प्रसूति गृहमा सुत्केरी हुनेलाई तीन हजार र पोषणबापत तीन हजार रुपैयाँ दिने गरेको छ । गर्भावस्थामा दैनिक आइरन चक्की सेवन गर्नुपर्ने भए पनि दुर्गममा औषधि वितरणको व्यवस्थापन अझै हुन सकेको छैन ।

भीई गाउँमा प्रसूति गृह सञ्चालनका लागि प्रदेश सरकार र विभिन्न गैरसरकारी संस्थालाई अनुरोध गरिएको सोरु गाउँपालिका अध्यक्ष लोकबहादुर शाहीले बताए । 'गाउँपालिकाको आफ्नै भरपर्दो स्रोत छैन,' उनले भने, 'माथिल्ला सरकारबाट आउने अनुदान शीर्षकै तोकिएर आउँदा समस्या छ ।' जिल्ला स्वास्थ्य कार्यालय मुगुले भने जिल्लाका नौ स्थानमा बर्थिङ सेन्टर स्थापना गरिएको जनाएको छ । चार स्थानीय तहका ४५ वडालाई सुविधा दिन मानव अधिकार तथा वातावरण विकास केन्द्रले ११ वटा प्रसूति गृह निर्माण गरेको छ । प्रसूति गृह नभएका बस्तीका महिला गर्भ जाँच, खोप, उपचार र प्रसूति सेवाबाट वञ्चित रहेको अवस्था अझै नहटेको जिल्ला अस्पतालकी डा. मीना चौलागाईले बताइन् । 'हरेक वडामा कम्तीमा एउटा प्रसूति गृह स्थापना भए गर्भवतीले अकालमा ज्यान गुमाउनुपर्ने थिएन,' उनले भनिन् ।

चौथो पटकको गर्भ जाँच न्यून

कालीकोटको खाडाचक्र-११, जिम्जेडीकी १८ वर्षीया मिन्का लुवार सात महिनापछि पहिलोपटकको गर्भ जाँच गराउन गत शुक्रबार बदालकोटको स्वास्थ्य इकाई पुगिन् । उनीसँगै स्वास्थ्यचौकी पुगेकी १९ वर्षीया कमला लुवारको पेटमा पनि सात महिनाको बच्चा छ । उनीहरू दुवैले धनुष्टंकार र भ्यागुते रोगविरुद्धको खोप बल्ल लगाउन पाए । पहिले दिनभरि हिँडेर जिम्जेडी, बदालकोटलगायत ठाउँका गर्भवती महिला सदरमुकाम मान्मस्थित जिल्ला अस्पताल पुग्थे । गत वर्ष खाडाचक्र नगरपालिकाले गाउँमै अस्थायी स्वास्थ्यकर्मी भर्ना गरेर इकाई स्थापना गरेको छ । तर पहिल्यैदेखि जँचाउन र खोप लगाउनुपर्ने चेतना अभावमा गर्भवतीहरू इकाईमा पुग्दैनन् । चालु वर्षको सात महिनामा ११ नम्बर वडामा पर्ने बरातु, बदालकोट, रेंगिल र जिम्जेडी बस्तीमा १६ शिशु जन्मिए । तर चार जनाले मात्र इकाईबाट प्रसूति सेवा लिएको अनमी यमुना शाहीले बताइन् । 'गाउँबाट स्वास्थ्यचौकीसम्म आउने बाटो पनि अप्ठेरो छ,' उनले भनिन्, 'नर्मल डेलिभरीको अवस्थामा घरमै बच्चा जन्मन्छन्, अप्ठेरो परेपछि मात्र गर्भवतीलाई आफन्तले यहाँ ल्याउँछन् ।'

जिल्ला अस्पतालमा गर्भ जाँच गराउन पुग्नेमध्ये ९० प्रतिशत महिलाले घरमा बच्चा जन्माउँदैनन् । उक्त अनुपातमा ग्रामीण क्षेत्रका महिलाको भने स्वास्थ्यचौकी पुग्ने दर निकै न्यून छ । 'हिँड्न सक्नेलाई २/३ घण्टाको बाटो भए पनि गर्भवतीलाई स्वास्थ्यचौकी पुग्न दिनभरि लाग्छ,' महिला स्वास्थ्य स्वयंसेविका समाजकी अध्यक्ष लालचन्ना पाण्डे भन्छिन्, 'भीर-पहरामा उकालो-ओरालो हिँड्नुपर्छ । स्वास्थ्यकर्मी घरमै पुगेर गर्भ जाँच सेवा दिन सके सुत्केरी गराउन चौकीमा ल्याउनेको संख्या बढ्न सक्छ ।' भत्ताका कारण स्वास्थ्य संस्थामा सुत्केरी हुन आए पनि जाँच गराउनेको संख्या न्यून रहेको खाडाचक्र नगरपालिकाका स्वास्थ्य संयोजक रवीन्द्र सेजुवालले बताए । 'अझै पनि ३० प्रतिशत महिलाले घरमै बच्चा जन्माउँछन्,' उनले भने । माल्कोट स्वास्थ्यचौकीकी अनमी मीठु बटालाले साउनयता ७३ जनाले प्रसूति सेवा लिए पनि गर्भ जाँच गराउनको संख्या ३६ मात्र रहेको बताइन् । उनले भनिन् 'सुत्केरी भइसकेपछि जाँच गराएकाको संख्या पनि सात महिनामा २० जनामात्रै छ ।'

स्युना चौकीमा एक सय २७ जना सुत्केरी भए पनि ८६ जनाले मात्र गर्भ जाँच गराएका थिए । जिल्ला स्वास्थ्य व्यवस्थापन कार्यालयका प्रमुख डा. भीष्म पोखरेल भन्छन्, 'चेतना कमी र भौगोलिक विकटताका कारण गर्भ जाँच गराउनेको संख्या न्यून भएको हो ।' जिल्लामा चारपटक गर्भ जाँच गर्ने महिलाको संख्या ६४ प्रतिशत मात्र छ । प्रसूति हुन स्वास्थ्य संस्थामा पुग्नेको संख्या भने ९० प्रतिशत रहेको उनले दाबी गरे । गत वर्ष गर्भ जाँचको संख्या जिल्लाभरि ५३ प्रतिशत थियो । गत वर्ष पलातामा ४८, पचालझरनामा ७६, रास्कोटका ८८, सान्नीत्रिवेणीकी ६३ र नरहरिनाथमा ६९ प्रतिशत महिलाले गर्भ जाँच गराएको तथ्यांक छ । त्यस्तै खाडाचक्रकी ४५, तिलागुफामा ७७, महावैका ४९ र शुभकालिकामा ६१ प्रतिशतले गर्भ जाँच गराएका थिए ।

छोटकरी

बिनामास्क भारत पस्न रोक

कञ्चनपुर (कास)- नोवल कोरोना भाइरसको संक्रमण रोकथाम गर्न भारतीय पक्षले सीमा क्षेत्रको आवागमनमा कडाइ गरेको छ । भारतीय सुरक्षाकर्मी र स्वास्थ्यकर्मीको टोलीले सीमा क्षेत्रमा संयुक्त स्वास्थ्य जाँच सुरु गरेको हो । एसएसबीले पश्चिमी नाका गड्डाचौकीबाट मास्कबिना भारत पस्न रोक लगाएको छ । 'मास्क नलगाई गएकालाई नाकाबाटै फर्काउन लागेको छ,' महेन्द्रनगरका व्यवसायी नारायण साउदले भने, 'नेपालबाट भारततर्फ जानेलाई कडाइ गरिएको हो ।' ब्रह्मदेव, गड्डाचौकी र दोधारा, चाँदनी क्षेत्रमा एसएसबीले स्वास्थ्य जाँचमा कडाइ गरेको हो । साउदका अनुसार सीमा क्षेत्रमा भारतीय सुरक्षाकर्मीसँगै बसेका स्वास्थ्यकर्मीको टोलीले रुघाखोकी लागेका तथा शंकास्पद व्यक्तिको जाँच गर्नुका साथै परामर्श दिने गरेका छन् । सशस्त्र प्रहरीको बीओपीका इन्चार्ज प्रहरी निरीक्षक रामसिंह भण्डारीले भने भारत तथा नेपाल दुवैतर्फ आउजाउ गर्नेलाई कडाइ गरिएको बताए । गड्डाचौकीको नागरिक सहायता कक्षका कर्मचारी नायब सुब्बा दानसिंह बोहराका अनुसार शुक्रबारदेखि सीमामा थप कडाइ गरिएको हो । उनका अनुसार एसएसबीले मास्क अनिवार्य गरेपछि सीमावर्ती बजारमा यसको कालोबजारी पनि हुन थालेको छ ।

बम निष्क्रिय गर्दा घरमा क्षति

धनगढी (कास)- बाजुरा सदरमुकाम मार्तडीस्थित जिल्ला प्रहरी कार्यालयको छेवैमा रहेको गैरसरकारी संस्था 'पिसविन' परिसरमा शनिबार भेटिएको प्रेसर कुकर बम निष्क्रिय पार्ने क्रममा विस्फोट हुँदा क्षति पुगेको छ । नेपाली सेनाको बम डिस्पोजल टोलीले निष्कृय गराउने क्रममा कार्यालयका सामग्री र घरमा क्षति पुगेको बाजुरा प्रहरीले जनाएको छ । कार्यालय भाडाको घरमा सञ्चालनमा छ । घरधनी धर्म रोकायाका अनुसार पक्की घर चर्किएको छ भने झ्याल, ढोकाका सिसा सबै फुटेका छन् । 'घरमा ६ लाख बढीको क्षति भएको छ,' रोकायाले दाबी गरे । शुक्रबार साँझै पीसविनका कर्मचारीहरूले कालो झोलाभित्र राखेको वस्तु देखेका भए पनि वास्ता गरेका थिएनन् । उनीहरूले शनिबार बिहान मात्रै प्रहरीलाई खबर गरेका हुन् । प्रहरीले बम रहेको अनुमान गरेपछि मार्तडीस्थित सेनाको गुल्ममा खबर गरेको थियो । बाजुराका प्रमुख जिल्ला अधिकारी गंगाप्रसाद न्यौपानेले भेटिएको स्थानबाट बमलाई यताउता सार्न नमिल्ने भएकाले सेनाले त्यहीं निष्क्रिय पार्दा क्षति भएको बताए । उनले घरमा भएको क्षतिको मूल्यांकन गर्न प्रतिनिधि खटाइएकाले सबै विवरण नआइसकेको जनाए । बम कसले राखेको हो भन्ने अनुसन्धान भइरहेको उनको भनाइ छ ।

मकैको बिहे !

कान्तिपुर संवाददाता (गोरखा)

जैसी (ज्योतिषी) ले निकालेको साइत शुभ भएको र सबै गाउँले भेला हुनैपर्ने भन्दै कटुवालले गाउँभरि घोक हाल्दै निम्तो बाँडे । धार्चे गाउँपालिका-४, लाप्राकवासीलाई मकैको बिहेको चटारो सुरु भयो । बुधबार अपराह्न ४ बजे मनिडाँडामा मकैको घोगो गाडियो । यहीं मकैको बिहे हुँदै थियो ।

बिहीबार बिहानको साइतमा उक्त मकै मनिडाँडाबाट निकालियो । गाडिएको मकै नभिक्दासम्म भुट्न, गाउँमा होहल्ला, खनजोत गर्न, जाँतो चलाउन र लुगा धुनसम्म पाईदैन । बिहानै ठूलो आँगन (लाप्राकको पुरानो गाउँ) मा भेला भएका स्थानीय दुई समूहमा बाँडिए- बेहुला पक्ष र बेहुली पक्ष ।

बेहुली पक्ष एक घण्टाको पैदल दूरीमा रहेको पुराडाँडा पुग्यो । बेहुला पक्ष गाउँमै बसेर डोली सिँगार्न थाल्यो । करिब ११ बजेतिर जन्ती गाउँ परिक्रमा गर्दै बेहुली लिन पुरातर्फ हिँडे । उनीहरूलाई बेहुली पक्षले चौतारा नजिकै रोके र खाजा बाँडे । 'भुटेको मकै खाजाका रूपमा दिइन्छ, नभुटेको मकै बीउ राखिएको डालीमा मिसाइन्छ,' स्थानीय बिसबहादुर गुरुङले भने । त्यसरी आएका जन्तीबाट बेहुली पक्षले केही पैसासमेत लिए । 'जन्तीले केही पैसा दिएपछि छाड्ने गछौं,' उनले मकैको बिहे गर्ने परम्परावारे सुनाए ।

बेहुला पक्ष पुराडाँडा पुगेपछि बेहुली फकाउन थाले । बिहानै पुगेको बेहुली पक्षले त्यहाँ छेस्काहरूले बारेर घर बनाएका थिए । जन्ती पुगेपछि बेहुली पक्षले 'सम्पत्ति कति छ, छोराले कति पढेको छ' भन्दै सोधीखोजी गरे । अनेक तवरले फकाएपछि अन्ततः केटी पक्ष विवाहका लागि राजी भयो ।

मकैको बिहेमा अविवाहित केटाकेटीलाई प्रतीकात्मक बेहुलाबेहुली बनाइएको थियो । डोलीमा बोकेर लैजानुपर्ने भएकाले बेहुलाबेहुली प्रायः १०/१२ वर्ष उमेरका छान्ने गरिन्छ । 'यो पहिलेदेखि चलिआएको चलन हो,' उनले भने ।

बेहुली लिएर आएका जन्तीले बाजा बजाउँदै गाउँ परिक्रमा गरे । बिहेका दिन स्थानीयले सामूहिक रूपमै केही मकै जम्मा गरेका थिए । त्यसपछि उक्त मकैलाई सुनपानी, गाईको गोबर पानीले चोख्याइयो । यति गरेपछि साँझ घाटु नाचेर यो वर्षको मकै बिहे समापन गरिएको गुरुङले बताए ।

लाप्राकमा धान खेती हुँदैन । यहाँको मुख्य खाद्य बाली मकै हो । मकै छर्ने बेला यसरी बिहे गर्दा उब्जनी राम्रो हुने विश्वास रहेको अर्का स्थानीय राज गुरुङ बताउँछन् । 'यो प्रकृति पूजा हो,' उनले भने । यो परम्परा १६ औं शताब्दीबाट सुरु भएको स्थानीयको अनुमान छ । 'असिनापानीले बालीलाई असर नगरोस्, राम्रो फलोस्, किरा नलागोस् भनेर पूजा गरिन्छ,' उनले थपे ।

मन्दिरमा दलितलाई विभेद



बाँकेको बैजनाथ गाउँपालिका-१, चिसापानीमा शिवरात्रिका अवसरमा लागेको मेलामा प्रसाद तयार गरिँदै । *तस्विर : कान्तिपुर*

रूपा गहतराज (नेपालगन्ज)

मन्दिरको चारैतिर तारबार लगाइएको छ, बीचमा मान खोला । यहाँ शिव र कालीका मन्दिर छन् । मन्दिरमा राखिएका शिव र कालीका मूर्तिमा पूजा गर्न सबै समुदायलाई छुट छैन ।

बाँकेको बैजनाथ गाउँपालिका-१, चिसापानीमा रहेको शिव र काली मन्दिरमा दलित समुदायलाई प्रवेश गर्न दिइँदैन । शुक्रबार शिवरात्रि मेलामा पनि दलित महिलाले उही समस्या भोग्नुपऱ्यो । गाउँकै अन्य महिला प्रसाद बनाउन, टपरी गाँस्न व्यस्त हुँदा दलित महिला भने मेलामा सहभागीसम्म पनि हुन पाएनन् ।

शिवरात्रि मेलामा सघाउन र प्रसाद ग्रहण गर्न पुगेकी लक्ष्मी सार्कीले मन्दिर परिसरमा राखिएको गुन्द्रीमा बस्नसमेत नदिइएको गुनासो गरिन् । 'प्रसाद लिन जाँदा बस्न पनि दिएनन्,' उनले भनिन्, 'न काम गर्न नै दिइयो, मन्दिरमै भएको विभेदको व्यवहारले सारै अपमानित महसुस गर्नु पऱ्यो ।' यस्तो विभेद पहिलोपटक भने नभएको उनले बताइन् । मन्दिरमा गत वर्ष महायज्ञ लगाएका बेला पनि उनलाई यस्तै व्यवहार गरिएको थियो । सबैलाई टीका लगाइदिने पण्डितले आफूलाई लगाउने बेला टीकाको थाली र सामग्री भूइँमा राखेर लगाइदिएको उनले स्मरण गरिन् ।

मन्दिरमा हुने हरेक धार्मिक कार्यक्रममा दलित समुदायलाई विभेद गर्ने गरिएको स्थानीय चन्द्रा सुनार बताउँछिन् । गाउँका सबै दिदीबहिनी जम्मा भएर काम गर्दा आफूहरू टाढै बस्नुपर्ने बाध्यता रहेको उनले दुखेसो पोखिन् । 'मन्दिरमा हुने कुनै पनि धार्मिक काममा हाम्रो सहयोग लिँदैनन्,' उनले प्रश्न गरिन्, 'भगवान्ले पनि दलित र गैरदलित छुट्याउँछन् र ?' शुक्रबार शिवरात्रिको अवसरमा मन्दिरमा शिवको मूर्ति स्थापना गरियो । त्यसमा स्थानीय दलित समुदायले पनि क्षमताअनुसार दूध, चामल चढाउन चाहे पनि पुजारीले नलिएको उनको गुनासो थियो । सुनारका अनुसार कथित माथिल्लो जातका स्थानीयबाट संकलन गरिएको दूध र चामलबाट खीर बनाएर प्रसादका रूपमा वितरण गरिएको थियो ।

वडाध्यक्ष रूपबहादुर मल्लले गाउँमा रहेको विभेदलाई अन्त्य गर्ने प्रयासमा रहेको बताए । उनले सकेसम्म सबै समुदायलाई सहभागी गराउने गरी सहमति र सहकार्यमा काम गर्ने गरिएको दाबी गरे । 'हामीले सहज गराउने प्रयास गर्दै छौं,' उनले भने, 'तर अझै पनि कतिपयमा पुरानो सोच र संस्कार रहेकाले त्यसलाई पनि बिस्तारै चिर्दै छौं ।' उनले सबै समुदायलाई समान रूपले सहभागी गराउने गरी समितिबाट निर्णय नै गराएको जनाए ।

मन्दिर व्यवस्थापन समिति समावेशी नबनाइएको दलित समुदायको गुनासो छ । ११ सदस्यीय समितिमा दलित समुदायको प्रतिनिधित्व नै छैन । मन्दिर व्यवस्थापन समितिका अध्यक्ष निलबहादुर क्षत्रीले मन्दिर पुरानो भएकाले समिति पनि पुरानो नै भएको जिकिर गरे । 'अब समिति पुनर्गठनका बेला समावेशी बनाउने छौं,' उनले भने, 'नयाँ पुस्ताको सोचलाई पनि मन्दिर सुधारमा सहभागी गराउने प्रयास हुनेछ ।'

पाँच बिघामा रहेको मन्दिर संरक्षणका लागि गाउँपालिकाले पनि सघाएको छ । गत वर्ष लगाइएको महायज्ञबाट उठेको ६ लाख रुपैयाँमा गाउँपालिकाले थप ६ लाख रुपैयाँ सहयोग गरेको थियो । त्यसले मन्दिर पुनर्निर्माणसँगै तारबार र संरक्षणका अन्य काम गरिएको व्यवस्थापन समितिले जनाएको छ ।



दिदीबहिनी कपमा सरस्वती सर्वोत्कृष्ट । १५

'चार सय चालिसको बिजुली' दर्शकमाझ । ९



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित



वर्ष २८ अंक ५ बुटवल | ११ फागुन २०७६ आइतबार फाल्गुण कृष्णपक्ष औंसी | नेपाल संवत् ११४० | प्रदेश ५ संस्करण | KANTIPUR, Nepali National Daily, Sunday, February 23, 2020 | पृष्ठ १२+४+८ | १० रुपैयाँ



प्रधानमन्त्री केपी शर्मा ओलीको जन्मघर तेह्थुमको आठराई गाउँपालिका-४ इवाको तीनसल्लेमा शनिबार सुरक्षा दिन पुगेका सशस्त्र प्रहरी । १२ वर्षको उमेरमा छाडेको यही घरमा ओलीले आइतबार आफ्नो ६९ औं जन्मदिन मनाउने कार्यक्रम छ । समाचार पृष्ठ २

तस्बिर : चन्द्र कार्की/कान्तिपुर

भित्र

समाचार । २
विदेशीलाई भिसा र श्रम स्वीकृति निःशुल्क

समाचार । ३
अन्तःशुल्क स्टिकरको स्टक सकिँदै

अर्थ वाणिज्य । ११



सरकारले लिएपछि बूढीगण्डकीमा अवैध उत्खनन

कोरियामा कोरोना त्रास

थेगु सहरमा मात्रै २ सय २९ संक्रमित, जहाँ करिब ७ हजार नेपाली छन्

गोकुल थोकर (सोल)

दक्षिण कोरियाको राजधानी सोलदेखि ३ सय किलोमिटर दक्षिणको ख्याङसान क्षेत्रमा पर्छ थेगु सहर । यही सहरमा काम गर्ने आङपासाङ शेर्पा केही दिनयता निकै बेचैन छन्, कारण सहरमा फैलिइरहेको कोरोना भाइरसको संक्रमण ।

कोरियाको चौथो ठूलो सहर थेगुमा विभिन्न कम्पनीहरू छन् । कामका लागि कोरिया पुगेका विभिन्न देशका कामदारको यहाँ उल्लेख्य उपस्थिति छ । तर थेगुमा केही दिनयता ह्वात्तै फैलिएको कोरोना संक्रमणका कारण ती कामदार त्रासमा बसिरहेका छन् ।


थेगुमा शनिबार मात्रै २ सय २९ जनामा भाइरसको संक्रमण पुष्टि भएको छ । योसँगै कोरियामा कोरोना संक्रमितको संख्या ४ सय ३३ पुगेको छ । थेगु नजिकैको छाङदोको छाङदो थेनाम अस्पतालमा दुई जनाको मृत्यु भएको छ भने ९ जना अस्पतालका कर्मचारी र १ सय २ जना भाइरसबाट संक्रमित भएका छन् । थेगु र छाङदोमा मात्रै ३ सय ५३ संक्रमित छन् ।

भाइरसको संक्रमण फैलिएपछि थेगु आसपासका कम्पनीले कामदारलाई बाहिर निस्कन प्रतिबन्ध लगाएका छन् । थेगुमा झन्डै २५ लाख मानिस बसोबास गर्छन् । थेगु र आसपासका क्षेत्रमा ७ हजार नेपाली ईपीएसमार्फत काम गरिरहेका छन् । भाइरसको संक्रमण बढ्दै जाँदा सहरमा दैनिक उपभोग्य सामानको अभाव हुन थालेको थेगुमै काम गरिरहेकी पार्वती वाइबाले बताइन् । 'हामी आज धेरै दिनपछि तरकारी किन्न निस्किएका थियौं । भनेजस्तो सामान नै नपाउने । पाउरोटीहरू पनि छैनन् । जे भेट्टायो त्यही लिएर आयौं । पहिलाजस्तो बजारमा सामान नै छैन,' उनले गुनासो गरिन् । **बाँकी पृष्ठ १४**

बाँस्कोटामाथि छानबिनबारे मतभेद



'उहाँले राजीनामा दिएर बाटो खुला गर्नुभएको छ, संसद्, सीआईबी र अख्तियारले छानबिन गरून्'



'प्रश्न उठिसकेपछि पार्टीभित्र पनि एक किसिमको विषय बन्नुपर्छ, यसलाई छलफलको विषय बनाऔं'

बिनु सुवेदी (काठमाडौं)

सेक्युरिटी प्रेस खरिदसम्बन्धी कमिसन विवादमा मुछिएपछि राजीनामा दिएका सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बाँस्कोटामाथि पार्टीले पनि छानबीन गर्ने कि नगर्ने भन्नेबारे नेकपाका दुई अध्यक्षबीच मतभेद भएको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा शनिबार बसेको नेकपा सचिवालय बैठकमा बाँस्कोटाले ७० करोडको डिल गरेको अडियो प्रकरणबारे राज्यले मात्रै छानबिन गर्ने कि पार्टीले पनि गर्ने भन्नेबारे दुई अध्यक्षबीच मत बाझिएको हो ।

'शनिबारको बैठकमा दुई एजेन्डा थिए,' नेकपा सचिवालय स्रोतले भन्यो, 'पहिलो एमसीसी अध्ययनसम्बन्धी कार्यदलका संयोजक झलनाथ खनालले कार्यदलको प्रतिवेदन प्रस्तुत गर्ने र दोस्रो गोकुल बाँस्कोटा प्रकरणबारे छलफल गर्ने । दोस्रो विषयमा नेताहरूबीच चर्काचर्की नै भयो ।'

कमिसन डिल गरेको अडियो सार्वजनिक भएपछि बाँस्कोटाले राजीनामा दिएको प्रधानमन्त्रीले बैठकलाई जानकारी गराएका थिए । लगत्तै अर्का अध्यक्ष दाहालले बाँस्कोटाबारे धेरै प्रश्न आएकाले यसलाई पार्टीमा छलफलको विषय बनाएर छानबिन गर्नुपर्ने बताएका थिए । 'प्रश्न उठिसकेपछि पार्टीभित्र पनि एक किसिमको विषय बन्नुपर्छ, यसलाई छलफलको विषय बनाऔं,' दाहाललाई उद्धृत गर्दै स्रोतले भन्यो । दाहालको भनाइमा वरिष्ठ नेताहरू झलनाथ खनाल र माधवकुमार नेपाल, उपाध्यक्ष वामदेव गौतम तथा सचिवालय सदस्य रामबहादुर थापा सहमत देखिए । तर प्रधानमन्त्री ओलीले बाँस्कोटाको विषय सरकारको कुरा भएको र अहिले विभिन्न निकायले छानबिन गरिरहेको भन्दै त्यसलाई बैठकमा तन्काउन नहुने बताएका थिए ।

'अध्ययन र छानबिनका लागि उहाँले राजीनामा दिएर बाटो खुला गर्नुभएको छ, संसद्, सीआईबी, अख्तियारजस्ता निकायले छानबिन गरून् भन्नुभएको छ,' ओलीलाई उद्धृत गर्दै स्रोतले भन्यो, 'त्यो विषयमा अरू कुरा गरेर के अर्थ हुन्छ र ?' ओलीको भनाइमा सचिवालय सदस्य ईश्वर पोखरेलले सहमति जनाए भने महासचिव विष्णु पौडेल मौन बसे । **बाँकी पृष्ठ १४**

एमसीसी संशोधन पक्षमा अधिकांश

अध्यक्षद्वयले एजेन्डा प्रस्तुत गरेपछि एमसीसी अध्ययन कार्यदलका संयोजक खनालले ३३ पृष्ठ लामो अध्ययन प्रतिवेदनको सार प्रस्तुत गरेका थिए । 'मैले बैठकमा अध्ययन प्रतिवेदनको ब्रिफिङ गरेको छु, एमसीसी सम्झौता जस्ताको त्यस्तै अनुमोदन गर्नु हुन्न भन्ने हाम्रो निष्कर्ष हो,' खनालले कान्तिपुरसँग भने, 'दुई अध्यक्षसहित सचिवालय सदस्यहरूले अध्ययनका लागि एक-दुई दिन समय माग्नुभएको छ, कसरी जाने भन्ने निर्णय अर्को सचिवालय बैठकले गर्ला ।' अधिकांश सचिवालय सदस्यको मत एमसीसी सम्झौताका केही बुँदा संशोधन गरेर अनुमोदन गर्नुपर्छ भन्ने छ । 'प्रतिवेदनको सुझाव के-कति मान्ने या मान्दै नमान्ने भन्नेबारे निर्णय भएको छैन, आज प्रतिवेदनको कपी सबै सदस्यलाई दिइएको छ, उहाँहरूले अध्ययन गरेपछि निर्णय हुन्छ,' खनालले भने । प्रतिवेदनको एकसरो अध्ययन गरिसकेका दाहालले एमसीसी सम्झौतालाई परिमार्जनसहित अनुमोदन गरिने बताइसकेका छन् भने ओलीले पछिल्लो समय यसबारे कुनै धारणा व्यक्त गरेका छैनन् । दाहालले शनिबार नवलपुर पुगेर प्रधानमन्त्री पनि सम्झौता परिमार्जनसहित अनुमोदन गर्न तयार रहेको बताएका छन् ।

गौतमको प्रश्न

'राष्ट्रिय सभा सदस्य बनाउने कुरा कहाँ पुग्यो ?'




पृष्ठ १४

'मृत्युदण्डबाट उम्कें' अब के गर्ने ?

जनकराज सापकोटा (काठमाडौं)

उनी करिब डेढ दशकपछि घर फर्केका हुन् । एक महिना पुग्न लाग्यो तर उमेश यादवले अझै खलबलिएको जिन्दगीको लय मिलाउन सकेका छैनन् । २००६ को जुनमा वैदेशिक रोजगारीका लागि साउदी पुगेका उनले एक पाकिस्तानी नागरिकको हत्यामा मृत्युदण्डको सजाय पाएका थिए । १३ वर्षभन्दा बढी समय जेल बसे । मृतक परिवारले माफीनामा दिएपछि उनले कैद माफी पाए । गत माघ



उमेश यादव

८ मा स्वदेश फर्के । काठमाडौं ओर्लेको पाँच दिनपछि जनकपुर पुगेका उनले त्यसयता प्रत्येक दिन अनौठोसँग बिताइरहेका छन् ।

उमेशलाई परिवारसँगको साथ छुट्टेका दिन भेटिएजस्तो भइरहेको छ । नहोस् पनि किन, २४ वर्षको उमेरमा साउदी हान्निँदा ठूलो छोरा कमलेश तीन वर्ष र कान्छो जितेष १७ दिनका मात्रै थिए । १३ माघमा उनलाई लिन जनकपुरस्थित विमानस्थलमा पत्नी, छोराहरू र आफन्त माला लिएर आएका थिए । बुबाको उपस्थितिविना १५ वर्ष बिताएका जेठा छोरा कमलेशले कान्तिपुरसँगको कुराकानीमा धेरैपछि बुबालाई देख्दा आफ्नो आँखा आँसुले भरिएको सुनाए । उनले भने, 'मलाई त सानैमा बुबालाई देखेको धमिलो सम्झना थियो तर भाइले त बुझ्ने भएर पहिलोपटक बुबा देखेको थियो ।'

धनुषाको माचीभिटकैयास्थित घरमा कुरिरहेका वृद्ध बाआमासँग केही समय बिताएर अहिले उमेश धनुषाकै महेन्द्रनगरस्थित सालोको घरमा ओत लागिरहेका छन् । उनले फेरिएको गाउँ, फेरिएको समय र हुर्किएका छोराहरूको कुरा सुनाए अनि भने, 'सबै कुरा नयाँ-नयाँ लागिरहेछ ।' नलागोस् पनि किन कामदारका रूपमा साउदी पुगेको एकाध महिनामै उनी हत्याको आरोपमा जेल परेका थिए । जेलका कोठामा करिब १४ वर्ष एक्लै-एक्लै उदासीमा बिताएका थिए ।

१८ वर्षको उमेरमा ८ कक्षा पढ्दापढ्दै भागेर भारतको गुजरातमा काम गर्न गएका उमेशको जीवनमा प्रवासी कामदारको अनुभवको हिस्सा धेरै छ । त्यसपछिका सात वर्ष उनले गुजरातमै पसिना बगाए । घर फर्केपछि बिहे गरे । दुई छोराको बुबा बने, अनि तिनैको भविष्य सम्झेर साउदी हान्निए ।

त्यतिबेला साउदी जान उनले स्थानीय साहुबाट ऋण काढेर काठमाडौंस्थित एक मेनपावरलाई एक लाख ४० हजार रुपैयाँ बुझाएका थिए । मासिक ५ सय रियाल तलबमा उनले गर्नुपर्ने काम थियो, निर्माण क्षेत्रमा दैनिक आठ घण्टा बेल्चा चलाउनु, सामान ओसार्नु तर काम सुरु गरेको १२ औं दिनमा अप्रत्याशित घटना भइदियो । **बाँकी पृष्ठ १४**





छोटकरी

घोराहीमा घोडा



दाङको घोराहीस्थित गुम्राह चोकमा राखिएको घोडाको प्रतिमा ।

तस्बिर : कान्तिपुर

दाङ (कास)- घोराहीको गुम्राह चोकमा घोडाको प्रतिमा राखिएको छ । यहाँको पहिचान दिन घोडा राखिएको घोराही उपमहानगरपालिका प्रमुख नरुलाल चौधरीले बताए । यस क्षेत्रमा घोडैघोडा हुने भएकाले बोलीचालीमा घोडालाई घोरा भन्दै घोराही नाम रहन गएको कथन छ । त्यसकारण घोराहीको परिचयस्वरूप घोराही बजारको मुख्य प्रवेशद्वार गुम्राह चोकमा दुईवटा घोडाको प्रतिमा राखिएको हो । प्रतिमाको शनिबार प्रदेश ५ का मुख्यमन्त्री शंकर पोखरेलले उद्घाटन गरे । गाउँमा सडक विस्तार भई यातायातको पहुँच बढेपछि घोडाको प्रयोग घट्दै गएको छ । घोडाको इतिहास मेटिने चिन्ताले घोडाको प्रतिमा राखिएको नगर उपप्रमुख सीता सिग्देल न्यौपानेले बताइन् । घोराही चोकमा पनि घोडाको प्रतिमा राख्ने तयारी भइरहेको उनले जानकारी दिइन् ।

'नेतृत्वले राजीनामा दिनुपर्छ'

नेपालगन्ज (कास)- कांग्रेस केन्द्रीय सदस्य शेखर कोइरालाले पछिल्लो सरकारका मन्त्री विवादित बन्दै गएकाले नेतृत्वले नैतिकताका आधारमा राजीनामा दिनुपर्ने बताएका छन् । नियन्त्रित प्रजातन्त्र र नियन्त्रित लोकतन्त्रमा देश अघि बढिरहेको उनले बताए । सरकारमा सुशासन पटक्कै नभएको भन्दै भ्रष्टाचारको कुरा गरी साध्य नहुने अवस्था आएको सुनाए । प्रेस युनियन नेपालगन्जले शनिबार आयोजना गरेको पत्रकार सम्मेलनमा नेता कोइरालाले सरकार सर्वसत्ता हुँदै अधिनायकवादतिर गइरहेको आरोप लगाए । 'अनुसन्धानका नाममा सरकारले हस्तक्षेप गरिरहेको छ,' उनले भने, 'हरेक घटनाक्रममा अख्तियार र सरकारको मिलेमतो देखिन्छ, कांग्रेसलाई यो कुरा मान्य छैन ।'

बर्दियामा धर्मशाला

बर्दिया (कास)- तीर्थाटन गर्न आउने न्यून आय भएका सर्वसाधारणका लागि राजापुरमा धर्मशाला निर्माण सुरु भएको छ । हनुमान मन्दिरको पसिसरमा एक धार्मिक सभाहलसहित दुईतले १६ कोठे धर्मशाला निर्माण हुन लागेको हो । राजापुर-४ स्थित हनुमान गढीमा निर्माणाधीन धर्मशालाका लागि स्थानीय सरकारको १० लाख आर्थिक सहयोग छ । धर्मशाला निर्माण समितिका अध्यक्ष चमनलाल थारुले भवन निर्माणका लागि विभिन्न दातृ संस्था र दातासँग आर्थिक सहयोगका लागि आग्रह गरिएको बताए । मन्दिरका नाममा रहेको १५ कट्ठा जग्गाभित्र धर्मशाला निर्माण सुरु गरिएको हो ।

भरतपुर-लुम्बिनी मोटर च्याली

लुम्बिनी (कास)- पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले भरतपुर-लुम्बिनी मोटर च्याली सम्पन्न गरिएको छ । नेपाल भ्रमण वर्ष २०२० को प्रचार गर्दै दुई महत्त्वपूर्ण पर्यटकीय गन्तव्यलाई एकापसमा जोड्न मोटर च्याली गरिएको आयोजकले बताए । भरतपुरस्थित नारायणी नदी किनारबाट सुरु भएको च्याली बुटवल, रामापुर कोलोनी हुँदै शनिबार लुम्बिनी आइपुगेको हो । लुम्बिनीमा लुम्बिनी विकास कोष र होटल संघ लुम्बिनीका पदाधिकारीले च्यालीका सहभागीलाई स्वागत गरे । भरतपुर महानगरपालिकाकी मेयर रेणु दाहालको नेतृत्वमा १ सय ५० जनाले च्यालीमा सहभागिता जनाएका थिए । च्यालीपछि लुम्बिनीस्थित बेबी बुद्धमा आयोजित कार्यक्रममा मेयर दाहालले लुम्बिनी र भरतपुरलाई एकापसमा अझ नजिक बनाई महत्त्वपूर्ण पर्यटकीय गन्तव्य बनाउन च्याली आयोजना गरिएको बताइन् । लुम्बिनी सांस्कृतिक नगरपालिकाकी उपप्रमुख जानकीदेवी श्रीवास्तवले आफूहरू हातेमालो गरेर काम गर्न तयार रहेको बताइन् । भरतपुर महानगरपालिका र लुम्बिनी सांस्कृतिक नगरपालिकाबीच यसअघि नै भगिनी सम्बन्ध स्थापना भइसकेको छ ।

मगर दिवसमा कार्यक्रम

तिलोत्तमा (कास)- नेपाल मगर संघले ३८ औं मगर दिवसको अवसर पारेर शनिबार रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । रक्तदानमा ६० युनिट रगत संकलन भएको अध्यक्ष थर्कबहादुर बारघरे मगरले बताए । मगर समुदायको संस्कार र संस्कृतिको जगेर्नाका लागि सबै मगरलाई एकीकृत गर्ने गरी मगर दिवस मनाउन लागिएको उनले बताए । यसअघि दिवसकै अवसरमा शुक्रबार बुटवलमा मगर जातिको आर्थिक र शिक्षाको अवस्थाबारे अन्तर्क्रिया गरिएको थियो । १५ गते हुने मूल समारोहमा मगर समुदायको भेषभूषा झल्कने खालको झाँकीसहितको च्याली निकालिनेछ ।

प्रदेश प्रदर्शनी

१०९ स्थानीय सरकारका कला, संस्कृति र सीप एकै ठाउँमा



दाङको बेलझुन्डीमा आयोजित प्रदेश एक्स्पोमा आ-आफ्नो कला संस्कृतिसहित सहभागी विभिन्न जिल्लाका प्रतिनिधि ।

तस्बिर : दुर्गालाल/कान्तिपुर

दुर्गालाल केसी (दाङ)

संघीय संरचनापछि पुराना अञ्चल गाभिएर प्रदेश बन्यो । पहिले अञ्चल अनुसारका विशेषता थिए । एक अञ्चलभित्रका जिल्लाले आफ्नो क्षेत्रको कला, संस्कृति र विशेषता बुझेका थिए । अहिले प्रदेश बनेपछि पुराना अञ्चल हराए, नयाँ संरचनाअनुसार सिंगो प्रदेशलाई आफ्नो विशेषता चिन्ने अवसर भएन । यसको सुरुवात भएको छ प्रदेश एक्स्पो अर्थात् प्रदेश प्रदर्शनीमार्फत ।

बेलझुण्डीस्थित रंगाशाला छेउमा शनिबार भव्य कार्यक्रमका बीच यसको उद्घाटन भएको छ । प्रदेशका विभिन्न सरकारले आफ्नो क्षेत्रका कला, संस्कृति, सीप, उत्पादन र नयाँ प्रयोग एक्स्पोमा प्रदर्शन गरेका छन् । एक स्थानीय तहले अर्को तहका कामकाज र कला संस्कृति बुझ्न पाएका छन् । कतिले अर्को ठाउँका अनौठा कला र नाच देखेर आश्चर्य व्यक्त गरे ।

प्रायःजसो औपचारिक कार्यक्रममा जस्तो भाषण गर्ने वक्ताको लामो सूची थिएन । प्रदेशका मुख्यमन्त्री शंकर पोखरेल र आन्तरिक मामिला तथा कानुन मन्त्री कुलप्रसाद केसीले मात्रै एक्स्पोबारे केही कुरा राखे । अन्य सबै कार्यक्रम कला प्रदर्शनी अवलोकनमा केन्द्रित भयो । पानीले हिलाम्य भएको चौरमा दर्शक खचाखच थिए । पानीको बीचमा पनि नाचगान र विभिन्न कला कौशलको प्रदर्शनी रोकिएन । तीन दिनसम्म चल्ने प्रदर्शनीमा प्रदेश सरकारका विभिन्न मन्त्रालय, विभाग र प्रतिष्ठानका साथै १२ जिल्लाका १ सय ९ स्थानीय तहका बारेमा विस्तृत जानकारी प्राप्त हुने कानुन मन्त्री केसीले बताए । 'सबै सरकारले आजसम्म गरेका रचनात्मक कामको प्रगति देखाउन पाएका छन् । अर्को ठाउँमा भएका नयाँ प्रयोगलाई अनुसरण गर्न सकिन्छ,' उनले भने, 'अझ प्रभावकारी काम गर्न उत्साह लिएर जान सकिन्छ । जनतालाई आफ्ना कामबारे सार्वजनिक जानकारी दिने अवसर पनि हो ।'

प्रदर्शनीमा विभिन्न सरकारका साथै सरोकारवाला निकाय, कृषि, उद्यम, शिक्षा, व्यवसायसँग सम्बन्धित स्टल पनि राखिएका छन् । प्रदेशभित्रका उत्पादन, पहिचान, संस्कृति, पर्यटन, शिक्षा, स्वास्थ्य, कृषि लगायत क्षेत्रमा भएका उत्कृष्ट काम चिन्न यसले सघाउने मन्त्री केसीले बताए । प्रदेश सरकार र स्थानीय तहबीचको सम्बन्ध सुदृढीकरण गर्न पनि यसले महत्त्वपूर्ण भूमिका खेल्ने उनले बताए ।

प्रदर्शनीमा दाङको थारु समुदायका परम्परागत नाच, बर्दिया भाले, तिल्की र सिम्ठारो धान पहिचानका रूपमा प्रदर्शन गरिएका छन् । प्यूठान र अर्घाखाँचीको सराय नाच, रूपन्देहीको नेवार समुदायको नाच, पाल्पाको लाखे, बर्दियाको थारू नाच, रुकुम पूर्वको लोपोन्मुख ढोंगे नाच र रोल्पाको थवाडी नाच आकर्षणका केन्द्र थिए । यसैगरी दाङका विभिन्न गाउँबाट आएका बालबालिकाले प्रदर्शन गरेको मयूर नाच र नेपाली सेनाको कला कौशलले पनि सबैलाई लोभ्याएको थियो । विभिन्न संघसंस्थाले पनि आ-आफ्नो जिल्ला र स्थानीय तहको प्रतिनिधित्व गर्ने विभिन्न सांस्कृतिक प्रस्तुति राखेका थिए ।

यसैगरी, युनिसेफले बालबालिकाका अधिकारसम्बन्धी विभिन्न रचनात्मक कुरा चित्रको माध्यमबाट सिकाइरहेको छ । यस स्टलमा बालबालिकाको भीड लाग्ने गरेको छ । अल्लोका कपडा, सल्यानी खुकुरी, बाँसका हस्तकला, कृषिका विभिन्न उत्पादन पनि एक्स्पोका आकर्षण बनेका छन् ।

प्रदेश चिन्न एक्स्पो

– शंकर पोखरेल, मुख्यमन्त्री

हामीले संघीय संरचनाअनुसार प्रदेश त बनायौं तर अझै पनि प्रदेशलाई चिन्न सकेका छैनौं । हाम्रो प्रदेश कस्तो छ, के कस्ता मौलिक विशेषता छन्, कुन प्रदेशमा के नयाँ कुरा छ, कहाँ कस्ता कला संस्कृति छन् भन्ने कुरा पहिलोपटक एक ठाउँबाट जान्ने अवसर मिलेको छ । खासमा प्रदेश चिनाउन नै एक्स्पो आयोजना गरिएको हो । यो नयाँखालको प्रयोग हो । पहिलोपटक प्रदेश चिन्न थालेका छौं । हाम्रा महत्त्वपूर्ण विशेषताहरू अब हामीलाई थाहा हुनेछन् । एक्स्पोबाट सरकारहरूको मूल्यांकन पनि हुनेछ । कुन सरकारले कसरी काम गरेको छ, के कस्ता प्रगति भएका छन्, नयाँ अभ्यास के छन् भन्ने विषयमा पनि जान्न पाइनेछ । एकले अर्कोबाट सिक्न पनि पाउनेछन् । यो सिकाइको महत्वपूर्ण थलो हुनेछ । एउटाको राम्रो अभ्यासबाट अरूलाई सिकाइ हुनेछ ।

उद्योग, घरेलु सीप, सञ्चार, संस्कृति झल्किने नृत्य, वैज्ञानिक आविष्कार र नवप्रवर्द्धनमा आधारित कामको अडियो, भिडियो र प्रकाशित सामग्री राखिएका छन् । बालबालिकाका खेल, स्वास्थ्य परिक्षण, जैविक मल, माटो जाँच, वैकल्पिक सिचाइलगायत विषयमा सेवा प्रवाह भइरहेको छ । प्रदेशभित्रका मौलिक ज्ञान, सीप, कला, खानाका परिकार, विद्यार्थीले गरेका नवीन प्रविधिको विकाससम्बन्धी सामग्री पनि प्रस्तुत भएका छन् । यसले बालबालिकलाई नयाँ आविष्कार गर्न सहयोग मिल्नेछ । यसैगरी प्रदेश सरकारको आवधिक योजना, विधेयक र प्रदेशसभामा भएका कामको विवरण डिजिटल प्रविधिबाट प्रदर्शन गरिएको छ । यसबाट सबै तहका सरकार र सर्वसाधारणले प्रदेश सरकारका कामबारे जान्न पाउनेछन् ।

झिमरुक फाँट बाँझै

गिरुप्रसाद भण्डारी (प्यूठान)

झिमरुक नदीले बनाएको समथर फाँटको छेउबाट बग्ने झिमरुक नदी । माथिल्लो भागमा मिलेर बसेको टारी, टिकुरी, पुन्यखोला, विजयनगर, क्वाडीलगायत मनमोहक बस्ती । बीबीसीका पूर्वपत्रकार सुमन खरेललाई यही दृश्यले मोहित बनायो । साझा सवाल कार्यक्रम रेकर्डका लागि केही वर्षअघि प्यूठान आएका उनले खलंगाबाट बिजुवारतर्फको उपत्यकालाई स्वीजरल्यान्डसँग तुलना गरेका थिए । 'सारै राम्रो रहेछ,' उनले भने, 'यसको विकास उत्पादन र पर्यटनसँग जोडेर गर्नुपर्छ ।'

०६३ सम्म झिमरुक फाँटको बिजुवार, जुम्री क्षेत्र खाली थियो । अहिले घरैघरले घेरिएको छ । साबिकको धर्मावती गाविसअन्तर्गत पर्ने खप्रेडखोला क्षेत्रका किसानले फाँटैभरि व्यावसायिक तरकारी खेती गरेर धेरै गाउँलाई तरकारीमा आत्मनिर्भर बनाएका थिए । मानो रोपी मुरी फल्ने यस फाँटको पनि बेग्लै महत्त्व थियो । कसैले फाँटको खेत बाँझै राख्दैनथे । तर, अहिले झिमरुक उपत्यका खरेलले बयान गरेजस्तो रहेन ।

दुई/चार वर्षमै फाँटको माथिल्लो भाग अव्यवस्थित घर/घडेरीका कारण कंक्रिट बन्दै गएको छ । विस्तार हुँदै गएको बारदुला, बिजुवार, जुम्री बजारका नालीको फोहोर सोझै झिमरुक नदीमा मिसिएको छ । त्यसले नदी फोहोर हुँदै गएको छ । झिमरुक नदीमा माछा पाइन छाडेका छन् । खप्रेडखोला क्षेत्रका किसानले व्यावसायिक तरकारी खेती गर्न छोडेका छन् । जिल्लालाई चाहिने तरकारी दाडको भालुबाङ, लमही, क्षेत्रबाट भित्रिन्छ । व्यावसायिक तरकारी खेती गर्नलाई फाँटमा पानीको कहिल्यै समस्या हुँदैन । तर, माल पाएर पनि चाल नपाएजस्तो भएको छ । स्थानीय सरकारले पनि फाँटबाट फाइदा लिने योजना बनाउन सकेका छैनन् । फाँटको बीचमा बाँझो खेत बढ्दो छ । जिल्लाको पहिचानसँग जोडिएको झिमरुक फाँट अहिले मासिदै गएकामा अगुवा चिन्तामात्र व्यक्त गर्छन् । तर, पहलकदमी लिदैनन् । प्यूठान नगरपालिकाको प्रमुख प्रशासनिक केन्द्रको भवन पनि फाँटमै निर्माण भएको छ । त्यसले फाँट मासेर घर बनाउने क्रम झन् बढाएको छ ।

फाँटमा भइरहेको अव्यवस्थित बस्ती विकासले फाँटैभरि व्यावसायिक तरकारी खेती गर्ने योजना कार्यान्वयन गर्न समस्या परेको प्यूठान नगरपालिकाका प्रमुख अर्जुनकुमार कक्षपतिले बताए । 'खेत एउटाको र खेती गर्ने किसान अरू भएकाले फाँटमा व्यावसायिक उत्पादनमा समस्या छ,' उनले भने, 'व्यवस्थित कार्ययोजना बनाउन पनि सकिएको छैन ।' जग्गा भाडामा लिएर खेती गर्ने किसानलाई भाडा दिने नीति प्रदेश सरकारको छ । तर, झिमरुक फाँटमा त्यस्तो खेती गर्ने किसान कोही नभेटिएको उनले बताए ।

झिमरुक फाँट जिल्लाकै अन्न भण्डार हो । प्यूठान नगरपालिका-८, गेजबाङबाट खैरासम्मै ठूल्ठूला फाँट छन् । फाँटलाई सिंचाइ गर्न पुर्खाले नै राज, क्वाडे, तेर्से, रानी कुला निर्माण गरेका छन् । दाडको भालुबाडबाट पहाडैपहाडको बाटो भएर प्यूठान आउने जो कोहीको पनि पहिलो नजर झिमरुक फाँटमा पर्छ । कलकलाउँदै बग्ने झिमरुक नदी र यसको दायाँ/बायाँ बनेको फाँट देख्दा प्यूठान आउने आगन्तुक लोभिन्छन् । तर, फाँटबाट प्यूठानीले धेरै फाइदा लिन सकेका छैनन् । 'फाँटमा तरकारी र अन्न खेती गर्न पानीको समस्या कहिल्यै हुँदैन,' प्यूठान नगरपालिका-४ का किसान गिरबहादुर कार्कीले भने, 'तर, किसान खेतीमा भन्दा जग्गा बेचेर मोटो रकम हात पार्नमै तल्लीन छन् ।'

छाप्रोबाट घरमा

मधु शाही (बाँके)

टिनको छानो । दुई कोठासँगै सानो भान्सा र अट्याच बाथरुम । कोहलपुरका ६५ वर्षीय वीरबहादुर गन्धर्व भुइँमै ओछ्यान लगाएर सुत्छन् । अहिले उनलाई कसैले बस्ती हटाइदेला भन्ने चिन्ता छैन । सरकारको एकीकृत बस्ती आवास पाएपछि उनीलगायत कोहलपुरका १० गन्धर्व परिवारले ओत लाग्ने घर पाएका हुन् । सारंगी बजाएरै जीविकोपार्जन गर्दै आएका उनीहरूलाई स्थानीय सरकारले आवास बनाइदिएको हो ।

उनी कोहलपुर नगरपालिकाका गन्धर्व समुदायका पाका पुस्तामा पर्छन् । उनीसँगै झन्डै २४ घरपरिवार गन्धर्व समुदायका छन् । सबै परिवार सारंगी बजाउँदै गर्दा जुटेका हुन् । अधिकांशको पुर्ख्यौली घर सल्यान हो । गन्धर्वको इतिहास राजा-रजौटाको इतिहाससँग जोडिएको छ । सल्यान जिल्लाका फालांगा भन्ने ठाउँमा बसोबास गरेका वीरबहादुरका पुर्खा बाइसे-चौबीसे राजाको सेवामा लागे । त्यतिबेला राजाले सारंगीलाई पवित्र संगीतका रूपमा लिन्थे । घरमा पूजाआजा गर्दा मंगल धुनका रूपमा सारंगी बजाउनुपर्थ्यो । राजा/रजौटाको अन्त्यसँगै उनीहरू पनि छरिन पुगे ।

सल्यानबाट विस्थापित भएपछि रुकुम वाफिकोटको 'भाग्ले'मा पुगे । त्यहाँस्थित भन्ने ठाउँमा बस्न थाले । जहाँ अहिले नगरपालिका भवन छ । ०२२ सालमा बाँकेमा जग्गा खुलेको खबर पाए । झन्डै २४ जनाको गन्धर्व समुदाय बाँकेको साबिक राप्तीसोनारी को शमशेरगन्जस्थित ठुरे खोला नजिक छाप्रो बनाएर बसे । वर्षहरू बित्दै थिए, ०३१ सालमा जिल्ला वन कार्यालयले डोजर लगाएर त्यो बस्ती हटायो ।

स्थानीय कृष्ण गन्धर्वका अनुसार उनीहरू बास खोज्दै नेपालगन्जको सल्यानी बंगलामा बस्न थाले । दिनभरि सारंगी बजाउँदै गाउँ डुल्ने र बेलुका अन्नपात लिएर बंगलामा सुत्न आउँथे । यसै गरी १४ वर्ष बित्यो । भौंतारिदै छरिएका गन्धर्वहरू बाँकेसम्म आइपुगदा एकजुट भए । समूह ठूलै बन्यो । हिंड्दा हिंड्दै विवाह गरे । परिवार बढ्दै गयो । एक्लो जीवन त सारंगीसँगै डुल्छ तर परिवार ! त्यसपछि उनीहरूले परिवारका लागि भए पनि बसोबासको निधो गर्न थाले । यसै क्रममा झन्डै ३० परिवारको गन्धर्व समुदाय कोहलपुरनजिक डुडुवा खोला किनारमा बस्न थाल्यो । 'जहाँ गयो, त्यहीं हाम्रो घर । जतिपटक भत्किन्थ्यो, उति पटक बन्थ्यो,' ६७ वर्षे कृष्णले भने । ०६५ सालदेखि उनीहरू कोलपुरको खुला चौरमा बस्न थालेका हुन् । गन्धर्व समुदायका अध्यक्षसमेत रहेका दलबहादुर गन्धर्वका अनुसार कोहलपुरमा १ सय १० को हाराहारीमा गन्धर्व समुदायको बसोबास छ । उनीहरूमध्ये आधाजसो बेघर छन् ।

स्थानीय सरकारद्वारा गन्धर्व समुदायका लागि १० घर निर्माण

'स्यारपु दह' किनारमा बस्ती बसाए । बिस्तारै घरबार जोड्न थाले । 'गरिबलाई प्रकृतिले समेत हेप्दो रहेछ,' वीरबहादुरले भने, 'वि.सं. ०२१ मा दह फुट्यो । अलि अलि आर्जेको घरबास, भैंसी, बाख्रा, अन्नपात र जमिन सबै दहले बगायो ।' भोको पेट पाल्न खोक्रो सारंगी रेट्दै उनीहरू रुकुमबाट दाङ झरे । पपनगर

Nepal Red Cross Society
District Chapter Rupandehi
Butwal

शिलबन्दी बोलपत्र प्रकाशन

प्रथम पटक प्रकाशित मिति : २०७६/११/११

नेपाल रेडक्रस सोसाइटी रुपन्देही जिल्ला शाखाबाट सञ्चालित रक्त संचार सेवा केन्द्र बुटवलका लागि तल उल्लेखित ल्याब यन्त्रहरु खरिद गर्नु पर्ने भएको हुँदा, नेपाल सरकारबाट मान्यता प्राप्त फर्महरुबाट यो सूचना प्रकाशित भएको मितिले एक हप्ता (सात दिन) भित्र रित पूर्वकको कागजातसहित शिलबन्दी कोटेशन आव्हान गरिन्छ ।

1. Blood component separator centrifuge ...1
2. Platelets Incubator & Agitator 1
3. Deep Freeze (-40.c) 1
4. Refrizerator 1
5. Tube Sealer 1
6. Weighing balance for Component Preparation 1

सम्पर्क :- नेपाल रेडक्रस सोसाइटी रक्त संचार सेवा केन्द्र, बुटवल अमरपथ
फोन नं. :- ०७१-५५०४६२









तपाईको आज

मेष	यात्रामा सफल	तुला	विद्यामा सफलता
वृष	कार्य सिद्धि	वृश्चिक	आलस्यता
मिथुन	पुण्य आर्जन	धनु	पराक्रम बढ्ने
कर्कट	अस्वस्थता	मकर	धन आर्जन
सिंह	मित्र भेट	कुम्भ	भाग्य वृद्धि
कन्या	रोग भय	मीन	केही लाभ

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल फागुन १२ गते सोमबार तदनुरुप २४ फरवरी २०२० फाल्गुन शुक्लपक्ष प्रतिपदा तिथि रात्रिको ९:५१ बजेसम्म उप्रान्त द्वितीया तिथि, शतभिषा नक्षत्र दिनको ३:२४ बजेसम्म उप्रान्त पूर्वाभाद्रपदा नक्षत्र, शिव योग प्रातः ८:३२ बजेसम्म उप्रान्त सिद्ध योग, किंस्तुघ्न करण प्रातः ८:५४ बजेसम्म उप्रान्त बव करण, कुम्भ राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	भजन
७:००	कान्तिपुर समाचार
८:००	गुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	इट्स माई सो (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	फिल्म टमिक (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	हियर्ज द लाइफ (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	हृवाट द फ्लप (रिपिट)
१:३०	सुमनसँग (रिपिट)
२:००	कान्तिपुर समाचार
२:३०	रजतपट (रिपिट)
३:००	इट्स माई सो (रिपिट)
८:००	कान्तिपुर समाचार
८:३०	हियर्ज द लाइफ (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्युज
६:३०	बलियो घर (रिपिट)
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	हृवाट द फ्लप
१०:००	बलियो घर (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपीटेड
१:००	कान्तिपुर न्युज रिपीटेड
१:३०	बलियो घर (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट ९)
२:३०	हियर्ज द लाईफ (रिपिट)
३:००	कल कान्तिपुर रिपीटेड
८:००	हृवाट द फ्लप (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

०५:००	भक्ति अनुष्ठान (अच्युत सुवेदी)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०७:३०	अपांठा आवाज (डीएचआरसी नेपाल)
०८:००	डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	वीस चू अल द बेस्ट (महेश)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:५०	ट्राफिक अपडेट
०९:५५	राष्ट्रिय गीत
०९:२०	सफर (राजेश)
१०:००	स्पोर्टस् डायरी
१०:०५	फुल अन (दीपाञ्जली)
१०:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	आजका नारी (रस्मिला)
१२:००	कान्तिपुर डायरी
१२:१०	न्यू रिलिज (महेश)
१३:००	डिस्ट्रिक डायरी
१३:०५	के छ नेपाल (स्मीता)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	के छ नेपाल (स्मीता)
१५:००	कान्तिपुर डायरी
१५:५५	हेल्थमा पृथ्वी (रिता राई)
१६:००	हेल्थ एन्ड ह्याप्पिनेस डायरी
१६:०५	स्वर (किरण)
१७:००	डिस्ट्रिक डायरी
१७:०५	साथीसँग मनका कुरा
१७:५५	बाल गीत
१८:००	म्याजेज अफ इटर्नल किंडम
१८:३०	कान्तिपुर डायरी
१९:००	न्यूजिक बक्स (दीपाञ्जली)
२०:००	सेक्चुरिटी एन्ड क्राइम डायरी
२०:०५	चार्ट बस्टर (महिमा)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेनी
२२:००	साझा सवाल
२३:००	गजल (शुभ)
००:००	चार्ट बस्टर (रिपिट)
०१:००	यात्रा जीवनको (दिनेश/अम्बिका/शुभ)
०२:००	नेपाली गीतहरु लगातार
०३:००	हिन्दी गीतहरु लगातार
०८:००	भजनहरु लगातार

अस्पताल र विविध

लुम्बिनी अञ्चल अस्पताल बुटवल	०७१४१०२००
बुद्ध सामुदायिक मृदु अस्पताल	०७१४१४१५०
महिला तथा बाल अस्पताल-आमदा	०७१४१४१४०
चुनिमर्सल कलेज अफ मेडिकल साचन्सेस भैरहवा	०७१५०६०३०
मीम अस्पताल भैरहवा	०७१५२०१९३
पृथ्वी चन्द्र अस्पताल परासी	०७८५२०१९८८
अर्याखाँची जिल्ला अस्पताल	०७७४२०१५०
गुल्मी जिल्ला अस्पताल	०७८५२०१९८८
कपिलवस्तु जिल्ला अस्पताल	०७४५१६००००
रेडक्रस एम्बुलेन्स भैरहवा	०७१-५२०२६३, ९७४७०२१५०४
रेडक्रस, रक्त संचार भैरहवा	०७१-५२०२६३, ९८४७३२६४५०
रेडक्रस, रक्त संचार, बुटवल	०७१-५४१००४
संचुक्त एम्बुलेन्स चालक संघ बुटवल	९८५७००३०९९
मीम अस्पताल भैरहवा	०७१-५२०१९३
चुनिमर्सल शिक्षण अस्पताल भैरहवा	०७१-५०६०९२, ५०६०५२
जिल्ला ट्राफिक प्रहरी कार्यालय	०७१-५२२८५४, ९८५७०००३९०
इलाका प्रहरी कार्यालय बेलहिया	०७१-४९८००४
अध्याग्मन कार्यालय बेलहिया	०७१-४९८०२०
गौतम बुद्ध विमानस्थल कार्यालय	०७१-५०७०८६
दमकल सिद्धार्थनगर नगरपालिका	०७१-५२०२१४
दमकल बुटवल उपमहानगरपालिका	०७१-५४०१९९
माईती नेपाल क्षेत्रिय कार्यालय भैरहवा	०७१-५२३५३८
जिल्ला प्रशासन कार्यालय	५६०१३३
जिल्ला प्रहरी कार्यालय	५६०१९२
राप्ती उपक्षेत्रीय अस्पताल घोराही	५६२३६५
राप्ती अञ्चल अस्पताल तुलसीपुर	५२००१९
लमही अस्पताल	५४००१९
राप्ती आँखा अस्पताल तुलसीपुर	५२०१६५
आँखा अस्पताल लमही	४१७००८
घोराही उपमहानगरपालिका	५६०७००
तुलसीपुर उपमहानगरपालिका	५२०२३३
लमही नगरपालिका	५४००५०
उच्च अदालत तुलसीपुर	५२००२४
जिल्ला अदालत	५६०२४५
राप्ती प्राबिधिक शिक्षालय लालमाटिया	४१३००१
एम्बुलेन्स सञ्जिवनी विकास केन्द्र तुलसीपुर	९८५७८२३१२३
एम्बुलेन्स परिवार निर्योजन संघ घोराही	५६००२३/९८६७८६२३५८
दमकल घोराही	५६०४२९
दमकल तुलसीपुर	५२०३०५
रेडक्रस सोसाइटी घोराही ब्लड बैंक	५६१६६०
रेडक्रस सोसाइटी तुलसीपुर ब्लड बैंक	५२३१४०
घोराही बसपार्क	५६०४१५
तुलसीपुर बसपार्क	५२०५०४
लमही बसपार्क	५४००४०
जिल्ला प्रहरी कार्यालय बाँके	५२०२११/५२२८४८/१००
ईलाका प्रहरी कार्यालय कोहलपुर	५४०४२०/५४०१९३
वडा प्रहरी कार्यालय नेपालगञ्ज	५२०२२९
क्षेत्रीय ट्राफिक कार्यालय नेपालगञ्ज	५४०००३/ १०३
जिल्ला ट्राफिक कार्यालय नेपालगञ्ज	५२०८५३
नेपाल रेडक्रस सोसाईटी	५२०१०४
एम्बुलेन्स/ब्लड बैंक नेपालगञ्ज	५२०५०४
दमकल नेपालगञ्ज	५२०१९९
दमकल कोहलपुर	९८४८७१४५४०
मेरी अञ्चल अस्पताल नेपालगञ्ज	५२०

गर्भ जँचाउन दिनभर पैदल

ग्रामीण क्षेत्रमा स्वास्थ्यचौकी टाढा हुँदा गर्भवतीहरु जचाउँन जाँदैनन्

राजबहादुर शाही (मुगु)
तुलाराम पाण्डे (कालीकोट)



कालीकोट अस्पतालमा बच्चालाई खोप लगाउन आएका सुत्केरी आमा । *तस्विर : तुलाराम/कान्तिपुर*

मुगुको सोरु गाउँपालिका तीन वडामा प्रसूति गृह छैनन् । गर्भ जाँच गराउनुपर्दा महिलाले दिनभर पैदल यात्रा गरेर नाथर्पु स्वास्थ्यचौकी पुग्नुपर्छ । सोरु-३ को भीई, ४ को लिब्र, रावलबाडा, भादगाउँ, फोत, ५ नम्बर वडाको नेर र ताँजागाउँबाट नाथर्पु पुग्न एक दिन पूरै पैदल यात्रा गर्नुपर्छ ।

धेरै टाढा पुग्नुपर्ने भएकाले यी पहाडी ग्रामीण क्षेत्रका धेरै महिलाले गर्भ जाँच गराउँदैनन् । स्वास्थ्यचौकीमा प्रसूति हुन आउनेको संख्या पनि निकै कम छ । 'एक त स्वास्थ्यचौकी टाढा, त्यसमा पनि गर्भवतीको स्वास्थ्य अवस्था,' स्थानीय कमला मल्लले भनिन्, 'गर्भ जाँचकै लागि ज्यानकै जोखिम मोलेर दिनभरि को हिँडोस् ।'

भीई गाउँकी स्वास्थ्य स्वयंसेविका चन्दा बुढाले एक्लै दिनभर हिँड्नुपर्ने बाध्यताले गर्भवती महिलालाई सास्ती भएको बताइन् । 'एकै दिन गएर गर्भवती महिलाले जँचाएर घर फर्कन सक्ने अवस्था हुँदैन,' उनले भनिन्, 'प्रसूतिका लागि पनि महिलाले ठूलो कष्ट बेहोर्दै आएका छन् ।' यस्ता दुर्गमका गाउँबाट जटिल अवस्थाका गर्भवतीलाई सुविधा सम्पन्न अस्पतालमा पठाउन हेलिकप्टर नै बोलाउनुपर्ने अवस्था रहेको उनले बताइन् । भौगोलिक विकटताका कारण गाउँका करिब ७५ प्रतिशत महिला घरमै सुत्केरी हुन्छन् ।

भीई गाउँका गर्भवती महिलाले नाथर्पु पुगेर अर्को दिन गर्भ जाँच गराउँछन् । उनीहरूले गर्भ जाँचकै लागि तीन दिनको समय छुट्याउनुपर्ने बाध्यता रहेको भीईको गुरु मावित्रका प्रधानाध्यापक उमेर बुमीले बताए । 'प्रसूति गृह नजिकै नहुँदा गर्भवतीलाई साह्रै कष्ट छ,' उनले भने, 'गाउँमा प्रसूति गृह निर्माणका लागि पटकपटक आग्रह गरिए पनि अझै सुनुवाइ भएन ।' उनका अनुसार फोतु, रावलबाडा, नेर र ताजा गाउँका महिलाले पनि प्रसूतिका समयमा उचित स्वास्थ्योपचार सुविधा पाएका छैनन् । यातायात सुविधा नभएका गाउँबाट गर्भ जाँच गर्न पठाइएका कतिपय महिला हिँडाइको थकानले घर आइपुग्दा बिरामी पर्छन् । घरमा सुत्केरी हुन नसकेका गर्भवतीलाई काठको स्ट्रेचर बनाएर दिनभरि बोकेर नाथर्पु पुऱ्याउने गरिएको छ ।

स्वास्थ्यचौकी नपुग्नेहरू गर्भवतीका लागि सरकारले उपलब्ध गराउने खोप र यातायात खर्चबाट पनि वञ्चित हुने गरेका छन् । नियमित रूपमा गर्भ जाँच गराउने महिलालाई सरकारले आठ सय, प्रसूति गृहमा सुत्केरी हुनेलाई तीन हजार र पोषणबापत तीन हजार रुपैयाँ दिने गरेको छ । गर्भावस्थामा दैनिक आइरन चक्की सेवन गर्नुपर्ने भए पनि दुर्गममा औषधि वितरणको व्यवस्थापन अझै हुन सकेको छैन ।

भीई गाउँमा प्रसूति गृह सञ्चालनका लागि प्रदेश सरकार र विभिन्न गैरसरकारी संस्थालाई अनुरोध गरिएको सोरु गाउँपालिका अध्यक्ष लोकबहादुर शाहीले बताए । 'गाउँपालिकाको आफ्नै भरपर्दो स्रोत छैन,' उनले भने, 'माथिल्ला सरकारबाट आउने अनुदान शीर्षकै तोकिएर आउँदा समस्या छ ।' जिल्ला स्वास्थ्य कार्यालय मुगुले भने जिल्लाका नौ स्थानमा बर्थिङ सेन्टर स्थापना गरिएको जनाएको छ । चार स्थानीय तहका ४५ वडालाई सुविधा दिन मानव अधिकार तथा वातावरण विकास केन्द्रले ११ वटा प्रसूति गृह निर्माण गरेको छ । प्रसूति गृह नभएका बस्तीका महिला गर्भ जाँच, खोप, उपचार र प्रसूति सेवाबाट वञ्चित रहेको अवस्था अझै नहटेको जिल्ला अस्पतालकी डा. मीना चौलागाईले बताइन् । 'हरेक वडामा कम्तीमा एउटा प्रसूति गृह स्थापना भए गर्भवतीले अकालमा ज्यान गुमाउनुपर्ने थिएन,' उनले भनिन् ।

चौथो पटकको गर्भ जाँच न्यून

कालीकोटको खाडाचक्र-११, जिम्जेडीकी १८ वर्षीया मिन्का लुवार सात महिनापछि पहिलोपटकको गर्भ जाँच गराउन गत शुक्रबार बदालकोटको स्वास्थ्य इकाई पुगिन् । उनीसँगै स्वास्थ्यचौकी पुगेकी १९ वर्षीया कमला लुवारको पेटमा पनि सात महिनाको बच्चा छ । उनीहरू दुवैले धनुष्टंकार र भ्यागुते रोगविरुद्धको खोप बल्ल लगाउन पाए । पहिले दिनभरि हिँडेर जिम्जेडी, बदालकोटलगायत ठाउँका गर्भवती महिला सदरमुकाम मान्मस्थित जिल्ला अस्पताल पुग्थे । गत वर्ष खाडाचक्र नगरपालिकाले गाउँमै अस्थायी स्वास्थ्यकर्मी भर्ना गरेर इकाई स्थापना गरेको छ । तर पहिल्यैदेखि जँचाउन र खोप लगाउनुपर्ने चेतना अभावमा गर्भवतीहरू इकाईमा पुग्दैनन् । चालु वर्षको सात महिनामा ११ नम्बर वडामा पर्ने बरातु, बदालकोट, रेंगिल र जिम्जेडी बस्तीमा १६ शिशु जन्मिए । तर चार जनाले मात्र इकाईबाट प्रसूति सेवा लिएको अनमी यमुना शाहीले बताइन् । 'गाउँबाट स्वास्थ्यचौकीसम्म आउने बाटो पनि अप्ठेरो छ,' उनले भनिन्, 'नर्मल डेलिभरीको अवस्थामा घरमै बच्चा जन्मन्छन्, अप्ठेरो परेपछि मात्र गर्भवतीलाई आफन्तले यहाँ ल्याउँछन् ।'

जिल्ला अस्पतालमा गर्भ जाँच गराउन पुग्नेमध्ये ९० प्रतिशत महिलाले घरमा बच्चा जन्माउँदैनन् । उक्त अनुपातमा ग्रामीण क्षेत्रका महिलाको भने स्वास्थ्यचौकी पुग्ने दर निकै न्यून छ । 'हिँड्न सक्नेलाई २/३ घण्टाको बाटो भए पनि गर्भवतीलाई स्वास्थ्यचौकी पुग्न दिनभरि लाग्छ,' महिला स्वास्थ्य स्वयंसेविका समाजकी अध्यक्ष लालचन्ना पाण्डे भन्छिन्, 'भीर-पहरामा उकालो-ओरालो हिँड्नुपर्छ । स्वास्थ्यकर्मी घरमै पुगेर गर्भ जाँच सेवा दिन सके सुत्केरी गराउन चौकीमा ल्याउनेको संख्या बढ्न सक्छ ।' भत्ताका कारण स्वास्थ्य संस्थामा सुत्केरी हुन आए पनि जाँच गराउनेको संख्या न्यून रहेको खाडाचक्र नगरपालिकाका स्वास्थ्य संयोजक रवीन्द्र सेजुवालले बताए । 'अझै पनि ३० प्रतिशत महिलाले घरमै बच्चा जन्माउँछन्,' उनले भने । माल्कोट स्वास्थ्यचौकीकी अनमी मीठु बटालाले साउनयता ७३ जनाले प्रसूति सेवा लिए पनि गर्भ जाँच गराउनको संख्या ३६ मात्र रहेको बताइन् । उनले भनिन् 'सुत्केरी भइसकेपछि जाँच गराएकाको संख्या पनि सात महिनामा २० जनामात्रै छ ।'

स्युना चौकीमा एक सय २७ जना सुत्केरी भए पनि ८६ जनाले मात्र गर्भ जाँच गराएका थिए । जिल्ला स्वास्थ्य व्यवस्थापन कार्यालयका प्रमुख डा. भीष्म पोखरेल भन्छन्, 'चेतना कमी र भौगोलिक विकटताका कारण गर्भ जाँच गराउनेको संख्या न्यून भएको हो ।' जिल्लामा चारपटक गर्भ जाँच गर्ने महिलाको संख्या ६४ प्रतिशत मात्र छ । प्रसूति हुन स्वास्थ्य संस्थामा पुग्नेको संख्या भने ९० प्रतिशत रहेको उनले दाबी गरे । गत वर्ष गर्भ जाँचको संख्या जिल्लाभरि ५३ प्रतिशत थियो । गत वर्ष पलातामा ४८, पचालझरनामा ७६, रास्कोटका ८८, सान्नीत्रिवेणीकी ६३ र नरहरिनाथमा ६९ प्रतिशत महिलाले गर्भ जाँच गराएको तथ्यांक छ । त्यस्तै खाडाचक्रकी ४५, तिलागुफामा ७७, महावैका ४९ र शुभकालिकामा ६१ प्रतिशतले गर्भ जाँच गराएका थिए ।

छोटकरी

बिनामास्क भारत पस्न रोक

कञ्चनपुर (कास)- नोवल कोरोना भाइरसको संक्रमण रोकथाम गर्न भारतीय पक्षले सीमा क्षेत्रको आवागमनमा कडाइ गरेको छ । भारतीय सुरक्षाकर्मी र स्वास्थ्यकर्मीको टोलीले सीमा क्षेत्रमा संयुक्त स्वास्थ्य जाँच सुरु गरेको हो । एसएसबीले पश्चिमी नाका गड्डाचौकीबाट मास्कबिना भारत पस्न रोक लगाएको छ । 'मास्क नलगाई गएकालाई नाकाबाटै फर्काउन लागेको छ,' महेन्द्रनगरका व्यवसायी नारायण साउदले भने, 'नेपालबाट भारततर्फ जानेलाई कडाइ गरिएको हो ।' ब्रह्मदेव, गड्डाचौकी र दोधारा, चाँदनी क्षेत्रमा एसएसबीले स्वास्थ्य जाँचमा कडाइ गरेको हो । साउदका अनुसार सीमा क्षेत्रमा भारतीय सुरक्षाकर्मीसँगै बसेका स्वास्थ्यकर्मीको टोलीले रुघाखोकी लागेका तथा शंकास्पद व्यक्तिको जाँच गर्नुका साथै परामर्श दिने गरेका छन् । सशस्त्र प्रहरीको बीओपीका इन्चार्ज प्रहरी निरीक्षक रामसिंह भण्डारीले भने भारत तथा नेपाल दुवैतर्फ आउजाउ गर्नेलाई कडाइ गरिएको बताए । गड्डाचौकीको नागरिक सहायता कक्षका कर्मचारी नायब सुब्बा दानसिंह बोहराका अनुसार शुक्रबारदेखि सीमामा थप कडाइ गरिएको हो । उनका अनुसार एसएसबीले मास्क अनिवार्य गरेपछि सीमावर्ती बजारमा यसको कालोबजारी पनि हुन थालेको छ ।

बम निष्क्रिय गर्दा घरमा क्षति

धनगढी (कास)- बाजुरा सदरमुकाम मार्तडीस्थित जिल्ला प्रहरी कार्यालयको छेवैमा रहेको गैरसरकारी संस्था 'पिसविन' परिसरमा शनिबार भेटिएको प्रेसर कुकर बम निष्क्रिय पार्ने क्रममा विस्फोट हुँदा क्षति पुगेको छ । नेपाली सेनाको बम डिस्पोजल टोलीले निष्कृय गराउने क्रममा कार्यालयका सामग्री र घरमा क्षति पुगेको बाजुरा प्रहरीले जनाएको छ । कार्यालय भाडाको घरमा सञ्चालनमा छ । घरधनी धर्म रोकायाका अनुसार पक्की घर चर्किएको छ भने झ्याल, ढोकाका सिसा सबै फुटेका छन् । 'घरमा ६ लाख बढीको क्षति भएको छ,' रोकायाले दाबी गरे । शुक्रबार साँझै पीसविनका कर्मचारीहरूले कालो झोलाभित्र राखेको वस्तु देखेका भए पनि वास्ता गरेका थिएनन् । उनीहरूले शनिबार बिहान मात्रै प्रहरीलाई खबर गरेका हुन् । प्रहरीले बम रहेको अनुमान गरेपछि मार्तडीस्थित सेनाको गुल्ममा खबर गरेको थियो । बाजुराका प्रमुख जिल्ला अधिकारी गंगाप्रसाद न्यौपानेले भेटिएको स्थानबाट बमलाई यताउता सार्न नमिल्ने भएकाले सेनाले त्यहीं निष्क्रिय पार्दा क्षति भएको बताए । उनले घरमा भएको क्षतिको मूल्यांकन गर्न प्रतिनिधि खटाइएकाले सबै विवरण नआइसकेको जनाए । बम कसले राखेको हो भन्ने अनुसन्धान भइरहेको उनको भनाइ छ ।

मकैको बिहे !

कान्तिपुर संवाददाता (गोरखा)

जैसी (ज्योतिषी) ले निकालेको साइत शुभ भएको र सबै गाउँले भेला हुनैपर्ने भन्दै कटुवालले गाउँभरि घोक हाल्दै निम्तो बाँडे । धार्चे गाउँपालिका-४, लाप्राकवासीलाई मकैको बिहेको चटारो सुरु भयो । बुधबार अपराह्न ४ बजे मनिडाँडामा मकैको घोगो गाडियो । यहीं मकैको बिहे हुँदै थियो ।

बिहीबार बिहानको साइतमा उक्त मकै मनिडाँडाबाट निकालियो । गाडिएको मकै नभिक्दासम्म भुट्न, गाउँमा होहल्ला, खनजोत गर्न, जाँतो चलाउन र लुगा धुनसम्म पाईदैन । बिहानै ठूलो आँगन (लाप्राकको पुरानो गाउँ) मा भेला भएका स्थानीय दुई समूहमा बाँडिए- बेहुला पक्ष र बेहुली पक्ष ।

बेहुली पक्ष एक घण्टाको पैदल दूरीमा रहेको पुराडाँडा पुग्यो । बेहुला पक्ष गाउँमै बसेर डोली सिँगार्न थाल्यो । करिब ११ बजेतिर जन्ती गाउँ परिक्रमा गर्दै बेहुली लिन पुरातर्फ हिँडे । उनीहरूलाई बेहुली पक्षले चौतारा नजिकै रोके र खाजा बाँडे । 'भुटेको मकै खाजाका रूपमा दिइन्छ, नभुटेको मकै बीउ राखिएको डालीमा मिसाइन्छ,' स्थानीय बिसबहादुर गुरुङले भने । त्यसरी आएका जन्तीबाट बेहुली पक्षले केही पैसासमेत लिए । 'जन्तीले केही पैसा दिएपछि छाड्ने गछौं,' उनले मकैको बिहे गर्ने परम्परावारे सुनाए ।

बेहुला पक्ष पुराडाँडा पुगेपछि बेहुली फकाउन थाले । बिहानै पुगेको बेहुली पक्षले त्यहाँ छेस्काहरूले बारेर घर बनाएका थिए । जन्ती पुगेपछि बेहुली पक्षले 'सम्पत्ति कति छ, छोराले कति पढेको छ' भन्दै सोधीखोजी गरे । अनेक तवरले फकाएपछि अन्ततः केटी पक्ष विवाहका लागि राजी भयो ।

मकैको बिहेमा अविवाहित केटाकेटीलाई प्रतीकात्मक बेहुलाबेहुली बनाइएको थियो । डोलीमा बोकेर लैजानुपर्ने भएकाले बेहुलाबेहुली प्रायः १०/१२ वर्ष उमेरका छान्ने गरिन्छ । 'यो पहिलेदेखि चलिआएको चलन हो,' उनले भने ।

बेहुली लिएर आएका जन्तीले बाजा बजाउँदै गाउँ परिक्रमा गरे । बिहेका दिन स्थानीयले सामूहिक रूपमै केही मकै जम्मा गरेका थिए । त्यसपछि उक्त मकैलाई सुनपानी, गाईको गोबर पानीले चोख्याइयो । यति गरेपछि साँझ घाटु नाचेर यो वर्षको मकै बिहे समापन गरिएको गुरुङले बताए ।

लाप्राकमा धान खेती हुँदैन । यहाँको मुख्य खाद्य बाली मकै हो । मकै छर्ने बेला यसरी बिहे गर्दा उब्जनी राम्रो हुने विश्वास रहेको अर्का स्थानीय राज गुरुङ बताउँछन् । 'यो प्रकृति पूजा हो,' उनले भने । यो परम्परा १६ औं शताब्दीबाट सुरु भएको स्थानीयको अनुमान छ । 'असिनापानीले बालीलाई असर नगरोस्, राम्रो फलोस्, किरा नलागोस् भनेर पूजा गरिन्छ,' उनले थपे ।

मन्दिरमा दलितलाई विभेद



बाँकेको बैजनाथ गाउँपालिका-१, चिसापानीमा शिवरात्रिका अवसरमा लागेको मेलामा प्रसाद तयार गरिँदै । *तस्विर : कान्तिपुर*

रूपा गहतराज (नेपालगन्ज)

मन्दिरको चारैतिर तारबार लगाइएको छ, बीचमा मान खोला । यहाँ शिव र कालीका मन्दिर छन् । मन्दिरमा राखिएका शिव र कालीका मूर्तिमा पूजा गर्न सबै समुदायलाई छुट छैन ।

बाँकेको बैजनाथ गाउँपालिका-१, चिसापानीमा रहेको शिव र काली मन्दिरमा दलित समुदायलाई प्रवेश गर्न दिइँदैन । शुक्रबार शिवरात्रि मेलामा पनि दलित महिलाले उही समस्या भोग्नुपऱ्यो । गाउँकै अन्य महिला प्रसाद बनाउन, टपरी गाँस्न व्यस्त हुँदा दलित महिला भने मेलामा सहभागीसम्म पनि हुन पाएनन् ।

शिवरात्रि मेलामा सघाउन र प्रसाद ग्रहण गर्न पुगेकी लक्ष्मी सार्कीले मन्दिर परिसरमा राखिएको गुन्द्रीमा बस्नसमेत नदिइएको गुनासो गरिन् । 'प्रसाद लिन जाँदा बस्न पनि दिएनन्,' उनले भनिन्, 'न काम गर्न नै दिइयो, मन्दिरमै भएको विभेदको व्यवहारले सारै अपमानित महसुस गर्नु पऱ्यो ।' यस्तो विभेद पहिलोपटक भने नभएको उनले बताइन् । मन्दिरमा गत वर्ष महायज्ञ लगाएका बेला पनि उनलाई यस्तै व्यवहार गरिएको थियो । सबैलाई टीका लगाइदिने पण्डितले आफूलाई लगाउने बेला टीकाको थाली र सामग्री भूइँमा राखेर लगाइदिएको उनले स्मरण गरिन् ।

मन्दिरमा हुने हरेक धार्मिक कार्यक्रममा दलित समुदायलाई विभेद गर्ने गरिएको स्थानीय चन्द्रा सुनार बताउँछिन् । गाउँका सबै दिदीबहिनी जम्मा भएर काम गर्दा आफूहरू टाढै बस्नुपर्ने बाध्यता रहेको उनले दुखेसो पोखिन् । 'मन्दिरमा हुने कुनै पनि धार्मिक काममा हाम्रो सहयोग लिँदैनन्,' उनले प्रश्न गरिन्, 'भगवान्ले पनि दलित र गैरदलित छुट्याउँछन् र ?' शुक्रबार शिवरात्रिको अवसरमा मन्दिरमा शिवको मूर्ति स्थापना गरियो । त्यसमा स्थानीय दलित समुदायले पनि क्षमताअनुसार दूध, चामल चढाउन चाहे पनि पुजारीले नलिएको उनको गुनासो थियो । सुनारका अनुसार कथित माथिल्लो जातका स्थानीयबाट संकलन गरिएको दूध र चामलबाट खीर बनाएर प्रसादका रूपमा वितरण गरिएको थियो ।

वडाध्यक्ष रूपबहादुर मल्लले गाउँमा रहेको विभेदलाई अन्त्य गर्ने प्रयासमा रहेको बताए । उनले सकेसम्म सबै समुदायलाई सहभागी गराउने गरी सहमति र सहकार्यमा काम गर्ने गरिएको दाबी गरे । 'हामीले सहज गराउने प्रयास गर्दै छौं,' उनले भने, 'तर अझै पनि कतिपयमा पुरानो सोच र संस्कार रहेकाले त्यसलाई पनि बिस्तारै चिर्दै छौं ।' उनले सबै समुदायलाई समान रूपले सहभागी गराउने गरी समितिबाट निर्णय नै गराएको जनाए ।

मन्दिर व्यवस्थापन समिति समावेशी नबनाइएको दलित समुदायको गुनासो छ । ११ सदस्यीय समितिमा दलित समुदायको प्रतिनिधित्व नै छैन । मन्दिर व्यवस्थापन समितिका अध्यक्ष निलबहादुर क्षत्रीले मन्दिर पुरानो भएकाले समिति पनि पुरानो नै भएको जिकिर गरे । 'अब समिति पुनर्गठनका बेला समावेशी बनाउने छौं,' उनले भने, 'नयाँ पुस्ताको सोचलाई पनि मन्दिर सुधारमा सहभागी गराउने प्रयास हुनेछ ।'

पाँच बिघामा रहेको मन्दिर संरक्षणका लागि गाउँपालिकाले पनि सघाएको छ । गत वर्ष लगाइएको महायज्ञबाट उठेको ६ लाख रुपैयाँमा गाउँपालिकाले थप ६ लाख रुपैयाँ सहयोग गरेको थियो । त्यसले मन्दिर पुनर्निर्माणसँगै तारबार र संरक्षणका अन्य काम गरिएको व्यवस्थापन समितिले जनाएको छ ।



दिदीबहिनी कपमा सरस्वती सर्वोत्कृष्ट । १५

'चार सय चालिसको बिजुली' दर्शकमाझ । ९



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित



वर्ष २८ अंक ५ सुखेत | ११ फागुन २०७६ आइतबार फाल्गुण कृष्णपक्ष औंसी | नेपाल संवत् ११४० | कर्णाली प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Sunday, February 23, 2020 | पृष्ठ १२+४+८ | १० रुपैयाँ



प्रधानमन्त्री केपी शर्मा ओलीको जन्मघर तेह्रथुमको आठराई गाउँपालिका-४ इवाको तीनसल्लेमा शनिबार सुरक्षा दिन पुगेका सशस्त्र प्रहरी । १२ वर्षको उमेरमा छाडेको यही घरमा ओलीले आइतबार आफ्नो ६९ औं जन्मदिन मनाउने कार्यक्रम छ । समाचार पृष्ठ २

तस्बिर : चन्द्र कार्की/कान्तिपुर

भित्र

समाचार । २
विदेशीलाई भिसा र श्रम स्वीकृति निःशुल्क

समाचार । ३
अन्तःशुल्क स्टिकरको स्टक सर्किँदै

अर्थ वाणिज्य । ११



सरकारले लिएपछि बूढीगण्डकीमा अवैध उत्खनन

कोरियामा कोरोना त्रास

थेगु सहरमा मात्रै २ सय २९ संक्रमित, जहाँ करिब ७ हजार नेपाली छन्

गोकुल थोकर (सोल)

दक्षिण कोरियाको राजधानी सोलदेखि ३ सय किलोमिटर दक्षिणको ख्याङसान क्षेत्रमा पर्छ थेगु सहर । यही सहरमा काम गर्ने आङपासाङ शेर्पा केही दिनयता निकै बेचैन छन्, कारण सहरमा फैलिइरहेको कोरोना भाइरसको संक्रमण ।

कोरियाको चौथो ठूलो सहर थेगुमा विभिन्न कम्पनीहरू छन् । कामका लागि कोरिया पुगेका विभिन्न देशका कामदारको यहाँ उल्लेख्य उपस्थिति छ । तर थेगुमा केही दिनयता ह्वात्तै फैलिएको कोरोना संक्रमणका कारण ती कामदार त्रासमा बसिरहेका छन् ।


थेगुमा शनिबार मात्रै २ सय २९ जनामा भाइरसको संक्रमण पुष्टि भएको छ । योसँगै कोरियामा कोरोना संक्रमितको संख्या ४ सय ३३ पुगेको छ । थेगु नजिकैको छाङदोको छाङदो थेनाम अस्पतालमा दुई जनाको मृत्यु भएको छ भने ९ जना अस्पतालका कर्मचारी र १ सय २ जना भाइरसबाट संक्रमित भएका छन् । थेगु र छाङदोमा मात्रै ३ सय ५३ संक्रमित छन् ।

भाइरसको संक्रमण फैलिएपछि थेगु आसपासका कम्पनीले कामदारलाई बाहिर निस्कन प्रतिबन्ध लगाएका छन् । थेगुमा झन्डै २५ लाख मानिस बसोबास गर्छन् । थेगु र आसपासका क्षेत्रमा ७ हजार नेपाली ईपीएसमार्फत काम गरिरहेका छन् । भाइरसको संक्रमण बढ्दै जाँदा सहरमा दैनिक उपभोग्य सामानको अभाव हुन थालेको थेगुमै काम गरिरहेकी पार्वती वाइबाले बताइन् । 'हामी आज धेरै दिनपछि तरकारी किन्न निस्किएका थियौं । भनेजस्तो सामान नै नपाउने । पाउरोटीहरू पनि छैनन् । जे भेट्टायो त्यही लिएर आयौं । पहिलाजस्तो बजारमा सामान नै छैन,' उनले गुनासो गरिन् । **बाँकी पृष्ठ १४**

बाँस्कोटामाथि छानबिनबारे मतभेद



'उहाँले राजीनामा दिएर बाटो खुला गर्नुभएको छ, संसद्, सीआईबी र अख्तियारले छानबिन गरून्'



'प्रश्न उठिसकेपछि पार्टीभित्र पनि एक किसिमको विषय बन्नुपर्छ, यसलाई छलफलको विषय बनाऔं'

बिनु सुवेदी (काठमाडौं)

सेक्युरिटी प्रेस खरिदसम्बन्धी कमिसन विवादमा मुछिएपछि राजीनामा दिएका सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बाँस्कोटामाथि पार्टीले पनि छानबीन गर्ने कि नगर्ने भन्नेबारे नेकपाका दुई अध्यक्षबीच मतभेद भएको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा शनिबार बसेको नेकपा सचिवालय बैठकमा बाँस्कोटाले ७० करोडको डिल गरेको अडियो प्रकरणबारे राज्यले मात्रै छानबिन गर्ने कि पार्टीले पनि गर्ने भन्नेबारे दुई अध्यक्षबीच मत बाझिएको हो ।

'शनिबारको बैठकमा दुई एजेन्डा थिए,' नेकपा सचिवालय स्रोतले भन्यो, 'पहिलो एमसीसी अध्ययनसम्बन्धी कार्यदलका संयोजक झलनाथ खनालले कार्यदलको प्रतिवेदन प्रस्तुत गर्ने र दोस्रो गोकुल बाँस्कोटा प्रकरणबारे छलफल गर्ने । दोस्रो विषयमा नेताहरूबीच चर्काचर्की नै भयो ।'

कमिसन डिल गरेको अडियो सार्वजनिक भएपछि बाँस्कोटाले राजीनामा दिएको प्रधानमन्त्रीले बैठकलाई जानकारी गराएका थिए । लगत्तै अर्का अध्यक्ष दाहालले बाँस्कोटाबारे धेरै प्रश्न आएकाले यसलाई पार्टीमा छलफलको विषय बनाएर छानबिन गर्नुपर्ने बताएका थिए । 'प्रश्न उठिसकेपछि पार्टीभित्र पनि एक किसिमको विषय बन्नुपर्छ, यसलाई छलफलको विषय बनाऔं,' दाहाललाई उद्धृत गर्दै स्रोतले भन्यो । दाहालको भनाइमा वरिष्ठ नेताहरू झलनाथ खनाल र माधवकुमार नेपाल, उपाध्यक्ष वामदेव गौतम तथा सचिवालय सदस्य रामबहादुर थापा सहमत देखिए । तर प्रधानमन्त्री ओलीले बाँस्कोटाको विषय सरकारको कुरा भएको र अहिले विभिन्न निकायले छानबिन गरिरहेको भन्दै त्यसलाई बैठकमा तन्काउन नहुने बताएका थिए ।

'अध्ययन र छानबिनका लागि उहाँले राजीनामा दिएर बाटो खुला गर्नुभएको छ, संसद्, सीआईबी, अख्तियारजस्ता निकायले छानबिन गरून् भन्नुभएको छ,' ओलीलाई उद्धृत गर्दै स्रोतले भन्यो, 'त्यो विषयमा अरू कुरा गरेर के अर्थ हुन्छ र ?' ओलीको भनाइमा सचिवालय सदस्य ईश्वर पोखरेलले सहमति जनाए भने महासचिव विष्णु पौडेल मौन बसे । **बाँकी पृष्ठ १४**

एमसीसी संशोधन पक्षमा अधिकांश

अध्यक्षद्वयले एजेन्डा प्रस्तुत गरेपछि एमसीसी अध्ययन कार्यदलका संयोजक खनालले ३३ पृष्ठ लामो अध्ययन प्रतिवेदनको सार प्रस्तुत गरेका थिए । 'मैले बैठकमा अध्ययन प्रतिवेदनको ब्रिफिङ गरेको छु, एमसीसी सम्झौता जस्ताको त्यस्तै अनुमोदन गर्नु हुन्न भन्ने हाम्रो निष्कर्ष हो,' खनालले कान्तिपुरसँग भने, 'दुई अध्यक्षसहित सचिवालय सदस्यहरूले अध्ययनका लागि एक-दुई दिन समय माग्नुभएको छ, कसरी जाने भन्ने निर्णय अर्को सचिवालय बैठकले गर्ला ।' अधिकांश सचिवालय सदस्यको मत एमसीसी सम्झौताका केही बुँदा संशोधन गरेर अनुमोदन गर्नुपर्छ भन्ने छ । 'प्रतिवेदनको सुझाव के-कति मान्ने या मान्दै नमान्ने भन्नेबारे निर्णय भएको छैन, आज प्रतिवेदनको कपी सबै सदस्यलाई दिइएको छ, उहाँहरूले अध्ययन गरेपछि निर्णय हुन्छ,' खनालले भने । प्रतिवेदनको एकसरो अध्ययन गरिसकेका दाहालले एमसीसी सम्झौतालाई परिमार्जनसहित अनुमोदन गरिने बताइसकेका छन् भने ओलीले पछिल्लो समय यसबारे कुनै धारणा व्यक्त गरेका छैनन् । दाहालले शनिबार नवलपुर पुगेर प्रधानमन्त्री पनि सम्झौता परिमार्जनसहित अनुमोदन गर्न तयार रहेको बताएका छन् ।

गौतमको प्रश्न

'राष्ट्रिय सभा सदस्य बनाउने कुरा कहाँ पुग्यो ?'




पृष्ठ १४

'मृत्युदण्डबाट उम्कें' अब के गर्ने ?

जनकराज सापकोटा (काठमाडौं)

उनी करिब डेढ दशकपछि घर फर्केका हुन् । एक महिना पुग्न लाग्यो तर उमेश यादवले अझै खलबलिएको जिन्दगीको लय मिलाउन सकेका छैनन् । २००६ को जुनमा वैदेशिक रोजगारीका लागि साउदी पुगेका उनले एक पाकिस्तानी नागरिकको हत्यामा मृत्युदण्डको सजाय पाएका थिए । १३ वर्षभन्दा बढी समय जेल बसे । मृतक परिवारले माफीनामा दिएपछि उनले कैद माफी पाए । गत माघ



उमेश यादव

८ मा स्वदेश फर्के । काठमाडौं ओर्लेको पाँच दिनपछि जनकपुर पुगेका उनले त्यसयता प्रत्येक दिन अनौठोसँग बिताइरहेका छन् ।

उमेशलाई परिवारसँगको साथ छुट्टेका दिन भेटिएजस्तो भइरहेको छ । नहोस् पनि किन, २४ वर्षको उमेरमा साउदी हान्निँदा ठूलो छोरा कमलेश तीन वर्ष र कान्छो जितेष १७ दिनका मात्रै थिए । १३ माघमा उनलाई लिन जनकपुरस्थित विमानस्थलमा पत्नी, छोराहरू र आफन्त माला लिएर आएका थिए । बुबाको उपस्थितिविना १५ वर्ष बिताएका जेठा छोरा कमलेशले कान्तिपुरसँगको कुराकानीमा धेरैपछि बुबालाई देख्दा आफ्नो आँखा आँसुले भरिएको सुनाए । उनले भने, 'मलाई त सानैमा बुबालाई देखेको धमिलो सम्झना थियो तर भाइले त बुझ्ने भएर पहिलोपटक बुबा देखेको थियो ।'

धनुषाको माचीभिटकैयास्थित घरमा कुरिरहेका वृद्ध बाआमासँग केही समय बिताएर अहिले उमेश धनुषाकै महेन्द्रनगरस्थित सालोको घरमा ओत लागिरहेका छन् । उनले फेरिएको गाउँ, फेरिएको समय र हुर्किएका छोराहरूको कुरा सुनाए अनि भने, 'सबै कुरा नयाँ-नयाँ लागिरहेछ ।' नलागोस् पनि किन कामदारका रूपमा साउदी पुगेको एकाध महिनामै उनी हत्याको आरोपमा जेल परेका थिए । जेलका कोठामा करिब १४ वर्ष एक्लै-एक्लै उदासीमा बिताएका थिए ।

१८ वर्षको उमेरमा ८ कक्षा पढ्दापढ्दै भागेर भारतको गुजरातमा काम गर्न गएका उमेशको जीवनमा प्रवासी कामदारको अनुभवको हिस्सा धेरै छ । त्यसपछिका सात वर्ष उनले गुजरातमै पसिना बगाए । घर फर्केपछि बिहे गरे । दुई छोराको बुबा बने, अनि तिनैको भविष्य सम्झेर साउदी हान्निए ।

त्यतिबेला साउदी जान उनले स्थानीय साहुबाट ऋण काढेर काठमाडौंस्थित एक मेनपावरलाई एक लाख ४० हजार रुपैयाँ बुझाएका थिए । मासिक ५ सय रियाल तलबमा उनले गर्नुपर्ने काम थियो, निर्माण क्षेत्रमा दैनिक आठ घण्टा बेल्चा चलाउनु, सामान ओसार्नु तर काम सुरु गरेको १२ औं दिनमा अप्रत्याशित घटना भइदियो । **बाँकी पृष्ठ १४**





छोटकरी

खत्याडमा नुन-चामल अभाव

मुगु (कास)- खत्याड गाउँपालिकामा दैनिक उपभोग्य बस्तुदेखि विकास निर्माणका समाग्रीको अभाव भएको छ। हिमपातले पुसदेखि कालाकाँडा-गम्था सडक अवरुद्ध भई ढुवानी रोकिएपछि अभाव देखिएको हो। नेपालगन्ज, सुर्खेत हुँदै आउने उपभोग्य बस्तु र निर्माण सामग्री जुम्लाको गोठीज्यूलामै रोकिएका छन्। सुकाढिकका स्थानीय खड्कबहादुर खत्रीले चामल, दाल, नुन, लत्ताकपडाका साथै सिमेन्ट, सरिया पाउन मुस्किल हुन थालेको बताए। उनका अनुसार स्थानीयले एक दिन पैदल हिँडेर बाजुराको कोल्टीबाट दैनिक उपभोग्य सामग्री ल्याउने गरेका छन्। जुम्लाको गोठीज्यूलादेखि कालाकाँडा जोड्ने लेकाली सडक ३५ किलोमिटर लामो छ। गाउँपालिका प्रमुख उब्जन रोकायाले स्काभेटरले हिउँ पन्छाएर सडक खुलाउने प्रयास भए पनि संभव नभएको बताए। सडक नखुल्दा भवन, कुलो, सडक निर्माण कार्य पनि प्रभावित भएका उनले बताए।

गाडीमा स्टिकर अभियान

सल्यान (कास)- जिल्ला प्रहरी कार्यालयले सुरक्षित यात्राका लागि भन्दै सवारी साधनमा स्टिकर अभियान सुरु गरेको छ। समुदाय प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत छत्रेश्वरी गाउँपालिकाको आर्थिक सहयोगमा अभियान सुरु गरिएको हो। सवारीसाधनमा टाँसिएका स्टिकरमा कसैलाई पनि यौनहिंसा तथा दुर्व्यवहार गर्न नहुने, चालकले मदिरा सेवन गर्न नहुने, बढी भाडा लिन नहुने, यात्रुसँग राम्रो व्यवहार गर्नुपर्नेजस्ता सन्देश रहेका छन्। जिल्ला प्रहरी प्रमुख डीएसपी ढकेन्द्र खतिवडाले सार्वजनिक सवारीमा धेरै गुनासो आएपछि यस्तो अभियान थालिएको बताए। छत्रेश्वरी गाउँपालिका अध्यक्ष सन्तोष केसीले प्रहरीले चालेको अभियानले यातायात सेवा सुधार्नुका साथै जनता र प्रहरीबीचको सम्बन्ध पनि सुमधुर बनाउने बताए।

विद्यार्थीलाई लाइफ ज्याकेट



सुर्खेत (कास)- कैलालीको मोहोन्याल गाउँपालिका-३, राँगा र मलेखाबाट कर्णालीमा डुंगा चढेर सुर्खेत चौकुनेमा पढ्न आउने ५५ जना विद्यार्थीलाई लाइफज्याकेट वितरण गरिएको छ। काठमाडौंको 'हामी मानवता बचाउँ' अभियानले ज्याकेट वितरण गरेको हो। दुई गाउँका विद्यार्थी वर्षौंदेखि चौकुने-४, बिजौरास्थित जगन्नाथ माध्यामिक विद्यालयमा पढ्न आउने गर्छन्। अभियानका सचिव सीताराम चटैतले काठको डुंगाको साहाराले कर्णाली नदीमा विद्यार्थीहरू बारपार गरिरहेको जानकारी पाएपछि सहयोग गरेको बताए। कर्णालीमा पुल नबन्दा त्यस क्षेत्रका विद्यार्थी करिब आधा घण्टा लाग्ने बाटोमा ३ घण्टा हिँडेर अध्ययन गर्न बाध्य छन्। १० कक्षामा अध्ययनरत विद्यार्थी जगत भुलले लाइफ ज्याकेट पाएपछि नदी बारपार गर्दा हुने डर कम भएको बताए। बिजौरामा पुल नहुँदा कतिपय विद्यार्थीले बीचैमा पढाइ छाड्ने गरेका छन्। कतिपय विद्यार्थी त पढ्नबाट समेत बञ्चित हुने गरेका प्रधानाध्यापक ठम्मर बिसीले बताए। 'वर्खाको समयमा त विद्यार्थीको पढाइ नै छुट्ने गर्छ, डुंगा चलाउन पनि सकिँदैन,' उनले भने, 'राज्यले नहेरे पनि ज्याकेटले विद्यार्थीलाई केही खुसी दिएको छ।'

सडक सर्भेमा विवाद

सुर्खेत (कास)- मदन भण्डारी राजमार्गको सर्भे गर्ने क्रममा सालकोट खण्डमा विवाद भएको छ। सालकोट खण्डबाट लग्ने गरी सर्भे भए पनि पछिल्लो समय तल्लो क्षेत्रमा पर्ने कोटिहोम, बाबियाचौरबाट सर्भे भएपछि पलैंटेका स्थानीय आन्दोलित भएका हुन्। उनीहरूले एक सातायता सर्भेमा अवरोध गर्नुका साथै स्थानीय राजनीतिक दलका नेताको पुत्लासमेत दहन गरेका छन्। पञ्चपुरी नगरपालिकाका प्रमुख उपेन्द्र थापाले सरकारले डीपीआरको क्रममा स्पष्ट नपार्दा समस्या उत्पन्न भएको बताए।



छेडागाड नगरपालिकाको प्रशासकीय केन्द्र मनघाटमा आयोजित अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै वन तथा वातावरणमन्त्री शक्तिबहादुर बस्नेत।

तस्विर : हेमन्त केसी/ रासस

विषादी प्रयोगशाला बन्दै

वीरेन्द्रनगर (कास)- कर्णाली प्रदेश सरकारले हर्रेमा तरकारी तथा फलफूलको विषादी परीक्षण गर्न प्रयोगशाला स्थापना गर्न लागेको छ। तत्काल जग्गा नभेटिएपछि हर्रे नजिकै छिन्चुमा घर भाडामा लिएर प्रयोगशाला स्थापना गर्ने गृहकार्य सुरु भएको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले जनाएको छ।

कर्णालीलाई अर्गानिक प्रदेश बनाउने घोषणा गरेसँगै प्रदेश सरकारले गत आर्थिक वर्षमा हर्रे र सल्यानको कपुरकोटमा विषादी प्रयोगशाला केन्द्र बनाउन १ करोड बजेट विनियोजन गरेको थियो। हर्रेमा जग्गा नभेटिएपछि बजेट फ्रिज भएको थियो। कपुरकोटमा भने करिब ३९ लाख रुपैयाँमा भवन बनिसकेको मन्त्रालयका उपसचिव हरिप्रसाद पण्डितले जानकारी दिए। 'हर्रेमा जग्गा खरिद गरेर भवन नबन्दासम्म छिन्चुमा भाडाको घरमा प्रयोगशाला चलाउने प्रक्रिया अघि बढेको छ,' उनले भने, 'यही आर्थिक वर्षबाट दुबै ठाउँबाट विषादी परीक्षणको काम सुरु हुनेछ।'

मन्त्रालयले प्रयोगशालाका लागि आवश्यक मेसिन खरिद गर्न करिब ३५ लाख रुपैयाँमा टेण्डर गरिसकेको छ। मेसिन खरिद भएपछि करारमै भए पनि कर्मचारी नियुक्त गरेर प्रयोगशाला सञ्चालनमा ल्याइने पण्डितले बताए। हाल वीरेन्द्रनगरमा मन्त्रालयमातहत एकीकृत कृषि प्रयोगशाला छ। प्रयोगशालामा माटो, मल, बीउ-बिजन तथा बालीको परीक्षण हुने गर्छ। प्रयोगशालामा १८ जना कर्मचारीको दरबन्दी छ। परीक्षणका लागि आवश्यक उपकरण नहुँदा प्रभावकारी रुपमा काम हुन सकेको छैन।

'ज्ञानथलो' लाई एम्बुलेन्स



कालीकोट (कास)- विराटनगरका सुनिल शर्माले २०४९ सालमा कालीकोटको पञ्चदेव माविबाट एसएलसी पास गरे। हाल विराटनगर मेडिकल कलेजका सञ्चालक रहेका उनको 'ज्ञानथलो' हो, कालीकोट। त्यही गुन तिर्न शर्माले जिल्लामै पुगेर एम्बुलेन्स प्रदान गरेका छन्। उनले कालीकोटवासीको स्वास्थ्यमा सेवा गर्ने प्रतिवद्धता पनि जनाएका छन्।

शनिवार यहाँस्थित पृथ्वी रक्तदान वीर फाउण्डेशनले सञ्चालन गर्ने गरी एम्बुलेन्स हन्तान्तरण गरिएको हो। 'सुन्दर र समृद्ध कालीकोट'का अभियन्ता भूपेन्द्रजंग शाहीले फाउन्डेसनका अध्यक्ष रमित मल्ललाई एम्बुलेन्सको साँचो हस्तान्तरण गरे। 'कालीकोटसँग मेरो भावानात्मक सम्बन्ध गाँसिएको छ, त्यसैले यहीं आएर सहयोग गर्ने मौका मिल्यो,' उनले भने, 'जिल्लावासीको स्वास्थ्यमा अझ बढी सहयोग गर्ने इच्छा छ।' अभियन्ता शाहीले कालीकोटवासीको स्वास्थ्यसँग जोडिन प्रेरित गरेको उनले बताए।

शर्माले कालीकोटका जटिल शल्यक्रिया गर्नुपर्ने बर्षेनि १ सयजना बिरामीलाई निःशुल्क उपचार गर्ने घोषणा पनि गरे। त्यस्तै ७ जना जेहेन्दार र विपन्न विद्यार्थीलाई मेडिकल शिक्षा पढाउने उनको प्रतिवद्धता छ। कालीकोटबाट एसईईमा उत्कृष्ट अंक ल्याएका दुईजनालाई एमबीबीएस, एकजनालाई स्टाफ नर्स र चारजनालाई पारामेडिकल पढाउने उनले कार्यक्रममा घोषणा गरे।

खाँडाचक्र नगरपालिकाका नगर प्रमुख जसीप्रसाद पाण्डेले आफूले शिक्षा ग्रहण गरेको थलोमा आएर गुन तिरेकोमा शर्मालाई धन्यवाद दिए। अभियन्ता शाहीले पृथ्वीवीर रक्तदान फाउन्डेसनमार्फत एम्बुलेन्सलाई यहाँका बिरामीको सेवामा सदुपयोग गरिने बताए।

विवादमा मुछिँदै जनप्रतिनिधि

कोही अपराध गरेर जेल गएका छन् भने कोही अनियमितता आरोपमा अख्तियार धाइरहेका छन्

चाँदनी कठायत (वीरेन्द्रनगर)

डोल्पाको डोल्पोबुद्ध गाउँपालिकाका उपाध्यक्ष मल्लटसी गुरुङ र वडा ५ का वडाध्यक्ष कार्मा गुरुङ बुद्धमूर्ति चोरीको आरोपमा सात महिनादेखि थुनामा छन्। जिल्ला अदालतबाट धरौटीमा छुटेका उनीहरू उच्च अदालतको आदेशमा फेरि थुनामा परेका हुन्।

करिब तीन साताअघि जाजरकोटको जुनीचाँदि गाउँपालिका अध्यक्ष कृष्णबहादुर केसीलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले सुर्खेतमा घूस लिँदालिँदै पक्राउ गऱ्यो। सडक निर्माण उपभोक्ता समितिको बिल पास गरिदिने भन्दै उपभोक्ता समितिबाट ८ लाख रुपैयाँ घूस लिँदै गर्दा उनी पक्राउ परेका थिए।

यी दुइटा उदाहरण मात्र हुन्। कर्णालीमा एकपछि अर्को गर्दै जनप्रतिनिधिको विवादमा मुछिँदै गएका छन्। पदको दुरुपयोग, आचरणविपरीतका क्रियाकलाप, आर्थिक लेनदेनलगायत कार्यमा संलग्न भएकै कारण उनीहरू बदनाम भइरहेका छन्। कहिले जनप्रतिनिधिले कमाउने नाममा मापदण्डविपरीत विभिन्न संरचना निर्माण गरेका भन्दै असन्तुष्टि फैलिन्छ त कहिले ज्यान मार्ने धम्की दिएको भन्दै कर्मचारीले उनीहरूविरुद्ध उजुरी दिन्छन्। कर्णालीका ७९ वटै स्थानीय तहसँग सम्बन्धित कुनै न कुनै उजुरी अख्तियारमा परेका छन्। यसले संघीयता कार्यान्वयनसँगै बनेका स्थानीय सरकारलाई मात्रै होइन, तिनको नेतृत्व गरिरहेका जनप्रतिनिधिलाई पनि बदनाम गराएको छ। प्रहरीका अनुसार डोल्पोबुद्ध गाउँपालिकाका विभिन्न क्षेत्रबाट ३७ थान मूर्ति र स्तूप चोरी भएका थिए। घटनाबारे थप अनुसन्धानका लागि उपाध्यक्ष गुरुङसहित सातजना पुर्पक्षका लागि जिल्ला कारागारमा छन्। गाउँपालिकाका उपाध्यक्ष र वडाध्यक्ष नै जेल परेपछि स्थानीय तहको सेवा प्रवाहसमेत प्रभावित भएको छ। अहिले बयानको प्रक्रिया चलिरहेकाले मुद्दाको फैसला चाँडै हुने डोल्पा प्रहरी प्रमुख डीएसपी नारायण रञ्जितकारले बताए। त्यस्तै, गत पुसमा कालीकोटको खाँडाचक्र नगरपालिका-६ का वडाध्यक्ष जगदीश शाहीले घुस मागेको भन्दै उपभोक्ताले आरोप लगाए। शाहीले नगरपालिकाको मोल्फा-सेरी हुँदै उडीसम्मको सडक निर्माणका लागि बनेको उपभोक्ता समितिसँग घुस मागेको आरोप लगाइएको हो। सडकका लागि विनियोजन गरिएको १५ लाखमा १३ लाख रुपैयाँ डोजरका लागि भन्दै वडाध्यक्षले लगेका समितिको आरोप छ। शाहीले आफूले घुस नलिएको दाबी गरेपछि यो विषय स्थानीयस्तरमै सेलाइसकेको छ।



कालीकोटकै पलाँता गाउँपालिका अध्यक्ष लक्ष्मणबहादुर बमले महिलामाथि कुटपिट गरेको घटना पनि सामसुम पारिएको छ। पलाँता-९, थिर्पुकी सुनसरा बमले मदिरा बेचेको आरोपमा आफूलाई कुटपिट गरेको भन्दै जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकी थिइन्। यो विषय पनि गाउँस्तरमै सेलाए पनि जनप्रतिनिधिप्रति जनताको विश्वास भने गुम्यो। यति मात्रै होइन, जडीबुटी चोरी-निकासीमा संलग्न भएको भन्दै जुम्लाको पातारासी गाउँपालिका-४ का वडाध्यक्ष कालीबहादुर रावतमाथि स्थानीयले कुटपिट गरे। यो विवादले पनि जनताको सेवा गर्ने भनी निर्वाचित भएका जनप्रतिनिधिप्रतिको साख गिरेको छ। सुर्खेतको चौकुने गाउँपालिकामा केही जनप्रतिनिधिका आफन्तको स्वार्थमा गाउँपालिकाको गत आर्थिक वर्षको बजेट र स्रोतसाधन दुरुपयोग भएको विषय पनि स्थानीय स्तरमा विवादित बनेको छ।

गत वर्ष फागुनमा सुर्खेतको बराहताल गाउँपालिका-५ को वडा कार्यालयले एउटा तालिम आयोजना गऱ्यो। बेरोजगार युवालाई हाउस वाइरिङ सिकाएर रोजगारी सिर्जना गर्नु तालिमको उद्देश्य भए पनि बत्ती नै नभएको ठाउँमा तालिम भयो। तालिम सुरु भएको एक साता नपुग्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुर्खेत कार्यालयमा उजुरी पऱ्यो। रकम अनियमितता गर्न खोजेको आरोप लगाउँदै परेको उजुरीपछि अख्तियारले छानबिन गरेपछि तालिम रोकियो।

गत वर्ष चैत दोस्रो साता सल्यानको बनगाडकुपिण्डे नगरपालिकाविरुद्ध गाडी सुविधामा अनियमितता भएको भन्दै अख्तियारमा उजुरी पऱ्यो। नयाँ गाडी खरिद र पुरानो गाडी भाडामा लिँदा लाखौं रकम अनियमितता भएको भनी परेको उजुरीउपर अख्तियारले छानबिन थाल्यो। आरोपको सत्यतथ्य जानकारी गराउन भन्दै अख्तियारले नगरपालिकालाई पत्र काट्यो। तर, चित्तबुझ्दो जवाफ नपाएपछि अख्तियारले पुनः कागजात मागेर अनुसन्धान गरिरहेको छ।

अख्तियारमा चालु आर्थिक वर्षको पुस मसान्तसम्म स्थानीय तहसँग सम्बन्धित ३ सय ९२ उजुरी परेका छन्। यसमध्ये सबैभन्दा बढी दैलेखका स्थानीय तहविरुद्धका उजुरी छन्। दैलेखबाट ८६, सुर्खेतबाट ५७, कालीकोटबाट ५०, जाजरकोटबाट ४४, जुम्लाबाट ३६, सल्यानबाट ३३, रुकुम पश्चिमबाट ३२ उजुरी परेका छन्। यस्तै, मुगुबाट २१, हुम्लाबाट १९ र डोल्पाबाट १४ वटा उजुरी परेको कार्यालयले जनाएको छ। अख्तियारमा परेका ३ सय ९२ उजुरीमध्ये एक सय ३१ फर्स्यौट भएको छ भने दुई सय ६१ उजुरी बाँकी छन्। 'पछिल्लो समय स्थानीय तहसँग सम्बन्धित उजुरी अख्तियारमा आउने क्रम बढी छ,' कार्यालय प्रमुख शेषनारायण पौडेलले भने, 'विशेषगरी निर्माण सामग्री खरिद गर्दा मापदण्ड पालना नगरिएका, उपभोक्ता समितिले ठेक्का लगाउने क्रममा नियम मिचिएका, नक्कली बिल भर्पाई पेस गरिएका विषयमा बढी उजुरी परेका छन्।' कार्यालयका अनुसार सार्वजनिक खरिद ऐन लत्याइएका विषयमा पनि उजुरी पर्ने गरेको छ। अख्तियारको अध्ययन प्रतिवेदनमा समेत जनप्रतिनिधिले राजनीतिक आग्रहका आधारमा योजना बनाउने गरेको उल्लेख गरिएको छ।

छाउपडी हटाउन महायज्ञ

कान्तिपुर संवाददाता (जुम्ला)

छाउपडीलगायत कुप्रथा हटाउन महायज्ञ आयोजना गरिएको छ। जिल्ला प्रशासन कार्यालयले महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको आयोजनामा शुक्रबार महायज्ञ लगाएको हो।

महायज्ञमा ग्रामीण क्षेत्रका स्थानीयसमेत सहभागी हुन आएका थिए। प्रमुख जिल्ला अधिकारी दुर्गा बन्जाडेले महायज्ञले छाउपडीप्रथाविरुद्ध सन्देश प्रवाह गरेको बताइन्। उनका अनुसार महायज्ञमा जिल्लाका सातवटै स्थानीय तहमा नियुक्त भएका सद्भावनादूत, धामीझाँक्री, पुरोहित, स्थानीय तहका प्रमुख-उपप्रमुख, र स्थानीय महिला सहभागी थिए।

महायज्ञको प्रवचकमा भाषाविद् तथा सामाजिक अभियन्ता रमानन्द आचार्य रहेका थिए। उनले छाउपडीलगायत कुप्रथाबारे करिब ३ घण्टासम्म प्रवचन दिए। छाउप्रथा धार्मिक रुपमा गलत भएको र महिनावारीमा छाउ बार्दा देवीदेउता नरिसाउनेबारे उनले बोलेका थिए। बरु महिनावारी भएको बेला न्यानो बासस्थान आवश्कय पर्ने उनको भनाइ थियो।



छाउपडीप्रथा अन्त्यका लागि खलंगामा आयोजित महायज्ञमा प्रमुख जिल्ला अधिकारी, नगर प्रमुखसहित।

तस्विर : एलपी देवकोटा/ कान्तिपुर

महायज्ञमा प्रमुख जिल्ला अधिकारी, जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि लगायतले छाउपडीप्रथा अन्त्य गर्न आ-आफ्नो तर्फबाट लाग्ने संकल्प गरे। 'कुरीति, कुसंस्कारलाई महायज्ञमार्फत 'स्वाहा' गरिएको छ,' प्रवचक आचार्यले भने, 'लाखौं दान दिएर पुण्य कमाउनुभन्दा आमनागरिकको जीवनमा सुधार ल्याउनका लागि साझा संकल्प गर्नु ठूलो पुण्य कमाउनु हो।' महायज्ञले समाजको मानसिकता परिवर्तन गर्न र सचेतना फैलाउन सघाउ गरेको उनले बताए।

महायज्ञ आयोजना गर्न सक्रिय चन्दननाथ नगरपालिकाले नगरपालिकालाई छुईमुक्त गर्ने संकल्प गरेको छ। नगर प्रमुख कान्तिका सेजुवालले महायज्ञबाट कुरीति तथा कुसंस्कार अन्त्य गर्न थप उर्जा मिलेको बताइन्। त्यस्तै, महायज्ञमा सहभागी कर्णाली प्रदेशसभा सदस्य पदमबहादुर रोकायाले छाउपडीप्रथा धर्म-संस्कारसँग नजोडिएको र यसलाई अन्त्य गर्नु सबैको दायित्व भएको बताए।









तपाईको आज

मेष	यात्रामा सफल	तुला	विद्यामा सफलता
वृष	कार्य सिद्धि	वृश्चिक	आलस्यता
मिथुन	पुण्य आर्जन	धनु	पराक्रम बढ्ने
ककंट	अस्वस्थता	मकर	धन आर्जन
सिंह	मित्र भेट	कुम्भ	भाग्य वृद्धि
कन्या	रोग भय	मीन	केही लाभ

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल फागुन १२ गते सोमबार तदनुरुप २४ फरवरी २०२० फाल्गुन शुक्लपक्ष प्रतिपदा तिथि रात्रिको ९:५१ बजेसम्म उप्रान्त द्वितीया तिथि, शतभिषा नक्षत्र दिनको ३:२४ बजेसम्म उप्रान्त पूर्वाभाद्रपदा नक्षत्र, शिव योग प्रातः ७:३२ बजेसम्म उप्रान्त सिद्ध योग, किंस्तुघ्न करण प्रातः ८:५४ बजेसम्म उप्रान्त बब करण, कुम्भ राशिमा चन्द्रमा।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	भजन
७:००	कान्तिपुर समाचार
८:००	ग्रुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	इट्स माई सो (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	फिल्म टमिक (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	हियर्जा टू लाइफ (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	हवाट द फ्लप (रिपिट)
१:३०	सुमनसँग (रिपिट)
२:००	कान्तिपुर समाचार
२:३०	रजतपट (रिपिट)
३:००	इट्स माई सो (रिपिट)
४:००	कान्तिपुर समाचार
४:३०	हियर्जा टू लाइफ (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्युज
६:३०	बलियो घर (रिपिट)
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	हवाट द फ्लप
१०:००	बलियो घर (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपीटेड
१:००	कान्तिपुर न्युज रिपीटेड
१:३०	बलियो घर (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट १)
२:३०	हिअर्जा टू लाईफ (रिपिट)
३:००	कल कान्तिपुर रिपीटेड
४:००	हवाट द फ्लप (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

०५:००	भक्ति अनुष्ठान (अच्युत सुवेदी)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०७:३०	अपांग आवाज (डीएचआरसी नेपाल)
०८:००	डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	वीस चू अल द बेस्ट (महेश)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	सफर (राजेश)
१०:००	स्पोर्टस् डायरी
१०:०५	फुल अन (दीपाञ्जली)
११:००	आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी
११:०५	आजका नारी (रस्मिला)
१२:००	कान्तिपुर डायरी
१२:१०	न्यू रिलिज (महेश)
१३:००	डिस्ट्रिक डायरी
१३:०५	के छ नेपाल (स्मीता)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	के छ नेपाल (स्मीता)
१५:००	कान्तिपुर डायरी
१५:१५	हेल्थमा पृथ्वी (रिता राई)
१६:००	हेल्थ एन्ड इजुकेसन डायरी
१६:०५	स्वर (किरण)
१७:००	डिस्ट्रिक डायरी
१७:०५	साथीसँग मनका कुरा
१७:१५	बाल गीत
१८:००	म्यासेज अफ इटर्नल किंडम
१८:३०	कान्तिपुर डायरी
१९:००	न्युजिक बक्स (दीपाञ्जली)
२०:००	सेक्चुरिटी एन्ड क्राइम डायरी
२०:०५	चार्ट बस्टर (महिमा)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेनी
२२:००	साझा सवाल
२३:००	गजल (शुभ)
००:००	चार्ट बस्टर (रिपिट)
०१:००	यात्रा जीवनको (दिनेश/अम्बिका/शुभ)
०२:००	नेपाली गीतहरू लगातार
०३:००	हिन्दी गीतहरू लगातार
०८:००	भजनहरू लगातार

अस्पताल र विविध

सुर्खेतका महत्वपूर्ण टेलिफोन नम्बर

मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताल	५२०२००
जिल्ला प्रहरी कार्यालय	५२०१९९
नेपाल रेडक्रस सोसाइटी (एम्बुलेन्स सेवा)	५२०३९०
क्षेत्रीय अस्पताल एम्बुलेन्स	९८४८०६३५२०

महेन्द्रनगरका महत्वपूर्ण टेलिफोन

महाकाली अञ्चल अस्पताल	५२१११९
जिल्ला प्रहरी कार्यालय	५२१२००
नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा	५२१२५८
जिल्ला प्रशासन कार्यालय	५२१९०२

कैलालीका महत्वपूर्ण टेलिफोन

सेती अञ्चल अस्पताल	५२१२७१
जिल्ला प्रहरी कार्यालय	५२१९५०
नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा	५२१६००
जिल्ला प्रशासन कार्यालय	५२१९०१
टीकापुर अस्पताल	५६०१५०
क्षेत्रीय अस्पताल	०८३-५२०२००
सुर्खेत विमानस्थल	०८३-५२०१३२

कञ्चनपुर

महाकाली अञ्चल अस्पताल महेन्द्रनगर	०९९-५२१११९
रेडक्रस एम्बुलेन्स	५२१२५८/५२३१८३
जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर	५२१९०१/५२२८०६
जिल्ला प्रहरी कार्यालय	१००/५२१२००

डोटी

सुदूरपश्चिम क्षेत्रीय प्रशासन कार्यालय	०९४-४४०३१०
जिल्ला प्रशासन कार्यालय डोटी	४२०१३३
जिल्ला प्रहरी डोटी कन्ट्रोल	९८५८४४०१९०/४२०२०४
जिल्ला अस्पताल	४२००१९
जिल्ला अस्पताल एम्बुलेन्स	९८४८५२५१५०

डडेल्धुरा

जिल्ला प्रहरी	०९६-४२०१९९

जाजरकोट

जिल्ला प्रहरी कार्यालय-	०८९-४३०१३९, ९८५८०४५५५५
अस्पताल-	०८९४३०१८८
एम्बुलेन्स	९८५४५०२४३०
रेडक्रस एम्बुलेन्स	०८९४३००४२, ९८४६७००२४४

कालिकोट

प्रहरी	०८७-४४०१९३, ९८५८३३५५५५

जुम्ला

प्रहरी	०८७-५२००१३, ०८७-५२०१९३
शिक्षण अस्पताल	०८७-५२०३५५, ५२००१५
एम्बुलेन्स	९७४८२४९६६६

दैलेख

जिल्ला प्रहरी कार्यालय	०८९-४२०१२५,९८५८०५५५५५
अस्पताल	०८९-४१०१७०
एम्बुलेन्स	०८९-४१०१८५, ९८६८१६५५६८१

पश्चिम रुकुम

जिल्ला प्रहरी कार्यालय	०८८५३०२९०
जिल्ला अस्पताल	०८८५३०२७०, ०८८५३०१५५
एम्बुलेन्स	९८०९८५८५८५

हुम्ला

प्रहरी	०८७-४८००३/ ०८७४८००२९
अस्पताल	०८७-४८००२४
विमानस्थल	९८५१०७३५१०

डोल्पा

जिल्ला प्रहरी कार्यालय	०८७-५५००५५, ९८५८३०५५५५

मुगु

प्रहरी	०८७-४४००९९
अस्पताल	०८७-४४०१३०
एम्बुलेन्स	९८४८३२१६६६

सल्यान

प्रहरी	०८८-५२००७०, ९८५७८४५५५५
अस्पताल	०८८-५२००८२
एम्बुलेन्स/रेडक्रस	९८४७८३२४३८/०८८-५२००७४

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२४१२४५/४२४१७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६५४८२९
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन	४४२८०३५
सुमेरु एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९७५१०४६५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८००४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शववाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आर्यघाट सेवा केन्द्र	४४२२२९२
देव कर्नर निःशुल्क सववाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	१०४/४२२८००६
नेपाल मिटर दयावली संघ	४२२४३७४

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि ९६६०-०१-२२२२२ (NTC) ९८०१-५६-२२२२ (Ncell)

गर्भ जँचाउन दिनभर पैदल

ग्रामीण क्षेत्रमा स्वास्थ्यचौकी टाढा हुँदा गर्भवतीहरु जचाउँन जाँदैनन्

राजबहादुर शाही (मुगु)
तुलाराम पाण्डे (कालीकोट)



कालीकोट अस्पतालमा बच्चालाई खोप लगाउन आएका सुत्केरी आमा । *तस्विर : तुलाराम/कान्तिपुर*

मुगुको सोरु गाउँपालिका तीन वडामा प्रसूति गृह छैनन् । गर्भ जाँच गराउनुपर्दा महिलाले दिनभर पैदल यात्रा गरेर नाथर्पु स्वास्थ्यचौकी पुग्नुपर्छ । सोरु-३ को भीई, ४ को लिब्र, रावलबाडा, भादगाउँ, फोत, ५ नम्बर वडाको नेर र ताँजागाउँबाट नाथर्पु पुग्न एक दिन पूरै पैदल यात्रा गर्नुपर्छ ।

धेरै टाढा पुग्नुपर्ने भएकाले यी पहाडी ग्रामीण क्षेत्रका धेरै महिलाले गर्भ जाँच गराउँदैनन् । स्वास्थ्यचौकीमा प्रसूति हुन आउनेको संख्या पनि निकै कम छ । 'एक त स्वास्थ्यचौकी टाढा, त्यसमा पनि गर्भवतीको स्वास्थ्य अवस्था,' स्थानीय कमला मल्लले भनिन्, 'गर्भ जाँचकै लागि ज्यानकै जोखिम मोलेर दिनभरि को हिँडोस् ।'

भीई गाउँकी स्वास्थ्य स्वयंसेविका चन्दा बुढाले एक्लै दिनभर हिँड्नुपर्ने बाध्यताले गर्भवती महिलालाई सास्ती भएको बताइन् । 'एकै दिन गएर गर्भवती महिलाले जँचाएर घर फर्कन सक्ने अवस्था हुँदैन,' उनले भनिन्, 'प्रसूतिका लागि पनि महिलाले ठूलो कष्ट बेहोर्दै आएका छन् ।' यस्ता दुर्गमका गाउँबाट जटिल अवस्थाका गर्भवतीलाई सुविधा सम्पन्न अस्पतालमा पठाउन हेलिकप्टर नै बोलाउनुपर्ने अवस्था रहेको उनले बताइन् । भौगोलिक विकटताका कारण गाउँका करिब ७५ प्रतिशत महिला घरमै सुत्केरी हुन्छन् ।

भीई गाउँका गर्भवती महिलाले नाथर्पु पुगेर अर्को दिन गर्भ जाँच गराउँछन् । उनीहरूले गर्भ जाँचकै लागि तीन दिनको समय छुट्याउनुपर्ने बाध्यता रहेको भीईको गुरु मावित्रका प्रधानाध्यापक उमेर बुमीले बताए । 'प्रसूति गृह नजिकै नहुँदा गर्भवतीलाई साह्रै कष्ट छ,' उनले भने, 'गाउँमा प्रसूति गृह निर्माणका लागि पटकपटक आग्रह गरिए पनि अझै सुनुवाइ भएन ।' उनका अनुसार फोतु, रावलबाडा, नेर र ताजा गाउँका महिलाले पनि प्रसूतिका समयमा उचित स्वास्थ्योपचार सुविधा पाएका छैनन् । यातायात सुविधा नभएका गाउँबाट गर्भ जाँच गर्न पठाइएका कतिपय महिला हिँडाइको थकानले घर आइपुग्दा बिरामी पर्छन् । घरमा सुत्केरी हुन नसकेका गर्भवतीलाई काठको स्ट्रेचर बनाएर दिनभरि बोकेर नाथर्पु पुऱ्याउने गरिएको छ ।

स्वास्थ्यचौकी नपुग्नेहरू गर्भवतीका लागि सरकारले उपलब्ध गराउने खोप र यातायात खर्चबाट पनि वञ्चित हुने गरेका छन् । नियमित रूपमा गर्भ जाँच गराउने महिलालाई सरकारले आठ सय, प्रसूति गृहमा सुत्केरी हुनेलाई तीन हजार र पोषणबापत तीन हजार रुपैयाँ दिने गरेको छ । गर्भावस्थामा दैनिक आइरन चक्की सेवन गर्नुपर्ने भए पनि दुर्गममा औषधि वितरणको व्यवस्थापन अझै हुन सकेको छैन ।

भीई गाउँमा प्रसूति गृह सञ्चालनका लागि प्रदेश सरकार र विभिन्न गैरसरकारी संस्थालाई अनुरोध गरिएको सोरु गाउँपालिका अध्यक्ष लोकबहादुर शाहीले बताए । 'गाउँपालिकाको आफ्नै भरपर्दो स्रोत छैन,' उनले भने, 'माथिल्ला सरकारबाट आउने अनुदान शीर्षकै तोकिएर आउँदा समस्या छ ।' जिल्ला स्वास्थ्य कार्यालय मुगुले भने जिल्लाका नौ स्थानमा बर्थिङ सेन्टर स्थापना गरिएको जनाएको छ । चार स्थानीय तहका ४५ वडालाई सुविधा दिन मानव अधिकार तथा वातावरण विकास केन्द्रले ११ वटा प्रसूति गृह निर्माण गरेको छ । प्रसूति गृह नभएका बस्तीका महिला गर्भ जाँच, खोप, उपचार र प्रसूति सेवाबाट वञ्चित रहेको अवस्था अझै नहटेको जिल्ला अस्पतालकी डा. मीना चौलागाईले बताइन् । 'हरेक वडामा कम्तीमा एउटा प्रसूति गृह स्थापना भए गर्भवतीले अकालमा ज्यान गुमाउनुपर्ने थिएन,' उनले भनिन् ।

चौथो पटकको गर्भ जाँच न्यून

कालीकोटको खाडाचक्र-११, जिम्जेडीकी १८ वर्षीया मिन्का लुवार सात महिनापछि पहिलोपटकको गर्भ जाँच गराउन गत शुक्रबार बदालकोटको स्वास्थ्य इकाई पुगिन् । उनीसँगै स्वास्थ्यचौकी पुगेकी १९ वर्षीया कमला लुवारको पेटमा पनि सात महिनाको बच्चा छ । उनीहरू दुवैले धनुष्टंकार र भ्यागुते रोगविरुद्धको खोप बल्ल लगाउन पाए । पहिले दिनभरि हिँडेर जिम्जेडी, बदालकोटलगायत ठाउँका गर्भवती महिला सदरमुकाम मान्मस्थित जिल्ला अस्पताल पुग्थे । गत वर्ष खाडाचक्र नगरपालिकाले गाउँमै अस्थायी स्वास्थ्यकर्मी भर्ना गरेर इकाई स्थापना गरेको छ । तर पहिल्यैदेखि जँचाउन र खोप लगाउनुपर्ने चेतना अभावमा गर्भवतीहरू इकाईमा पुग्दैनन् । चालु वर्षको सात महिनामा ११ नम्बर वडामा पर्ने बरातु, बदालकोट, रेंगिल र जिम्जेडी बस्तीमा १६ शिशु जन्मिए । तर चार जनाले मात्र इकाईबाट प्रसूति सेवा लिएको अनमी यमुना शाहीले बताइन् । 'गाउँबाट स्वास्थ्यचौकीसम्म आउने बाटो पनि अप्ठेरो छ,' उनले भनिन्, 'नर्मल डेलिभरीको अवस्थामा घरमै बच्चा जन्मन्छन्, अप्ठेरो परेपछि मात्र गर्भवतीलाई आफन्तले यहाँ ल्याउँछन् ।'

जिल्ला अस्पतालमा गर्भ जाँच गराउन पुग्नेमध्ये ९० प्रतिशत महिलाले घरमा बच्चा जन्माउँदैनन् । उक्त अनुपातमा ग्रामीण क्षेत्रका महिलाको भने स्वास्थ्यचौकी पुग्ने दर निकै न्यून छ । 'हिँड्न सक्नेलाई २/३ घण्टाको बाटो भए पनि गर्भवतीलाई स्वास्थ्यचौकी पुग्न दिनभरि लाग्छ,' महिला स्वास्थ्य स्वयंसेविका समाजकी अध्यक्ष लालचन्ना पाण्डे भन्छिन्, 'भीर-पहरामा उकालो-ओरालो हिँड्नुपर्छ । स्वास्थ्यकर्मी घरमै पुगेर गर्भ जाँच सेवा दिन सके सुत्केरी गराउन चौकीमा ल्याउनेको संख्या बढ्न सक्छ ।' भत्ताका कारण स्वास्थ्य संस्थामा सुत्केरी हुन आए पनि जाँच गराउनेको संख्या न्यून रहेको खाडाचक्र नगरपालिकाका स्वास्थ्य संयोजक रवीन्द्र सेजुवालले बताए । 'अझै पनि ३० प्रतिशत महिलाले घरमै बच्चा जन्माउँछन्,' उनले भने । माल्कोट स्वास्थ्यचौकीकी अनमी मीठु बटालाले साउनयता ७३ जनाले प्रसूति सेवा लिए पनि गर्भ जाँच गराउनको संख्या ३६ मात्र रहेको बताइन् । उनले भनिन् 'सुत्केरी भइसकेपछि जाँच गराएकाको संख्या पनि सात महिनामा २० जनामात्रै छ ।'

स्युना चौकीमा एक सय २७ जना सुत्केरी भए पनि ८६ जनाले मात्र गर्भ जाँच गराएका थिए । जिल्ला स्वास्थ्य व्यवस्थापन कार्यालयका प्रमुख डा. भीष्म पोखरेल भन्छन्, 'चेतना कमी र भौगोलिक विकटताका कारण गर्भ जाँच गराउनेको संख्या न्यून भएको हो ।' जिल्लामा चारपटक गर्भ जाँच गर्ने महिलाको संख्या ६४ प्रतिशत मात्र छ । प्रसूति हुन स्वास्थ्य संस्थामा पुग्नेको संख्या भने ९० प्रतिशत रहेको उनले दाबी गरे । गत वर्ष गर्भ जाँचको संख्या जिल्लाभरि ५३ प्रतिशत थियो । गत वर्ष पलातामा ४८, पचालझरनामा ७६, रास्कोटका ८८, सान्नीत्रिवेणीकी ६३ र नरहरिनाथमा ६९ प्रतिशत महिलाले गर्भ जाँच गराएको तथ्यांक छ । त्यस्तै खाडाचक्रकी ४५, तिलागुफामा ७७, महावैका ४९ र शुभकालिकामा ६१ प्रतिशतले गर्भ जाँच गराएका थिए ।

छोटकरी

बिनामास्क भारत पस्न रोक

कञ्चनपुर (कास)- नोवल कोरोना भाइरसको संक्रमण रोकथाम गर्न भारतीय पक्षले सीमा क्षेत्रको आवागमनमा कडाइ गरेको छ । भारतीय सुरक्षाकर्मी र स्वास्थ्यकर्मीको टोलीले सीमा क्षेत्रमा संयुक्त स्वास्थ्य जाँच सुरु गरेको हो । एसएसबीले पश्चिमी नाका गड्डाचौकीबाट मास्कबिना भारत पस्न रोक लगाएको छ । 'मास्क नलगाई गएकालाई नाकाबाटै फर्काउन लागेको छ,' महेन्द्रनगरका व्यवसायी नारायण साउदले भने, 'नेपालबाट भारततर्फ जानेलाई कडाइ गरिएको हो ।' ब्रह्मदेव, गड्डाचौकी र दोधारा, चाँदनी क्षेत्रमा एसएसबीले स्वास्थ्य जाँचमा कडाइ गरेको हो । साउदका अनुसार सीमा क्षेत्रमा भारतीय सुरक्षाकर्मीसँगै बसेका स्वास्थ्यकर्मीको टोलीले रुघाखोकी लागेका तथा शंकास्पद व्यक्तिको जाँच गर्नुका साथै परामर्श दिने गरेका छन् । सशस्त्र प्रहरीको बीओपीका इन्चार्ज प्रहरी निरीक्षक रामसिंह भण्डारीले भने भारत तथा नेपाल दुवैतर्फ आउजाउ गर्नेलाई कडाइ गरिएको बताए । गड्डाचौकीको नागरिक सहायता कक्षका कर्मचारी नायब सुब्बा दानसिंह बोहराका अनुसार शुक्रबारदेखि सीमामा थप कडाइ गरिएको हो । उनका अनुसार एसएसबीले मास्क अनिवार्य गरेपछि सीमावर्ती बजारमा यसको कालोबजारी पनि हुन थालेको छ ।

बम निष्क्रिय गर्दा घरमा क्षति

धनगढी (कास)- बाजुरा सदरमुकाम मार्तडीस्थित जिल्ला प्रहरी कार्यालयको छेवैमा रहेको गैरसरकारी संस्था 'पिसविन' परिसरमा शनिबार भेटिएको प्रेसर कुकर बम निष्क्रिय पार्ने क्रममा विस्फोट हुँदा क्षति पुगेको छ । नेपाली सेनाको बम डिस्पोजल टोलीले निष्कृय गराउने क्रममा कार्यालयका सामग्री र घरमा क्षति पुगेको बाजुरा प्रहरीले जनाएको छ । कार्यालय भाडाको घरमा सञ्चालनमा छ । घरधनी धर्म रोकायाका अनुसार पक्की घर चर्किएको छ भने झ्याल, ढोकाका सिसा सबै फुटेका छन् । 'घरमा ६ लाख बढीको क्षति भएको छ,' रोकायाले दाबी गरे । शुक्रबार साँझै पीसविनका कर्मचारीहरूले कालो झोलाभित्र राखेको वस्तु देखेका भए पनि वास्ता गरेका थिएनन् । उनीहरूले शनिबार बिहान मात्रै प्रहरीलाई खबर गरेका हुन् । प्रहरीले बम रहेको अनुमान गरेपछि मार्तडीस्थित सेनाको गुल्ममा खबर गरेको थियो । बाजुराका प्रमुख जिल्ला अधिकारी गंगाप्रसाद न्यौपानेले भेटिएको स्थानबाट बमलाई यताउता सार्न नमिल्ने भएकाले सेनाले त्यहीं निष्क्रिय पार्दा क्षति भएको बताए । उनले घरमा भएको क्षतिको मूल्यांकन गर्न प्रतिनिधि खटाइएकाले सबै विवरण नआइसकेको जनाए । बम कसले राखेको हो भन्ने अनुसन्धान भइरहेको उनको भनाइ छ ।

मकैको बिहे !

कान्तिपुर संवाददाता (गोरखा)

जैसी (ज्योतिषी) ले निकालेको साइत शुभ भएको र सबै गाउँले भेला हुनैपर्ने भन्दै कटुवालले गाउँभरि घोक हाल्दै निम्तो बाँडे । धार्चे गाउँपालिका-४, लाप्राकवासीलाई मकैको बिहेको चटारो सुरु भयो । बुधबार अपराह्न ४ बजे मनिडाँडामा मकैको घोगो गाडियो । यहीं मकैको बिहे हुँदै थियो ।

बिहीबार बिहानको साइतमा उक्त मकै मनिडाँडाबाट निकालियो । गाडिएको मकै नभिक्दासम्म भुट्न, गाउँमा होहल्ला, खनजोत गर्न, जाँतो चलाउन र लुगा धुनसम्म पाईदैन । बिहानै ठूलो आँगन (लाप्राकको पुरानो गाउँ) मा भेला भएका स्थानीय दुई समूहमा बाँडिए- बेहुला पक्ष र बेहुली पक्ष ।

बेहुली पक्ष एक घण्टाको पैदल दूरीमा रहेको पुराडाँडा पुग्यो । बेहुला पक्ष गाउँमै बसेर डोली सिँगार्न थाल्यो । करिब ११ बजेतिर जन्ती गाउँ परिक्रमा गर्दै बेहुली लिन पुरातर्फ हिँडे । उनीहरूलाई बेहुली पक्षले चौतारा नजिकै रोके र खाजा बाँडे । 'भुटेको मकै खाजाका रूपमा दिइन्छ, नभुटेको मकै बीउ राखिएको डालीमा मिसाइन्छ,' स्थानीय बिसबहादुर गुरुङले भने । त्यसरी आएका जन्तीबाट बेहुली पक्षले केही पैसासमेत लिए । 'जन्तीले केही पैसा दिएपछि छाड्ने गछौं,' उनले मकैको बिहे गर्ने परम्परावारे सुनाए ।

बेहुला पक्ष पुराडाँडा पुगेपछि बेहुली फकाउन थाले । बिहानै पुगेको बेहुली पक्षले त्यहाँ छेस्काहरूले बारेर घर बनाएका थिए । जन्ती पुगेपछि बेहुली पक्षले 'सम्पत्ति कति छ, छोराले कति पढेको छ' भन्दै सोधीखोजी गरे । अनेक तवरले फकाएपछि अन्ततः केटी पक्ष विवाहका लागि राजी भयो ।

मकैको बिहेमा अविवाहित केटाकेटीलाई प्रतीकात्मक बेहुलाबेहुली बनाइएको थियो । डोलीमा बोकेर लैजानुपर्ने भएकाले बेहुलाबेहुली प्रायः १०/१२ वर्ष उमेरका छान्ने गरिन्छ । 'यो पहिलेदेखि चलिआएको चलन हो,' उनले भने ।

बेहुली लिएर आएका जन्तीले बाजा बजाउँदै गाउँ परिक्रमा गरे । बिहेका दिन स्थानीयले सामूहिक रूपमै केही मकै जम्मा गरेका थिए । त्यसपछि उक्त मकैलाई सुनपानी, गाईको गोबर पानीले चोख्याइयो । यति गरेपछि साँझ घाटु नाचेर यो वर्षको मकै बिहे समापन गरिएको गुरुङले बताए ।

लाप्राकमा धान खेती हुँदैन । यहाँको मुख्य खाद्य बाली मकै हो । मकै छर्ने बेला यसरी बिहे गर्दा उब्जनी राम्रो हुने विश्वास रहेको अर्का स्थानीय राज गुरुङ बताउँछन् । 'यो प्रकृति पूजा हो,' उनले भने । यो परम्परा १६ औं शताब्दीबाट सुरु भएको स्थानीयको अनुमान छ । 'असिनापानीले बालीलाई असर नगरोस्, राम्रो फलोस्, किरा नलागोस् भनेर पूजा गरिन्छ,' उनले थपे ।

मन्दिरमा दलितलाई विभेद



बाँकेको बैजनाथ गाउँपालिका-१, चिसापानीमा शिवरात्रिका अवसरमा लागेको मेलामा प्रसाद तयार गरिँदै । *तस्विर : कान्तिपुर*

रूपा गहतराज (नेपालगन्ज)

मन्दिरको चारैतिर तारबार लगाइएको छ, बीचमा मान खोला । यहाँ शिव र कालीका मन्दिर छन् । मन्दिरमा राखिएका शिव र कालीका मूर्तिमा पूजा गर्न सबै समुदायलाई छुट छैन ।

बाँकेको बैजनाथ गाउँपालिका-१, चिसापानीमा रहेको शिव र काली मन्दिरमा दलित समुदायलाई प्रवेश गर्न दिइँदैन । शुक्रबार शिवरात्रि मेलामा पनि दलित महिलाले उही समस्या भोग्नुपऱ्यो । गाउँकै अन्य महिला प्रसाद बनाउन, टपरी गाँस्न व्यस्त हुँदा दलित महिला भने मेलामा सहभागीसम्म पनि हुन पाएनन् ।

शिवरात्रि मेलामा सघाउन र प्रसाद ग्रहण गर्न पुगेकी लक्ष्मी सार्कीले मन्दिर परिसरमा राखिएको गुन्द्रीमा बस्नसमेत नदिइएको गुनासो गरिन् । 'प्रसाद लिन जाँदा बस्न पनि दिएनन्,' उनले भनिन्, 'न काम गर्न नै दिइयो, मन्दिरमै भएको विभेदको व्यवहारले सारै अपमानित महसुस गर्नु पऱ्यो ।' यस्तो विभेद पहिलोपटक भने नभएको उनले बताइन् । मन्दिरमा गत वर्ष महायज्ञ लगाएका बेला पनि उनलाई यस्तै व्यवहार गरिएको थियो । सबैलाई टीका लगाइदिने पण्डितले आफूलाई लगाउने बेला टीकाको थाली र सामग्री भूइँमा राखेर लगाइदिएको उनले स्मरण गरिन् ।

मन्दिरमा हुने हरेक धार्मिक कार्यक्रममा दलित समुदायलाई विभेद गर्ने गरिएको स्थानीय चन्द्रा सुनार बताउँछिन् । गाउँका सबै दिदीबहिनी जम्मा भएर काम गर्दा आफूहरू टाढै बस्नुपर्ने बाध्यता रहेको उनले दुखेसो पोखिन् । 'मन्दिरमा हुने कुनै पनि धार्मिक काममा हाम्रो सहयोग लिँदैनन्,' उनले प्रश्न गरिन्, 'भगवान्ले पनि दलित र गैरदलित छुट्याउँछन् र ?' शुक्रबार शिवरात्रिको अवसरमा मन्दिरमा शिवको मूर्ति स्थापना गरियो । त्यसमा स्थानीय दलित समुदायले पनि क्षमताअनुसार दूध, चामल चढाउन चाहे पनि पुजारीले नलिएको उनको गुनासो थियो । सुनारका अनुसार कथित माथिल्लो जातका स्थानीयबाट संकलन गरिएको दूध र चामलबाट खीर बनाएर प्रसादका रूपमा वितरण गरिएको थियो ।

वडाध्यक्ष रूपबहादुर मल्लले गाउँमा रहेको विभेदलाई अन्त्य गर्ने प्रयासमा रहेको बताए । उनले सकेसम्म सबै समुदायलाई सहभागी गराउने गरी सहमति र सहकार्यमा काम गर्ने गरिएको दाबी गरे । 'हामीले सहज गराउने प्रयास गर्दै छौं,' उनले भने, 'तर अझै पनि कतिपयमा पुरानो सोच र संस्कार रहेकाले त्यसलाई पनि बिस्तारै चिर्दै छौं ।' उनले सबै समुदायलाई समान रूपले सहभागी गराउने गरी समितिबाट निर्णय नै गराएको जनाए ।

मन्दिर व्यवस्थापन समिति समावेशी नबनाइएको दलित समुदायको गुनासो छ । ११ सदस्यीय समितिमा दलित समुदायको प्रतिनिधित्व नै छैन । मन्दिर व्यवस्थापन समितिका अध्यक्ष निलबहादुर क्षत्रीले मन्दिर पुरानो भएकाले समिति पनि पुरानो नै भएको जिकिर गरे । 'अब समिति पुनर्गठनका बेला समावेशी बनाउने छौं,' उनले भने, 'नयाँ पुस्ताको सोचलाई पनि मन्दिर सुधारमा सहभागी गराउने प्रयास हुनेछ ।'

पाँच बिघामा रहेको मन्दिर संरक्षणका लागि गाउँपालिकाले पनि सघाएको छ । गत वर्ष लगाइएको महायज्ञबाट उठेको ६ लाख रुपैयाँमा गाउँपालिकाले थप ६ लाख रुपैयाँ सहयोग गरेको थियो । त्यसले मन्दिर पुनर्निर्माणसँगै तारबार र संरक्षणका अन्य काम गरिएको व्यवस्थापन समितिले जनाएको छ ।



दिदीबहिनी कपमा सरस्वती सर्वोत्कृष्ट । १५

'चार सय चालिसको बिजुली' दर्शकमाझ । ९



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित



वर्ष २८ अंक ५ गोदावरी | ११ फागुन २०७६ आइतबार फाल्गुण कृष्णपक्ष औंसी | नेपाल संवत् ११४० | सुदूरपश्चिम प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Sunday, February 23, 2020 | पृष्ठ १२+४+८ | १० रुपैयाँ



प्रधानमन्त्री केपी शर्मा ओलीको जन्मघर तेह्थुमको आठराई गाउँपालिका-४ इवाको तीनसल्लेमा शनिबार सुरक्षा दिन पुगेका सशस्त्र प्रहरी । १२ वर्षको उमेरमा छाडेको यही घरमा ओलीले आइतबार आफ्नो ६९ औं जन्मदिन मनाउने कार्यक्रम छ । समाचार पृष्ठ २

तस्बिर : चन्द्र कार्की/कान्तिपुर

भित्र

समाचार । २
विदेशीलाई भिसा र श्रम स्वीकृति निःशुल्क

समाचार । ३
अन्तःशुल्क स्टिकरको स्टक सर्किँदै

अर्थ वाणिज्य । ११



सरकारले लिएपछि बूढीगण्डकीमा अवैध उत्खनन

कोरियामा कोरोना त्रास

थेगु सहरमा मात्रै २ सय २९ संक्रमित, जहाँ करिब ७ हजार नेपाली छन्

गोकुल थोकर (सोल)

दक्षिण कोरियाको राजधानी सोलदेखि ३ सय किलोमिटर दक्षिणको ख्याङसान क्षेत्रमा पर्छ थेगु सहर । यही सहरमा काम गर्ने आङपासाङ शेर्पा केही दिनयता निकै बेचैन छन्, कारण सहरमा फैलिइरहेको कोरोना भाइरसको संक्रमण ।

कोरियाको चौथो ठूलो सहर थेगुमा विभिन्न कम्पनीहरू छन् । कामका लागि कोरिया पुगेका विभिन्न देशका कामदारको यहाँ उल्लेख्य उपस्थिति छ । तर थेगुमा केही दिनयता ह्वात्तै फैलिएको कोरोना संक्रमणका कारण ती कामदार त्रासमा बसिरहेका छन् ।


थेगुमा शनिबार मात्रै २ सय २९ जनामा भाइरसको संक्रमण पुष्टि भएको छ । योसँगै कोरियामा कोरोना संक्रमितको संख्या ४ सय ३३ पुगेको छ । थेगु नजिकैको छाङदोको छाङदो थेनाम अस्पतालमा दुई जनाको मृत्यु भएको छ भने ९ जना अस्पतालका कर्मचारी र १ सय २ जना भाइरसबाट संक्रमित भएका छन् । थेगु र छाङदोमा मात्रै ३ सय ५३ संक्रमित छन् ।

भाइरसको संक्रमण फैलिएपछि थेगु आसपासका कम्पनीले कामदारलाई बाहिर निस्कन प्रतिबन्ध लगाएका छन् । थेगुमा झन्डै २५ लाख मानिस बसोबास गर्छन् । थेगु र आसपासका क्षेत्रमा ७ हजार नेपाली ईपीएसमार्फत काम गरिरहेका छन् । भाइरसको संक्रमण बढ्दै जाँदा सहरमा दैनिक उपभोग्य सामानको अभाव हुन थालेको थेगुमै काम गरिरहेकी पार्वती वाइबाले बताइन् । 'हामी आज धेरै दिनपछि तरकारी किन्न निस्किएका थियौं । भनेजस्तो सामान नै नपाउने । पाउरोटीहरू पनि छैनन् । जे भेट्टायो त्यही लिएर आयौं । पहिलाजस्तो बजारमा सामान नै छैन,' उनले गुनासो गरिन् । **बाँकी पृष्ठ १४**

बाँस्कोटामाथि छानबिनबारे मतभेद



'उहाँले राजीनामा दिएर बाटो खुला गर्नुभएको छ, संसद्, सीआईबी र अख्तियारले छानबिन गरून्'



'प्रश्न उठिसकेपछि पार्टीभित्र पनि एक किसिमको विषय बन्नुपर्छ, यसलाई छलफलको विषय बनाऔं'

बिनु सुवेदी (काठमाडौं)

सेक्युरिटी प्रेस खरिदसम्बन्धी कमिसन विवादमा मुछिएपछि राजीनामा दिएका सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बाँस्कोटामाथि पार्टीले पनि छानबीन गर्ने कि नगर्ने भन्नेबारे नेकपाका दुई अध्यक्षबीच मतभेद भएको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा शनिबार बसेको नेकपा सचिवालय बैठकमा बाँस्कोटाले ७० करोडको डिल गरेको अडियो प्रकरणबारे राज्यले मात्रै छानबिन गर्ने कि पार्टीले पनि गर्ने भन्नेबारे दुई अध्यक्षबीच मत बाझिएको हो ।

'शनिबारको बैठकमा दुई एजेन्डा थिए,' नेकपा सचिवालय स्रोतले भन्यो, 'पहिलो एमसीसी अध्ययनसम्बन्धी कार्यदलका संयोजक झलनाथ खनालले कार्यदलको प्रतिवेदन प्रस्तुत गर्ने र दोस्रो गोकुल बाँस्कोटा प्रकरणबारे छलफल गर्ने । दोस्रो विषयमा नेताहरूबीच चर्काचर्की नै भयो ।'

कमिसन डिल गरेको अडियो सार्वजनिक भएपछि बाँस्कोटाले राजीनामा दिएको प्रधानमन्त्रीले बैठकलाई जानकारी गराएका थिए । लगत्तै अर्का अध्यक्ष दाहालले बाँस्कोटाबारे धेरै प्रश्न आएकाले यसलाई पार्टीमा छलफलको विषय बनाएर छानबिन गर्नुपर्ने बताएका थिए । 'प्रश्न उठिसकेपछि पार्टीभित्र पनि एक किसिमको विषय बन्नुपर्छ, यसलाई छलफलको विषय बनाऔं,' दाहाललाई उद्धृत गर्दै स्रोतले भन्यो । दाहालको भनाइमा वरिष्ठ नेताहरू झलनाथ खनाल र माधवकुमार नेपाल, उपाध्यक्ष वामदेव गौतम तथा सचिवालय सदस्य रामबहादुर थापा सहमत देखिए । तर प्रधानमन्त्री ओलीले बाँस्कोटाको विषय सरकारको कुरा भएको र अहिले विभिन्न निकायले छानबिन गरिरहेको भन्दै त्यसलाई बैठकमा तन्काउन नहुने बताएका थिए ।

'अध्ययन र छानबिनका लागि उहाँले राजीनामा दिएर बाटो खुला गर्नुभएको छ, संसद्, सीआईबी, अख्तियारजस्ता निकायले छानबिन गरून् भन्नुभएको छ,' ओलीलाई उद्धृत गर्दै स्रोतले भन्यो, 'त्यो विषयमा अरू कुरा गरेर के अर्थ हुन्छ र ?' ओलीको भनाइमा सचिवालय सदस्य ईश्वर पोखरेलले सहमति जनाए भने महासचिव विष्णु पौडेल मौन बसे । **बाँकी पृष्ठ १४**

एमसीसी संशोधन पक्षमा अधिकांश

अध्यक्षद्वयले एजेन्डा प्रस्तुत गरेपछि एमसीसी अध्ययन कार्यदलका संयोजक खनालले ३३ पृष्ठ लामो अध्ययन प्रतिवेदनको सार प्रस्तुत गरेका थिए । 'मैले बैठकमा अध्ययन प्रतिवेदनको ब्रिफिङ गरेको छु, एमसीसी सम्झौता जस्ताको त्यस्तै अनुमोदन गर्नु हुन्न भन्ने हाम्रो निष्कर्ष हो,' खनालले कान्तिपुरसँग भने, 'दुई अध्यक्षसहित सचिवालय सदस्यहरूले अध्ययनका लागि एक-दुई दिन समय माग्नुभएको छ, कसरी जाने भन्ने निर्णय अर्को सचिवालय बैठकले गर्ला ।' अधिकांश सचिवालय सदस्यको मत एमसीसी सम्झौताका केही बुँदा संशोधन गरेर अनुमोदन गर्नुपर्छ भन्ने छ । 'प्रतिवेदनको सुझाव के-कति मान्ने या मान्दै नमान्ने भन्नेबारे निर्णय भएको छैन, आज प्रतिवेदनको कपी सबै सदस्यलाई दिइएको छ, उहाँहरूले अध्ययन गरेपछि निर्णय हुन्छ,' खनालले भने । प्रतिवेदनको एकसरो अध्ययन गरिसकेका दाहालले एमसीसी सम्झौतालाई परिमार्जनसहित अनुमोदन गरिने बताइसकेका छन् भने ओलीले पछिल्लो समय यसबारे कुनै धारणा व्यक्त गरेका छैनन् । दाहालले शनिबार नवलपुर पुगेर प्रधानमन्त्री पनि सम्झौता परिमार्जनसहित अनुमोदन गर्न तयार रहेको बताएका छन् ।

गौतमको प्रश्न

'राष्ट्रिय सभा सदस्य बनाउने कुरा कहाँ पुग्यो ?'




पृष्ठ १४

'मृत्युदण्डबाट उम्कें' अब के गर्ने ?

जनकराज सापकोटा (काठमाडौं)

उनी करिब डेढ दशकपछि घर फर्केका हुन् । एक महिना पुग्न लाग्यो तर उमेश यादवले अझै खलबलिएको जिन्दगीको लय मिलाउन सकेका छैनन् । २००६ को जुनमा वैदेशिक रोजगारीका लागि साउदी पुगेका उनले एक पाकिस्तानी नागरिकको हत्यामा मृत्युदण्डको सजाय पाएका थिए । १३ वर्षभन्दा बढी समय जेल बसे । मृतक परिवारले माफीनामा दिएपछि उनले कैद माफी पाए । गत माघ



उमेश यादव

८ मा स्वदेश फर्के । काठमाडौं ओर्लेको पाँच दिनपछि जनकपुर पुगेका उनले त्यसयता प्रत्येक दिन अनौठोसँग बिताइरहेका छन् ।

उमेशलाई परिवारसँगको साथ छुट्टेका दिन भेटिएजस्तो भइरहेको छ । नहोस् पनि किन, २४ वर्षको उमेरमा साउदी हान्निँदा ठूलो छोरा कमलेश तीन वर्ष र कान्छो जितेष १७ दिनका मात्रै थिए । १३ माघमा उनलाई लिन जनकपुरस्थित विमानस्थलमा पत्नी, छोराहरू र आफन्त माला लिएर आएका थिए । बुबाको उपस्थितिबिना १५ वर्ष बिताएका जेठा छोरा कमलेशले कान्तिपुरसँगको कुराकानीमा धेरैपछि बुबालाई देख्दा आफ्नो आँखा आँसुले भरिएको सुनाए । उनले भने, 'मलाई त सानैमा बुबालाई देखेको धमिलो सम्झना थियो तर भाइले त बुझ्ने भएर पहिलोपटक बुबा देखेको थियो ।'

धनुषाको माचीभिटकैयास्थित घरमा कुरिरहेका वृद्ध बाआमासँग केही समय बिताएर अहिले उमेश धनुषाकै महेन्द्रनगरस्थित सालोको घरमा ओत लागिरहेका छन् । उनले फेरिएको गाउँ, फेरिएको समय र हुर्किएका छोराहरूको कुरा सुनाए अनि भने, 'सबै कुरा नयाँ-नयाँ लागिरहेछ ।' नलागोस् पनि किन कामदारका रूपमा साउदी पुगेको एकाध महिनामै उनी हत्याको आरोपमा जेल परेका थिए । जेलका कोठामा करिब १४ वर्ष एक्लै-एक्लै उदासीमा बिताएका थिए ।

१८ वर्षको उमेरमा ८ कक्षा पढ्दापढ्दै भागेर भारतको गुजरातमा काम गर्न गएका उमेशको जीवनमा प्रवासी कामदारको अनुभवको हिस्सा धेरै छ । त्यसपछिका सात वर्ष उनले गुजरातमै पसिना बगाए । घर फर्केपछि बिहे गरे । दुई छोराको बुबा बने, अनि तिनैको भविष्य सम्झेर साउदी हान्निए ।

त्यतिबेला साउदी जान उनले स्थानीय साहुबाट ऋण काढेर काठमाडौंस्थित एक मेनपावरलाई एक लाख ४० हजार रुपैयाँ बुझाएका थिए । मासिक ५ सय रियाल तलबमा उनले गर्नुपर्ने काम थियो, निर्माण क्षेत्रमा दैनिक आठ घण्टा बेल्चा चलाउनु, सामान ओसार्नु तर काम सुरु गरेको १२ औं दिनमा अप्रत्याशित घटना भइदियो । **बाँकी पृष्ठ १४**





छोटकरी

उत्पादन बढाउन मेला



दार्चुला (कास)- कृषकहरूलाई व्यावसायिक खेतीमा प्रोत्साहन गर्ने उद्देश्यले व्यास गाउँपालिकाले गाउँमै कृषि मेला आयोजना गरेको छ । व्यास गाउँपालिका-३ सिनामा आयोजना भइरहेको मेलामा स्थानीय कृषि उपजको बिक्री भइरहेको छ । मेलामा सबै वडामा गठन भएका कृषक समूहले उत्पादन गरेका कृषि उपज प्रदर्शनीमा राखिएको छ । उत्कृष्ट किसानको पहिचान गर्न मेलाले सहयोग पुऱ्याउने गाउँपालिकाका कृषि शाखा संयोजक विशेश्वरप्रसाद बडूले बताए । तेस्रो पटक आयोजना भएको कृषि मेलामा ६ वटै वडाबाट ५२ कृषक समूहको सहभागिता छ । 'तीन वर्षअघिसम्म गाउँपालिकामा सात जनाले मात्र व्यावसायिक तरकारी उत्पादन गर्दै आएका थिए,' उनले भने, 'अहिले यो संख्या ७० भन्दा बढी छ ।' गाउँपालिकालाई तरकारी उत्पादनमा आत्मनिर्भर बनाउने नीति लिएको र सोही अनुरूप मेला आयोजना गरिएको उनले बताए । 'ठूलो मात्रामा तरकारी उत्पादन गर्न थालेपछि समूह गठन गरेर समूहगत तरकारी उत्पादनलाई जोड दिइरहेका छौं,' बडूले भने, 'व्यक्तिगत रुपमा उत्पादन गर्न चासो कम हुँदा समूह बनाएर निःशुल्क बीउविजन तथा प्राविधिक सहयोग गरिरहेका छौं । यसले कृषकहरूलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउनुका साथै रोजगारी र कृषि उत्पादनमा समेत जोड पुग्नेछ ।' उनले गाउँपालिका आलुमा आत्मनिर्भर हुन लागेको दाबी गरे । बडूले किसानहरूलाई अन्य नगदेबालीतर्फ व्यावसायिक बनाउन तालिम र प्राविधिक सहयोग गरिरहेको जनाए । बजारको पहुँच भएका क्षेत्रका किसान पहिलेदेखि नै व्यावसायिक उत्पादन गर्दै आएका थिए । स्थानीयस्तरमा बजार विस्तार भएका र सडक सञ्जालले जोडिन लागेका ठाउँका स्थानीय तरकारी खेतीतर्फ आकर्षित हुन थालेका व्यास गाउँपालिका-६, बसेडीका गणेशदत्त भट्टले बताए । 'घोरेटा र भारतको रौउती बजारलाई लक्षित गरेर यहाँका किसानहरूले तरकारी र नगदेबाली उत्पादन गर्दै आएका छन्,' उनले भने, 'यसले आम्दानीसमेत बढाएको छ ।' व्यास गाउँपालिका-६ ले 'एक घर एक करेसाबारी' अभियानसमेत सञ्चालन गरेको छ । यस वर्षदेखि वडाभरिका पाँच सय ३० घरधुरीलाई करेसाबारी बनाउन टोल समूह गठन गरिएको छ । वडाले तरकारीको बिरुवा उत्पादन गर्न प्रत्येक समूहलाई तालिम दिएको वडासचिव नरेन्द्रसिंह कुँवरले बताए ।

हेलिकप्टरमार्फत सुत्केरीको उद्धार

दार्चुला (कास)- महाकाली नगरपालिका-१, लास्कुकी ३२ वर्षीया कौशिला धामीलाई सघन उपचारका लागि हेलिकप्टरबाट उद्धार गरी नेपालगन्ज पठाइएको छ । शनिबार बिहान दार्चुला अस्पतालमा सुत्केरी भएकी उनको स्वास्थ्य अवस्था गम्भीर बनेपछि हेलिकप्टरबाट उद्धार गरिएको प्रमुख जिल्ला अधिकारी यदुनाथ पौडेलले बताए । ६ महिनामै सुत्केरी भएकी धामीको उपचार जिल्ला अस्पतालमा सम्भव नभएपछि नेपालगन्ज रेफर गरिएको अस्पतालले जनाएको छ । प्रशासन कार्यालयका अनुसार राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत उनको उद्धारका लागि हवाई प्रबन्ध मिलाइएको हो ।

भेडाबाख्रा तस्करी गर्ने दुई पक्राउ

दार्चुला (कास)- प्रहरीले व्यास गाउँपालिका-६, कालागाडबाट अवैध रूपमा भेडाबाख्रा भारत निकासी गरिरहेको अवस्थामा दुईजना व्यवसायीलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा नौगाड गाउँपालिका-५ का पानसिंह धामी र धर्मसिंह धामी छन् । बिहीबार मध्यराति महाकाली नदीबाट तार्ने क्रममा ५४ भेडाबाख्रासहित उनीहरूलाई नियन्त्रणमा लिइएको दार्चुला प्रहरी कार्यालयका सूचना अधिकारी सुरेन्द्रप्रसाद भट्टले बताए । भट्टका अनुसार पशु क्वारेन्टाइन र भन्सार छलेर निकासी गर्दै गरेको अवस्थामा उनीहरूलाई नियन्त्रणमा लिइएको हो । उनीहरूमाथि थप छानबिन गर्न छोटी भन्सार कार्यालय दार्चुलामा बुझाइने भट्टले बताए । भेडाबाख्रा भारत निकासी गर्दा प्रतिबाख्राको मूल्यको ५ प्रतिशत भन्सार शुल्क तिर्नुपर्ने प्रावधान छ । नियन्त्रणमा लिइएका सबै भेडाबाख्रा लिलाम गरिने दार्चुला छोटी भन्सारका मोहन डोबालले बताए ।

दुर्घटनापछि जहिल्यै सडक अवरोध

क्षतिपूर्तिका लागि राजमार्ग अवरूद्ध गरिंदा यात्रुलाई सास्ती पुग्ने गरेको छ

गणेश चौधरी (टीकापुर)

कैलालीको लम्कीमा गत माघमा ट्रकको ठक्करबाट स्थानीय रतन विकको मृत्यु भयो । मृतकका आफन्त र स्थानीयले क्षतिपूर्तिको माग गर्दै दुई दिनसम्म पूर्वपश्चिम राजमार्ग अवरुद्ध गरे । अन्ततः ११ लाख रुपैयाँ क्षतिपूर्ति लिनेदिने सहमतिमा सडक अवरोध हट्यो ।

सवारी तथा यातायात व्यवस्था नियमावली २०५४ को दोस्रो संशोधनअनुसार मृतकका परिवारलाई तत्काल २५ हजार र तेस्रो पक्ष बिमाबाट पाँच लाख रुपैयाँ क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । तर कानुनी व्यवस्था विपरीत राजमार्ग अवरुद्ध गरी क्षतिपूर्ति माग्ने क्रम विगतदेखि नै चल्दै आएको छ ।

माघमै मोटरसाइकल दुर्घटनामा मृत्यु भएका लम्किचुहा नगरपालिका-६ का मायाराम चौधरीका आफन्तले क्षतिपूर्ति र दोषीलाई कारबाहीको माग गर्दै राजमार्ग अवरुद्ध गरे । राजमार्ग खुलाउने क्रममा प्रहरी र प्रदर्शनकारीबीच झडप नै भयो । मायारामलाई ठक्कर दिएको आरोप लम्कीका एम्बुलेन्स चालक कालुसिंह भुलमाथि लाग्यो । उनलाई पुर्पक्षका लागि १६ दिनसम्म हिरासतमा राखेर अनुसन्धान गरे पनि भुल दोषी देखिएनन् । अनुसन्धान जारी राखेको प्रहरीले मायारामलाई ठक्कर दिने ट्याक्टरको पहिचान गऱ्यो । ट्याक्टर र चालक पक्राउ गरिएको इलाका प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक मनोहरप्रसाद भट्टले बताए । उनले भने, 'कपिलवस्तुमा त्यो ट्याक्टर र चालक फेला पार्यौं ।'

राहत तथा क्षतिपूर्ति पाउने कानुनी व्यवस्था हुँदाहुँदै पनि राजनीतिक दलका स्थानीय नेताको उक्साहटमा राजमार्ग अवरुद्ध पार्ने काम हुने गरेको भट्ट बताउँछन् । उनले भने, 'प्रहरीले आन्दोलनरतमाथि बल प्रयोग गर्दा झन क्षति हुने सम्भावना रहन्छ । महिला, बालबालिका तथा वृद्धवृद्धा पनि आन्दोलनमा हुन्छन् । त्यसैले सकभर सहमतिमै बाटो खुलाउने प्रयास हुन्छ ।' कानुनमा व्यवस्था भएबमोजिम क्षतिपूर्तिबापतको रकम निकै कम रहेको भट्टको बुझाइ छ । 'अहिलेको अवस्थामा मृतकका परिवारलाई कम्तीमा १० लाखसम्म हुनुपर्ने मेरो व्यक्तिगत विचार हो,' उनले सुझाए ।



कैलालीको लम्कीमा गत माघमा मायाराम चौधरीको सडक दुर्घटनामा मृत्यु भएपछि क्षतिपूर्ति र दोषीलाई कारबाहीको माग गर्दै मृतकका आफन्त र स्थानीय । *फाइल तस्बिर : गणेश/कान्तिपुर*

यात्रुलाई सधैं सास्ती

दुर्घटना भएपछि दुई/तीन दिनसम्म राजमार्ग अवरुद्ध गरिंदा यात्रुलाई सास्ती हुने गरेको छ । माघ १७ मा दाङ जाँदै गरेका धनगढीका प्रेम चौधरी पूर्वपश्चिम राजमार्गको लम्कीमा भएको सडक दुर्घटनापछिको आन्दोलनका कारण जाममा परे । साँझ दाङ पुग्नेगरी हिँडेका उनी मध्यरातमा मात्र गन्तव्यमा पुग्न सके । उनले भने, 'कानुनी शासन नै भएन । जसले जे चाह्यो, त्यही भइरहेको छ ।'

समयमा नपुग्दा राति बास बस्ने समस्या भएको चौधरीले सुनाए । 'राति होटल खोल्न लगाएर बसियो । तर कुनैबेला हवाईजहाज चढ्नुपर्ने हुनसक्छ, त्यस्तो बेला सडक अवरुद्ध भए के हुन्छ,' उनले प्रश्न गरे ।

६ महिनामा ४५ को मृत्यु

सुदूरपश्चिममा चालु आर्थिक वर्षको पहिलो ६ महिना अवधिमा विभिन्न दुर्घटनामा ४५ जनाको मृत्यु भएको प्रहरीले जनाएको छ । ५९ वटा दुर्घटना हुँदा ८८ जना घाइते भएका छन् । प्रदेश ट्राफिक प्रहरी कार्यालय अत्तरियाका अनुसार सबैभन्दा धेरै दुर्घटना कैलालीमा हुने गरेको छ । दुर्घटना हुने साधनमा मोटरसाइकल दुर्घटना अधिक छ ।

गत आवमा सुदूरपश्चिमका नौ जिल्लामा भएका दुई सय ३४ सडक दुर्घटनामा दुई सय २३ जनाको मृत्यु भएको थियो । त्यसक्रममा ४ सय ३४ जना घाइते भएका ट्राफिक प्रहरीको तथ्यांक छ । जसमध्ये कैलालीमा ८५ वटा दुर्घटना भएका थिए । ती दुर्घटनामा ६६ जनाको मृत्यु भएको र एक सय ५१ जना घाइते भएका प्रहरीले जनाएको छ । कैलालीपछि कञ्चनपुरमा ५७ सवारी दुर्घटना भएका थिए ।

घाइते उपचार गर्न ट्रमा कर्नर

डोटी (रासस)- सुदूरपश्चिम प्रदेश सरकारले जिल्लाको जोरायल गाउँपालिका-२, बुडरमा ट्रमा कर्नर स्थापना गर्ने भएको छ । दुर्घटनामा परेका व्यक्तिलाई तत्काल प्राथमिक उपचार उपलब्ध गराउन बुडरस्थित छतिवन स्वास्थ्य चौकीमा ट्रमा कर्नर स्थापना गर्न लागिएको सुदूरपश्चिम क्षेत्रीय स्वास्थ्य सेवा निर्देशनालय, राजपुरका डा. भुषण मिश्रले ले जनाएको छ । उनका अनुसार कर्नरले घाइतेको प्राथमिक उपचार गरी थप उपचारका लागि ठूला अस्पतालमा पठाउने छ ।

ट्रमा कर्नर स्थापनाका लागि एक लाख ७० हजार रुपैयाँ बजेट विनियोजन गरिएको छ । 'राजमार्ग नजिक रहेका स्वास्थ्य चौकीमा ट्रमा कर्नर खोल्ने सरकारको नीतिअनुसार बुडरमा ट्रमा कर्नर खोल्ने तयारी गरेका छौं, यसले दुर्घटनामा परेकालाई राहत हुनेछ,' मिश्रले भने । बुडरमा ट्रमा कर्नर स्थापना भएपछि भिमदत्त राजमार्गमा हुने सवारी दुर्घटनाका घाइतेलाई राहत पुग्ने बुडरका स्थानीय गणेशबहादुर मल्लले बताए । 'यो राजमार्गका विभिन्न ठाउँमा ठूल्ठूला सडक दुर्घटना भइरहेका छन्, समयमै उपचार नपाउँदा कतिपयको ज्यान नै जाने गरेको छ, ट्रमा कर्नर स्थापना भएपछि घाइतेलाई राहत हुने छ,' उनले भने । यसबाहेक प्रदेश सरकारले बैतडीको सिद्धेश्वर स्वास्थ्य चौकी, बझाडको देउलेख प्राथमिक स्वास्थ्य केन्द्र र बाजुराको ब्रह्मतोला स्वास्थ्य चौकीमा पनि ट्रमा कर्नर स्थापना गर्ने निर्णय गरेको छ ।

तामाका भाँडाले पाएन बजार

भारतबाट सस्तोमा आयात हुने तामाका भाँडासँग प्रतिस्पर्धा गर्न नसक्दा स्थानीय उत्पादनको बिक्री हुनै छाडेको छ । लगानीसमेत उठाउन नसकिने भएपछि युवाहरू पुर्ख्यौली पेसाबाट पलायन हुन थालेका छन् ।

डीआर पन्त (डडेलधुरा)

तामाका भाँडावर्तन बनाउने पुर्ख्यौली पेसालाई उनका बुवाले जेनतेन धानेका थिए । अमरगढी नगरपालिका-६, छचोडाका हरि ताम्राकारले भने यसलाई निरन्तरता दिन सकेनन् । उनले तामाका भाँडा बनाउन छाडेको ६ वर्ष भयो । हरि मात्रै होइन छचोडाका एक सय बढी परिवारले पनि आफ्नो पुर्ख्यौली पेसा छोडिसकेका छन् । भारतीय बजारबाट आयातित तामाका भाँडासँग प्रतिस्पर्धा गर्न नसकेर उनीहरूको उत्पादन बिक्री हुन छाडेको हो ।

केही वर्षअघिसम्म अमरगढीका ताम्राकारहरूले बनाएका तामाका भाँडाको चर्चा र पहिचान दुवै थियो । कैलाली, कञ्चनपुर हुँदै भारतको उत्तर प्रदेश, उत्तराखण्ड, हिमाञ्चल र बिहारसम्मै निर्यात हुन्थ्यो । दार्चुला, बैतडीका व्यवसायीले यहाँ उत्पादन भएका गाग्री, खड्कुलो, दमाहालगायत तामाका भाँडाहरू भारतमा लगेर बिक्री गर्थे । 'तर अहिले त्यस्तो अवस्था छैन,' तीन दशकदेखि सोही व्यवसाय गर्दै आएका अजयमेरुका भीम टमटाले भने, 'वर्षेनी १० लाखसम्म कारोबार हुने गरेको थियो । अहिले नेपालमै एक लाख पनि हुँदैन ।' भारतीय बजारमा निर्यात हुन छाडेको दशकभन्दा बढी समय भइसकेको उनको दाबी छ । 'दशकयता सुदूरपश्चिमबाहेक अन्यत्र निर्यात हुनेगरी उत्पादन नै हुन सकेको छैन,' अर्का व्यवसायी पिरी टमटाले भने, 'व्यापार पनि पुरै खुम्चिएको छ ।' ग्रामीण भेगमा फाट्टफुट्ट मात्रै बिक्री हुने गरेको उनले सुनाए ।

बजार क्षेत्रमा सस्तो मूल्यका भाँडा आउन थालेपछि स्थानीय उत्पादनको बिक्री घटेको उनको भनाइ छ । बजारमा पाइने तामाका भाँडा र स्थानीयस्तरमै बनाइएका भाँडाको मूल्यमा भिन्नता हुने गरेको छ । मूल्यमा भएको फरकले आयातित भाँडाको बिक्री बढेको भाँडावर्तन व्यवसायी जयराज जोशीले बताए । उनले भने, 'स्थानीय स्तरमा उत्पादन भएका तामाका भाँडाको बिक्री नगण्य छ ।' देवीदेवताका पूजाआजा र जात्रामा प्रयोग हुने भाँडाबाहेक उपभोक्ताले दैनिक प्रयोगमा ल्याउने भाँडा सबै बाहिरबाट आयात गरिएका हुन्छन् । धेरैजसो परिवार यस पेसाबाट पलायन भइसकेकाले अर्डरअनुसार मात्र भाँडा बनाउने गरिएको उनले बताए ।



डडेलधुराको अमरगढी नगरपालिका-५ का नारायण टमटा आरनमा तामाका भाँडा बनाउँदै । *तस्बिर : डीआर/कान्तिपुर*

युवा पुस्ता पलायन

अमरगढी नगरपालिकाभरि भागेश्वर, अजयमेरु, आलीताल, गन्यापधुरा र नवदुर्गा गाउँपालिकाका दलित बस्तीमा पनि तामाका भाँडा उत्पादन हुँदै आएको थियो । परम्परागत सिप र प्रविधिबाट निर्माण गरिने भाँडा भारतबाट ल्याइएका भन्दा गुणस्तरीय हुने स्थानीय बासिन्दाहरू बताउँछन् । अमरगढी-६ का राम ताम्राकारले भने, 'बजारमा प्रतिस्पर्धा गर्न नसक्नु, सिपको आधुनिकीकरण नहुनु र कच्चा पदार्थको मूल्यवृद्धिले स्थानीय सीप र प्रविधिबाट तामाका भाँडा बनाउने पेसा लोप हुँदै जान थालेको छ ।' उनका अनुसार पुरानो सिप र प्रविधिमा धेरै परिश्रम गर्नुपर्ने, लगानी पनि धेरै हुने र बजारमा प्रतिस्पर्धा गर्न नसकिने देखिएपछि युवा पुस्ता पुर्ख्यौली पेसाबाट पलायन हुन थालेका छन् । वर्षभरि परिश्रम गरेर लगानीसमेत उठाउन नसकिने अवस्था आएपछि यो पेसामा युवाहरूको आकर्षण रहिरहन नसकेको हरि ताम्राकारको बुझाइ छ । सिपको आधुनिकीकरण र कच्चा पदार्थको आयातमा सहुलियत दिन सके पछिल्लो पुस्ता पनि पुर्ख्यौली पेसाप्रति आकर्षित हुन सक्ने उनी बताउँछन् । 'कुनै पनि सरकारले यसतर्फ चासो राखेको देखिएन,' उनले गुनासो गरे ।









तपाईंको आज

मेष	यात्रामा सफल	तुला	विद्यामा सफलता
वृष	कार्य सिद्धि	वृश्चिक	आलस्यता
मिथुन	पुण्य आर्जन	धनु	पराक्रम बढ्ने
कर्कट	अस्वस्थता	मकर	धन आर्जन
सिंह	मित्र भेट	कुम्भ	भाग्य वृद्धि
कन्या	रोग भय	मीन	केही लाभ

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल फागुन १२ गते सोमबार तदनुरुप २४ फरवरी २०२० फाल्गुन शुक्लपक्ष प्रतिपदा तिथि रात्रिको ९:५१ बजेसम्म उप्रान्त द्वितीया तिथि, शतभिषा नक्षत्र दिनको ३:२४ बजेसम्म उप्रान्त पूर्वाभाद्रपदा नक्षत्र, शिव योग प्रातः ७:३२ बजेसम्म उप्रान्त सिद्ध योग, किंस्तुघ्न करण प्रातः ८:५४ बजेसम्म उप्रान्त बव करण, कुम्भ राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	भजन
७:००	कान्तिपुर समाचार
८:००	गुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	इट्स माई सो (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	फिल्म टनिक (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	हियर्ज टू लाइफ (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	हवाट द फ्लप (रिपिट)
१:३०	सुमनसँग (रिपिट)
२:००	कान्तिपुर समाचार
२:३०	रजतपट (रिपिट)
३:००	इट्स माई सो (रिपिट)
४:००	कान्तिपुर समाचार
४:३०	हियर्ज टू लाइफ (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्युज
६:३०	बलियो घर (रिपिट)
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	हवाट द फ्लप
१०:००	बलियो घर (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपीटेड
१:००	कान्तिपुर न्युज रिपीटेड
१:३०	बलियो घर (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट ९)
२:३०	हिअर्ज टू लाईफ (रिपिट)
३:००	कल कान्तिपुर रिपीटेड
४:००	हवाट द फ्लप (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

०५:००	भक्ति अनुष्ठान (अच्युत सुवेदी)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०७:३०	आपांउा आवाज (डीएचआरसी नेपाल)
०८:००	डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	वीस चु अल द बेस्ट (महेश)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	सफर (राजेश)
९०:००	स्पोर्टस् डायरी
९०:०५	फुल अल (दीपाञ्जली)
९१:००	आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी
९१:०५	आजका नारी (रस्मिला)
९२:००	कान्तिपुर डायरी
९२:१०	न्यु रिलिज (महेश)
९३:००	डिस्ट्रिक डायरी
९३:०५	के छ नेपाल (रस्मीता)
९४:००	इन्टरनेसनल डायरी
९४:०५	के छ नेपाल (रस्मीता)
९५:००	कान्तिपुर डायरी
९५:१५	हेल्थमा पृथ्वी (रिता राई)
९६:००	हेल्थ एन्ड इजुकेसन डायरी
९६:०५	स्वर (किरण)
९७:००	डिस्ट्रिक डायरी
९७:०५	साथीसँग्रै मनका कुरा
९७:५५	बाल गीत
९८:००	म्यासेज अफ इटर्नल किंडम
९८:३०	कान्तिपुर डायरी
९९:००	न्युजिक बक्स (दीपाञ्जली)
२०:००	सेक्चुरिटी एन्ड ञाइज डायरी
२०:०५	चार्ट बस्टर (महिमा)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेणी
२२:००	साझा सवाल
२३:००	गजल (शुभ)
००:००	चार्ट बस्टर (रिपिट)
०१:००	यात्रा जीवनको (दिनेश/अम्बिका/शुभ)
०२:००	नेपाली गीतहरू लगातार
०३:००	हिन्दी गीतहरू लगातार
०४:००	भजनहरू लगातार

अस्पताल र विविध

सुरुँतका महत्वपूर्ण टेलिफोन नम्बर

मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताल	५२०२००
जिल्ला प्रहरी कार्यालय	५२०१९९
नेपाल रेडक्रस सोसाइटी (एम्बुलेन्स सेवा)	५२०३५०
क्षेत्रीय अस्पताल एम्बुलेन्स	९८४०८३५२०

महेन्द्रनगरका महत्वपूर्ण टेलिफोन

महाकाली अञ्चल अस्पताल	५२१११९
जिल्ला प्रहरी कार्यालय	५२१२००
नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा	५२१२५८
जिल्ला प्रशासन कार्यालय	५२११०२

कैलालीका महत्वपूर्ण टेलिफोन

सेती अञ्चल अस्पताल	५२१२७१
जिल्ला प्रहरी कार्यालय	५२११५०
नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा	५२१४००
जिल्ला प्रशासन कार्यालय	५२११०१
टीकापुर अस्पताल	५४०१५०
क्षेत्रीय अस्पताल	०८३-५२०२००
सुर्खेत विमानस्थल	०८३-५२०१३२

कञ्चनपुर

महाकाली अञ्चल अस्पताल महेन्द्रनगर	०९९-५२११९१
रेडक्रस एम्बुलेन्स	५२१२५८/५२३५८३
जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर	५२११०८/५२२४०६
जिल्ला प्रहरी कार्यालय	१००/५२१२००

डोटी

सुदूरपश्चिम क्षेत्रीय प्रशासन कार्यालय	०९४-४४०३१०
जिल्ला प्रशासन कार्यालय डोटी	४२०१३३
जिल्ला प्रहरी डोटी कन्ट्रोल	९८५८४४०१२९/४२०२०४
जिल्ला अस्पताल	४२००१२
जिल्ला अस्पताल एम्बुलेन्स	९८४८५२५१५०

डडेल्धुरा

जिल्ला प्रहरी	०९६-४२०१९२

जाजरकोट

जिल्ला प्रहरी कार्यालय-	०८९-४३०१३९, ९८५८०४५५५५
अस्पताल-	०८९४३०१८८
एम्बुलेन्स	९८५५५०४३०
रेडक्रस एम्बुलेन्स	०८९४३००४२, ९८४६००२०४९

कालिकोट

प्रहरी	०८७-४४०१९३, ९८५८३३५५५५

जुम्ला

प्रहरी	०८७-५२००९३, ०८७-५२०१९३
शिक्षण अस्पताल	०८७-५२०३५५, ५२००१५
एम्बुलेन्स	९७४८२४९६६६

दैलेख

जिल्ला प्रहरी कार्यालय	०८९-४२०१२५,९८५८०५५५५५
अस्पताल	०८९-४१०१२७
एम्बुलेन्स	०८९-४१०१८५, ९८४८०१६५४८२

पश्चिम रुकुम

जिल्ला प्रहरी कार्यालय	०८८५३०१८७
जिल्ला अस्पताल	०८८५३०२४७, ०८८५३०१९५
एम्बुलेन्स	९८०९८५८५८५

हुम्ला

प्रहरी	०८७-४८००३/ ०८७४८००९२
अस्पताल	०८७-४८००३४
विमानस्थल	९८५१०७३०५२

डोल्पा

जिल्ला प्रहरी कार्यालय	०८७-५५००५५, ९८५८३०५५५५

मुगु

प्रहरी	०८७-४४००९२
अस्पताल	०८७-४४०१३०
एम्बुलेन्स	९८४८३२०६४६

सल्यान

प्रहरी	०८८-५२००४०, ९८५७८४५५५५
अस्पताल	०८८-५२००८२
एम्बुलेन्स/रेडक्रस	९८४७८३२४३८/०८८-५२००७४

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२४९२४५/४२४९७००
जिल्ला प्रहरी (ललितपुर)	५५२९२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६४४८२९
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन	४४९८०३५
सुलेक एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९७५१०४४५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०२६
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शवबाहन र विविध

नेपाल चेम्बर आफ कमर्स	४२३०२१३
पशुपति आर्यघाट सेवा केन्द्र	४४९२२९२
देव कर्नर निःशुल्क शवबाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	९०४/४२३८०६
नेपाल मिटर दयाकरी संघ	४२२४३७४

गर्भ जँचाउन दिनभर पैदल

ग्रामीण क्षेत्रमा स्वास्थ्यचौकी टाढा हुँदा गर्भवतीहरु जचाउँन जाँदैनन्

राजबहादुर शाही (मुगु)
तुलाराम पाण्डे (कालीकोट)



कालीकोट अस्पतालमा बच्चालाई खोप लगाउन आएका सुत्केरी आमा । *तस्विर : तुलाराम/कान्तिपुर*

मुगुको सोरु गाउँपालिका तीन वडामा प्रसूति गृह छैनन् । गर्भ जाँच गराउनुपर्दा महिलाले दिनभर पैदल यात्रा गरेर नाथर्पु स्वास्थ्यचौकी पुग्नुपर्छ । सोरु-३ को भीई, ४ को लिब्र, रावलबाडा, भादगाउँ, फोत, ५ नम्बर वडाको नेर र ताँजागाउँबाट नाथर्पु पुग्न एक दिन पूरै पैदल यात्रा गर्नुपर्छ ।

धेरै टाढा पुग्नुपर्ने भएकाले यी पहाडी ग्रामीण क्षेत्रका धेरै महिलाले गर्भ जाँच गराउँदैनन् । स्वास्थ्यचौकीमा प्रसूति हुन आउनेको संख्या पनि निकै कम छ । 'एक त स्वास्थ्यचौकी टाढा, त्यसमा पनि गर्भवतीको स्वास्थ्य अवस्था,' स्थानीय कमला मल्लले भनिन्, 'गर्भ जाँचकै लागि ज्यानकै जोखिम मोलेर दिनभरि को हिँडोस् ।'

भीई गाउँकी स्वास्थ्य स्वयंसेविका चन्दा बुढाले एक्लै दिनभर हिँड्नुपर्ने बाध्यताले गर्भवती महिलालाई सास्ती भएको बताइन् । 'एकै दिन गएर गर्भवती महिलाले जँचाएर घर फर्कन सक्ने अवस्था हुँदैन,' उनले भनिन्, 'प्रसूतिका लागि पनि महिलाले ठूलो कष्ट बेहोर्दै आएका छन् ।' यस्ता दुर्गमका गाउँबाट जटिल अवस्थाका गर्भवतीलाई सुविधा सम्पन्न अस्पतालमा पठाउन हेलिकप्टर नै बोलाउनुपर्ने अवस्था रहेको उनले बताइन् । भौगोलिक विकटताका कारण गाउँका करिब ७५ प्रतिशत महिला घरमै सुत्केरी हुन्छन् ।

भीई गाउँका गर्भवती महिलाले नाथर्पु पुगेर अर्को दिन गर्भ जाँच गराउँछन् । उनीहरूले गर्भ जाँचकै लागि तीन दिनको समय छुट्याउनुपर्ने बाध्यता रहेको भीईको गुरु मावित्रका प्रधानाध्यापक उमेर बुमीले बताए । 'प्रसूति गृह नजिकै नहुँदा गर्भवतीलाई साह्रै कष्ट छ,' उनले भने, 'गाउँमा प्रसूति गृह निर्माणका लागि पटकपटक आग्रह गरिए पनि अझै सुनुवाइ भएन ।' उनका अनुसार फोतु, रावलबाडा, नेर र ताजा गाउँका महिलाले पनि प्रसूतिका समयमा उचित स्वास्थ्योपचार सुविधा पाएका छैनन् । यातायात सुविधा नभएका गाउँबाट गर्भ जाँच गर्न पठाइएका कतिपय महिला हिँडाइको थकानले घर आइपुग्दा बिरामी पर्छन् । घरमा सुत्केरी हुन नसकेका गर्भवतीलाई काठको स्ट्रेचर बनाएर दिनभरि बोकेर नाथर्पु पुऱ्याउने गरिएको छ ।

स्वास्थ्यचौकी नपुग्नेहरू गर्भवतीका लागि सरकारले उपलब्ध गराउने खोप र यातायात खर्चबाट पनि वञ्चित हुने गरेका छन् । नियमित रूपमा गर्भ जाँच गराउने महिलालाई सरकारले आठ सय, प्रसूति गृहमा सुत्केरी हुनेलाई तीन हजार र पोषणबापत तीन हजार रुपैयाँ दिने गरेको छ । गर्भावस्थामा दैनिक आइरन चक्की सेवन गर्नुपर्ने भए पनि दुर्गममा औषधि वितरणको व्यवस्थापन अझै हुन सकेको छैन ।

भीई गाउँमा प्रसूति गृह सञ्चालनका लागि प्रदेश सरकार र विभिन्न गैरसरकारी संस्थालाई अनुरोध गरिएको सोरु गाउँपालिका अध्यक्ष लोकबहादुर शाहीले बताए । 'गाउँपालिकाको आफ्नै भरपर्दो स्रोत छैन,' उनले भने, 'माथिल्ला सरकारबाट आउने अनुदान शीर्षकै तोकिएर आउँदा समस्या छ ।' जिल्ला स्वास्थ्य कार्यालय मुगुले भने जिल्लाका नौ स्थानमा बर्थिङ सेन्टर स्थापना गरिएको जनाएको छ । चार स्थानीय तहका ४५ वडालाई सुविधा दिन मानव अधिकार तथा वातावरण विकास केन्द्रले ११ वटा प्रसूति गृह निर्माण गरेको छ । प्रसूति गृह नभएका बस्तीका महिला गर्भ जाँच, खोप, उपचार र प्रसूति सेवाबाट वञ्चित रहेको अवस्था अझै नहटेको जिल्ला अस्पतालकी डा. मीना चौलागाईले बताइन् । 'हरेक वडामा कम्तीमा एउटा प्रसूति गृह स्थापना भए गर्भवतीले अकालमा ज्यान गुमाउनुपर्ने थिएन,' उनले भनिन् ।

चौथो पटकको गर्भ जाँच न्यून

कालीकोटको खाडाचक्र-११, जिम्जेडीकी १८ वर्षीया मिन्का लुवार सात महिनापछि पहिलोपटकको गर्भ जाँच गराउन गत शुक्रबार बदालकोटको स्वास्थ्य इकाई पुगिन् । उनीसँगै स्वास्थ्यचौकी पुगेकी १९ वर्षीया कमला लुवारको पेटमा पनि सात महिनाको बच्चा छ । उनीहरू दुवैले धनुष्टंकार र भ्यागुते रोगविरुद्धको खोप बल्ल लगाउन पाए । पहिले दिनभरि हिँडेर जिम्जेडी, बदालकोटलगायत ठाउँका गर्भवती महिला सदरमुकाम मान्मस्थित जिल्ला अस्पताल पुग्थे । गत वर्ष खाडाचक्र नगरपालिकाले गाउँमै अस्थायी स्वास्थ्यकर्मी भर्ना गरेर इकाई स्थापना गरेको छ । तर पहिल्यैदेखि जँचाउन र खोप लगाउनुपर्ने चेतना अभावमा गर्भवतीहरू इकाईमा पुग्दैनन् । चालु वर्षको सात महिनामा ११ नम्बर वडामा पर्ने बरातु, बदालकोट, रेंगिल र जिम्जेडी बस्तीमा १६ शिशु जन्मिए । तर चार जनाले मात्र इकाईबाट प्रसूति सेवा लिएको अनमी यमुना शाहीले बताइन् । 'गाउँबाट स्वास्थ्यचौकीसम्म आउने बाटो पनि अप्ठेरो छ,' उनले भनिन्, 'नर्मल डेलिभरीको अवस्थामा घरमै बच्चा जन्मन्छन्, अप्ठेरो परेपछि मात्र गर्भवतीलाई आफन्तले यहाँ ल्याउँछन् ।'

जिल्ला अस्पतालमा गर्भ जाँच गराउन पुग्नेमध्ये ९० प्रतिशत महिलाले घरमा बच्चा जन्माउँदैनन् । उक्त अनुपातमा ग्रामीण क्षेत्रका महिलाको भने स्वास्थ्यचौकी पुग्ने दर निकै न्यून छ । 'हिँड्न सक्नेलाई २/३ घण्टाको बाटो भए पनि गर्भवतीलाई स्वास्थ्यचौकी पुग्न दिनभरि लाग्छ,' महिला स्वास्थ्य स्वयंसेविका समाजकी अध्यक्ष लालचन्ना पाण्डे भन्छिन्, 'भीर-पहरामा उकालो-ओरालो हिँड्नुपर्छ । स्वास्थ्यकर्मी घरमै पुगेर गर्भ जाँच सेवा दिन सके सुत्केरी गराउन चौकीमा ल्याउनेको संख्या बढ्न सक्छ ।' भत्ताका कारण स्वास्थ्य संस्थामा सुत्केरी हुन आए पनि जाँच गराउनेको संख्या न्यून रहेको खाडाचक्र नगरपालिकाका स्वास्थ्य संयोजक रवीन्द्र सेजुवालले बताए । 'अझै पनि ३० प्रतिशत महिलाले घरमै बच्चा जन्माउँछन्,' उनले भने । माल्कोट स्वास्थ्यचौकीकी अनमी मीठु बटालाले साउनयता ७३ जनाले प्रसूति सेवा लिए पनि गर्भ जाँच गराउनको संख्या ३६ मात्र रहेको बताइन् । उनले भनिन् 'सुत्केरी भइसकेपछि जाँच गराएकाको संख्या पनि सात महिनामा २० जनामात्रै छ ।'

स्युना चौकीमा एक सय २७ जना सुत्केरी भए पनि ८६ जनाले मात्र गर्भ जाँच गराएका थिए । जिल्ला स्वास्थ्य व्यवस्थापन कार्यालयका प्रमुख डा. भीष्म पोखरेल भन्छन्, 'चेतना कमी र भौगोलिक विकटताका कारण गर्भ जाँच गराउनेको संख्या न्यून भएको हो ।' जिल्लामा चारपटक गर्भ जाँच गर्ने महिलाको संख्या ६४ प्रतिशत मात्र छ । प्रसूति हुन स्वास्थ्य संस्थामा पुग्नेको संख्या भने ९० प्रतिशत रहेको उनले दाबी गरे । गत वर्ष गर्भ जाँचको संख्या जिल्लाभरि ५३ प्रतिशत थियो । गत वर्ष पलातामा ४८, पचालझरनामा ७६, रास्कोटका ८८, सान्नीत्रिवेणीकी ६३ र नरहरिनाथमा ६९ प्रतिशत महिलाले गर्भ जाँच गराएको तथ्यांक छ । त्यस्तै खाडाचक्रकी ४५, तिलागुफामा ७७, महावैका ४९ र शुभकालिकामा ६१ प्रतिशतले गर्भ जाँच गराएका थिए ।

छोटकरी

बिनामास्क भारत पस्न रोक

कञ्चनपुर (कास)- नोवल कोरोना भाइरसको संक्रमण रोकथाम गर्न भारतीय पक्षले सीमा क्षेत्रको आवागमनमा कडाइ गरेको छ । भारतीय सुरक्षाकर्मी र स्वास्थ्यकर्मीको टोलीले सीमा क्षेत्रमा संयुक्त स्वास्थ्य जाँच सुरु गरेको हो । एसएसबीले पश्चिमी नाका गड्डाचौकीबाट मास्कबिना भारत पस्न रोक लगाएको छ । 'मास्क नलगाई गएकालाई नाकाबाटै फर्काउन लागेको छ,' महेन्द्रनगरका व्यवसायी नारायण साउदले भने, 'नेपालबाट भारततर्फ जानेलाई कडाइ गरिएको हो ।' ब्रह्मदेव, गड्डाचौकी र दोधारा, चाँदनी क्षेत्रमा एसएसबीले स्वास्थ्य जाँचमा कडाइ गरेको हो । साउदका अनुसार सीमा क्षेत्रमा भारतीय सुरक्षाकर्मीसँगै बसेका स्वास्थ्यकर्मीको टोलीले रुघाखोकी लागेका तथा शंकास्पद व्यक्तिको जाँच गर्नुका साथै परामर्श दिने गरेका छन् । सशस्त्र प्रहरीको बीओपीका इन्चार्ज प्रहरी निरीक्षक रामसिंह भण्डारीले भने भारत तथा नेपाल दुवैतर्फ आउजाउ गर्नेलाई कडाइ गरिएको बताए । गड्डाचौकीको नागरिक सहायता कक्षका कर्मचारी नायब सुब्बा दानसिंह बोहराका अनुसार शुक्रबारदेखि सीमामा थप कडाइ गरिएको हो । उनका अनुसार एसएसबीले मास्क अनिवार्य गरेपछि सीमावर्ती बजारमा यसको कालोबजारी पनि हुन थालेको छ ।

बम निष्क्रिय गर्दा घरमा क्षति

धनगढी (कास)- बाजुरा सदरमुकाम मार्तडीस्थित जिल्ला प्रहरी कार्यालयको छेवैमा रहेको गैरसरकारी संस्था 'पिसविन' परिसरमा शनिबार भेटिएको प्रेसर कुकर बम निष्क्रिय पार्ने क्रममा विस्फोट हुँदा क्षति पुगेको छ । नेपाली सेनाको बम डिस्पोजल टोलीले निष्कृय गराउने क्रममा कार्यालयका सामग्री र घरमा क्षति पुगेको बाजुरा प्रहरीले जनाएको छ । कार्यालय भाडाको घरमा सञ्चालनमा छ । घरधनी धर्म रोकायाका अनुसार पक्की घर चर्किएको छ भने झ्याल, ढोकाका सिसा सबै फुटेका छन् । 'घरमा ६ लाख बढीको क्षति भएको छ,' रोकायाले दाबी गरे । शुक्रबार साँझै पीसविनका कर्मचारीहरूले कालो झोलाभित्र राखेको वस्तु देखेका भए पनि वास्ता गरेका थिएनन् । उनीहरूले शनिबार बिहान मात्रै प्रहरीलाई खबर गरेका हुन् । प्रहरीले बम रहेको अनुमान गरेपछि मार्तडीस्थित सेनाको गुल्ममा खबर गरेको थियो । बाजुराका प्रमुख जिल्ला अधिकारी गंगाप्रसाद न्यौपानेले भेटिएको स्थानबाट बमलाई यताउता सार्न नमिल्ने भएकाले सेनाले त्यहीं निष्क्रिय पार्दा क्षति भएको बताए । उनले घरमा भएको क्षतिको मूल्यांकन गर्न प्रतिनिधि खटाइएकाले सबै विवरण नआइसकेको जनाए । बम कसले राखेको हो भन्ने अनुसन्धान भइरहेको उनको भनाइ छ ।

मकैको बिहे !

कान्तिपुर संवाददाता (गोरखा)

जैसी (ज्योतिषी) ले निकालेको साइत शुभ भएको र सबै गाउँले भेला हुनैपर्ने भन्दै कटुवालले गाउँभरि घोक हाल्दै निम्तो बाँडे । धार्चे गाउँपालिका-४, लाप्राकवासीलाई मकैको बिहेको चटारो सुरु भयो । बुधबार अपराह्न ४ बजे मनिडाँडामा मकैको घोगो गाडियो । यहीं मकैको बिहे हुँदै थियो ।

बिहीबार बिहानको साइतमा उक्त मकै मनिडाँडाबाट निकालियो । गाडिएको मकै नभिक्दासम्म भुट्न, गाउँमा होहल्ला, खनजोत गर्न, जाँतो चलाउन र लुगा धुनसम्म पाईदैन । बिहानै ठूलो आँगन (लाप्राकको पुरानो गाउँ) मा भेला भएका स्थानीय दुई समूहमा बाँडिए- बेहुला पक्ष र बेहुली पक्ष ।

बेहुली पक्ष एक घण्टाको पैदल दूरीमा रहेको पुराडाँडा पुग्यो । बेहुला पक्ष गाउँमै बसेर डोली सिँगार्न थाल्यो । करिब ११ बजेतिर जन्ती गाउँ परिक्रमा गर्दै बेहुली लिन पुरातर्फ हिँडे । उनीहरूलाई बेहुली पक्षले चौतारा नजिकै रोके र खाजा बाँडे । 'भुटेको मकै खाजाका रूपमा दिइन्छ, नभुटेको मकै बीउ राखिएको डालीमा मिसाइन्छ,' स्थानीय बिसबहादुर गुरुङले भने । त्यसरी आएका जन्तीबाट बेहुली पक्षले केही पैसासमेत लिए । 'जन्तीले केही पैसा दिएपछि छाड्ने गछौं,' उनले मकैको बिहे गर्ने परम्परावारे सुनाए ।

बेहुला पक्ष पुराडाँडा पुगेपछि बेहुली फकाउन थाले । बिहानै पुगेको बेहुली पक्षले त्यहाँ छेस्काहरूले बारेर घर बनाएका थिए । जन्ती पुगेपछि बेहुली पक्षले 'सम्पत्ति कति छ, छोराले कति पढेको छ' भन्दै सोधीखोजी गरे । अनेक तवरले फकाएपछि अन्ततः केटी पक्ष विवाहका लागि राजी भयो ।

मकैको बिहेमा अविवाहित केटाकेटीलाई प्रतीकात्मक बेहुलाबेहुली बनाइएको थियो । डोलीमा बोकेर लैजानुपर्ने भएकाले बेहुलाबेहुली प्रायः १०/१२ वर्ष उमेरका छान्ने गरिन्छ । 'यो पहिलेदेखि चलिआएको चलन हो,' उनले भने ।

बेहुली लिएर आएका जन्तीले बाजा बजाउँदै गाउँ परिक्रमा गरे । बिहेका दिन स्थानीयले सामूहिक रूपमै केही मकै जम्मा गरेका थिए । त्यसपछि उक्त मकैलाई सुनपानी, गाईको गोबर पानीले चोख्याइयो । यति गरेपछि साँझ घाटु नाचेर यो वर्षको मकै बिहे समापन गरिएको गुरुङले बताए ।

लाप्राकमा धान खेती हुँदैन । यहाँको मुख्य खाद्य बाली मकै हो । मकै छर्ने बेला यसरी बिहे गर्दा उब्जनी राम्रो हुने विश्वास रहेको अर्का स्थानीय राज गुरुङ बताउँछन् । 'यो प्रकृति पूजा हो,' उनले भने । यो परम्परा १६ औं शताब्दीबाट सुरु भएको स्थानीयको अनुमान छ । 'असिनापानीले बालीलाई असर नगरोस्, राम्रो फलोस्, किरा नलागोस् भनेर पूजा गरिन्छ,' उनले थपे ।

मन्दिरमा दलितलाई विभेद



बाँकेको बैजनाथ गाउँपालिका-१, चिसापानीमा शिवरात्रिका अवसरमा लागेको मेलामा प्रसाद तयार गरिँदै । *तस्विर : कान्तिपुर*

रूपा गहतराज (नेपालगन्ज)

मन्दिरको चारैतिर तारबार लगाइएको छ, बीचमा मान खोला । यहाँ शिव र कालीका मन्दिर छन् । मन्दिरमा राखिएका शिव र कालीका मूर्तिमा पूजा गर्न सबै समुदायलाई छुट छैन ।

बाँकेको बैजनाथ गाउँपालिका-१, चिसापानीमा रहेको शिव र काली मन्दिरमा दलित समुदायलाई प्रवेश गर्न दिइँदैन । शुक्रबार शिवरात्रि मेलामा पनि दलित महिलाले उही समस्या भोग्नुपऱ्यो । गाउँकै अन्य महिला प्रसाद बनाउन, टपरी गाँस्न व्यस्त हुँदा दलित महिला भने मेलामा सहभागीसम्म पनि हुन पाएनन् ।

शिवरात्रि मेलामा सघाउन र प्रसाद ग्रहण गर्न पुगेकी लक्ष्मी सार्कीले मन्दिर परिसरमा राखिएको गुन्द्रीमा बस्नसमेत नदिइएको गुनासो गरिन् । 'प्रसाद लिन जाँदा बस्न पनि दिएनन्,' उनले भनिन्, 'न काम गर्न नै दिइयो, मन्दिरमै भएको विभेदको व्यवहारले सारै अपमानित महसुस गर्नु पऱ्यो ।' यस्तो विभेद पहिलोपटक भने नभएको उनले बताइन् । मन्दिरमा गत वर्ष महायज्ञ लगाएका बेला पनि उनलाई यस्तै व्यवहार गरिएको थियो । सबैलाई टीका लगाइदिने पण्डितले आफूलाई लगाउने बेला टीकाको थाली र सामग्री भूइँमा राखेर लगाइदिएको उनले स्मरण गरिन् ।

मन्दिरमा हुने हरेक धार्मिक कार्यक्रममा दलित समुदायलाई विभेद गर्ने गरिएको स्थानीय चन्द्रा सुनार बताउँछिन् । गाउँका सबै दिदीबहिनी जम्मा भएर काम गर्दा आफूहरू टाढै बस्नुपर्ने बाध्यता रहेको उनले दुखेसो पोखिन् । 'मन्दिरमा हुने कुनै पनि धार्मिक काममा हाम्रो सहयोग लिँदैनन्,' उनले प्रश्न गरिन्, 'भगवान्ले पनि दलित र गैरदलित छुट्याउँछन् र ?' शुक्रबार शिवरात्रिको अवसरमा मन्दिरमा शिवको मूर्ति स्थापना गरियो । त्यसमा स्थानीय दलित समुदायले पनि क्षमताअनुसार दूध, चामल चढाउन चाहे पनि पुजारीले नलिएको उनको गुनासो थियो । सुनारका अनुसार कथित माथिल्लो जातका स्थानीयबाट संकलन गरिएको दूध र चामलबाट खीर बनाएर प्रसादका रूपमा वितरण गरिएको थियो ।

वडाध्यक्ष रूपबहादुर मल्लले गाउँमा रहेको विभेदलाई अन्त्य गर्ने प्रयासमा रहेको बताए । उनले सकेसम्म सबै समुदायलाई सहभागी गराउने गरी सहमति र सहकार्यमा काम गर्ने गरिएको दाबी गरे । 'हामीले सहज गराउने प्रयास गर्दै छौं,' उनले भने, 'तर अझै पनि कतिपयमा पुरानो सोच र संस्कार रहेकाले त्यसलाई पनि बिस्तारै चिर्दै छौं ।' उनले सबै समुदायलाई समान रूपले सहभागी गराउने गरी समितिबाट निर्णय नै गराएको जनाए ।

मन्दिर व्यवस्थापन समिति समावेशी नबनाइएको दलित समुदायको गुनासो छ । ११ सदस्यीय समितिमा दलित समुदायको प्रतिनिधित्व नै छैन । मन्दिर व्यवस्थापन समितिका अध्यक्ष निलबहादुर क्षत्रीले मन्दिर पुरानो भएकाले समिति पनि पुरानो नै भएको जिकिर गरे । 'अब समिति पुनर्गठनका बेला समावेशी बनाउने छौं,' उनले भने, 'नयाँ पुस्ताको सोचलाई पनि मन्दिर सुधारमा सहभागी गराउने प्रयास हुनेछ ।'

पाँच बिघामा रहेको मन्दिर संरक्षणका लागि गाउँपालिकाले पनि सघाएको छ । गत वर्ष लगाइएको महायज्ञबाट उठेको ६ लाख रुपैयाँमा गाउँपालिकाले थप ६ लाख रुपैयाँ सहयोग गरेको थियो । त्यसले मन्दिर पुनर्निर्माणसँगै तारबार र संरक्षणका अन्य काम गरिएको व्यवस्थापन समितिले जनाएको छ ।

